# संकटकाल र मानवअधिकार
# सिद्धान्त र व्यवहार

**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**
***सचिवालय***

**अनौपचारिक क्षेत्र सेवा केन्द्र** (**इन्सेक**)
कलंकी, स्यूचाटार
पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
इमेल: insec@insec.org.np, वेब साइट: www.inseconline.org

संकटकाल र मानवअधिकार
# सिद्धान्त र व्यवहार

**प्रकाशन मिति** : २०६२ माघ १९

**सङ्ख्या** : २ हजारप्रति

**प्रकाशक** : मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

**सर्वाधिकार** : मानवअधिकार सन्धि अनुगमन समन्वय समितिमा सुरक्षित

**संयोजन/संकलन** : अधिवक्ताद्वय विध्या चापागाईं र लुमासिंह विश्वकर्मा

**आवरण/लेआउट** : गीता माली

**मुद्रण** : नवयुग छापाखाना, मदननगर बल्खु, काठमाडौं, फोन ४२७५६९७

HRTMCC is thankful to Danish International Development Assistance, Human Rights and Good Governance Advisory Unit - DANIDA/HUGOU, for providing support for the publication.

SANKATKAL RA MANAVA ADHIKAR : SIDDHANTA RA BYABAHAR - "a document of interaction programme, compaign on Civil Rights during the State of Emergency in 2005" is not for sale.

The analysis and views expressed in this document are those of HRTMCC and not necessarily reflect the views of DANIDA/HUGOU.

# असहमतिमा उर्लेको स्वर

२०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले सम्पूर्ण राजकीय अधिकार आफ्नो हातमा लिइ राजनीतिक सहमतिका आधारमा बनेको राजनीतिक पार्टीहरूसहितको सरकारलाई अपदस्थ गरेको घोषणा गरे। राजाको त्यो कदमबाट नेपाली राजनीतिमा छयालीस सालमा स्थापित कोशेढुंगा पूर्णत: क्षतिग्रस्त हुन पुग्यो तर घोषित रूपमा मौलिक हकहरूउपर बन्देज लगाएर अधिनायकवादी दुस्साहसका साथ अग्रसर भएको राज्यले तत्कालैदेखि असहमतिको समवेत् स्वरको सामना गर्दै आउनु परेको छ।

राजाको निरंकुशतावादी कदमका विरुद्ध प्रमुख राजनीतिक पार्टीहरूले तत्कालै कडा असहमति जाहेर गरे। सचेत नागरिक राजाको कदमका विरुद्ध दृढतापूर्वक उभिए। नागरिक अधिकारको संरक्षण र सम्वर्द्धनको दिशामा वर्षौंदेखि संघर्षरत् मानवअधिकार संस्थाहरू पनि त्यसैगरी कम्मर कसेर मैदानमा ओर्लिए। देशका चौवालीस मानवअधिकार संस्थाहरूको साझा मञ्च-मानवअधिकार सन्धि अनुगमन समन्वय समिति त्यो विषम परिस्थितिमा संकटकालका नाममा जथाभावितन्त्र चलाउन पाइँदैन भन्ने उद्घोषका साथ देशव्यापीरूपमा मौनता तोड्ने अभियानमा संलग्न भयो। समितिले देशका प्रमूख र तनावपूर्ण अवस्थामा रहेका शहरहरूमा संकटकाल र मानवअधिकार शीर्षकमा अन्तरक्रियाहरू सञ्चालन गर्‍यो।

समग्र राष्ट्र, अन्तर्राष्ट्रिय समूदाय र सचेत बुद्धिजीवी तथा मानवअधिकार समाजको व्यापक विरोधकै कारण राजाले २०६२ साल बैशाख १६ गते संकटकाल फिर्ता लिएको घोषणा गर्न वाध्य हुनु पर्‍यो। तर विश्व समुदायको आँखामा छारो हाल्नका निम्ति फिर्ता लिइएको संकटकाल पछिका दिनमा पनि नेपाली जनताले नागरिक हकको उपभोग गर्न पाएका छैनन्। २०६१ माघ १९ गतेपछि एक वर्ष पूरा भइरहेको समयमा यो पुस्तक प्रकाशित भइरहेको छ। यी तीन सय पैंसठ्ठी दिनहरूको अवधिमा सारा नेपाल कारागार जस्तो हुन पुगेको छ। स्वेच्छाचारी गिरफ्तारी, गैरकानुनी हत्या, गिरफ्तार गरिएकालाई बेपत्ता पार्ने क्रममा तीव्रता, आवतजावतमा रोक र न्यायालयको स्वतन्त्रतामाथिको आक्रमणका कारण नेपाली जनता यस अवधिमा अत्यन्त आक्रान्त भएका छन्।

गएको वर्ष माघ १९ गतेपछिका दिनहरूमा संकटकालमा समेत आधारभूत मानवअधिकारहरूको खोजी गर्नबाट पछि हट्न हुँदैन भन्ने जुन अभियान चलाइयो, यस पुस्तकमा त्यसकै बारेमा उल्लेख गरिएको छ। राजाको अधिनायकवादी घोषणापछिका दिनहरूमा सम्पूर्ण राज्य यन्त्रको कसरी दुरुपयोग गरिएको छ भन्ने तथ्य सम्पूर्ण विश्वसामू घाम झै छर्लङ्ग छ। माघ १९ गतेको लगत्तै केही महिनासम्म त निरंकुशतावादीहरूको ज्यादतिले सीमा नाघेको थियो। राज्य शक्तिको टेकोपुँडोमा ठाउँ–ठाउँमा माओवादीको प्रतिकारका नाममा भिजिलान्तेहरूले ताण्डव नै मच्याएका थिए। माघ १९ को मातमा फागुन ६ र १३ गते कपिलवस्तुमा राज्यपोषित भिजिलान्तेहरूले ६ सय ८० घरहरूमा आगो लगाएर तीन जना निहत्थाहरूलाई जिउँदै जलाई मारेका थिए। माघ १९ गतेपछिको पहिलो सय दिनभित्र राज्यको ज्यादति पराकाष्ठामा पुगेको थियो। २०६१ माघ १९ देखि २०६२ बैशाख ३१ गतेसम्म कूल अठ्चालीस वटा घटनामा चालीस जनालाई त्रिभूवन विमानस्थलबाट काठमाण्डौ बाहिर जान नदिइ फर्काइएको थियो। २०६१ माघ १९ गतेपछि फागुन महिनाभित्रै राजनीतिक कार्यकर्ता, बुद्धिजीवी, पत्रकार वा मानवअधिकारकर्मी गरी ३ हजार ३ सय १९ जना

पक्राउ परेका थिए। यो क्रम संकटकालको समाप्तिपछि पनि आजसम्मै जारी रहेको छ।

विक्रम सम्वत् २०६१ सालको माघ १९ गते नेपालको राजनीतिक इतिहासको कालो पृष्ठमा अंकित भइसकेको छ। आउँदा दिनहरूमा यसका विषयमा अनेक विमर्श र मिमांशा अवश्य हुने छन्। एक्काइसौं शताब्दीमा जागेको सोह्रौं शताब्दीको भूतको यो कथा नेपालका आगामी पुस्ताका सन्ततिले इतिहासको पाठका रूपमा समेत पढ्ने छन्। इतिहासले सिकाएको यस्तो पाठ, जसको अध्ययनबाट पुस्ता दरपुस्ताले प्राप्त अधिकारहरूको संरक्षणका निम्ति आवश्यक पर्ने चौतर्फी सजगता र सर्तकतामा जोड दिन जान्ने छन्।

राजा ज्ञानेन्द्रको चुलिँदै गएको राजनीतिक महत्वाकांक्षाको उपल्लो परिणतिका रूपमा आएको माघ १९ छयालीस सालको संविधान अनि राष्ट्रिय अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरूको ठाडो उल्लंघन थियो। माघ १९ को घोषणासँग मानवअधिकारको नग्न उल्लंघन थियो। त्यसपछिको एक वर्षको अवधिमा यो तथ्य झन प्रष्ट भएको छ। त्यसैले संकटकाल र मानवअधिकार विषयक गोष्ठीको अभियान मानवअधिकारसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय प्रावधानहरूमा निरंकुश र निर्लज्ज शासक वर्गलाई बाँध्ने प्रयत्न थियो। निहत्था जनताउपर अस्त्र शस्त्रका साथ दमनमा ओर्लिएको त्यस्तो शासक वर्गलाई शक्तिविहिनहरूको त्यो शक्तिले धेरै हदसम्म बाँध्ने सफलता पनि प्राप्त गऱ्यो। शान्तिकामी आमजनताको त्यही शान्तिपूर्ण तर सशक्त प्रयासको सफलतातर्फको अग्रसरताकै कारण आज हामी यसरी माघ १९ को कालो दिन फेरि दोहोरिन नदिने सार्वजनिक प्रतिवद्धता गर्न सक्ने भएका छौं।

माघ १९ को लगत्तैदेखि शुरु भएको विरोधको समवेत् स्वर आज राष्ट्रव्यापी गर्जनमा परिणत भएको छ। संकटकालमा पनि मानवअधिकारको खोजी गर्दै धनगढीदेखि विराटनगर, नेपालगंज, डोटी र सुर्खेतसम्म पुग्ने मानवअधिकार अभियानसमेतको सकृयताकै कारण एक वर्ष बित्दा नबित्दै माघ १९ मा टाउको उठाउने निरंकुशताको पूर्ण पराजयको दिन गन्ति शुरु भएको छ। यो पुस्तकले न्यायपूर्ण आवाजको त्यही संघर्ष कथा प्रस्तुत गर्दै २०६१ माघ १९ गतेदेखि शुरु भएको मानवअधिकार खोजी गर्ने अभियानको एउटा पाटोको स्मरण गराउने प्रयत्न गरेको छ।

यो पुस्तक मानवअधिकार सन्धि अनुगमन समन्वय समिति र यसको सचिवालयको सकृयताको परिणाम हो। मानवअधिकार सन्धि अनुगमन समन्वय समितिसँग आवद्ध चवालिस मानवअधिकार संस्थाहरूको साझा प्रयास र संलग्नताको उपज हो। यसका निम्ति सचिवालयमा कार्यरत् अधिवक्ताद्वय विध्या चापागाईं र लुमासिंह विश्वकर्माप्रति धन्यवाद व्यक्त गर्दछु। संकटकाल र मानवअधिकार विषयक गोष्ठीहरूमा ठाउँ-ठाउँमा गएर मौनता तोड्ने अभियानलाई बल पुऱ्याउनु भएकोमा अधिवक्ता, पत्रकार तथा मानवअधिकारकर्मीहरूप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु। पुस्तकको शुद्धाशुद्धिका निम्ति पत्रकार धर्मेन्द्र झा एवं साजसज्जाका निम्ति इन्सेकको गीता माली धन्यवादको पात्र हुनु हुन्छ।

पुस्तकको तयारीका निम्ति संलग्न इन्सेकका योजना निर्देशक उपेन्द्र पौडेल, प्रलेख अधिकृत निर्मलमणि अधिकारी एवं तथ्यांक प्रशोधन प्रमिन घिमिरेप्रति पनि धन्यवाद ज्ञापन गर्दछु। पुस्तकको तयारीका निम्ति समग्र संयोजन गर्नु हुने इन्सेकका महासचिव कुन्दन अर्याल धन्यवादका पात्र हुनुहुन्छ।

प्रस्तुत पुस्तकले सबैमा नागरिक अधिकारका निम्ति जस्तो कठिन परिस्थितिमा पनि अविचलित भई अग्रसर हुने प्रेरणा प्रदान गरोस्।

१९ माघ २०६२

**सुबोधराज प्याकुरेल**

अध्यक्ष

# विषय सूची


**पृष्ठभूमी** / ३

**मध्यमाञ्चल क्षेत्रमा सम्पन्न कार्यक्रम,** काठमाडौं / ७
काठमाडौं / २७
धनुषा / ४५
चितवन / ४९

**पूर्वाञ्चल क्षेत्रमा सम्पन्न कार्यक्रम,** विराटनगर / ५३
इलाम / ६१
संखुवासभा / ६५

**पश्चिमाञ्चल क्षेत्रमा सम्पन्न कार्यक्रम,** पोखरा / ६९
नवलपरासी / ७७
रुपन्देही / ८१
कपिलवस्तु / ८७

**मध्यपश्चिमाञ्चल क्षेत्रमा सम्पन्न कार्यक्रम,** नेपालगञ्ज /९१
दाङ / ९७
बर्दिया / १०१
सुर्खेत / १०५

**सुदूरपश्चिमाञ्चल क्षेत्रमा सम्पन्न कार्यक्रम,** धनगढी / १११
डोटी / ११९
कञ्चनपुर / १२३

**अनुसूची १ : कार्यक्रममा प्रस्तुत आधारपत्र** / १२७

**अनुसूची २ : शाही घोषणा र अन्य कागजात** / २०९

**अनुसूची ३ : शाही कदमको विरुद्धमा उभिएको नागरिक समाज** / २२७

**अनुसूची ४ : राष्ट्रिय मानवअधिकार आयोगमाथि लगाइएको रोक** / २३५

**अनुसूची ५ : संकटकालको अवधिमा भएका मानवअधिकार उल्लंघनका घटनाहरूको विवरण** / २३७

# संकटकाल र मानवअधिकार विषयक अन्तरक्रिया अभियान

## पृष्ठभूमी

राजा ज्ञानेन्द्रद्वारा २०६१ माघ १९ गते शाही घोषणाद्वारा शेरबहादुर देउवाको सरकारलाई वर्खास्त गरी अधिराज्यभर लागू हुने गरी संकटकालको घोषणा गरियो। त्यसअघि २०५८ असोज १८ गते राजाद्वारा जननिर्वाचित सरकारलाई अपदस्थ गरी सक्रिय बन्ने महत्वकाङ्क्षा अघि सारिएको थियो। जनताका संवैधानिक, नागरिक तथा राजनीतिक अधिकारहरू निलम्बित गरिए। संकटकाल कति समयका लागि भन्ने कहीं कतै उल्लेख थिएन। शाही घोषणा सकिँदा नसकिँदै दूरसञ्चार सेवा बन्द गरियो। इमेल इन्टरनेट सेवाहरू बन्द गरिए। सञ्चार माध्यमहरूमा हतियार सहितका सुरक्षाकर्मीको उपस्थितिमा सूचना सम्प्रेषणमा अवरोध सृजना गरियो। समाचार प्रसारणमा बन्देज र सेन्सरसिप लगाइयो। समाचार प्रसारणका विदेशी टेलिभिजन च्यानल खासगरी भारतीय समाचार च्यानलहरूसमेत बन्द गरिए। पत्रपत्रिकाहरू सुरक्षाकर्मीहरूबाट सेन्सर गर्न थालियो। जताततै सन्त्रास र भयको वातावरण फैलाइयो। राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताहरू, मानवअधिकारकर्मी, सञ्चारकर्मीलगायत् प्रजातन्त्रका पक्षधरहरूलाई व्यापकरूपमा पक्राउ गर्ने, थुन्ने तथा आफ्नै घरमा नजरबन्द गर्ने र काठमाडौं बाहिर जानबाट समेत रोक लगाइयो। राजनीतिक दल, मानवअधिकारवादी संघ-संस्था, सञ्चार माध्यम, नागरिक समाज आदि प्रजातन्त्रका पक्षधरहरू सबैलाई भयगत र त्रसित तुल्याइएको थियो। टेलिफोन, मोवाइल फोन, इमेलसमेत बन्द गरिएकोले सबै अन्यौलमा बाँच्नु परिरहेको थियो। सञ्चार संस्थाहरूमा हतियारधारी, सुरक्षाकर्मीहरू तैनाथ गरी सेन्सरसिप लागू गरिएपछि विधिको शासन समाप्त भएको सबैलाई महसुस भएको थियो।

संकटकाल घोषणा भएको करिब एक महिना बित्न लागिसक्दा पनि वातावरणमा कुनै खुकुलोपन आएको थिएन। प्रजातन्त्र र मानवअधिकार बहालीका स्वरहरू उठेपनि छलफलका लागि कुनै सार्वजनिक समारोह हुन सकेका थिएनन्। संकटकालको कानुनी बैधताको सन्दर्भमा छलफल हुने विषय त झन टाढाको विषय थियो। त्यस परिस्थितिमा अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकको मावअधिकार सन्धि अनुगमन केन्द्रसमेतको बैठकले व्याप्त अन्यौललाई चिर्नुपर्ने निष्कर्ष निकाल्यो। सोका लागि मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (HRTMCC)द्वारा छलफलको शुरुवात गरियो। त्यस क्रममा बदलिएको परिस्थितिमा मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको भूमिका कस्तो हुनु पर्ला भन्ने विषयमा समितिका सदस्यहरूबीच २०६१ माघ २८ गते इन्सेकमा र फागुन ५ गते सिविनको कार्यालयमा गम्भीर छलफल गरियो। सिविनमा सम्पन्न बैठकमा मौनता तोड्न राजधानीमा "संकटकाल र मानवअधिकार" विषयक कार्यक्रमको आयोजना गर्ने र अन्तर्राष्ट्रिय सम्पर्कलाई अझ व्यापक

बनाउने निर्णय गरियो। मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको चरणबद्धरूपमा सम्पन्न बैठकहरूद्वारा मौनतालाई तोड्दै अगाडि बढ्ने निर्णय भयो। व्याप्त अन्यौल र मौनतालाई तोड्न काठमाडौंमा 'मानवअधिकार र संकटकाल' विषयक अन्तरक्रिया कार्यक्रम गर्ने र त्यसपछि यस्तै कार्यक्रमहरू अधिराज्यव्यापीरूपमा सम्पन्न गर्ने निर्णय गरियो।

## कार्यक्रम र उपलब्धी

संकटकालको घोषणा भएको २५ औं दिनमा मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको पहल र तत्वावधानमा २०६१ फागुन १४ गते काठमाडौंमा 'संकटकाल र मानवअधिकार' विषयक अन्तरक्रिया कार्यक्रममार्फत् पहिलो मौनता तोड्ने काम भयो। त्यसैगरी २०६१ फागुन २९ गते काठमाडौं बाहिर सबैभन्दा पहिले नेपालगञ्जमा कार्यक्रम सम्पन्न भयो। शान्तिपूर्णरूपमा भेला हुने जनताको मौलिक अधिकारसमेत निलम्बन गरिएका कारण प्रशासनको अनुमति बेगर कार्यक्रमहरू सञ्चालन गर्ने अवस्था थिएन। जिल्ला प्रशासन कार्यालयबाट कार्यक्रम गर्न अनुमति दिइएको पत्र वाचन गर्दै कार्यक्रम शुरू गरिएको थियो। उक्त समयमा धेरै मानवअधिकारकर्मी, राजनीतिक दलका नेता, सञ्चारकर्मीहरूलाई काठमाडौंमा बिनासूचना स्थानहद गरिएको थियो। आमजनता तथा बुद्धिजीवीसमेत कार्यक्रममा उपस्थित हुन हिच्किचाइरहेको अवस्थामा त्यस्तो कार्यक्रमको आयोजना गरिएको धेरैलाई कार्यक्रम स्थलबाटै सबैलाई सुरक्षाकर्मीहरूले पक्राउ गरी लैजाने आभास भएका थियो। कार्यक्रम शुरू भैसक्दा पनि कार्यक्रममा सुरक्षाकर्मीको हस्तक्षेप हुने पो हो कि भन्ने सन्त्रास र आशङ्का थियो। तर, त्यस खालको सन्त्रासका बाबजुद् पनि सबैमा छाएको सन्त्रास र मौनतालाई तोड्ने कार्य गरियो। कार्यक्रममा संकटकालका सन्दर्भमा छलफल र विचार आदान-प्रदान भयो। संयुक्त राष्ट्रसंघ, विभिन्न दातृ संस्था तथा अन्तर्राष्ट्रिय रेडक्रस (आईसीआरसी) का प्रतिनिधिहरूको सहभागिताले कार्यक्रमलाई अझ प्रभावकारी बनाएको थियो। सो अवसरमा संकटकालका सन्दर्भमा संसारका विभिन्न मुलुकका अनुभवको आदान-प्रदान र विकसित परिस्थितिका बारेमा छलफल भएको थियो। सहभागी सबैले एकस्वरमा संकटकालको विरोध गरेका थिए। यसबाट मानवअधिकारमा परेको असर औंल्याउँदै राज्यको अधिनायकवादी क्रियाकलापप्रति आपत्ति प्रकट भएको थियो।

राजधानीमा उक्त कार्यक्रम सम्पन्न भइसकेपछि, त्यस किसिमको कार्यक्रम देशभरी नै आयोजना गर्नुपर्ने आवश्यकता अनुभव गरियो। अधिराज्यभरबाट त्यस किसिमको कार्यक्रमको व्यापकरूपमा माग भयो र मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले सो बमोजिम कार्यक्रम आयोजना गर्ने कार्य पनि गऱ्यो।

मानवअधिकार र संकटकालको सन्दर्भमा अधिराज्यव्यापीरूपमा जति कार्यक्रमहरू भए सबै नयाँ र सबै ठाँउमा मौनता तोड्दै सम्पन्न भए। २०६१ फागुन २९ गते नेपालगञ्जमा सम्पन्न कार्यक्रममा स्थानीय बुद्धिजीवी, राजनीतिककर्मीहरूले मानवअधिकार अवस्थाका

सम्बन्धमा राज्यको आलोचना गरेका थिए। यस्ता कार्यक्रमहरू जिल्ला-जिल्लामा भए। संकटकालका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले व्यवस्था गरेका प्रावधान र सिद्धान्तहरूसमेतका आधारमा तयार गरिएका दस्तावेजहरूका साथ पन्ध्र जिल्लामा कार्यक्रमहरू सम्पन्न भए। मौनता तोड्ने अभियानकारूपमा सञ्चालित यस्ता अन्तरक्रिया कार्यक्रमहरूमा संकटकालीन अवधिमा पनि नागरिकका आधारभूत अहरणीय अधिकारको संरक्षण र सम्मान हुनुपर्छ भन्ने सवालमा जोड दिइएको थियो। साथै निलम्बन नगरिएका अधिकारहरूको उपभोगलाई सहज बनाउनु पर्छ भन्ने माग गरिएको थियो। कार्यक्रमहरू सम्पन्न भइसकेपछि त्यसको सूचना पाउने जनतामा विस्तारै आफ्नो हक अधिकारका लागि आवाज बुलन्द गर्ने जागरुकता पलाउन थालेको अनुभव गरियो।

संकटकाल र मानवअधिकार विषयक अधिराज्यव्यापी कार्यक्रम माघ १९ गतेको अधिनायकवादी दुस्साहस र त्यससँगै लगाइएको संकटकालले सृजना गरेको परिस्थितिउपर असहमतिका स्वरहरू उठाउने पहिलो कार्यक्रम र मञ्च प्रमाणित भयो। जनताका हक अधिकारको पक्षपोषण गर्दै कुनै पनि परिस्थितिमा जनताका आधारभूत अधिकारहरू हनन् गर्न पाइँदैन भन्ने आवाज कार्यक्रमबाट उठाइयो। आमजनता र राजनीतिककर्मीहरूलाई समेत आफ्नो हकअधिकारका लागि अग्रसर हुन पनि कार्यक्रमले घचघच्याएको थियो। अधिनायकवादी दुस्साहसका विरूद्ध आवाज उठाउन सकिन्छ भन्ने सन्देश पनि कार्यक्रममार्फत् सबैलाई पुऱ्याउन सकियो। त्यसपछि विस्तारै क्रमिक रुपले अन्य संघसंस्थाहरूबाट पनि यसप्रकारका कार्यक्रमहरू हुन थाले।

कार्यक्रमको शुरूदेखि अन्त्यसम्म संकटकालमा राज्यले जे पनि गर्न हुन्छ भन्ने मानसिकता रहेका सुरक्षाकर्मी र प्रशासनलाई उक्त मानसिकताबाट मुक्त हुनुपर्ने कुरामा जोड दिइयो। त्यस्ता व्यवहारहरू नगर्न चेतावनी दिने कार्यहरू भए फलस्वरूप भयभित जनतालाई आफ्नो हकअधिकारमा सजग हुन मद्दत पुग्यो।

भय, त्रास र अन्यौलको अवस्थामा नागरिकका हकअधिकारको पक्षमा रही अगाडि बढ्दै अन्यौल र मौनतालाई तोड्ने कार्य भएको थियो। संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको ६१ औं बैठक चलिरहेकै अवस्थामा नेपालमा यस्तो भय, त्रास र अन्यौलको स्थिति थियो। शाही घोषणा र संकटकाल संविधान तथा अन्तर्राष्ट्रिय कानुनसमेतको विपरीत भएकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतसमेतको निन्दा, आलोचना र दबाबका कारण राजाले तीन महिना पुग्नुभन्दा केही अगाडि नै संकटकाल फिर्ता लिन बाध्य हुनु परेको थियो। आधिकारिकरूपमा संकटकाल फिर्ता गरिएको घोषणा गरिएपछि पनि प्रशासनिक दमन उस्तै थियो। त्यसैले संकटकालको समापनपछि पनि मौनतामा उल्लेख्य परिवर्तन आउन सकेको थिएन। संकटकाल फिर्ताको घोषणा भइसकेपछि पनि मौनता तोड्नका लागि कार्यक्रमहरू गर्नु आवश्यक भएको अनुभव गरिएको थियो। सो बमोजिम संकटकाल फिर्ता भएपछि पनि यस्ता अन्यौल र मौनता तोड्ने कार्यक्रमहरू सम्पन्न भएका थिए। ●

# मध्यमाञ्चल क्षेत्रमा सम्पन्न कार्यक्रम

## काठमाडौं

२०६१ फागुन १४



मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको आयोजनामा माघ १९ गतेको शाही घोषणा र त्यससँगै अधिराज्यव्यापीरूपमा घोषणा गरिएको संकटकालले सृजना गरेको भ्रम, अन्यौल र मौनताको स्थितिलाई तोड्दै २०६१ फागुन १४ गते काठमाडौंमा संकटकाल र मानवअधिकार विषयक पहिलो अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। त्यस बेलासम्म यस प्रकारका कुनै कार्यक्रमहरू भएका थिएनन्। राजनीतिक विषयका कार्यक्रमहरू गर्न रोक लगाइएका कारण यस्तो स्थितिको सृजना भएको थियो। कार्यक्रम गर्न प्रशासनको अनुमति लिनुपर्ने अवस्था थियो।

कार्यक्रमको शुरूवातमा इन्सेकका महासचिव कुन्दन अर्यालले संकटकालको घोषणा गरिएको अवस्था छ भन्दैमा मानवअधिकारकर्मीहरू मौन भएर बस्न नसक्ने बताउनुभयो। त्यस घडीमा मानवअधिकार रक्षकहरूका सामु नागरिक अधिकारहरूका निम्त अग्रसर हुनुपर्ने दायित्व आइपरेको कुरामा उहाँले जोड दिनुभयो। अर्यालले- कार्यक्रम गर्न प्रदान गरिएको शर्तसहितको पत्र सुनाएर कार्यक्रमको शुरूवात गर्नुभएको थियो। संविधानलाई कुल्चिएर अधिनायकवादी शैलीका साथ देशमा जबरजस्त थोपरिएको संकटकालका सामु अधिकार सचेत नागरिक लमतन्न हनु नसक्ने दर्शाउन त्यस प्रकारको कार्यक्रमको आयोजना गरिएको पनि उहाँले बताउनुभयो। "माघ १९ को कदमका विरूद्ध असहमतिका स्वर उठिरहेका छन्, आउँदा दिनहरूमा यस्तो स्वरले नेपाली आकाश गुञ्जायमात हुनेछ"- उहाँले भन्नुभयो। कार्यक्रम इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा नेपाल बार एसोसिएसनका केन्द्रीय सदस्य अधिवक्ता टीकाराम भट्टराईले आधारपत्र  प्रस्तुत गर्नु भएको थियो। छलफलका निम्ति उहाँले प्रस्तुत गर्नुभएको आधारपत्रको अंश तल उल्लेख गरिएको छ।

## आधारपत्रको प्रस्तुति

संकटकालको सैद्धान्तिक अवधारणा राज्यको उत्पत्तिबाटै भएको पाइन्छ। सामाजिक करारको सिद्धान्तको आधारमा राज्यको उत्पत्ति हुँदा नागरिकहरूले आफ्नो सामाजिक तथा वैयक्तिक सुरक्षाका लागि आफ्ना केही अधिकारहरू स्वेच्छिकरूपमा आफ्नो अधिकारको सुरक्षाका लागि राज्यलाई सुम्पेको पाइन्छ। नागरिकका केही अधिकार राज्यलाई दिइएका कारण निश्चित अवस्थामा राज्यले त्यस्ता अधिकारहरू फिर्ता लिन सक्ने, सीमित गर्न सक्ने वा नियन्त्रित गर्न सक्ने अधिकार राज्यलाई रहन्छ। ती अधिकारहरूमाथि नियन्त्रण गर्न सक्ने अधिकार राज्यलाई शर्तसहित सुम्पिएको हो। त्यो शर्त नागरिकका अधिकार संरक्षण गरेको हदसम्म राज्यलाई

सहयोग गर्ने हो। शर्तविहीन तरिकाले ती अधिकारहरू नियन्त्रण गर्न खोजे नागरिकले राज्यको अधिकार नियन्त्रण गर्न सक्छन्। सार्वभौम अधिकार नागरिकमै निहित हुन्छ। नागरिक अधिकारको रक्षा राज्यले नगरेको अवस्थामा राज्यलाई सुम्पिएको अधिकार नागरिकले फिर्ता लिन सक्छन्। फिर्ता लिंदाको अवस्था शान्तिपूर्ण वा विद्रोहात्मक दुवै हुन सक्छ।

जनतालाई प्रदान गरिएका अधिकारहरू राज्यले शान्तिपूर्ण तरिकाले उपभोग गर्न दिएन भने विद्रोह हुन सक्छ भन्ने मान्यताको शुरूवात त्यही कारण भएको हो। त्यस्तो अवस्थामा विद्रोह हुन सक्ने कुरालाई मानवअधिकारको विश्वव्यापी घोषणा पत्रको प्रस्तावनामै उल्लेख गरिएको छ।

माथि उल्लेखित सिद्धान्तको आधारमा संकटकालको अवधारणा विकसित भएको पाइन्छ। कुनै व्यक्ति, राजनीतिक शक्ति, दल आदिलाई संकट परेको महसुस भएर संकटकाल लगाउन सकिँदैन। संकटकाल लगाउन राष्ट्रलाई संकट परेको महसुस हुनु पर्दछ। त्यस्तो अवस्थामा राष्ट्र संकटमा परेको अवस्थामा व्यक्तिका अधिकारहरू गौण हुन्छन् भन्ने मान्यता अघि सारिएको हुन्छ। राज्यको सुरक्षा, अखण्डता र सार्वभौमिकता प्रधान हुन्छन् भन्ने मान्यताअनुसार संकट परेको बेला संकटकाल लगाइन्छ।

राष्ट्रमा संकट परेको महसुस आधिकारिकरूपमा राज्यले गर्नुपर्ने र त्यस्तो अवस्था विद्यमान भएमा व्यक्ति तथा नागरिकका हक अधिकार सीमित मात्रामा नियन्त्रण गर्न सकिने भएका कारणले संकटकालीन व्यवस्थालाई विश्वका अधिकांश मुलुकले स्वीकार गरेको पाइन्छ।

विश्वमा संकटकाललाई स्वीकार गरेका दुई अवस्था छन्:

- संविधानमा नै संकटकालको व्यवस्था गरेर संकटकाल घोषणा गर्ने
- संविधानअन्तर्गत बनेका कानुनमा संकटकालको व्यवस्था गरेर घोषणा गर्ने।

खासगरी गरिबी, अन्याय, अत्याचार र सामन्तवाद कायम रहेको देशहरूमा अझ भन्नुपर्दा दक्षिण एशियाका देशहरूमा संकटकालको व्यवस्थालाई संविधानमा नै राखिएको पाइन्छ।

विश्वका अरू प्रमुख प्रजातान्त्रिक देशहरूमा विशेषगरी अमेरिका र बेलायतमा प्रष्टरूपमा संविधानमा संकटकालीन व्यवस्थाको प्रावधान राखिएको छैन।

विश्वमा सबैभन्दा धेरै संकटकालको प्रयोग भएको मुलुक भारत हो। संकटकालसम्बन्धी धेरै मुद्दा भएको र व्यवस्था भएको देश पनि भारत नै हो।

संकटकालीन अवस्थामा नागरिक तथा मानवअधिकारको अवस्था के हुन्छ भन्ने सन्दर्भमा हेर्दा भारतको अनुभव सान्दर्भिक हुन्छ। नेपालको संविधानमा संकटकालीन व्यवस्था भारतको संविधान र त्यहाँको अभ्यासलाई आधार बनाई राखिएको देखिन्छ। भारतमा संकटकालको दुरूपयोगसमेत गरिएको तथ्यलाई दृष्टिगत गरी हाम्रो संविधानमा सुरक्षा संयन्त्रको व्यवस्था गरिएको छ। नेपालको संविधानमा नागरिकका अधिकारहरू जतिसक्दो कम नियन्त्रण गर्न सकिने

व्यवस्था पनि गरिएको देखिन्छ।

संकटकाल निरपेक्ष हुँदैन। यसका विभिन्न सीमा र प्रक्रियाहरू हुन्छन्। यसका सीमा र प्रक्रियाहरू पूरा गरेर मात्रै संकटकालको घोषणा गर्नु पर्दछ। त्यस्ता सीमा तथा प्रक्रियाहरूमध्ये केही संकटकाल घोषणा हुनु पूर्व नै वाध्यात्मकरूपमा हुबहु पालना गर्नु पर्दछ। संकटकालको घोषणा पछि पनि केही सीमा तथा प्रक्रियाहरू आकर्षित हुन्छन्।

संकटकालका सीमाहरूलाई मूलरूपमा तीन भागमा विभाजन गर्न सकिन्छ:

- घोषणापूर्व
- प्रक्रियागतरूपमा र
- घोषणापश्चात्को अवस्था

संकटकालको सतर्कतापूर्वक घोषणा गर्न तथा यसको दुरूपयोग हुन नदिनका लागि यस्ता सीमाहरू राखिएका हुन्छन्।

बेलायतमा आइरिस गणतन्त्रको द्वन्द्व शुरू भएपछि संकटकालको परिकल्पना गरिएको पाइन्छ। सन् १९८९ मा एक्ट अफ प्रिभेन्सन आफ टेरोरिज्म आएपछि संकटकालको प्रावधान कुनै खास भागमा मात्रै घोषणा गर्न सकिने गरी व्यवस्था गरिएको छ। संकटकालको घोषणा हुनु पूर्वका शर्तहरू संविधान वा कानुनमै उल्लेख हुनुपर्दछ। संविधान तथा कानुनले परिकल्पना नगरेको अवस्थामा संकटकालको घोषणा गर्न पाइँदैन। यस्तो अवस्थामा राज्यले अन्य उपायहरू अवलम्बन गर्नु पर्दछ।

संकटकाल घोषणा गर्नु पूर्वका शर्त तथा आधारहरू निम्नबमोजिम रहेको पाइन्छ:

- आन्तरिक द्वन्द्व
- बाह्य आक्रमण
- सशस्त्र विद्रोह
- आर्थिक विशृङ्खलता
- प्राकृतिक प्रकोप

यी अवस्था विद्यमान रहेको वस्तुनिष्ठ आधार भएमा मात्र संकटकाल घोषणा गर्न सकिन्छ। संकटकाल घोषणा गर्नेले संकटकाल घोषणा गर्नुको आधार र कारणसहितको जानकारी जनतालाई दिनु पर्दछ।

प्रक्रियागत शर्तहरूअन्तर्गत सार्वभौमअधिकार निहित रहेको र प्रयोग हुने राज्यको निकाय कार्यकारिणीको सिफारिसमा राज्य प्रमुखले संकटकालको घोषणा गर्नु पर्दछ।

नेपाललगायत् अधिकांश देशहरूमा यस प्रकारको व्यवस्था रहेको छ। भारतमा सन् १९७१ मा घोषणा भएको संकटकालका सन्दर्भमा त्यहाँको सर्वोच्च अदालतले संकटकाल घोषणा

गर्न वस्तुनिष्ठ आधार अनिवार्य हुनुपर्ने भनी राजनारायणविरूद्ध इन्दिरा गान्धीको मुद्दामा फैसला गरेको छ।

नेपाल अधिराज्यको संविधान, २०४७ मा धारा ३५(२) को व्यवस्था सतर्कतापूर्वक गरिएको छ।

भारतको संविधानमा भएको चौवालिसौं संशोधनले मन्त्री परिषद्का सबै सदस्यहरूको हस्ताक्षरसहितको निर्णय र सिफारिस संकटकाल घोषणाका लागि अनिवार्य हुनुपर्ने व्यवस्था गऱ्यो।

संकटकालको घोषणापश्चात् पनि निश्चित शर्तहरू अनिवार्यरूपमा पूरा भएको हुनु पर्दछ। संकटकालीन अवस्थामा के कस्ता काम कारवाहीहरू भए; कुन कुन अधिकारहरू निलम्वनमा परे, संविधान र कानुनले निर्धारण गरेको परिधिभित्र रहेर संकटकाल घोषणा भएको छ, छैन भनी संसदमा पर्याप्त मात्रामा छलफल हुने संविधान तथा कानुनी प्रावधान हुन्छ। संकटकालको दुरूपयोग नहोस् भन्ने हेतुले संसदमा छलफलका लागि राख्ने व्यवस्था गरिएको हो।

भारतमा संकटकालको घोषणा नै संवैधानिक हो, होइन भनी त्यहाँको सर्वोच्च अदालतले समेत परीक्षण गरिसकेको छ। संविधान तथा कानुनले निर्धारण गरेबमोजिमको सीमा र प्रक्रियाभित्र संकटकालको घोषणा भएको छ छैन भनी अदालतले परीक्षण गर्न सक्दछ। यसको न्यायिक पुनरावलोकन हुन सक्दछ।

संकटकालका उल्लेखित सीमाहरू हुँदाहुँदै पनि व्यवस्थापिका तथा न्यायपालिकाका केही अधिकारहरूमा कटौती गरिएको हुन्छ। नागरिकका अधिकारको उल्लङ्घनको उपचारको हक पनि नियन्त्रित गरिएको हुन्छ। संकटकालमा कार्यपालिकालाई बढी अधिकार दिइएको हुन्छ।

संकटकालको अवस्थामा कुनै पनि अधिकारीहरूले संकटकालको दुरूपयोग नगरून भन्ने हेतुले अधिकारको उल्लङ्घनमा क्षतिपूर्तिको व्यवस्था गरिएको हुन्छ। विश्वमा हेर्ने हो भने संविधानमा नै क्षतिपूर्तिको व्यवस्था गर्ने नेपाल पहिलो मुलुक हो। भारत, अमेरिका तथा बेलायतमा यसको व्यवस्था छुट्टै क्षतिपूर्तिसम्बन्धी ऐनले गरेको छ।

संटककाल नागरिकको अधिकार तथा सार्वभौमिकताको सुरक्षाका लागि लागू गरिने संवैधानिक र कानुनी प्रावधान हो। संकटकाल लागू गरिँदा नागरिकका हक अधिकारको सुरक्षालाई प्रधानता दिइनु पर्दछ।

संकटकालको अवस्थामा पनि राज्यका निश्चित दायित्वहरू हुन्छन्। ती दायित्वहरूलाई दुई भागमा विभाजन गरी हेर्न सकिन्छ:

- अन्तर्राष्ट्रिय समुदायप्रतिको दायित्व
- जनता तथा संविधानप्रतिको दायित्व

मानवअधिकार मानिसको जन्मसँगै आएको हुनाले यसलाई प्राकृतिक अधिकार पनि भनिन्छ। राज्यको आधुनिक संरचनाको विकास हुनुभन्दा अगाडि नै मानवअधिकार विद्यमान

थियो। संकटकालको अवधारणा आधुनिक राज्यको अवधारणापश्चात् मात्र आएको हो। मानव र मानवीय समुदायको उत्पत्तिसँगै प्राकृतिक रूपमै उनीहरूले निश्चित अधिकारहरू लिएर आएका हुन्छन्। ती अधिकारहरू संटककालको समयमा पनि निलम्बन हुन सक्दैनन्। तिनीहरू प्राकृतिक अधिकार भएकाले निलम्बन गर्न पाइँदैन। त्यस्तो अधिकारहरूको राज्यले कुनै पनि समयमा र अवस्थामा सम्मान, सुरक्षा तथा सम्बर्द्धन गर्नु पर्दछ।

त्यस्ता अहरणीय, अनुल्लंघनीय अथवा ननडरोगेवल तथा निलम्बन हुन नसक्ने अधिकारहरू निम्नबमोजिम छन्:

- समानताको अधिकार
- वैयक्तिक स्वतन्त्रताको अधिकार
- संघ-संस्था खोल्ने स्वतन्त्रता
- बन्दी प्रत्यक्षीकरण
- यातनाविरूद्धको अधिकार
- वैचारिक आस्थाको अधिकार
- धर्मको अधिकार
- दासताविरूद्धको अधिकार
- देशनिकालाविरूद्धको अधिकार

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(८) बमोजिम यस्ता अधिकारहरू निलम्बन गर्न पाइँदैन। संकटकालको अवस्थामा व्यवस्थापिका तथा न्यायपालिकाका केही अधिकारहरू कटौती हुने भए तापनि संसारमा न्यायपालिकाको इतिहास हेर्ने हो भने जतिबेला मुलुकमा संकटकाल घोषणा गरिएको छ त्यतिबेला न्यायपालिका सक्रिय (Proactive) भएको देखिन्छ। चाहे त्यो भारत, अमेरिका, बेलायत, श्रीलंका तथा पाकिस्तान किन नहोस्। संकटकालको अवस्थामा न्यायपालिकाको भूमिका जनपक्षीय, सक्रिय हुनुपर्ने मान्यता आएको हो।

नेपालको सन्दर्भलाई हेर्ने हो भने २०५८ मंसिर ११ मा जारी भएको संकटकालको अवस्थामा न्यायपालिकाको भूमिका अपेक्षाकृत सक्रिय नै देखिएको थियो। अहिले प्रारम्भिक लक्षणहरू अपेक्षित छैनन्। अघिल्लो संटकालमा निलम्बन नभएका संवैधानिक अधिकारहरूको आधारमा न्यायपालिकाको असाधरण क्षेत्राधिकारअन्तर्गत मुद्दा हेर्ने अधिकार हुन्छ भन्ने व्याख्या भएको थियो। तर, अहिले संकटकाल घोषणा भएको चौथो दिनमा दर्ता हुन आएको रिट निवेदन दर्ता गर्न सर्वोच्च अदालतले अस्वीकार गरेको छ। दर्ताको अस्वीकार अदालतको प्रशासन तहबाट भएको हो। त्यसमा न्यायिक मन प्रयोग भएको छैन। सर्वोच्च अदालतले आधार मानेर दर्ता अस्वीकार गरिएको थिएन, त्यहाँ अर्कै कारण थियो। यस्तो अवस्थामा मानवअधिकार समुदाय तथा नागरिक समाज चनाखो हुनुपर्ने देखिएको छ। मोरङ पुनरावेदन अदालतले संकटकालीन अवस्थाको कारण देखाउँदै बन्दी प्रत्यक्षीकरणको रिट निवेदन खारेज गऱ्यो। सुर्खेत, डडेल्धुरामा बार एशोसिएशनका सदस्यहरू पक्राउमा परेको अवस्थामा सुर्खेत पुनरावेदन अदालतका

न्यायाधीशद्वारा त्यहाँको बार इकाइलाई *तपाईहरू मुद्दा दर्ता नगर्नुस्, दर्ता गरे पनि हामीले खारेज गर्नुपर्छ। तपाईं हामीबीच द्वन्द्व बढ्छ, यो विषय सर्वोच्च अदालतबाट टुंगो लगाउन दिनुस्* भन्ने जवाफ दिइएछ। अहिले सर्वोच्च अदालतलले न्यायिकरूपमा मात्रै होइन की अन्य विभिन्न माध्यम र उपायहरूबाट पनि आफ्ना मातहतका अदालतहरूलाई बन्दी प्रत्यक्षीकरणको आदेश जारी नगर्नु भन्ने आदेश जारी गरेको छ की भन्ने आशङ्का हामीलाई लागेको छ। संविधानले प्रष्टरूपमा नै बन्दी प्रत्यक्षीकरणको अधिकार निलम्बन नहुने अधिकारको रूपमा उल्लेख गरेको छ। अघिल्लो संकटकालमा चार सयभन्दा बढी बन्दी प्रत्यक्षीकरणका रिट निवेदन दर्ता भएका छन्। तीमध्ये अस्सी प्रतिशतमा बन्दी प्रत्यक्षीकरणको आदेश जारी भएको छ। त्यही संवैधानिक प्रावधानमा न्यायालयद्वारा अहिले फरक खालको व्याख्या, प्रक्रिया र प्रकृतिहरू देखाइएकाले न्यायपालिका सक्रिय नभएको देखिन्छ। न्यायिक सक्रियताका लागि घच्घच्याउनुपर्ने विषयमा हामी चिन्तित छौं। न्यायपालिका सक्रिय (Proactive) भएन भने मानवअधिकारको प्रवर्द्धन तथा प्रचलन गराउने अन्तिम ढोका जो संकटकालको अवस्थामा पनि खुल्ला रहन्छ त्यो पनि बन्द हुनेछ। मानवअधिकारकर्मी, नागरिक समाज, सञ्चार क्षेत्रलगायत् सबैले आ-आफ्नो ठाउँबाट न्यायपालिकालाई मानवअधिकारको संरक्षणका लागि बढी जिम्मेवार तथा सचेत र सजग बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने बेला आएको छ। अहिले अन्य माध्यमबाट राज्यलाई मानवअधिकार रक्षाका लागि जिम्मेवार बनाउन सकिने अवस्था छैन। न्यायपालिका नै अन्तिम ढोका हो। यसप्रति हामी सजग रहनु पर्दछ।

भारतको संविधानमा चौवालिसौं संशोधन हुनु अघि बन्दी प्रत्यक्षीकरणको अधिकार निलम्बन नहुने भनी उल्लेख नगरिए पनि अदालतले निलम्बन नहुने अधिकार भनी मख्खनसिंहको मुद्दामा व्याख्या गरेको छ। त्यही मुद्दाबाट नै अदालतले बन्दी प्रत्यक्षीकरणको अधिकारलाई निलम्बन नहुने गरी संविधान संशोधन गर्नसमेत आदेश दिएको थियो।

संटकालको अहिलेको अवस्थामा संविधानको धारा १३ अन्तर्गतको प्रकाशन पूर्व प्रतिबन्ध र धारा १६ अन्तर्गत सूचनाको हक निलम्बन गरिएको छ। तर व्याख्या हेर्ने हो भने निलम्बन र खारेज फरक-फरक कुरा हुन्। निलम्बन हुनुको अर्थ खारेज होइन। निश्चित समयसम्मका लागि प्रचलनमा बन्देज मात्र हो। कार्यकारिणीले निलम्बन भएकोलाई खारेज भएको वा संविधान संशोधन भएको अर्थ गरेर काम कारवाही गर्न मिल्दैन।

प्रेस स्वतन्त्रताको प्रमुख आधार विचार र अभिव्यक्तिको स्वतन्त्रता हो। २०६१ माघ १९ गतेको शाही घोषणा र सञ्चार मन्त्रालयबाट माघ २५ गते छापाखाना र प्रकाशनसम्बन्धी ऐनको दफा १५ लाई आधार बनाई जारी गरेको सूचनाका कारण अहिले सञ्चारकर्मीहरूले स्वतन्त्रपूर्वक लेख्न नसकिरहेको अवस्था छ। शाही घोषणा र सञ्चार मन्त्रालयको सूचनाका आधारमा अहिले प्रेसलाई नियन्त्रित गरिएको छ।

श्री ५ को घोषणाको प्रकरण ११ मा प्रष्टरूपमा "स्वतन्त्र सञ्चार क्षेत्र प्रजातन्त्रको चेतना वृद्धि गर्ने माध्यम हुन् र राष्ट्रको हितको सम्बर्द्धनमा यसको विशेष भूमिका रहन्छ" भन्ने

उल्लेख छ। त्यसैगरी माघ २५ गते जारी भएको ११५(७) बमोजिमको सूचनामा प्रेसलाई सेन्सर गरिने वा बन्द गरिने वा दर्ता खारेज गरिने कुरा उल्लेख छैन। छापाखाना र प्रकाशन ऐनअन्तर्गत जारी भएको सञ्चार मन्त्रालयको सूचनामा "कुनै खास विषयसँग सम्बन्धित कुनै खास सूचना तथा पाठ्यसामग्री खास समायावधिको लागि रोक्का गर्न सकिने छ" भन्ने उल्लेख छ। खास पाठ्यसामग्री भन्नुको अर्थ पत्रिका बन्द गर्ने वा सेन्सरसीप लागू गर्ने भन्ने होइन। तर, काठमाडौंबाट प्रकाशित हुने पाँच वटा साप्ताहिक पत्रिकालाई प्रमुख जिल्ला अधिकारीले स्पष्टीकरण मागेका छन् र दाङबाट प्रकाशित हुने नयाँ युगबोध दैनिकलाई बन्द गर्ने आदेश दिइएको छ। श्री ५ बाट भएको घोषणा, संविधान, सञ्चार मन्त्रालयको सूचना र संविधानको धारा ११५(७) बमोजिम जारी आदेशविपरीत पत्रिका बन्द गरिएको छ। अहिले उल्लेखित कार्यहरू के कुन आधारमा गरिएको हो भन्ने प्रश्न उठाउने बेला भएको छ।

नेपालको पूर्व संवैधानिक अभ्याससमेतलाई दृष्टिगत गरी नेपाल अधिराज्यको संविधान, २०४७ मा राजनीतिक दलहरूलाई कुनै पनि अवस्थामा बन्देज लगाउन नसकिने व्यवस्था गरिएको छ। संविधानमा विचार तथा आस्थाको आधारमा कसैलाई पनि विभेद गर्न नपाइने व्यवस्था छ।

कानुनबमोजिम दर्ता भएका संघ-संस्था तथा राजनीतिक दलहरूका गतिविधिमा रोक नलगाउनका लागि संविधानको धारा १२(२)(ङ) संघ-संस्था खोल्ने स्वतन्त्रतालाई निलम्बन गर्न नपाइने व्यवस्था संविधानले गरेको छ। धारा ११२ बमोजिम राजनीतिक दलहरू प्रतिबन्धित हुन सक्दैनन्। श्री ५ को शाही घोषणामा पनि राजनीतिक दललाई प्रतिबन्ध गरिने कुरा उल्लेख छैन। तर पनि राजनीतिक पार्टीका गतिविधिहरू हुन पाएका छैनन्।

नेपाल १६ वटाभन्दा बढी अन्तर्राष्ट्रिय मानवअधिकारका संयन्त्रहरू अनुमोदन गरी पक्षराष्ट्र भएको छ। सन्धि ऐनको दफा ९ ले तिनीहरू नेपाल कानुनसरह लागू हुने व्यवस्था गरेको छ। ती मानवअधिकारका संयन्त्रहरूले नेपाललाई निश्चित खालका दायित्वहरू तोकेका छन्। नेपालले त्यसलाई पालना गर्नु पर्दछ।

संकटकाल लागेको अवस्थामा पनि नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ४ ले निश्चित अधिकारहरू निलम्बन गर्न नपाइने र संयुक्त राष्ट्रसंघमार्फत् अन्तर्राष्ट्रिय समुदायलाई आफ्नो देशमा संकटकाल घोषणा गर्नुको कारणसहित जानकारी गराउनुपर्ने हुन्छ। नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको पक्षराष्ट्र भएको कुनै पनि राष्ट्रले संकटकाल घोषणा गर्नुको आधार र कारणका सम्बन्धमा संयुक्त राष्ट्रसंघमा उजुरी गर्न पाउँदछ।

निष्कर्षमा भन्नुपर्दा संकटकालमा पनि नागरिकका निश्चित अधिकारहरू निलम्बन गर्न पाइँदैन। संकटकाल कार्यकारिणीको निरपेक्ष अधिकार र शक्ति होइन। संकटकालका सीमाहरू अक्षरश: पालना भएको हुनु पर्दछ। ती सीमाहरूको पालना र अवलम्बन भए नभएको परीक्षण गर्ने अधिकार सर्वोच्च अदालतलाई रहन्छ। नागरिक अधिकारहरूको संरक्षणका लागि

न्यायपालिका सक्रिय हुनु पर्दछ र त्यो भूमिका निर्वाह गर्नुपर्दछ। तर, निलम्बन नभएका अधिकारहरूको उपचारका लागि पनि अनुनय विनय गर्नुपर्ने अवस्थाको विद्यमानता छ। अन्य मुलुकमा अधिकारहरू निलम्बन भएको अवस्थामा पनि मानवअधिकार प्राकृतिक अधिकार भएकाले संकटकाल घोषणा गरेर निलम्बन गर्न पाइँदैन भनी व्याख्या भएको पाइन्छ। यसतर्फ हाम्रो ध्यान बढी केन्द्रित गर्नु पर्दछ। न्यायापालिकालाई सक्रिय (Proactive) बनाउन र न्यायापालिकामार्फत् मानवअधिकारको संरक्षणका लागि राज्यलाई जिम्मेवार, प्रतिबद्ध तथा जवाफदेही बनाउन हाम्रो सक्रिय भूमिका रहनु पर्दछ। निलम्बन नभएका अधिकारहरूका आधारमा नागरिक समाज, राजनीतिक दल, सञ्चार जगतका गतिविधि तथा काम कार्यहरू निर्वाधरूपमा सञ्चालन हुन पाउनु पर्दछ। मानवअिधकारको संरक्षण तथा प्रवर्द्धनको अन्तिम कुरा वार्ता संवाद, सहकार्य र सहअस्तित्व हुन्। सबैले यसैलाई आधार बनाई मानवअधिकारको संरक्षण र प्रवर्द्धनका कार्यहरू गर्नुपर्दछ।

## छलफल सत्र

**सुशील प्याकुरेल**, *सदस्य, राष्ट्रिय मानवअधिकार आयोग*

पहिलेको संकटकालमा सरकारले संकटकाल लगाइएको जानकारी संयुक्त राष्ट्रसंघलाई नदिएकाले त्यसको जानकारी दिनु पर्दछ यो राज्यको दायित्व हो भने पछि संकटकाल लगाइएको जानकारी दिइएको पत्रसमेत आयोगलाई दिइएको थियो। तर, यसपटक त्यस्तो जानकारी गराइएन। किनभने सरकारले संकटकाल लगाउदैं गर्ने हामीले त्यसको दायित्वबोध पटकपटक गराउनु आवश्यक छैन भन्ने लाग्यो। अहिलेको संकटकालको बारेमा आयोगलाई कुनै जानकारी आएको छैन। तर, संयुक्त राष्ट्रसंघका मानवअधिकारसम्बन्धी सल्लाहकार डेभिड जोन्सनले यसको बारेमा बताएपछि मात्र जानकारी भयो। नेपालसम्बन्धी जानकारी बाहिरबाट पाउनु पर्ने अवस्था देखियो।

संसारका जतिसुकै सानो र गरिब मुलुक भए पनि संकटकालको अवस्थामा अदालत जति सक्रिय हुन्छ त्यति नै मानवअधिकार र नागरिक स्वतन्त्रताको संरक्षण हुने गर्दछ। जति बेला संकट आई पर्दछ त्यति बेला नै अदालतको सक्रिय भूमिका आवश्यक पर्दछ। तर यस्तो हुन सकेको छैन। नेपालमा संकटकालको बेला जे पनि गर्न पाइन्छ भन्ने धारणा राखिएको छ।

हामीकहाँ पनि पहिलेको र अहिलेकोमा अलिकति फरक भने पाइएको छ। अहिले मूलत: राजनीतिक दलहरू र मानवअधिकारकर्मीहरूको गतिविधिलाई दमन र बन्द गर्ने खालको मनोविज्ञान रहेको देखिन्छ। यस्तो बेला मानवअधिकार आयोगको भूमिका के रहने भन्ने गम्भीर सवाल खडा भएको छ। निश्चय पनि यस्तो संकटको अवस्थामा आयोगको भूमिका सशक्त हुनु पर्दछ। यसका निमित्त हामी कार्य गर्दैछौं। मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि कार्य गर्न आयोगलाई कसैले पनि रोकेको छैन्। माघ १९ गते अगाडि सरदर दिनको सात वटा उजुरी आउँथे भने त्यसपछि एउटा उजुरी आउन दुई दिन लागेको छ। संकटकालको बेला उजुरी दिनु

हुन्छ की हुँदैन भन्ने अन्यौल छ। त्यसैगरी राष्ट्रिय मानवअधिकार आयोगले के गर्न सक्छ र ? भन्ने धारणा विकसित भएको छ। अहिले राजनीतिक नेताहरूलाई घरमा नजरबन्द गर्ने काम भएको छ। आयोगले त्यस्ता बन्दी गृहहरू निरीक्षण गरिरहेको छ। प्रजातान्त्रिक संस्थाहरूले आफ्नो दायित्व निर्वाह गर्नु पर्दछ।

संकटकालका नाममा कानुनको शासनलाई बेवास्ता गर्न पाइँदैन। बरू कानुनको शासनलाई सुनिश्चित गरिनु पर्दछ। कानुनको शासन सुनिश्चित गर्ने क्रममा कतिपय मौलिक अधिकारहरू माथि बन्देज लगाइने अवस्था हुन सक्छ। अन्तर्राष्ट्रिय कानुनी संयन्त्रले पनि त्यो अधिकार राज्यलाई प्रदान गरेको छ। तर यसको वैधानिकता कति छ भन्ने कुरा छलफलको अर्को विषय हो। नेपालको कुनै कानुनमा घरमा नजरबन्द गर्ने प्रावधान छैन। स्थानहदको प्रावधान फरक हो। स्थानहदको प्रावधान कुनै निश्चित स्थानदेखि बाहिर जान नपाउने प्रावधान हो। घरमै थुन्ने प्रावधान होइन। हिंडडुल गर्ने स्वतन्त्रता रोक्ने भनेको कुनै परिवारको सदस्यलाई सम्पर्कविहिन गराउने होइन। कसैसँग कुरा गर्न नपाउने भन्ने होइन। सुरक्षाफौजको उपस्थितिमा कसैलाई स्थानहद गरी सकेपछि उसको जीविकोपार्जन कसले हेर्ने ? यो के हो भनेर सरकारलाई सोधेर पठाएका छौं। सरकारले त्यसको जवाफ पठाएपछि जानकारी दिइनेछ।

संकटकाल भनेको कानुनको उचित प्रक्रियालाई समाप्त पार्ने होइन। सर्वोच्च अदालतका पूर्व न्यायाधीश लक्ष्मणप्रसाद अर्याललाई बाहिर जान नदिएको समाचार सुन्नमा आयो। त्यसैगरी अरूलाई पनि रोक लगाइएको पाइयो। त्यसरी रोक लगाइएको कारणसहितको जानकारी वा सुचना दिइनु पर्दछ। यसो नगरिएको परिस्थिति भएकोले यो शक्तिको दुरूपयोग हो। यस्तो बेला मानवअधिकार रक्षकहरूले कानुनको शासन र कानुनको उचित प्रक्रियाको पालनाको सन्दर्भलाई सशक्तरूपमा उठाउनु पर्दछ। मानवअधिकारकर्मीहरू चुप लागेर बस्नु हुँदैन। कानुनको शासन र कानुनको उचित प्रक्रियाबमोजिम किन भएन भनी सोध्न सक्नु पर्दछ। संयुक्त राष्ट्रसंघको प्रणाली हेर्ने हो भने पनि यस्तो प्रश्न सोध्न सक्ने अधिकार हामीलाई छ।

**सुरेश आचार्य**, *समाचार प्रमुख, कम्युनिकेशन कर्नर*

संकटकाल लगाउनु हुन्थ्यो वा हुँदैनथ्यो भन्ने विषयमा अहिले छलफल गर्न पाइँदैन। अहिले विचार अभिव्यक्त गर्न पनि पाइँदैन। दुवै संकटकालमा संविधानका उनै धाराहरू निलम्बन भए। पहिलेको संकटकाल निर्धारित समयका लागि थियो। अहिलेको संकटकाल महाराजाधिराजको शासन अवधिभरि होला। तर भनिएको केही छैन। अहिले पत्रकारहरूमाथि धरपकडका संकेतहरू छन्। एक दर्जन जति गिरफ्तार भएका छन्। प्रेसमाथि ठाडो आक्रमण शुरू भएको छ। श्री ५ महाराजाधिराजको घोषणा सकिँदा नसकिँदै हतियारधारी सुरक्षाकर्मीहरूलाई सञ्चार माध्यमका कार्यान्वयनमा पठाइयो। मानसिक तनाव दिन शुरू भयो। त्यसपछि सेनाले समाचार सेन्सर गर्न शुरू गऱ्यो। बर्दी फुकालेर हतियार बोकेर सुरक्षाकर्मी आउन थाले। कुनै आमसञ्चार माध्यममा सेन्सर जारी छ कुनैमा हटेको छ। यो के आधारमा

भयो कसैले सोध्न सकेका छैनौं। सोध्नुको औचित्य पनि छैन, किनभने अहिले दोहोरो संवाद हुने अवस्था छैन। संकटकालमा पनि नागरिकका धेरै अधिकार निलम्बन नहुने रहेछन् तर, तिनीहरूको उपभोग र प्रचलन कसरी गर्ने हामी अन्यौलमा छौं। एफ. एम. प्रसारणहरूमा समाचार प्रशारण गर्न पाइँदैन भनियो। पहिलेको संकटकालमा समाचार बन्द गरिएको थिएन तर अहिले एफ. एम.बाट समाचार प्रशारण गर्न पूर्णरूपमा बन्देज गरिएको छ। पहिलेको संकटकालमा समाचार प्रसारणका सन्दर्भमा जारी गरिएको निर्देशनमा समाचार प्रशारणबारे छलफल भएको थियो। निश्चित खालका समाचार प्रसारण नगर्न मात्र अनुरोध गरिएको थियो। त्यो बेला स्पष्टरूपमा आतंकवादविरूद्ध मात्र संकटकाल लगाइएको हो, अन्य प्रयोजनका लागि होइन भन्ने जानकारी गराइएको थियो। अहिलेको संकटकाल राजनीतिक दल, मानवअधिकारवादी, प्रेस सबैका लागि लगाइएको देखिन्छ र व्यवहारमा त्यो ढङ्गबाट प्रयोग भइरहेको छ। न्यायाधीशहरूलाई नै हिँडडुल गर्नबाट रोक लगाइएको छ भने अरूले उपचार खोज्न कहाँ जाने? नागरिक हक अधिकारका लागि गर्ने लडाई अहिले कोठामा बोल्नेबाहेक अरू केही हुन सकेको छैन। अन्य कुनै गतिविधि गर्न पाइने अवस्था छैन।

**शम्भु थापा**, *अध्यक्ष, नेपाल बार एशोसिएसन*

परिस्थितिअनुसार संकटकालको समर्थन र विरोध दुवै गर्न सकिन्छ। संकटकाल भनेको कुनै कार्य गर्नै नपाउने र बोल्नै नपाउने होइन। संकटकालमा संविधानको संयन्त्रभन्दा अर्को संयन्त्रको व्यवस्था हुन सक्छ कि सक्दैन भन्ने कुरा अहिले नेपालको सन्दर्भमा मुख्य कुरा हो। सर्वोच्च अदालत जस्तो शाही आयोग आयो। संविधानत: धारा ११(५)(७) बमोजिम अर्को सर्वोच्च अदालत हुन सक्छ कि सक्दैन ? शाही आयोग हुन सक्छ भने अर्को सर्वोच्च अदालत पनि हुन सक्छ। आगामी दिनमा मौलिक हक नियन्त्रित हुन सक्छन्। संवैधानिक प्रावधानहरू नियन्त्रित हुन सक्छन्। संविधानमा भएका संवैधानिक व्यवस्था नाघेर कसैले कार्य गर्न पाउँदैन। त्यसो हुने हो भने भोलि सर्वोच्च अदालतको ठाउँमा अर्को अदालत आउन सक्छ।

कुनै पनि मुलुकमा संवैधानिक व्यवस्थाभन्दा बाहिर गई कार्य हुन्छ भने त्यहाँको शासन निरंकुश हुन्छ। शाही आयोग पनि संवैधानिक व्यवस्थाभन्दा बाहिर गई गठन भएको छ। यो संविधान तथा कानुनबमोजिम छैन। यसबाट निरंकुशताको शुरूवात भएको छ। संविधानबमोजिम छ भन्ने तर्क आउँछ भने कानुन निर्माण गर्नका निमित्त अर्को संसद आउन सक्छ।

संकटकाल जुन प्रयोजनका लागि हो त्यही प्रयोजनमा मात्रै सीमित हुनु पर्दछ। संविधानको धारा ८८(२) बमोजिम सार्वजनिक हितका लागि सर्वोच्च अदालतबाट मुद्दा हेरिन्छ भने संकटकालको संवैधानिकताको परिक्षण पनि अदालतले गर्न सक्छ। संकटकाल उपयुक्त छ छैन, त्यसका सीमाहरू तथा पूर्व शर्तहरू पूरा भएको छ छैन तिनीहरूको परीक्षण गर्न सकिन्छ।

संकटकालमा शासकले सबै काम गर्न पाउँछ भन्ने तर्क गर्ने हो भने संविधानको

सर्वोच्चता गुम्दछ। संविधानको सर्वोच्चता गुमायौं भने अर्को जुनसुकै खालको संविधान पनि आउन सक्ने खतरा रहन्छ। यस्तो बेला हामी सजग रहनु पर्दछ। संवैधानिक राजाको हैसियत र अहिलेको राजाको हैसियत फरक छ। श्री ५ मन्त्री परिषद्मा रहेको अवस्थाको हैसियत कुनै पनि कामको जवाफदेही र उत्तरदायी हुनुपर्ने हैसियत हो। राजाले मन्त्री परिषद्को नेतृत्व गरेमा उनीमाथि मुद्दा लाग्न सक्छ र मुद्दा लिएर जान सकिन्छ।

यो संविधानको मुख्य आधारहरू राजनीतिक दल नै हुन् उनीहरू उपर प्रतिबन्ध लगाउन पाइँदैन। राजनीतिक दललाई अहिले खतम भने पनि त्यसको विकल्प छैन। यस्तो अवस्थामा हामीले सक्रियता देखाउनु पर्दछ। केहीलाई घुमफिर तथा आवत जावतको स्वतन्त्रतामा रोक लगाएर देशको भलो कदापी हुन सक्दैन। खिया लागेको हतियारले काट्छ भन्ने विश्वास कसैले गर्न सक्दैन। अहिले खिया लागेको जमात बटुलेर त्यसको नेतृत्वबाट सफलता प्राप्त हुने सम्भावना रहँदैन।

**भीमार्जुन आचार्य**, *अधिवक्ता*

संकटकाल लागे पनि नागरिकका सबै अधिकार निलम्बित हुँदैनन्। संकटकाल संविधानको धारा ११५(१) र (८) को सेरोफेरोबाट लागेको छ। संकटकालको समयमा संविधानले तोकेका हक अधिकार मात्र निलम्बन हुन सक्दछन्। अन्तर्राष्ट्रिय मानवअधिकारका संयन्त्रहरूले प्रदान गरेका मानवअधिकारहरू अहिले पनि निलम्बित छैनन् र हुन सक्दैनन्। संविधानले संकटकालमा निलम्बन हुन सक्ने भनी व्यवस्था गरेका अधिकार मात्र निलम्बन भएका छन्। राष्ट्रिय परिप्रेक्ष्यमा हेर्दा नागरिकका तीन प्रकारका अधिकारहरू छन्:

- संवैधानिक अधिकार
- मौलिक अधिकार
- कानुनी अधिकार

अहिले संवैधानिक तथा कानुनी कुनै पनि अधिकारहरू निलम्बित छैनन्। मौलिक अधिकारहरू पनि केही मात्र निलम्बित भएका छन्। संकटकालको यो अवस्थामा नागरिक अधिकार ऐन, २०१२ को आधारमा पनि नागरिकको हक अधिकार संरक्षण गर्न सकिन्छ। संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेका तीनवटा महत्वपूर्ण अधिकार अहिलेपनि निलम्बित छैनन्। समानताको अधिकार, यससँग कानुनको शासन प्रत्यक्षरूपमा जोडिएको हुन्छ।

संविधानको धारा १२(१) जसले वैयक्तिक स्वतन्त्रताको अधिकार प्रदान गरेको छ, यसभित्र बाँच्न पाउने अधिकार पनि पर्दछ। यो अहिले पनि निलम्बित छैन।

अर्को महत्वपूर्ण कुरा संविधानको धारा १३ को उपधारा (१) (२) र (३) निलम्बनसम्म भएको हो तर पत्रिकाको दर्ता खारेजी गर्ने र जफत गर्न पाइँदैन। विडम्बना चाहिँ पत्रिका प्रकाशन गर्न बन्द गरिएको छ। प्रेसको अहिले पनि दर्ता खारेज नहुने र जफत नहुने दुईवटै अधिकार निलम्बित छैन। संविधानको धारा १४ जो फौज्दारी न्यायसम्बन्धी हकसँग सम्बन्धित

छ अहिले पनि निलम्बित छैन। यसमा पक्राउ गर्दा जानकारी दिनुपर्ने देखि लिएर २४ घण्टाभित्र अदालतसमक्ष उपस्थित गराउनुपर्ने लगायत्का प्रक्रिया तथा अधिकारहरू तोकिएका छन्। निलम्बन नभएका अधिकारहरूको प्रयोग र उपयोगबाट हामी अगाडि बढ्न सक्छौं। अदालतले नागरिकका हक अधिकार संरक्षणका दिशामा देखाएको रवैया अत्यन्त आपत्तिजनक छ। नागरिक समाज, मानवअधिकारकर्मी तथा कानुन व्यवसायीलगायत् सबैलाई स्वीकार्य विषय होइन। संविधानको धारा ८८ को प्रयोगले पनि अदालतले नागरिकका हक अधिकार संरक्षणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ। धारा ८८ को प्रावधान विश्वका अन्य मुलुकका संविधानले व्यवस्था गरेभन्दा उत्कृष्ट छ र यसले अदालतलाई स्वतन्त्र तथा सक्षम बनाएको छ तर अदालत यसको प्रयोग गर्न हिच्किचाएको छ।

**सुबोधराज प्याकुरेल,** *अध्यक्ष, इन्सेक*

हामी मानवअधिकारकर्मीहरू मुलुकको प्रजातन्त्र र मानवअधिकारको रक्षा र विकासका लागि सहजकर्ता मात्रै हौं। मानवअधिकारकर्मीहरू कहिले पनि नेता हुँदैनन्। उनीहरूले मानवअधिकारका सवालमा बोल्ने र तत्सम्बन्धी कार्य गर्ने गर्दछन्। २०६१ माघ १९ गते राजाद्वारा राष्ट्रका नाममा जारी गरी पाठ गरिएको जे अभिव्यक्ति थियो त्यस अभिव्यक्तिमा कतै पनि म कानुनको शासनलाई मान्दिन भनिएको छैन। जनताको मौलिक हकमा बन्देज लगाउने उल्लेख छैन। राजाबाट २०६१ फागुन १३ गते पत्रकारहरूलाई दिइएको जानकारीमा त्यसको कुनै लक्षण देखाइएको छैन। तर कतिपय कुराहरूमा भ्रम छ। त्यो भ्रमका कारणले आतंकको खेती गर्न चाहने मानिसहरूको एउटा जत्था बन्ने कार्यको शुरूवात भएको छ। आतंकको कार्य हिजोसम्म प्रचण्डपन्थी  समूहले मात्र गरिरहेका थिए भने अहिले अरू पनि कसैले गरेको छ कि छैन अहिले यो सोच्नुपर्ने सवाल भएको छ। सबै जनतालाई अलमल छ। श्री ५ को सरकारका नामबाट अहिले पनि प्रधानमन्त्रीको कार्यालयबाट सारा सूचना जारी भइरहेका छन् जहाँ मान्छे छैन। हामीले जानेको त अहिले के हो भने श्री ५ ले अहिले प्रधानमन्त्रीको रूपमा कार्य गरेको हो। त्यसो हो भने कि राजा प्रधानमन्त्री भएको भए स्पष्ट हुने थियो होइन भने अब आइन्दा प्रधानमन्त्रीबाट हुने सबै काम मबाट हुनेछ भनेको भए पनि स्पष्ट हुने थियो त्यो पनि छैन।

अहिले संकटकालको दुरूपयोग यति धेरै भइरहेको छ भनी साध्य छैन। मलाई २०६१ फागुन १५ गते नेपालगञ्ज जानु छ। त्यहाँ शाही नेपाली सेनाका अधिकृतहरूका लागि मानवीय कानुनसम्बन्धी कार्यक्रम आयोजना गरिएको छ। पत्रिकामा काठमाडौं बाहिर जान नपाउने भनी स्थानहदको समाचार छापिएको छ। जान पाउने नपाउनेबारे अन्यौल छ। पत्रिकाको सूचनाको आधारमा नजाऊँ त्यस्तो सूचना नै थिएन भनिएला। जाऊँ एयरपोर्टबाटै फर्काइएला वा पक्राउ गरी अन्तै कतै राखिएला। त्यस्तो आतंक पनि फैलाइएको छ। यसले राष्ट्रको बेइज्जत गऱ्यो कि गरेन ? मुख्य सवाल यो हो।

हामी सधैंभरि मानवअधिकारको संरक्षण, प्रवर्द्धन हुने कुरा गर्छौं। संकटकाल त्यस्तो

अवस्थामा लगाउनु पर्दछ जब मानवअधिकार तथा नागरिक अधिकार संरक्षणको लागि अतिरिक्त प्रयास आवश्यक पर्दछ। जनताको सुरक्षाका लागि थप प्रयास आवश्यक पर्दछ। संकटकाल लगाई सकेपछि राज्य झन् जिम्मेवार हुनु पर्दछ। किनभने जनताले उपचार खोज्ने बाटाहरूमा विभिन्न अवरोधहरू सृजना भएका हुन्छन्। राज्यले जनताको हक अधिकारको संरक्षणका लागि अतिरिक्त उपाय अपनाएको हुनाले त्यो संरक्षणको कार्यमा हामी मानवअधिकारकर्मीहरू सहयोगी हुन पाउने कि नपाउने ? अहिलेको सवाल हो यो। बुधबार ३ बजेदेखि धनगढी बजार पुरै माओवादीको कब्जामा छ भनेको कुरा हो होइन कसरी थाहा पाउने ? किनभने सूचनाको हक नै छैन। राज्यमा कतै ठूलो अत्याचार भइरहेको छ हो वा होइन कसरी थाहा पाउने ? सम्पूर्ण सूचना थुनिएको छ। मान्छेको आवागमन रोकिएको छ। निर्वाधरूपमा हामीले प्रयोग गर्न पाउनुपर्ने कुरामा पनि रोक लगाइएको छ। यस्तो बेलामा जनतालाई सुसूचित गर्न हामीले कति कार्य गर्न सक्छौं भन्ने कुरा विचार गर्नुपर्दछ।

मानवअधिकारको क्षेत्रमा यति लामो समयसम्म कार्य गरिरहेको संस्थाबाट सरकारले सहयोगको अपेक्षा गर्ने बेलामा यो कार्यक्रमका लागि स्वीकृति पाउँ भनी सिडिओ कार्यालयलाई निवेदन लेख्नु पर्‍यो। यस्तो खालको विकृति विसंगतिले अहिलेको नेपाललाई बदनाम गरेको छ/छैन यो राज्य प्रशासकलाई सोध्ने प्रश्न हो। सूचना रोकेका कारण विभिन्न खालका कानेखुशी घरघरमा आतंकको रूपमा फैलिएको छ/छैन ? राज्य चलाउनेहरूसँग ठाडो प्रश्न हो यो। अन्तरदेशीय फोन भर्खर खुलेको छ। काठमाडौं बाहिर चियाएर हेर्ने प्रयास गरौं त। सुत्केरीहरू, बच्चाहरू मरिरहेका छन्। विजोग छ। बत्ती गएको अन्धकार छ। टेलिफोन चल्दैन। गाडी गुड्दैनन्। पसलमा एक गेडा अन्न छैन। यस्तो अवस्थाप्रति हामी संवेदनशील तथा जिम्मेवार हुने कि नहुने ? देशको यस्तो दुर्दशा भएको अवस्थामा हामीले बोल्न पाएका छैनौं। यसको जिम्मेवारी अहिले सरकार चलाउनेहरूले लिन्छन् कि लिदैनन् ? यो अर्को प्रश्न हो। अहिले कपिलवस्तुमा २२-२३ जना मानिस मारिएको समाचार छ। ६ सयभन्दा बढी घर जलाइएको छ। तीन जना मन्त्रीहरू ढाडस दिन पुगेका छन्। थरीथरीका मानिसलाई दिइने यातना फरक फरक हुन्छ। काँक्रा चोरलाई एक मुड्की हिर्कायो भने सास्ती हुन्छ। तर सजग नागरिकलाई बोल्न दिइएन भने फाँसी दिएसरह हुन्छ। हामीहरू यो परिस्थितिमा अपमानित भइरहेका छौं। तिलतिल गरेर मरिरहेका छौं। नागरिकलाई संरक्षण दिन भनी ल्याइएको संकटकालमा यस्ता कार्यहरू भइरहेका छन्। मानवअधिकारका विषयहरू निर्वाधरूपमा प्रयोग गर्न र छलफल गर्न रोक्न लगाउनु हुन्छ कि हुँदैन ? विशेषगरी कानुनको शासनको कुरा गरिरहेको बेलामा। त्यसैले यो राज्यमा स्थिति राम्रो छैन। श्री ५ को सरकारले संयुक्त राष्ट्रसंघमा पठाएको प्रतिवेदनमा मूलतः राष्ट्रमा सुरक्षाको स्थिति बिग्रियो, विगतमा सरकारहरूले आतंकवादीहरूसँग वार्ता गर्न सकेनन् भन्ने बुँदा मात्र छन्।

सुरक्षाको स्थिति संकटकाल पछि बिग्रियो कि सप्रियो ? यो सरकारले आतंकवादीसँग वार्ता गर्ने लक्षण देखायो कि देखाएन ? एकजना मन्त्रीले त औंला ठडाएर माओवादी किन भनिस्

भनेर पत्रकारलाई हप्काए। यो लरतरो विषय होइन। भोलि संयुक्त राष्ट्रसंघमा छलफल हुँदा विभिन्न देशहरूले आवाज उठाउँछन्। त्यो बेला नेपाललाई लाज हुन्छ कि हुँदैन। त्यो लाज नहोस् भन्नका लागि हामीले आफ्नो मुलुकभित्र आवाज बुलन्द गर्न पाउने कि नपाउने ? चित्त नबुझेका विषयमा छलफल गर्न पाउने कि नपाउने ? नपाउने हो भने स्थिति झन विकराल हुन्छ। प्रजातन्त्रमा छलफल गर्न पाउनु भनेको कोठामा बसेर खासखुस गर्ने होइन। खुल्ला चौरमा पनि छलफल गर्न पाउनु पर्दछ। पत्रिकामा लेखेर छलफल गर्न पाउनु पर्दछ। रेडियो टेलिभिजनमा बोलेर छलफल गर्न पाउनु पर्दछ। यो कुरा जबसम्म रोकिन्छ तबसम्म नेपाललाई प्रजातन्त्र नभएको असभ्यहरूको मुलुक भनेर संसारले भनी रहनेछ। त्यसकारण हामी सबै राष्ट्रको गरिमा बचाउने काममा लागौं। सबै नागरिकको अधिकार बहालीका लागि सक्रिय रहौं।

**डेविड जोन्सन**, *वरिष्ठ मानवअधिकार सल्लाहकार, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम*

कार्यक्रममा बोल्दै संयुक्त राष्ट्रसंघका वरिष्ठ मानवअधिकार सल्लाहकार डेविड जोन्सनले नेपालले देशमा संकटकाल लगाइएको जानकारी फेब्रुअरी १६ मा संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष पठाएको जानकारी दिँदै त्यसमा संकटकाल लगाउनुपर्ने चारओटा कारणहरू दिइएको खुलासा गर्नुभयो। जोन्सनका अनुसार पत्रमा बहुदलीय प्रजातन्त्र र राष्ट्रिय सार्वभौमसत्तामाथि संकट आइपरेको, आतंकवादको समस्याले देश आक्रान्त रहेको र विगतका सरकारले वार्ता गर्न नसकेको कारण वर्तमान संकटकाल लगाउने बाहेक अन्य विकल्प नरहेको बताइएको छ । संकटकाललाई संसदले अनुमोदन गर्नुपर्नेमा नेपालमा संसद नै नरहेकोले अर्को जटिलता थपिएको चर्चा गर्दै जोन्सनले संकटको यस घडीमा पनि नेपाली नागरिक समाजले देखाएको दृढताले आफू प्रभावित भएको बताउनु भयो।

**डा. गोपालकृष्ण शिवाकोटी**, *महासचिव, इन्हुरेड*

नेपालले संयुक्त राष्ट्र संघलाई संकटकालको जानकारी फागुन ३ गतेदेखि फागुन ५ गतेमा पठाएको रहेछ। उक्त जानकारीमा विशेषगरी प्रजातन्त्रको अस्तित्वका निमित्त, राष्ट्रिय अखण्डताका लागि, आतंककारी गतिविधिले ल्याएको अहिलेको विषम परिस्थिति र विगतका केही वर्षका सरकारहरूले माओवादीसँग सम्वाद गर्न नसेको कुरा उल्लेख गरिएको छ। तर, संकटकाल लगाउन उठाइएका आधारहरू संयुक्त राष्ट्र संघलाई दिइएको जानकारीमा कहिंकतै उल्लेख गरिएको छैन्। राजनीतिक दलहरूको असक्षमता, भ्रष्टाचार, विकृति र विसंगतिका कुराहरूसमेत उल्लेख गरी संकटकाल लगाइएको छ। त्यसको जानकारी अन्तर्राष्ट्रिय समुदायमा पठाइएको छैन्। त्यसले यसको मूल आशय के हो भन्ने कुरा विश्व समुदाय र नागरिक समाजबीचमा पनि एउटा गम्भीर प्रश्नका रूपमा उभ्याएको छ। सबैभन्दा महत्वपूर्ण कुरा समयावधि नतोकिएको संकटकालको कुरा हो जसले थप प्रश्न उब्जाएको छ। कति समयसम्म संकटकाल रहने हो ? त्यसैले यी दुई महत्वपूर्ण कुरालाई हामीले विश्लेषण गर्न र यसमा

नागरिक समाज तथा मानवअधिकारकर्मीको तर्फबाट यो कुरा मूल सरोकारको रूपमा उठाउन अति सान्दर्भिक हुन्छ। संकटकालको समयमा जे पनि गर्न हुन्छ त्यो राज्यको अधिकार हो भन्ने मनोविज्ञान एकदमै गहिरोरूपमा विशेष गरी सुरक्षाफौज र राज्यका संयन्त्रहरूमा विगत देखिको संकटकालले उब्जाएको छ।

मानवअधिकार रक्षकहरूलाई सहर छोडेर बाहिर जान नपाउने गरी प्रतिबन्ध लगाइएको छ। हामीले भर्खर प्राप्त गरेको कागजमा राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ-संस्थाहरूलाई नियन्त्रित र व्यवस्थित गर्ने भनेर परिपत्र जारी भएको छ। यो अर्को गम्भीर सवाल र हाम्रो सामु गम्भीर चुनौतिको रूपमा देखिएको छ।

जथाभावीरूपमा मानवअधिकारकर्मीहरूको गिरफ्तारीको सन्दर्भ अर्को गम्भीर सवाल हो। अहिले भ्रष्टाचारसम्बन्धी शाही आयोग बनाइएको छ। संयुक्त राष्ट्रसंघमा पठाइएको जानकारीमा भ्रष्टाचारको कारण दिइएको छैन्। यसले संकटकालको उद्देश्य के हो भन्ने कुराको शङ्का उत्पन्न गराएको छ।

संकटकालमा जुन अधिकारहरू निलम्बन भएका छैनन् ती अधिकारहरूको अधिकतम उपयोग गर्दै नारिक समाज मानवअधिकार रक्षाका लागि अगाडि बढनु पर्दछ। यो दायित्व हामीमा आएको छ।

**गोकुल पोखेल**, अध्यक्ष, नेपाल प्रेस इन्स्टिच्युट

संकटकाल आउनु वास्तविकता हो। यो अवस्थाको सामना गर्न कानुन कार्यान्वयन गर्ने निकायहरूलाई शिक्षित गर्दै मानवअधिकार तथा प्रेस स्वतन्त्रताको पक्षमा अगाडि बढ्नु पर्दछ। त्यसका लागि कानुन कार्यान्यन गर्ने अधिकारीहरूसँग वार्ता र छलफल गर्नु पर्दछ। मिडियामाथिको सेन्सरसिपका सम्बन्धमा भने काठमाडौं र बाहिरको स्थिति फरक छ। हामीले त्यही कुरा यहाँ लेख्न पढ्न पाइरहेका छौं तर त्यही कुरा छाप्न जिल्लाहरूमा स्वीकृति लिनुपर्ने अवस्था छ। संकटकालमा सबै क्षेत्रलाई संवेदनशील ठान्नु उपयुक्त हुँदैन। अहिलेको संकटकालमा बन्देज गरिएका कुराहरूमा एकरूपता छैन्। संकटकालमा राजनीतिक पार्टीलाई प्रतिबन्ध गरिएको भनी कहीँ उल्लेख छैन्। संकटकालमा बन्देज गरिएका कार्यहरू कुन मापदण्डका आधारमा गरिएको हो भनी संरचित मापदण्डका आधारमा संवादको माध्यमबाट स्पष्ट गर्न सकिन्छ। यस्तो अवस्थामा नागरिक समाजले मानवअधिकार र प्रेस स्वतन्त्रताको पक्षमा वकालत गर्ने कुरालाई निरन्तरता दिएर अगाडि बढ्नु पर्दछ।

**भागवत विश्वासी**, *अध्यक्ष, राष्ट्रिय दलित आयोग*

अहिले मानवअधिकारको सन्दर्भ दलित समुदायको अवस्थालाई पनि जोड्न महत्वपूर्ण रहेको छ। दलित भएका कारणले नेपालका विभिन्न क्षेत्रमा कैयौं मानिसले पानीसमेत पिउन पाएका छैनन् किनभने नजिकमा भएका धारा कुवाँमा जातीयताका कारण छुन दिइँदैन। टाढा पुगेर पानी ल्याउनु पर्दछ। सल्यानको लान्तीमा कृष्ण थापाले एक दलित महिलालाई अन्जानबस्

पानी छोइएको कारण निर्मम कुटपीट गरेको घटना यसको ज्वलन्त उदाहरण हो।

दलित समुदायका करिब एक लाखभन्दा बढी मानिसले अहिले पनि मागेर खान्छन्। दलित समुदायका धेरै मानिसले अहिले पनि नागरिकता प्राप्त गरेका छैनन्। ५० औं लाख दलित समुदायका मानिसहरू अपमानित अछुत छन्। उनीहरूले मानव भएर बाँच्न पाएका छैनन्। पशुसरह जीवन बिताइरहेका छन्। यस्तो अवस्थामा कसरी राष्ट्र र जनताको उन्नती तथा प्रगति हुन्छ।

मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा मानवअधिकारकर्मीहरूको भूमिका उल्लेखनीय छ। लाखौं मान्छेहरू अहिले पनि पशुसरह अपमानित भएर बाँच्न बाध्य भएका छन्। मानवअधिकारको रक्षा नभएको यस्तो अवस्थामा संकटकालको घोषणा गरिएको छ। मानवअधिकार बहालीका लागि थुप्रै कष्टहरू हामीले झेल्नुपर्ने अवस्था सृजना भएको छ। नेपालमा मानवअधिकार बहाली गर्न कठिनाई उत्पन्न भएको छ।

**वसन्तप्रसाद अधिकारी**, *अधिवक्ता*

श्री ५ को घोषणा हेर्दा अरू कसैले केही गर्न सकेन मैले तीन वर्षमा केही गर्नुपर्दछ भनी आवश्यकताको सिद्धान्तअनुसार गरिएको हो भन्ने देखिन्छ। संकटकाल आवश्यक भएको कारणले लगाइएको हो भने यसलाई कसरी व्यवस्थापन गर्ने भन्नेतर्फ सोच्नु पर्दछ। संकटकालमा कम क्षति पुऱ्याउनका लागि न्यायपालिकाको भूमिका महत्वपूर्ण रहन्छ। संकटकाल घोषणा भएपछि सिलसिलेवाररूपमा नागरिकका अधिकार कटौती गर्नेलगायत्का आदेशहरू जारी भएका छन्। तिनीहरू संविधान तथा कानुनबमोजिम भए नभएको परीक्षण अदालतले गर्न सक्दछ।

**शोभाकर बुढाथोकी**, *महासचिव, सेहुर्डेस*

हामीले भोगेका दुई वटा संकटकालको परिवेश फरक छ। पहिलेको संकटकाल निर्वाचित सरकारले लगाएको थियो। अहिले राजाको अध्यक्षतामा भएको सरकारले लगाएको छ। अहिले दोहोरो संवादको स्थिति छैन। संकटकाल लागेकोले मानवअधिकार र मानवअधिकारकर्मीको गतिविधि संकटमा परेको छर्लङ्ग छ। काठमाडौं बाहिर समाचार सङ्कलन गर्ने र पठाउने वातावरण नै छैन। सञ्चारकर्मी तथा मानवअधिकारकर्मीलाई भयभीत तुल्याइएको छ। जनप्रतिनिधि नभएको सरकारले समायावधि नतोकी लगाइएको संकटकालले मानवअधिकारका उल्लङ्घनका घटनाहरू अझ वृद्धि गराउने सम्भावना अत्यधिक रहेको छ। संकटकालको अनुगमन तथा पुरावलोकन गर्ने संसद छैन। राष्ट्रिय सभालाई लङ्गडो बनाइएको छ। जनताको अर्को आशाको केन्द्र विन्दु रहेको न्यायपालिका आफै सङ्कोचको अवस्थामा छ। यस्तो अवस्थामा हामीले केही गतिविधि अगाडि बढाउनु पर्दछ।

संकटकाल घोषणा भएपछि छाएको मौनतालाई तोडेर हामी जसरी अगाडि आएका छौं यसैगरी अगाडी बढाउन सूचनाहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याउँदै मानवअधिकारको संरक्षण गर्न अग्रसर रहनु पर्दछ।

**डा. रेणु राजभण्डारी**, *ओरेक*

नागरिकका केही हक अधिकार मात्र निलम्बित भएका हुन् भने अहिले सर्वत्र त्रासको वातावरण किन छ ? संकटकालमा पनि कानुनको शासन रहन्छ। मानवअधिकारकर्मीहरू त्यसको विपरीत जाँदैनौं। मानवअधिकार तथा नागरिक अधिकार रक्षाका लागि निरन्तर संवाद जरूरी छ। सरकार तथा सुरक्षा निकायसँग पनि संवाद हुन आवश्यक छ। अहिले जनता र मानवअधिकारकर्मीको सुरक्षा र आवत जावतको स्वतन्त्रताको अधिकार कटौती गरिएको छ। के कारणले एयरपोर्टमा लिष्ट राखिएको हो ? त्यसको जानकारी नै छैन।

संकटकालको यस्तो अवस्थामा मानवअधिकार सञ्जालबाट नागरिकका मानवअधिकार तथा उल्लङ्घनमा तिनीहरूको उपचारका लागि चेतना जगाउने कार्य गर्न आवश्यक छ। संकटकालको अवस्थामा नागरिक तथा राजनीतिक अधिकारहरूको सन्दर्भ बढी रहन्छ तर, संकटकालको कारण विभिन्न ठाउँहरू बन्द भएकाले मान्छेहरू खान नपाउने स्थितिमा पुगेका छन्। ती कुराहरूको पनि हामीले अनुगमन गर्नु आवश्यक छ। नागरिक तथा राजनीतिक अधिकारका अलावा हामीले हेर्नुपर्ने अन्य तीनवटा अधिकारहरू पनि महत्वपूर्णरूपमा जोडिएर आएका छन्। स्वास्थ्य, खाना तथा शिक्षाको अधिकारको पनि उत्तिकैरूपमा यो संकटकालमा उल्लङ्घन भएका छन्। जिल्लामा हेर्ने हो भने संकटकाल लागेपछि एउटा पनि विद्यालय खुलेका छैनन्। सहरहरूमा १-२ विद्यालयहरू खुलेका छन् भन्ने जानकारी आएको छ। यी अवस्थाहरू पनि अनुगमन गर्नुपर्दछ। यस्तो स्थितिमा कार्ययोजना बनाई फिल्डमा जानु आवश्यक छ। त्यसो गरेनौं भने हामीलाई इतिहासले माफी गर्ने छैन।

**शर्मिला कार्की**, *अध्यक्ष, जागरण नेपाल*

संकटकालका कारण उत्पन्न ठूलो अन्यौलबाट अहिले केहीरूपमा भए पनि बाहिर आएका छौं। संकटकालको अन्यौल तथा त्रास जिल्लाहरूमा अत्यधिक रहेको छ। त्यसलाई चिर्नका लागि पहल गर्नुपर्दछ।

**शान्तलाल मुल्मी**, *महासचिव, गैरसरकारी संस्था महासंघ*

संसारमा जहाँ राजनीतिक दलले आफ्नो गतिविधि गर्न पाउदैनन् त्यस बेला बढी दायित्व नागरिक समाजको हुन्छ। मानवअधिकारको रक्षा र प्रजातन्त्रको पक्षमा कार्य गर्नु अहिले हाम्रो प्रमुख दायित्व हो। यस्तो बेला मानवअधिकारको लागि हाम्रो आवाज ऐक्यबद्धरूपमा अगाडि बढ्नु पर्दछ। गैरसरकारी क्षेत्रलाई जसरी नियमित गर्ने भन्ने कुरा बाहिर आएको छ त्यो गम्भीर विषय हो। यसका लागि हामी सबै ऐक्यबद्ध भई अगाडि बढ्नु पर्ने देखिन्छ। अहिलेको युगमा जनताको संगठनलाई कुनै पनि शक्तिले तहसनहस गर्न सक्दैन। यो ध्रुवसत्य कुरा हो। यही कुरालाई हृदयङ्गम गरी अहिलेको परिस्थितिमा अगाडि बढौं।

**गंगा कसजु**, *एलाइन्स नेपाल*


प्रजातन्त्रलाई निमोठ्ने क्रममा पहिलो प्रयासस्वरुप पत्रकारितामाथि सेन्सरसिप लगाइएको छ। जनताको सूचनाको हक हनन् गरिएको छ। यसैगरी मानवअधिकारको क्षेत्रलाई पनि भयभित गर्ने वातावरण शृजना गराइएको छ। अहिलेको अवस्थामा यी मुख्य विषयहरू हुन। अहिलेको विद्यमान अन्यौलको अवस्थालाई हटाउन छलफल, भेटघाटसमेतको कार्यक्रमहरू गर्नु आवश्यक छ। संकटकालको यो परिस्थितिमा बाहिर जिल्लाहरूमा साईकल चलाउनसमेत दिइएको छैन। बजार बन्द रहेका छन्। बाहिर पत्रपत्रिकासमेत लैजान नदिइएको अवस्था छ। यसले गर्दा जनताको सुसूचित हुने अधिकारसमेतबाट बञ्चित गरिएको छ। यो अवस्थालाई हामीहरूले गम्भीररूपमा लिई कार्य गर्न आवश्यक छ।

**चरण प्रसाँई**, *मानवअधिकार संगठन*

माघ १९ गते अगाडि जनता माओवादीहरूको कारणले बोल्न सकेका थिएनन् भने त्यसपछि राज्यका कारणले बोल्न सकिरहेका छैनन्। चुप लाग्नु परेको परिस्थिति छ। सम्पूर्ण जनता चुपचापको अवस्थामा छन्। यो देशलाई यिनीहरूले कहाँ लान खोजिरहेका छन् ? अहिले यो गम्भीर प्रश्न हो। मानवअधिकार भनेको राजनीति हो भनी सर्वोच्च अदालतका प्रधानन्यायाधिशले जुन अभिव्यक्ति दिनु भयो यसले यो देशमा संकटमाथि अर्को संकट भित्र्याएको छ। निश्चित व्यक्तिहरूलाई काठमाडौं बाहिर जानबाट रोक लगाइएको छ तर, यसका विरूद्ध उपचारको बाटो खोजिएको छैन्। हाम्रा अहरणीय अधिकार हनन् भएको छन्। माघ १९ गते पछि हालसम्म संकटकालमा गरिएका कार्यहरूको अहिलेसम्म कुनै प्रतिकार हुन सकेको छैन। कानुनी शासनलाई मान्ने हो भने यसका विरूद्ध कसरी अगाडी बढ्ने हो सबै पक्ष एकसाथ अगाडि बढौं। कानुनको शासन स्थापना गर्नु हाम्रो दायित्व हो। नागरिक समाज जनताका हक, अधिकार रक्षाका लागि एउटै मञ्चमा रहेर कार्य गरौं। ●

# काठमाडौं

२०६१ फागुन २७



मानवअधिकार सन्धि अनुगमन समन्वय समितिद्वारा माघ १९ गतेको शाही घोषणा र त्यससँगै अधिराज्यव्यापीरूपमा घोषणा गरिएको संकटकालले सृजना गरेको भ्रम, अन्यौल र मौनताको स्थितिलाई थप सहज बनाउन संकटकाल र अन्तर्राष्ट्रिय मानवअधिकार कानुन विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। यो दोस्रो कार्यक्रमको आयोजना हुने समयसम्म पनि संकटकालका बारेमा भ्रम, अन्यौल र मौनता कायमै थियो। राजनीतिक विषयका कार्यक्रहरू गर्न रोक लगाइने क्रम यथावत नै थिए। कार्यक्रम आयोजना गर्न प्रशासनको अनुमति लिनुपर्ने अवस्था यो कार्यक्रम गर्दासम्म पनि विद्यमान नै थियो। कार्यक्रम इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलको अध्यक्षता र सर्वोच्च अदालतका पूर्व न्यायाधीस लक्ष्मणप्रसाद अर्यालको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। कार्यक्रममा उपस्थित सबैलाई इन्सेकका महासचिव कुन्दन अर्यालले स्वागत तथा कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो भने कार्यक्रमको सञ्चालन इन्सेक सन्धि अनुगमन केन्द्रकी विद्या चापागाईले गर्नु भएको थियो। कार्यक्रममा अधिवक्ता भीमार्जुन आचार्यले आधारपत्र प्रस्तुत गर्नुभएको थियो। अधिवक्ता आचार्यको आधारपत्रको केही अंश तल प्रस्तुत गरिएको छ।

**कुन्दन अर्याल**, *महासचिव, इन्सेक*

कठिन समयमै व्यक्तिहरूको मात्र होइन संस्थाहरूको पनि परिचय स्थापित हुने गर्दछ। आजको अवस्थामा हामी मानवअधिकार रक्षकहरू परीक्षामा सामेल छौं।

यो राज्य मानवअधिकार रक्षाका सम्बन्धमा मानवअधिकार रक्षकहरूको कुनै पनि कुरा नसुन्ने मानसिकताका साथ अगाडि आएको छ। २०६१ माघ १९ गते पछाडि देशमा मानवअधिकारको संरक्षण र सम्बर्द्धनका सवालमा राज्यले कुनै कुरा नसुन्ने घोषणा गरिसकेको छ।

यस्तो परिस्थितिमा हामी विभिन्न पेशाका व्यावसायिक बुद्धिजीवी र मानवअधिकार रक्षकहरूका काँधमा अझ बढी दायित्व आइपरेको छ। राज्य अभिव्यक्ति स्वतन्त्रता वा आलोचनामा गर्न पाउने सचेत जनसमुदायका सामु चुनौतिहरू पनि आइपरेका छन्। आफ्ना अधिकारहरूका निम्ति संघर्ष गर्दै आमजनताको अधिकारको रक्षाका अग्रसर हुनुपर्ने दायित्व हाम्रा सामु छ।

हामी संकटकालका नाममा अधिनायकवादी दुस्साहस थोपरिएको आजको परिस्थितिमा यही दायित्वबोध गरेर यहाँ भेला भएका छौं। यस्तो विषम परिस्थितिमा पनि यहाँ उपस्थित सबैलाई स्वागत गर्दै म अध्यक्षज्यूको अनुमतिका कार्यक्रमलाई अघि बढाउँदछु।

कार्यक्रममा सहभागी अधिकांशले संकटकाल लागेपछि अदालतले खेलेको निस्क्रिय र मानवअधिकारका विपक्षका भूमिकाका विषयमा टिप्पणी गरेका थिए। सबैको समान दृष्टिकोण थियो- संकटकालमा पनि मानवअधिकार हनन गर्न पाइँदैन र अदालत यसबाट पन्छिन मिल्दैन।

## आधारपत्रको प्रस्तुति

व्यक्तिका अधिकारहरूको सृजना राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनद्वारा हुने गर्दछ। ती अधिकारको उपभोग तथा कार्यान्वयनमा बन्देज कति हदसम्म लगाउने भन्ने कुरा तत्सम्बन्धी संयन्त्रहरूले आफैले निर्धारण गरेका हुन्छन्। राष्ट्रिय कानुनको हकमा राष्ट्रिय कानुनले सृजना गरेको अधिकारको उपभोग, कार्यान्वयन र बन्देज राष्ट्रिय कानुनले नै निर्धारण गर्दछ। संसदद्वारा बनाइएको कानुनले मात्र कानुनद्वारा प्रदान गरिएका अधिकारमा बन्देज लगाउन सक्दछ। कार्यपालकीय तथा प्रशासकीय आदेशले अधिकारको खारेजी र बन्देज गर्न मिल्दैन।

संकटकालको अवस्थामा  पनि कानुनद्वारा प्रदान गरिएका अधिकारहरू माथि बन्देज लगाउन व्यवस्थापकीय कानुन आवश्यक पर्दछ। अन्य तरिकाले लगाइएका बन्देजहरू कानुनविपरीत हुन्छन्।

संकटकालको घोषणाको अवस्थामा राष्ट्रिय कानुनले प्रदान गरेका अधिकारहरूको मात्र निलम्बन हुन सक्दछ। अर्न्तराष्ट्रिय कानुनले प्रदान गरेका अधिकारको निलम्बन गर्न पाइँदैन। अन्तर्राष्ट्रिय कानुनको विषय राज्य हुने भएकाले अर्न्तराष्ट्रिय कानुनको पालनामा राज्यको निश्चितरूपमा दायित्व हुन्छ। राज्यलाई दायित्व सृजना गर्दा राज्यका नागरिकहरूका निमित्त पनि अधिकारहरूको सृजना गरेको हुन्छ। राज्यले सामान्य वा संकटकालको अवस्थामा पनि त्यस्ता अधिकारलाई बन्देज लगाउन सक्दैन।

संकटकालमा राज्यद्वारा नागरिकलाई प्रदान गरिएका केही अधिकारहरू उपर बन्देज लगाउन सक्छ। नेपाल अहिलेसम्म १६ वटा मानवअधिकारका संयन्त्रहरूको पक्षराष्ट्र भइसकेको छ। ती संयन्त्रहरूले नेपाललाई विभिन्न दायित्वहरू तोकेको छ। ती मध्ये ठूला छ महासन्धिहरूले नागरिकका लागि विभिन्न अधिकारहरू सृजना गरेका छन्। तिनीहरूको अन्तर्राष्ट्रिय मान्यता हुने भएकोले संकटकालको अवस्थामा पनि राज्यले बन्देज लगाउन पाउँदैन। राज्यले तिनीहरूको सम्मान गर्नु पर्दछ। संकटकालको अवस्थामा निलम्बन हुन सक्ने भनी अर्न्तराष्ट्रिय संयन्त्रद्वारा नै उल्लेख गरेकोमा बाहेक अन्य सम्पूर्ण अधिकारहरू निर्वाधरूपमा प्रयोग गर्न सकिन्छ।

नेपालमा नागरिकका अधिकारमाथि दुई प्रकारले बन्देज लगाउन सकिने कानुनी तथा संवैधानिक प्रावधान रहेको छः

- सामान्य बन्देज अथवा सामान्य अवस्थामा नागरिकका अधिकारमाथि लगाउन सकिने बन्देज
- विशेष बन्देज अथवा संकटकाल लागू भएपछि नागरिकका अधिकारमाथि लगाउन सकिने बन्देज

राष्ट्रिय कानुनले प्रदान गरेका अधिकारहरूमा केही बन्देजहरू हुन सक्छन् तर, निलम्बन होइन। आधारभूत अधिकारहरू अर्थात मौलिक मानवअधिकारहरू कहिले पनि निलम्बन हुन सक्दैनन्। केवल तिनीहरूको प्रचलनमा केही बन्देजहरू मात्र लगाउन सकिने हो। अधिकार कहिले पनि निलम्बन हुन सक्दैन यो असम्भव कुरा हो।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ तथा १३ का प्रतिबन्धात्मक वाक्यांशहरूमा उल्लेखित बन्देजहरू सामान्य बन्देज हुन। ती धाराहरूमा उल्लेखित बन्देजहरू पनि संसदद्वारा निर्मित कानुनबाट मात्र लगाउन सकिन्छ।

संकटकालको अवस्थामा लगाइने विशेष बन्देज पनि संविधानद्वारा तोकिएको आधारमा मात्र लगाउन सकिन्छ। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(१) बमोजिमको आधारमा मन्त्री परिषद्को सिफारिसमा संकटकालको घोषणा गरिएको हुनु पर्दछ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ४ ले पनि संकटकालको वैधानिक घोषणाविना कुनै पनि अधिकारमा बन्देज लगाउन नपाइने व्यवस्था गरेको छ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले संकटकालको घोषणा गर्न तीन वटा शर्तहरू तोकेको छ:

- सार्वभौमसत्ता, अखण्डता वा सुरक्षामा युद्ध वा बाह्य आक्रमण वा
- सशस्त्र विद्रोह वा
- चरम आर्थिक विशृङ्खलताका कारण गम्भीर संकट उत्पन्न भएको

यी आधारहरूमा मात्र नेपालमा संकटकालको घोषणा हुन सक्दछ। यी आधारहरू वस्तुनिष्ठ हुनु पर्दछ। संकटकाल घोषणा भएपछि केही मौलिक अधिकारको प्रचलनमा मात्र बन्देज लाग्ने अवस्था नेपाल अधिराज्यको संविधानले गरेको छ। तर, अहिले निलम्बित नभएका अधिकारहरूको पनि प्रचलनमा रोक लगाइएको छ, यो विडम्बनाको कुरा हो।

संविधानको धारा ११५(८) ले अधिकारहरूको दुई अवस्थालाई निर्धारण गरेको छ

- संकटकालमा निलम्बन हुन सक्ने अधिकारहरू
- प्रचलनमा कहिले पनि बन्देज लगाउन नसकिने अधिकारहरू

संविधानको धारा ११५(८) मा उल्लेख गरिएका अधिकारहरूमा मात्र संकटकालको अवस्थामा प्रचलनमा बन्देज लगाउन सकिन्छ।

निष्कर्षमा भन्दा संकटकालमा पनि कानुनको शासन रहन्छ। कानुनबमोजिम बाहेक संकटकालको प्रयोग गर्न पाइँदैन। संकटकालमा पनि निलम्बन नगरिने भनी संविधानमा उल्लेख गरेका अधिकारहरूको प्रचलनमा रोकावट आएको अवस्था विद्यमान रहेपनि यो सिद्धान्तविपरीत रहेको छ। न्यायपालिकाले यसको प्रचलन गराउनु पर्नेमा न्यायपालिका आफै अन्यौलमा रहेको

छ। संविधानले न्यायपालिकालाई स्वतन्त्र र सक्षम बनाएपनि अधिकारहरूको निर्वाध प्रचलन गराउन सकेको अवस्था छैन्। यो विडम्बनाको कुरा हो। न्यायपालिकाले स्वतन्त्र र सक्षम न्यायपालिकाको महत्वलाई आत्मसात गर्न नसकेको कारणले यस्तो अवस्थाको सृजना भएको हो। संविधानले सर्वोच्च अदालतलाई कानुनको अदालतको रूपमा स्थापित गरेको छ। यस आधारमा नागरिकका अधिकारहरूको प्रचलनका लागि अदालतले जुनसुकै उपाय पनि अवलम्बन गर्न सक्दछ।

संकटकाल घोषणा भइसकेपछि राज्यका सामु दुईवटा चुनौतिहरू आएका छन्:

- नागरिकको मानवअधिकार र राज्यको सुरक्षाका बीच कायम गर्नुपर्ने सन्तुलन
- नागरिक र राज्यको सम्मानबीच गर्नु पर्ने सन्तुलन

**सुझावहरू**

- राज्यमाथि आइपरेको समस्यालाई समाधान गर्न निर्धारण गरिएको वैधानिक उद्देश्यलाई पूरा गर्न मात्र संकटकाल लगाउन सकिन्छ। संकटकाल घोषणा भइसकेपछि जुन अधिकारहरूलाई बन्देज लगाउन आवश्यक छैन, तिनीहरूको बन्देज धारा ११५(७) बमोजिम फुकुवा गर्नु पर्दछ।
- कुनै पनि नागरिक अधिकारमाथि बन्देज लगाउँदा त्यहाँ पूर्णरूपमा बन्देजको आवश्यकता देखिनु पर्दछ। बन्देज लगाउन आवश्यक नभएका अधिकारमाथि बन्देज लगाउनु हुँदैन।
- कुनै पनि नागरिक अधिकारमाथिको बन्देज समानुपातिक हुनु पर्दछ पूर्ण बन्देज होइन।
- शक्तिको दुरूपयोगविरूद्ध संरक्षणको व्यवस्था हुनु पर्दछ। त्यसको प्रचलन न्यायपालिकाले गर्नु पर्दछ।

## छलफल सत्र

**लक्ष्मणप्रसाद अर्याल,** *पूर्व न्यायाधीश, सर्वोच्च अदालत*

जहिलेदेखि विध्वंसात्मक तथा आतंककारी कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश आयो तबदेखि नै नेपालमा अघोषितरूपमा संकटकाल लागू छ। मानवअधिकारकर्मीहरूलाई संकटकालको बढी प्रभाव पर्दछ। नेपालमा अहिलेको संकटकाल मानवअधिकारकर्मीलाई दमन गर्न ल्याइएको विभिन्न क्रियाकलापले देखाउँछ। संविधानले व्यवस्था गरेको अवस्था विद्यमान भएर संकटकाल लगाइएको परिस्थिति छैन। आतंककारी अध्यादेशबाट स्थायी प्रकारको अघोषित संकटकाल त छँदै थियो तर, घोषितरूपमा आएको संकटकाल मानवअधिकारवादीलाई दमन गर्न हो भन्ने कुरा स्पष्ट छ। जहाँ मानवअधिकारको सम्मान हुँदैन त्यहाँ न्यायपालिकाले पनि

महत्वपूर्ण भूमिका खेल्न अत्याधिक कठिन पर्दछ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रले संकटकाल लगाउँदा कानुनबमोजिम मात्र लगाउनुपर्ने व्यवस्था गर्दछ।

संविधानको धारा ११५(१) बमोजिमको अवस्था विद्यमान नभएको स्थितिमा संकटकाल घोषणा गरिएको छ। यो पूर्णत: असंवैधानिक छ। शाही घोषणाबाटै स्पष्ट के देखिन्छ भने सबै कार्य संविधानविपरीत भएका छन्। राजनीतिकरूपमा हेर्दा सरकार चलाउने सरकार प्रमुखले हो नकी राज्य प्रमुखले। तर, यहाँ त्यस्तो भएको छैन। संकटकाल संविधानविपरीत भएकाले संकटकालको तत्काल अन्त्य आवश्यक छ। यो संकटकालले मानवअधिकारलाई समाप्त गर्ने कार्य भइरहेको छ।

अन्तर्राष्ट्रिय मानवअधिकारका संयन्त्रहरूलाई सन्धि ऐनको दफा ९ ले नेपाल कानुनसरह स्वीकार गरिसकेको छ। त्यसको पालना राज्यले अनिवार्यरूपमा गर्नुपर्दछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको प्रावधानबमोजिम कार्य नहुँदा त्यहाँ कानुनी राज हुँदैन। त्यहाँ व्यक्तिको राज र निरंकुशतन्त्र शुरू हुन्छ। शाही आयोग पनि संविधानविपरीत गठन भएको छ।

मानवअधिकार मानव भएर जन्मसिद्धरूपमा पाउने अधिकार हो। कुनै राज्यले दान वा दया गरेर दिइने कुरा होइन। त्यसैले मानवअधिकार कुनै पनि अवस्थामा अपहरण गर्न पाइँदैन। मानवअधिकारको प्रचलनमा अवरोध खडा गर्ने सबै कार्य अन्त्य गर्नुपर्दछ।

सर्वोच्च अदालतले संकटकालमा निलम्बन नभएका मौलिक हकको प्रचलन गराउन सकिने/नसकिने भन्ने विवादमा निर्णयका लागि एक महिना पछिको मिति तोक्नुले त्यो बीचको समयमा सरकारले संकटकाल हरायो भने निर्णय दिन नपर्ने अवस्था सृजना गर्न हो भन्ने देखिन्छ।

**सुबोधराज प्याकुरेल,** *अध्यक्ष, इन्सेक*

पञ्चायत कालमा पनि स्थानहद गर्दा स्पष्टरूपमा स्थानहद तोकिएको पूर्जी दिइन्थ्यो। तर, अहिले त्यो अवस्था पनि छैन। संकटकालको लक्ष्य र उद्देश्य जनताको संरक्षण र सम्बर्द्धन हो। टेलिफोन बन्द गरिएको छ। नागरिकलाई जीउन पाउने अधिकारबाट वन्चित गरिएको छ। हरेक समयमा मानवअधिकारको सन्देश जनतासम्म पुऱ्याउनु आवश्यक हुन्छ तर, त्यस्तो कार्य गर्न संकटकालको माध्यमबाट बन्द गरिएको छ। नागरिकका लागि स्वतन्त्रता प्रमुख कुरा हो। संकटकालको माध्यमबाट स्वतन्त्रताको पूर्णरूपमा बन्देज गरिएको छ। राज्यद्वारा जनताका अधिकारको हनन् हुने अवधारणाबमोजिम त्यसको संरक्षणका लागि अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको अवधारणा अगाडि आएको हो। तर, अहिले मानवअधिकारको पूर्णरूपमा अपमान गरिएको छ।

**डा. गोपालकृष्ण सिवाकोटी,** *महासचिव, इन्हुरेड*

नेपालमा लगाइएको संकटकाल कुन पारामिटरमा छ भन्ने कुरा संकटकालका पूर्व शर्तहरूको आधारमा विश्लेषण गर्न सकिन्छ। संकटकाल आधिकारिकरूपमा घोषणा गरिएको

छ/छैन र उक्त घोषणामा वैधता छ/छैन, संयुक्त राष्ट्रसंघको महासचिवलाई संकटकाल घोषणा गर्नु अगाडि जानकारी गराइएको छ/छैन, संकटकालको अवधि तोकिएको छ/छैन, समानुपातिकता छ/छैन भन्ने जस्ता कुरा अत्यन्तै महत्वपूर्ण पूर्व शर्तको रूपमा आउँछन्। संकटकाल लागू भइसकेपछि गर्नुपर्ने केही कार्यहरू हुन्छन्। तिनीहरूको परिपूर्ति भएको हुनु पर्दछ। आन्तरिकरूपमा प्रभावकारी मानवअधिकारको अनुगमन संयन्त्र बनाइएको छ/छैन, संकटकालले निम्त्याउने अवस्थाको अनुगमन गर्नका लागि आन्तरिकरूपमा प्रभावकारी संयन्त्र बनाइनु पर्दछ भन्ने अन्तर्राष्ट्रिय कानुनको मान्यता तथा सिद्धान्त रहेको छ। खासगरी नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ४ ले यस्तो व्यवस्था गरेको छ। संकटकालको अवस्थामा न्यायपालिकाको स्वतन्त्रताको पूर्ण प्रत्याभूति हुनु पर्दछ। यसअन्तर्गत न्यायाधीशको नियुक्ति, अदालतको आदेश, विशेषाधिकार र उन्मुक्तिका कुराहरू रहन्छन्। न्यायपालिकासँग सम्बन्धित यी चार वटा कुराहरूमा हस्तक्षेप हुनुहुँदैन। जसले अदालतको स्वतन्त्रता र स्वायत्तता, अखण्डता र अक्षुणता कायम राख्दछ। धेरै मुलुकहरूको अनुभव हेर्दा अधिकारको निलम्बन तरकारी फ्रिजमा राखिएको जस्तो हो कुहाउनका लागि होइन ताजा रूपमै खानका लागि हो भन्ने रूपमा बुझ्नुपर्छ। संकटकालमा अधिकारहरूको निलम्बन हुन सक्ने र गरिने कार्य कानुनको शासनको निलम्बनका लागि होइन। युद्ध, सशस्त्र संघर्ष र प्राकृतिक प्रलयको अवस्थामा नागरिकहरूको जीवन रक्षाका लागि घुमफिरको स्वतन्त्रतालाई रोकावट गर्न सकिने सिद्धान्त हो। ज्वालामुखी पड्किने सम्भावना रहेको अवस्थामा विशाल बाढी आउने सम्भावना भएको अवस्थामा वा युद्ध भइरहेको अवस्थामा त्यहाँ नजान भनी नागरिकलाई रोक लगाउन सकिने हो। तर सामान्य नागरिकको घुमफिर आवतजावतको स्वतन्त्रतालाई रोक्न संकटकालको प्रयोग गरिनु हुँदैन।

संकटकाल नेपाल अधिराज्यभर लागू भएको भए पनि नागरिकलाई विदेशमा आवत जावत गर्ने स्वतन्त्रतालाई सिद्धान्ततः रोकिएको छैन तर, अहिले त्यो अभ्यास भएको छ। समानताको अधिकारलगायत्का सातवटा अधिकार कुनै पनि हालतमा निलम्बन गर्न सकिँदैन। आवत जावतको स्वतन्त्रतामा बन्देज लगाउँदा नागरिकको बाँच्न पाउने अधिकार बन्देज हुन्छ हुँदैन भन्ने तर्फ पूर्ण सजग हुन पर्दछ। अधिकारको निलम्बन गरिदा निलम्बन नभएका र गर्न नसकिने अधिकारको उपभोगमा असर पर्न जाने अवस्था सृजना भयो भने निलम्बन नभएका अधिकारको अधिकतम उपयोगको दायरा खुला गर्नुपर्दछ।

संकटकालको अहिलेको अवस्थामा सञ्चारकर्मीले अधिकारहरूको पूर्ण उपभोगका लागि वातावरण सृजना गर्नमा महत्वपूर्ण भूमिका खेल्नु पर्दछ।

**मारेक रेसिच,** *संरक्षण अधिकृत, आइसीआरसी*

अन्तर्राष्ट्रिय रेडक्रसले सन् १९९८ देखि नेपालमा आफ्ना गतिविधीहरू शुरु गरेको हो। सन् २००१ मा यसले नेपालमा आफ्नो कार्यालय खोलेको हो। सन् २००३ मा सरकारसँग हाम्रो

सम्झौता भएपश्चात् नेपालमा अन्तर्राष्ट्रिय रेडक्रसले कामहरू गर्दैआएको छ। नेपालमा हामीहरूले विभिन्न कार्यहरू गरिरहेका छौं। ती कार्यहरूमध्ये मानवअधिकार संरक्षणका कार्य, थुनुवा केन्द्रहरूको अवलोकन पनि हुन्। हामीले गिरफ्तारका सम्बन्धमा पनि सूचना संकलन गर्ने गर्दछौं। त्यसपछि उनीहरूलाई कहाँ कसरी राखिएको छ पत्ता लगाउने कार्य गर्दछौं।

अन्तर्राष्ट्रिय रेडक्रसले गर्ने अर्को महत्वपूर्ण कार्य उपचारको सहयोग हो। उपचारमा संलग्न हुने चिकित्सकहरूसँग हामीले सेमिनारहरू सञ्चालन गर्दछौं। त्यसैगरी अर्को कार्य अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्बर्द्धन, अन्तर्राष्ट्रिय रेडक्रसले गर्दछ। यसका सम्बन्धमा अन्तर्राष्ट्रिय रेडक्रसले शाही नेपाली सेना, शसस्त्र प्रहरी तथा नेपाल प्रहरीहरूलाई संलग्न गराई सेमिनार तथा विचार गोष्ठीहरू सञ्चालन गर्दछ। सेनाका व्यारेकलगायत्का थुनुवा केन्द्रहरूमा हाम्रो पहुँच छ। अन्तर्राष्ट्रिय रेडक्रसले संकटकालको अगाडि, संकटकालको अवधिमा र त्यसपछि कानुनको आधारमा अन्तर्राष्ट्रिय मानवीय कानुनको अवस्थाको बारेमा हेर्दछ। हामीले कुनै कानुनले प्रदान गरेको नागरिक अधिकारका बारेमा चुनौति दिने वा प्रोत्साहनको प्रयास गर्ने कार्य गर्दैनौं।

**केदार पौडेल**, *सचिव, राष्ट्रिय मानवअधिकार आयोग*

अहिलेको अवस्था मानवअधिकारकर्मीका लागि जटिल अवस्था हो। धेरै चुनौतिहरू छन्। पहिले पनि हामीले संकटकालको अवस्था भोगेका हौं। तर, त्यतिबेलाको अवस्था र अहिलेको अवस्था फरक देखिएको छ। के फरक थियो भन्ने कुराको मूल्याङ्कन हामीले नै गर्ने विषय हो। मानवअधिकारको बारेमा यो महत्वपूर्ण छलफल हो। संविधानका प्रत्येक धाराहरू आफैमा महत्वपूर्ण छन्। कुनै पनि एउटा धाराको व्याख्या गर्दा अर्को धारा कमजोर हुने गरी, अर्को धाराको अर्कै अर्थ लाग्ने गरी वा महत्वहीन हुने गरी व्याख्या गर्नु हुँदैन। धाराहरू निलम्बन भएका छैनन् तर उपचार पाउँदैनौ भन्दा त्यसको परिणाम निलम्बन भएसरह नै हुन्छ। त्यसरी कानुनको दफा, संविधानको धारा नै मर्ने गरी व्याख्या गरेर जान मिल्छ कि मिल्दैन भन्ने कुरा छलफलको विषय हो। नागरिकलाई अधिकार दिने अन्य कानुनहरू पनि छन्। जस्तो नागरिक अधिकार ऐन २०१२। यसले मौलिक हकमा भएका अधिकारहरूको बारेमा व्यवस्था गर्दछ। संकटकालमा लगाइएको बन्देज संविधानले प्रत्याभूत गरेका मौलिक हकमा लगाइएको बन्देज हो। तर, नागरिक अधिकारको रूपमा प्रदान गरिएको अधिकारको बन्देज होइन।

अहिलेको अवस्थामा अधिकारको संरक्षणको चासो छ भने त्यो ऐनलाई उपभोग गरेर अधिकारको संरक्षणको एउटा बाटो निकाल्न सकिन्छ। संकटकालको अवस्थामा संविधानका केही धाराहरू निलम्बित हुन्छन्। यो भन्नुको अर्थ सामान्यरूपमा सबैका अधिकार निलम्बन हुन्छन् भन्ने होइन। अधिकार रोक्नुको अर्थ केही व्यक्तिलाई त्यस्तो अधिकारको प्रचलन रोक्नुपर्ने हुन सक्छ, केही सन्दर्भमा रोक्नुपर्ने हुनसक्छ भन्ने मात्रै हो। संकटकाल लागू भएपछि संविधानका केही धारा रोकिनुको अर्थ हामी सबै नेपालीको अधिकार रोकिएको भन्ने होइन। राज्य र त्यसका

अङ्गले पनि त्यसरी बुझ्नु पर्दछ। कतिपय व्यक्तिहरूको अधिकारको प्रचलनमा रोक लगाउन सकिन्छ। उसको अधिकार रोक्ने अवस्था छ/छैन हेर्नु पर्दछ। अहिले कतिपय अधिकारहरूको प्रचलन रोकिएको छ तर सोको लागि आवश्यक कानुनी प्रक्रियाहरू अपनाइएका छैनन। त्यसकारण मानवअधिकारको महत्वपूर्ण सरोकार यो हो कि अधिकार रोकिन्छ भने त्यसलाई रोक्ने अवस्था देखाएर प्रक्रिया पुऱ्याएर मात्र रोक्नु पर्दछ र सो अवस्था प्रमाणित गर्न मानवअधिकारकर्मी र सोसम्बन्धी संस्थाले सरकारलाई सुझाव दिनु पर्दछ र यो उसको कर्तव्य पनि हो। संकटकालमा के गर्नु हुन्छ के गर्नु हुँदैन भन्ने कुरा प्रष्टरूपमा नआएको अवस्था भएकाले अन्यौल उत्पन्न भएको छ। यो पनि सरकारबाट प्रष्ट आउनु पर्थ्यो।

**गोकुल पोखरेल**, *अध्यक्ष, नेपाल प्रेस इन्स्टिच्युट*

संकटकालबाट विश्वमा निरंकुश शासकहरू जन्मिएका धेरै उदाहरणहरू छन्। अहिलेको मुख्य चिन्ताको विषय यही हो। संकटकालबाट निरंकुश हुँदै गएर पूर्ण निरंकुश शासमहरू भएका देखिएका छन्। अहिले आतंकवादलाई समाप्त गरेर शान्ति स्थापना पछि प्रजातन्त्र पुनर्वहाली गर्ने भनी व्यक्त आशयका पक्षधरहरू भन्छन्- केही समय हेरौं, क्रमिक सुधार हुँदै जान्छ कि भन्ने छ भने अर्कोतिर शङ्काको अवस्था छ। हाम्रो ध्यानाकर्षण के हो भने स्थितिलाई यसरी नचर्काऔं। अहिलेको अवस्थाबाट निरंकुशता नआओस् भन्ने कुरामा हामी सञ्चारकर्मी तथा मानवअधिकारकर्मीहरूले यथेष्ट सर्तकता देखाउनु पर्दछ।

संविधानमा लेखिएको कुरा प्रचलित कानुनसँग बाझिएमा बाझिएको कानुन अमान्य हुने संवैधानिक प्रावधान भएकाले नागरिक अधिकार ऐनका प्रावधानहरू संविधानभन्दा माथि हुन सक्दैन। हामीले लिएको बाटो द्वन्द्वलाई बढाउने होइन, रचनात्मक तरिकाले मानवअधिकारका आचरणलाई अझ खुकुलो बनाउने हो। अहिले मानवअधिकारकर्मी र सञ्चारकर्मीहरूको सुरक्षा महत्वपूर्ण कुरा हो। उनीहरूलाई सुरक्षा भएको अनुभव दिलाउन मानवअधिकारसँग सम्बन्धित संस्थाहरू बढी सक्रियरूपमा लाग्नु पर्दछ। नत्र भने को कहाँ बेपत्ता भयो भन्ने कुराको जानकारी तथा निर्क्योल हुन सक्दैन। संकटकाललाई छोट्याउने कुरामा सबैको ध्यान केन्द्रित हुनु पर्दछ।

**टीकाराम भट्टराई**, *सदस्य, नेपाल बार एशोसिएसन*

हामी अहिले संकटकालको अधिनमा रहेर नागरिकका हक अधिकारका बारेमा कुरा गर्दैछौं। दोस्रो संकटकाल सर्वोच्च अदालतले नागरिकका हक अधिकार २०६१ चैत १८ गतेसम्म निलम्बन गरेको संकटकाल हो। महाराजाधिराजको शाही घोषणामा नागरिक अधिकार निलम्बित भएका छैनन्। संविधानको धारा ११५(८) बमोजिम नागरिक अधिकार निलम्बित भएका छैनन् तर सर्वोच्च अदालतले चैत १८ गतेसम्म निलम्बन भएका हक अधिकारका बारेमा न्याय प्रदान गर्ने कि नगर्ने भनेर त्यो अवधिसम्म हाम्रा सारा अधिकारहरू निलम्बन गरेको छ। मैले यसलाई प्रधान न्यायाधीशको इजलासले जारी गरेको दोस्रो संकटकाल भनेको छु। यस

सम्बन्धमा बार एशोसिएसनको दृष्टिकोण स्पष्टरूपमा बाहिर आइसकेको छ कि प्रधान न्यायाधिस बाहिर जानु परेको कारणले गर्दा चैत १८ गतेसम्म नागरिकका हक अधिकारहरू निलम्बित गरिएका छन्।

संविधानको धारा ८८(१) र (२) मा कानुनी हक अधिकारको संरक्षणको व्यवस्था गरिएको छ। धारा ८८(१) को आधारमा कानुनी अधिकार प्रचलन गराउन सर्वोच्च अदालतलाई अधिकार दिइएको छ। र योभन्दा पनि महत्वपूर्ण कुरा के भने संविधानको धारा ११५(७) बमोजिम जारी महाराजाधिराजको आदेशको बुँदा नं. ९ मा यो आदेशमा लेखिएकोमा यसैबमोजिम र बाँकी कुराहरू प्रचलित कानुनबमोजिम हुनेछ भनिएको छ। संकटकालको अवस्थामा अन्य कानुनभन्दा धारा ११५(७) बमोजिमको कानुन बढी सान्दर्भिक हुन्छ। अन्य कानुनको प्रावधानहरूलाई यथावत राखिएको छ। संविधानको धारा ८८(१) र (२) मा कानुनी अधिकारलाई खुला गरिएको र आदेशमा पनि त्यो कुरा आएकोले नागरिक अधिकार ऐन, २०१२ अन्तर्गतका हक प्रचलनका लागि कुनै पनि बाधा विरोध देखिदैन।

भारतमा राम मनोहर लोहियाको मुद्दामा सर्वोच्च अदालतले प्रचलित कानुनले प्रदान गरेका हक अधिकारको प्रचलनमा बन्देज तथा निलम्बन नहुने र उपभोग गर्न पाउने भनेर फैसला गरेको थियो। हाम्रो संविधानको धारा ८८(१) मा पनि त्यस्तो व्यवस्था गरिएको छ। त्यसैले नागरिक अधिकार ऐनअन्तर्गतका अधिकार प्रचलन गराउन सकिन्छ। मुख्य कुरा सञ्चारकर्मीहरूसमेतले नडराइकन निलम्बित नभएका अधिकारका बारेमा लेखिदिने हो भने र बोल्दै जाने हो भने यसले नै न्यायपालिका र राज्यलाई बढी संवेदनशील मानवअधिकारप्रति प्रतिबद्ध बनाउँछ।

**दिनेश त्रिपाठी**, *अधिवक्ता*

मानवअधिकारका दुईवटा क्षेत्र छन्। पहिलो यसको राष्ट्रिय क्षेत्र छ। त्यसअन्तर्गत संविधान र राष्ट्रिय कानुनहरू रहन्छन्। मानवअधिकार विश्वव्यापी भएकाले र मानव समाजको प्रमुख सरोकारको विषय भएकाले यसलाई राष्ट्रिय कानुनको क्षेत्राधिकारमा मात्र छोडिएको छैन। दोस्रो विश्वयुद्धपछि मानवअधिकारको अन्तर्राष्ट्रिय क्षेत्र विस्तार भएको छ। मानवअधिकारको संरक्षण र प्रबर्द्धनका लागि एकातिर संविधान र कानुन छ भने अर्कोतिर निरन्तररूपमा अन्तर्राष्ट्रिय क्षेत्रमा यसको बाहुल्य बढ्दै गएको छ। पहिले अन्तर्राष्ट्रिय कानुनका विषय राज्यहरू मात्रै हुन्थे। मानवअधिकारको विकासले व्यक्ति पनि अहिले त्यसको विषय बनेको छ। कुनै पनि देशमा मानवअधिकारको विषय राज्यहरूबीच अर्न्तसम्बन्धित भइसकेको छ। मानवअधिकार सम्पूर्ण मानव समाजको वैध सरोकारको विषय रहेको छ। अन्य देशमा मानवअधिकारको उल्लङ्घन भयो भने हामी पनि त्यसमा बोल्न सक्दछौं। त्यसैले मानवअधिकारको अन्तर्राष्ट्रिय प्रभाव अत्यन्त शक्तिशाली छ। आई.सी.सी.पी.आर. को धारा ४ ले केही त्यस्ता अधिकारहरू निलम्बित हुन सक्दैनन् भन्ने व्यवस्था गरेको छ। ती अधिकारहरू राज्यले प्रदान गरेको होइन।

मानवअधिकार संविधान र अन्य कानुनले प्रदान गरेका अधिकारहरू नभएकाले तिनीहरूलाई निलम्बन गर्न सकिँदैन। जस्तो बाँच्न पाउने अधिकार। हामीले त्यो अधिकार प्राकृतिकरूपमा प्राप्त गरेका छौं। त्यो अधिकार राज्यले सृजना गरेको होइन। त्यसकारण राज्यले खोस्न सक्दैन र पाउँदैन पनि। हाम्रो संविधानमा उल्लेख गरिएका कतिपय अधिकारहरू हामीलाई राज्यले प्रदान गरेको होइन। ती अधिकारहरू संविधान आउनुभन्दा पहिले पनि थिए। ती अधिकारहरू नैसर्गिक हुन्। स्वयम् प्रमाणित हुन्। त्यस्ता अधिकारहरूलाई निलम्बन गर्न सकिँदैन। जस्तो यातनाविरुद्धको महासन्धिले कुनै पनि अवस्थामा यातना दिन नपाइने कुराको प्रत्याभूत गरेको छ। निश्चित अवस्था र प्रकृतिका अधिकारहरू राज्यले निलम्बन वा अपहरण गर्न सक्दैन। यो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापित भएको मान्यता पनि हो। नेपाल पनि मानवअधिकारको संयन्त्रहरूको पक्ष राष्ट्र भएकोले निश्चितरूपमा मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि दायित्वहरू छन्। नेपालले पनि मानवअधिकारमाथि जथाभावी गर्न पाउँदैन। अहिले अन्तर्राष्ट्रिय फौजदारी अदालत अस्तित्वमा आएको छ। नेपाल यसको पक्ष राष्ट्र छैन तापनि मानवअधिकारको व्यापक हनन हुँदै गयो भने संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्ले प्रस्ताव पास गरी नेपालका सुरक्षा निकाय र सरकारउपर कारवाही अगाडि बढाउन सक्छ। त्यसो भयो भने नेपालको सुरक्षा निकाय र सरकारका पदाधिकारीहरूले अन्तर्राष्ट्रिय फौजदारी अदालतको कारवाहीको सामना गर्नुपर्ने हुन सक्छ।

संकटकालको घोषणा गरेर राज्यले संविधान र कानुनविहीनताको स्थिति निर्माण गर्न सक्दैन। संकटकालले संविधानको आधारभूत संरचनालाई निलम्बन तथा अपहरण गर्न सक्दैन। संविधानबमोजिम स्थापित राज्यका अङ्ग अदालत, संवैधानिक निकाय निलम्बित हुन सक्दैन। राजनीतिक दलमाथि प्रतिबन्ध लाग्न सक्दैन। संकटकाल सधैंभरि संविधानको संरचना र आधारभित्र सीमित रहन्छ। संकटकालको बेलामा पनि संविधानका आधारभूत संरचना न्यूनीकरण हुन सक्दैन। अदालतमाथि जनताको जुन विश्वास थियो त्यो अहिले हराएको छ। अदालतले जनतालाई धोखा दिएको छ। न्यायिक पुनरावलोकनलाई संविधानले आधारभूत संरचना मानेको छ। अहिले नागरिक हक अधिकारमाथि संकट आउँदा नागरिक हक अधिकार संरक्षण गर्नेबाट अदालत पन्छिएको छ। यसको जताततै निन्दा गरिनु पर्दछ र यस विरुद्ध आवाज उठाउनु पर्दछ। जनताको हक अधिकारको संरक्षण गर्न राज्यको प्रमुख अङ्ग न्यायपालिका भएको नाताले संरक्षणको भूमिका निर्वाह गर्नु पर्दथ्यो। राष्ट्र प्रमुखले मात्र संकटकाल घोषणा गर्न सक्ने प्रावधान संविधानमा छैन। राजा आफैले संकटकाल घोषणा गर्न सक्ने संवैधानिक प्रावधान नै छैन। अहिले संकटकालको घोषणाको वैधानिकतामा नै प्रश्न चिन्ह खडा भएको छ। संकटकालको घोषणा मन्त्री परिषद्को सिफारिसमा मात्र हुन सक्दछ। अहिले संविधानको नग्न उल्लङ्घन भएको छ।

भारतमा राष्ट्रपतिले राज्य सरकारलाई विघटन गर्न सक्छ तर विघटन गर्ने आधार विषयगत नभएर वस्तुगत हुनु पर्दछ भनी सर्वोच्च अदालतले राज्यको मुद्दामा फैसला गरेको छ। भारत तथा अमेरिकाका अदालतले संविधानमा उल्लेखित शब्द तथा मर्मलाई विस्तार गरे तर

नेपालमा संविधानद्वारा प्रदान गरिएको न्यायिक पुनरावलोकनको अधिकारलाई पनि आफ्नो व्याख्याद्वारा कटौती गर्दै गइरएको छ। यो विडम्बना हो। अन्य प्रजातान्त्रिक मुलुकहरूले न्यायिक सक्रियता अपनाउँदै गइरहेका छन् भने नेपालको अदालतको प्रणाली आफूले व्याख्या गर्दै आफ्ना अधिकारहरू तिलाञ्जली दिँदै गइरहेको छ। अदालतले न्याय दिने धर्म गुमाएकोले स्थिति झन् जटिल बन्दै गइरहेको छ। संविधानको धारा ८८(२) अहिले निलम्बित भएको छैन। प्रचलित कानुनको प्रचलन यसको प्रयोगबाट गर्न सकिन्छ। धारा ११५(७) बमोजिम जारी भएका आदेशहरूको पनि संवैधानिकता जाँच गर्न सकिन्छ। जथाभावीरूपमा धारा ११५(७) बमोजिम आदेश जारी गर्न पाइँदैन। संविधानसँग बाझिने कानुन अमान्य हुने भन्ने संवैधानिक सर्वोच्चताको सिद्धान्तलाई आधारभूत संरचनाको रूपमा लिएको छ। अर्कोतिर धारा ८८(२) ले संवैधानिक तथा कानुनी अधिकार र पूर्ण न्यायको व्यवस्था गरेको छ।

संकटकालमा निलम्बन गरिएको उपचारको हकको सम्बन्धमा भारतको सर्वोच्च अदालतको फैसला हुँदा न्यायाधीश खन्नाको मत थियो कि बाँच्न पाउने अधिकारको क्षेत्र विस्तृत भएकाले मानिसलाई जथाभावी थुन्न नपाइने, सम्मानको र स्वाभिमानको अधिकार पनि उपलब्ध छ र सो बमोजिम नागरिकका हक अधिकार संरक्षण गर्न अदालत सक्षम छ। पछि यो सिद्धान्तको रूपमा विकसित भयो। नेपालको अदालत अहिले घुँडा टेक्दै गइरहेको अवस्थामा छ। निलम्बित भएका अधिकारहरूको पनि औचित्य पुष्टि हुनु पर्दछ। बोल्न पाउने अधिकारको निलम्बन भएको छ भनेर सारा अखबार बन्द गर। कुनै कुरा बोल्न पाइँदैन भनेर भन्न पाइँदैन। संकटकालका नाममा राज्यले जे मन लाग्यो त्यही गर्न उन्मुक्ति पाएको होइन। राज्यले संकटकालको घोषणाबाट असीमित अधिकार पाएको होइन। धारा ११५(१) बमोजिम कुनै अधिकारमाथि प्रतिबन्ध लगाउन त्यसको औचित्य पुष्टि भएको हुनु पर्दछ। कसैलाई बोल्नबाट रोक्नका लागि त्यहाँ प्रत्यक्षरूपमा प्रष्ट खतराको अवस्था विद्यमान हुनु पर्दछ। नागरिकका अधिकारहरू किन निलम्बित गरिएका हुन् त्यसको औचित्य राज्यले सावित गर्नुपर्दछ। राज्यको स्वेच्छाचारिता संकटकालमा पनि हुनु हुँदैन। त्यसलाई अदालतले खारेज गर्न सक्छ। मानवअधिकारको संरक्षणमा अदालतको भूमिका महत्वपूर्ण हुन्छ। अदालत अहिले कुनै आदेशबाट निलम्बित भएको होइन। आफैले आफैलाई निलम्बन गरेको छ। प्रजातन्त्रको खम्बा सञ्चार माध्यमलाई रोकावट गरिएको छ। नागरिक समाज र सञ्चारमाध्यमले यस्तो अवस्थामा पनि सक्रिय हुँदै बोल्नु आवश्यक छ। संकटकाल बदनियतका साथ लागू हुन सक्दैन। राष्ट्रको समस्याको समाधान गर्न सबैको समन्वय चाहिएको छ भने त्यो समन्वय जनताको हक अधिकारमाथि बन्देज लगाएर हुन सक्दैन। समन्वय सृजना गर्नका लागि जनताको स्वतन्त्रता बहाली गर्नु पहिलो शर्त हो। संकटकाल शासकलाई शासन सञ्चालन गर्न सजिलो बनाउनुका लागि होइन। शासकलाई संकट आयो भनेर होइन राष्ट्रलाई समस्या आयो भने संकटकाल लगाउन सकिन्छ। संकटकालको अनुपात यसरी स्थापित हुनु पर्दछ।

**राजुप्रसाद चापागाई,** *अधिवक्ता*

संकटकालको अवस्थामा मानवअधिकारको संरक्षणका लागि न्यायिक स्वतन्त्रता, सक्षमता र निर्भिकता कसरी अक्षुण्ण राख्ने भन्ने मुख्य सरोकारको विषय हो। अदालतले संकटकालको राजनीतिक अर्थ, औचित्य र परिणामको आधारमा उपचारको ढोका कति खोल्ने र कति बन्द गर्ने भनी निर्णय गर्नु र त्यो आधारमा मौलिक हकको उपचार प्रदान गर्ने वा नगर्ने भन्ने बारेमा एउटा निर्णय लिन्छ भने यसको सिधा अर्थ अदालतले न्याय प्रदान नगरी राजनीति गरेको भन्ने हुन्छ। अदालतले न्यायिक सिद्धान्तमा आधारित रही निलम्बित नभएका अधिकारको उपचार तुरून्तै प्रदान गर्नुपर्दछ। निलम्बित नभएका हक अधिकारहरूको उपचार पनि निलम्बित हुन सक्दैन। निलम्बित गरिएको धारा २३ निलम्बन भएका हक अधिकारसम्मको उपचारका लागि निलम्बन भएको हो, निलम्बित नभएका हक अधिकारका लागि होइन। निलम्बित नभएको हक अधिकारको उपचार प्रदान गर्न धारा २३ को साथै धारा ८८(१) र (२) बमोजिम उपचार प्रदान गर्न अदालत सक्षम छ। अदालत पछाडि हट्नु जरूरी छैन। बन्दी प्रत्यक्षीकरणको उपचारबाहेक अन्य उपचार इन्कार गर्ने हो र त्यो संवैधानिक हुन्छ भन्ने हो भने गैरकानुनी थुनाबाहेक अरू सम्पूर्ण अन्याय चाहे त्यो राज्य पक्षबाट गरिएको होस् वा व्यक्तिले वा समूहले वा कानुनी अधिकार प्राप्त व्यक्ति वा संस्थाले गरेको होस, त्यो सम्पूर्ण अन्याय संकटकालमा क्षम्य हुन्छन्। त्यसलाई अदालतले टुलुटुलु हेरेर मात्र बस्नु पर्दछ भन्ने अर्थ लाग्छ। संविधान निर्माताहरूको मनशाय यस्तो होइन। मौलिक हकको प्रचलनको विषयलाई राजनीतिक विवाद भन्नु  हाँस्यास्पद बाहेक अरू केही हुन सक्दछ। संवैधानिक तथा मानवअधिकारका कुनै पनि सिद्धान्तले मौलिक हकको प्रचलनबारे राजनीतिक विषय हो भनेर भन्न सक्दैन। संकटकालको अवस्थामा अदालतले आफ्नो व्याख्याले नै मानवअधिकार, मौलिक अधिकारको संरक्षण गर्ने र त्यसप्रति राज्यलाई उत्तरदायी बनाउन सक्छ। मानवअधिकारको रक्षाका पक्षबाट अदालतले आफ्ना व्याख्याहरू गर्नुपर्दछ। संकटकाल पुन: थपिदै गयो र नागरिकका हक अधिकार प्रचलनमा अदालतले इन्कार गर्दै गयो भने हामीले राज्यलाई कसरी मानवअधिकारप्रति उत्तरदायी बनाउने, त्यो अवस्थामा अन्तर्राष्ट्रिय कानुनले कसरी समन्वय गर्दछ भन्ने प्रश्न उठ्दछ। संकटकालको अवस्थामा पनि हामी दृढ भएर अन्तर्राष्ट्रिय क्षेत्रमा स्थापित निकायहरूलाई प्रयोग गरी राज्यलाई मानवअधिकारको संरक्षणप्रति उत्तरदायी बनाउन सक्नुपर्दछ।

**मन्दिरा शर्मा,** *कार्यकारी निर्देशक, एड्भोकेसी फोरम*

संकटकालको अवस्थामा नागरिकका मानवअधिकर संरक्षणका लागि राष्ट्रिय तहको उपचारमा मात्र भर नपरी अन्तर्राष्ट्रिय उपचारका बाटाहरूको अबलम्बनमा बढी ध्यान पुऱ्याउनु पर्दछ। संकटकालमा हनन् हुने मानवअधिकारको अन्तर्राष्ट्रिय रूपबाटै अनुगमन र जाँच हुनु पर्दछ। कुनै पनि अधिकारको निलम्बन गर्दा अनुगमन र जाँच हुनु पर्दछ। कुनै पनि अधिकारको निलम्बन गर्दा त्यसको राज्यले औचित्य पुष्टि गर्नुपर्दछ। संकटकालको अवस्थामा निलम्बन हुने र नहुने अधिकारको प्रयोगको फरकबारे जनतालाई जानकारी दिनु पर्दछ।

संयुक्त राष्ट्रसंघले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको मानवअधिकार समितिले संकटकालको समयमा गर्न हुने र नहुने कार्यको सम्बन्धमा गरेको व्याख्याका आधारमा पनि हामीले राज्यलाई दबाब दिनु पर्दछ। संकटकालको अवस्थामा मानवअधिकारको अनुगमनका लागि छुट्टै संयन्त्र हुनु पर्दछ। राज्यले यसको अनिवार्य व्यवस्था गर्नु पर्दछ। अहिले राष्ट्रिय मानवअधिकार आयोगलाई पनि निष्पक्ष छानविनमा बन्देज लगाएको अवस्थाको छ। राष्ट्रिय संयन्त्रबाट उपचार प्राप्त गर्न नसके हरेक नागरिकलाई अन्तर्राष्ट्रिय क्षेत्रमा न्यायका लागि जान सक्ने अधिकार छ। त्यो अधिकार उपभोग गर्न गराउन कानुन व्यवसायीहरू पनि बढी सजग हुनु पर्दछ।

**इश्वरीप्रसाद भट्टराई,** *अध्यक्ष, नेपाल बार एशोसिएसन, पुनरावेदन इकाई पाटन*

न्याय प्रशासन ऐनले पुनरावेदन अदालतलाई नागरिकका हक अधिकारको उपचार गर्न तीनवटा उपचारको व्यवस्था गरेको छ। तिनीहरू निषेधाज्ञा, परमादेश र बन्दी प्रत्यक्षीकरण हुन्। यसका अतिरिक्त नागरिक अधिकार ऐनले नागरिक अधिकारको उल्लङ्घन गर्दा हुने क्षतिको सम्बन्धमा निवेदन दिन सक्नेसम्म व्यवस्था गरेको छ। नागरिक अधिकार ऐनले प्रत्याभूत गरेका हकहरूको सन्दर्भमा कतिपय पुनरावेदन अदालतहरूले बन्दी प्रत्यक्षीकरणको रिट बाहेक अन्य निवेदन दर्ता गर्न इन्कार गर्ने गरेको पाइएको छ। पुनरावेदन अदालतले दिने उपचार आफ्नो क्षेत्राधिकार भित्रको मात्र हुने भएकाले एउटाले उपचार प्रदान गर्न तयार भएको कारणले अर्कोका लागि बाध्य नहुने भएकाले यो त्यति प्रभावकारी देखिदैन। अधिकारको उल्लङ्घन भइसकेपछि भइसकेको क्रियालाई निस्क्रिय गराउने उपचार नागरिक अधिकार ऐनले प्रदान गर्दैन। यस्तो उत्प्रेषणको आदेश जारी गर्ने अधिकार संविधानले सर्वोच्च अदालतलाई मात्र प्रदान गरेको छ। नागरिक अधिकार ऐनले प्रदान गरेको उपचार अधिकारको उल्लङ्घन हुन लागेको अवस्थामा त्यसलाई रोक्ने मात्र हो। तर, उल्लङ्घन भइसकेको अवस्थामा त्यसको उपचारको व्यवस्था यो ऐनले गर्दैन। पुनरावेदन अदालत त्यस्तो उपचार प्रदान गर्न तत्पर भए पनि नागरिक अधिकार ऐनले अदालतलाई त्यो अधिकार प्रदान गर्दैन। त्यसैले यो त्यति प्रभावकारी छैन।

अहिले न्यायपालिकाको नेतृत्वदायी भूमिका सबैभन्दा ठूलो समस्या हो। अदालत संकटकाल लागेदेखि नै नागरिकका निलम्बन नभएका अधिकारहरूको प्रचलन गराउन तत्पर देखिएन। निलम्बन नभएका अधिकारहरू पनि प्रचलन हुन नदिनका लागि सर्वोच्च अदालतले नेतृत्वदायी भूमिका खेलेको छ। न्यायिक फैसलामार्फत् हक अधिकारको प्रचलनमा रोक लगाउनु एउटा कुरा हो तर, त्यसलाई प्रक्रियामा जान नै रोक लगाइदिएको छ। नेपाल बार एशोसिएसनका पूर्व अध्यक्ष सिन्धुनाथ प्याकुरेललाई मुक्त गर्न दर्ता गर्न लागिएको बन्दी प्रत्यक्षीकरणको रिट शुरूको दिनमा दर्ता नगरी विलम्ब गर्नुबाट अदालत नागरिकका हक अधिकार संरक्षणमा गम्भीर छैन भन्ने प्रमाणित हुन्छ। अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट लिएर जाँदा विलम्ब गर्दादेखि नै अदालतको नेतृत्व मानवअधिकारको प्रत्याभूति र प्रचलनका

लागि तत्पर छैन भन्ने देखिन्छ। संकटकालमा हक अधिकार प्रचलनका लागि दर्ता हुन आउने रिट निवेदन दर्ता गर्न मिल्ने, नमिल्ने भन्ने बारेमा नै अदालतले तत्काल निर्णय गर्न नसकी एक महिना पछाडि सार्ने कार्यले अदालत जनताका मानवअधिकार र अन्य हक अधिकारको प्रचलनमा जिम्मेवार नदेखिएको प्रमाणित हुन्छ। जनताको हक अधिकार प्रचलनमा अदालतको यस्तो नकारात्मक नेतृत्वदायी भूमिकाको कारण हामीले अझै जटिल अवस्था भोग्नुपर्ने परिस्थिति सृजना भएको छ। आवश्यकतादेखिए निलम्बित भएका अधिकारहरूको पनि प्रचलन अदालतले धारा ८८(२) बमोजिम गराउन सक्ने अधिकार अदालतलाई संविधानले प्रदान गरेको छ। यस्तो अवस्थामा कानुन व्यवसायी, पत्रकारहरू, नागरिक समाज सबै विशेष सजग र सर्तक रहनु पर्दछ।

**दिवाकर पन्त**, *निर्देशक, मानवअधिकार प्रवर्द्धन केन्द्र*

संकटकालमा अधिकारको निलम्बन होइन प्रचलनमा नियन्त्रण गर्ने कुरा हो। विश्वव्यापी अवधारणाअनुसार नै हाम्रो संविधानले यसलाई अंगिकार गरेको छ। राष्ट्रमा ज्यादै कठिन परिस्थिति आएका अवस्थामा बाध्यात्मक कदमको रूपमा यो आएको हो। यो अवस्थाबाट सृजना हुने मानवअधिकारमाथिको चुनौतिलाई राज्यले र त्यसका अङ्ग तथा मानवअधिकारकर्मीहरूले मानवअधिकारलाई कसरी यसलाई जीवन्त राख्न सकिन्छ भन्ने कुरामा ध्यान दिनु पर्दछ। मानवअधिकार कसैले दिएर दिने र लिएर लिने होइन। राज्यले दिएका केही अधिकारलाई केही हदसम्म राष्ट्रिय सुरक्षाको दृष्टिकोणले राष्ट्रका लागि सामूहिक सुरक्षाका अवधारणालाई मान्यता दिएर सामाजिक सुरक्षाको हकमा हामी हाम्रो अधिकार केही निश्चित समयका लागि राज्यलाई सुम्पन्छौ भनी केही अधिकार मात्र दिइएको हो। व्यक्तिगत सुरक्षाभन्दा सामाजिक सुरक्षा महत्वपूर्ण भएकाले यसो भएको हो। यसकारण केही अधिकारहरूको संकुचन भएको हो। श्री ५ बाट नै आफ्नो घोषणामा मानवअधिकारप्रतिको संवेदनशीलता र महत्वलाई प्रष्टरूपमा उद्‌गार व्यक्त भएको छ। सोअनुसार राज्यका सबै अङ्गहरूले मानवअधिकारको सम्मान र संरक्षण गर्नु पर्दछ। यसका लागि मानवअधिकारकर्मीहरू अझ संवेदनशील हुनु पर्दछ। संकटकाल लागेको अवस्थामा अधिकारहरू केही हदसम्म संकुचन हुन्छन्। यसको अर्थ त्यहाँ मानवअधिकार छैन भन्ने होइन, र यस्तो हुन सक्दैन। मानवअधिकार छ तर पनि उपचार गर्ने व्यवस्थालाई केही हदसम्म केही समयका लागि बन्देज गरिएको मात्र हो। यसको अर्थ मानवअधिकार उल्लङ्घन गर्ने र त्यसका सहयोगीलाई दण्ड विधानबाट बाहिर राखेर दण्डहिनता हुनु पर्दछ भन्ने मान्यता कदापि होइन। राज्यले पनि यो मान्यता राख्नु हुँदैन। संकटकालको अवस्थामा झन राज्यले बढी दायित्व व्यहोर्नुपर्ने हुन्छ। राज्यले संकटकालको अवस्थामा मानवअधिकारको संरक्षणमा अझ बढी ध्यान दिनु पर्दछ।

**लजना मानन्धर**, *लुमन्ति*

मान्छेले मान्छे भएर व्यवहार गर्नु पर्दछ। शान्तिपूर्ण समाजको स्थापनाका लागि निर्वाह गर्नुपर्ने दायित्व सबैले बहन गर्नु पर्दछ।

**श्यामबाबु काफ्ले**, *अधिवक्ता*

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको कुरा गर्दा न्यायालय जसरी पनि जोडिन आउँछ। न्यायालय राज्यको एक अङ्ग हो तर, नेपालमा अहिले सरकारको एक अङ्गको रूपमा रहेको जस्तो देखिन्छ। संकटकाल बेथितिलाई थितिमा ल्याउन लगाइने गरिन्छ। संकटकालको समयमा नागरिकले आफ्नो अधिकारको रक्षाको लागि आशाका दृष्टिले हेर्ने सबैभन्दा भरपर्दो राज्यको अङ्ग न्यायालयको हो। तर अहिले न्यायालयले संकटकालको अर्को ढोका खोलिदियो। सिन्धुनाथ प्याकुरेलको मुद्दामा अदालतको क्रियाकलाप हेर्दा संकटकालमा नागरिकका मानवअधिकार रक्षामा संवेदनशील नरहेको देखिन्छ। यस्तो अवस्थामा सशक्तरूपमा आवाज उठाउन सञ्चारकर्मी सजग रहनु पर्दछ। सञ्चारकर्मीबाट त्यस्तो कार्य हुन नसक्ने हो भने नेपाल कानुनसरह लागू हुने अन्तर्राष्ट्रिय मानवअधिकारका संयन्त्रहरूको कार्यान्वयन हुन गाह्रो पर्दछ।

**मधु तिम्सिना**, *प्रतिनिधि, शिक्षक संगठन*

संकटकालको अवस्थामा कानुन व्यवसायी र सञ्चारकर्मीहरूले नागरिकका अधिकारको संरक्षण र उपभोगका लागि महत्वपूर्ण भूमिका खेल्नुपर्ने हुन्छ। संकटकालको अहिलेको अवस्थामा खुलारूपमा आफ्ना विचारहरू व्यक्त गर्न पाउने अवस्था छैन। सबैमा डर त्रासको मनोवैज्ञानिक असर व्याप्त छ। सबै पेशागत संगठनहरूमा त्यही संगठनको व्यक्ति भनेर प्रवेश गर्ने र डर त्रास देखाउने कार्य भइरहेको अवस्था छ। विद्यालयमा यस्ता कार्यहरू व्यापकरूपमा भएका छन्।

अहिले न्यायपालिकाले राजनीति गरेको भन्ने टिप्पणी भइरहेको छ। सर्वोच्च अदालतलाई राजनीतिक क्षेत्रबाट प्रभाव पार्ने कार्य अघिदेखि नै भएको हो। अहिले शिक्षक संगठनको गर्न लागिएको अधिवेशनमा प्रशासनबाट विना आधार रोक लगाइएको छ।

संकटकालको अवस्थामा सञ्चारकर्मीहरूले आफूले बोलेको कुरा मात्र होइन आफ्नो धारणासहितको सूचना सम्प्रेषण गर्नुपर्दछ। कानुन व्यवसायी, मानवअधिकारकर्मी तथा सञ्चारकर्मीले अहिलेको संकटकालमा फैलाइएको मनोवैज्ञानिक डर त्रासलाई हटाउने कार्यमा सक्रिय रहनु पर्दछ।

**कैलाशकुमार शिवाकोटी**, *अधिवक्ता*

संकटकालको अवस्थामा नागरिकका हक अधिकारको रक्षाका लागि न्यायपालिकाको भूमिका महत्वपूर्ण रहन्छ तर न्यायपालिका त्यो दायित्वबाट पञ्छियो भने दबाब सृजना गर्नेलगायत्का विकल्पहरू खोज्नुपर्ने हुन्छ। संकटकालमा गर्न हुने र गर्न नहुने कार्यहरूको

जानकारी र दबाब यससँग सम्बन्धित सबैले दिनु पर्दछ। जसले संकटकाल लगायो त्यसैले सोको निवारण गरिदेला भनी आशा गर्ने हो भने हामी त्यहीनेर अन्यौलमा पर्छौं। मानवअधिकार रक्षाका लागि इमान्दारीसाथ पहल गर्नुपर्दछ।

**प्रदीप घिमिरे**, *पत्रकार*

संविधानत: कतिपय अधिकारहरू निलम्बित भएका हुन्छन्। यस्तो अवस्थामा पनि सञ्चार क्षेत्रबाट महत्वपूर्ण भूमिका निर्वाह गरिनुपर्दछ। संकटकालमा मानवअधिकारविरोधी कार्यहरूको उजागर गरी लेख्ने सञ्चारकर्मीहरू आफ्नो रोजगारीबाट वञ्चित भएका छन्।

**शम्भु श्रेष्ठ**, *अध्यक्ष, प्रेस चौतारी, नेपाल*

माघ १९ गतेको घोषणासँगै हरेक पत्रिकाका कार्यालयहरूमा सैनिक ब्यारेकहरू खडा गरिएकाले र समाचार पूर्णरूपमा सेन्सर गरिएका कारण पत्रकारहरू होस गुमेको अवस्थामा छन्। विचार अभिव्यक्तिको स्वतन्त्रता निलम्बन भएको कारण सम्पादकीय नलेख्ने अठोट गरी पत्रिकामा सम्पादकीयको स्थान खाली राखेका कारण चार साप्ताहिक पत्रिकाका सम्पादकहरूलाई मासिकरूपमा सरकारबाट पाउने सुविधाबाट वञ्चित गराइयो। समाचार छापेका कारण प्रशासनमा उपस्थित गराई मानसिक यातना दिई तारेख लगाइने जस्ता ज्यादति गरिएको छ। राज्यमा आतङ्क फैलाएर स्वेच्छाचारी शासन सञ्चालन गरिरहेको अवस्था छ। मानवअधिकारको यथार्थ अवस्था बाहिर ल्याउन रोक लगाइएको छ। ●

# धनुषा

२०६२ जेठ १४



मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको आयोजनामा २०६२ जेठ १४ गते धनुषाको जनकपुर नगरपालिकामा मानवअधिकार र संकटकाल विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो। संकटकालको अवस्थामा संविधान तथा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धिहरूले प्रत्याभूत अधिकारहरूको सम्बन्धमा सजग गराउने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रममा सुरक्षा निकाय, सरकारी निकायका प्रतिनिधिहरू, कानुन व्यवसायीहरू, शिक्षा क्षेत्रका प्रतिनिधिहरू, नागरिक समाज तथा पत्रकारहरू समेतको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रम इन्सेक मध्यमाञ्चल क्षेत्रिय संयोजक कृष्ण गौतमको अध्यक्षता, धनुषा जिल्ला अदालतका न्यायाधिश एकराज आचार्यको प्रमुख आतिथ्य र नवराज बस्नेतको सञ्चालनमा भएको थियो। कार्यक्रममा अधिवक्ताद्वय श्याम कुमार मिश्र र पंकज कर्णले आधारपत्र प्रस्तुत गर्नुभएको थियो। यस क्षेत्रमा संकटकाल समाप्त भएपछिको यो पहिलो कार्यक्रम थियो। कार्यक्रममा नवराज बस्नेतले संकटकालको समयमा धनुषामा राज्यद्वारा ३ जना, माओवादीबाट ११ जना मारिएको, राज्यद्वारा माओवादीको आरोपमा १५ जनालाई पक्राउ गरिएको र राजनीतिक दलहरूको प्रदर्शनबाट ३ सय ४८ जनालाई पक्राउ गरिएको समेतको मानवअधिकार उल्लंघनको तथ्यांक प्रस्तुत गर्नु भएको थियो।

**नवराज आचार्य,** *जिल्ला न्यायाधीश, धनुषा*

संकटकालको समयमा केही अधिकारहरूमाथि बन्देज लाग्दछ तर संकटकालको समाप्तीपश्चात् ती बन्देजहरूको अन्त्य हुन्छ। संकटकालको उद्देश्य द्वन्द्वलाई न्यूनीकरण गर्नु हो। यस्ता कार्यक्रमले राज्य संयन्त्रसँग सम्बन्धित अधिकारीहरूलाई आत्मसमिक्षा गर्न र आफ्ना गल्तीलाई सुधार गर्न मद्दत गर्दछ। सबैले संकटकाललाई अप्ठ्यारो अवस्था हो भनेर बुझ्न आवश्यक छ। संकटकाल हाम्रो सुरक्षाको लागि हो तर यसलाई सजगरूपमा प्रयोग गरिनु पर्दछ।

**कृष्ण गौतम,** *संयोजक, इन्सेक, मध्यमाञ्चल*

संकटकालको समयमा राज्यको नाङ्गो चरित्रको प्रबृत्ति देखिएको छ। संकटकालको समयमा पक्राउ गरिएका व्यक्तिहरूलाई बन्दीको व्यवहार गरिएको छैन भने रातको अवस्थामा समेत पक्राउ गरिएको छ। संकटकाल अन्त्यको घोषणा गरिए पनि प्रेस समेतलाई नियन्त्रण गर्ने कडा कानुन लागु गरिएको छ। मोवाईल फोन सेवा अहिले पनि अवरुद्ध गरिएको छ। यस्ता कार्यले जनताका आधारभूत मानवअधिकार हनन् भएको छ। सशस्त्र द्वन्द्व शुरु भए यता राज्य पक्षबाट ७ हजार ९ सय ७० जना र माओवादी पक्षबाट ४ हजार २ सय ९८ जना मारिएका छन्। संकटकालको यो तीन महिने अवधिमा राज्यबाट ४ सय ७७ जना र माओवादीबाट १ सय ९४ जनाको हत्या गरिएको छ।

**कृष्ण पंगेनी**, *प्रहरी निरीक्षक, धनुषा*

मुजेलियामा बम विष्फोट गराई बच्चाहरू मारिएको घटनामा माओवादीहरू जिम्मेवार छन्। संकटकालको तीन महिने अवधिमा २४ वटा मानवअधिकार उल्लंघनका घटनाहरू भएका छन्। जसमा ५ जना आतंककारीहरू, ७ जना सर्वसाधारण र ६ जना सुरक्षाफौज मारिएका छन्। अदालतले छोड्न आदेश दिए तापनि नछोडिएको केही घटनाहरू मात्र छन्। हाम्रो तर्फबाट मानवअधिकारको उल्लंघन भएको छैन भन्न सकिँदैन तर यसलाई सकेसम्म कम गर्ने प्रयास गरिएको छ।

**सन्तविक्रम फुदौङ्ग**, *लेफ्टिनेन्ट*

सेना मानवअधिकार संरक्षणका लागि सदैव सजग छ। मानवअधिकारसम्बन्धी जानकारी दिनका लागि सेनाका जवान तथा पदाधिकारीहरूलाई मानवअधिकारका कक्षाहरू सञ्चालन गरिएको छ।

त्यसैगरी कार्यक्रममा सामाजिक कार्यकर्ता शान्ता कोइराला, अधिवक्ता जयकिसोर लाभ, मुकेश कार्की, राजन दाहाल, शिक्षक राजेन्द्र महतो, गैरसरकारी संस्था महासंघ धनुषाका अध्यक्ष रामचन्द्र शाह, पत्रकार वीरेन्द्ररमण, उज्वल दाहाल र कमल शाहसमेतले कार्यक्रममा आफ्नो मन्तव्य राख्नुभएको थियो। ●

# चितवन

२०६२ जेठ १६



मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको आयोजनामा चितवनको भरतपुर नगरपालिकामा मिति २०६२ जेठ १६ गते एक दिवसीय संकटकाल र मानवअधिकार विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। संकटकालको अवस्थामा संविधान तथा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धिहरूले प्रत्याभूत अधिकारहरूको सम्बन्धमा सजग गराउने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रममा सुरक्षा निकाय, सरकारी निकायका प्रतिनिधिहरू, कानुन व्यवसायीहरू, शिक्षा क्षेत्रका प्रतिनिधिहरू, नागरिक समाज तथा पत्रकारहरूसमेतको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रम इन्सेक मध्यमाञ्चल क्षेत्रिय संयोजक कृष्ण गौतमको अध्यक्षता, चितवनका प्रमुख जिल्ला अधिकारी नरेन्द्रराज पौडेलको प्रमुख आतिथ्य र मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि मुकुन्दराज दहालको सञ्चालनमा भएको थियो। कार्यक्रममा अधिवक्ता जगन्नाथ भण्डारीले आधारपत्र प्रस्तुत गर्नुभएको थियो। संकटकाल समाप्त भएपछिको यो पहिलो कार्यक्रम थियो।

**जनक अर्याल,** *सभापति, नेपाल पत्रकार महासंघ, चितवन*

संकटकालको अवधिमा सबैभन्दा प्रेस जगत प्रताडित रह्यो। राजधानी र राजधानी बाहिरका क्षेत्रहरूबीच स्पष्ट भिन्नता देखाइयो। प्रेसमाथि अत्यधिक सेन्सर गरियो। पत्रकार तथा प्रकाशकहरूलाई समाचार प्रकाशित गरे बापत सुरक्षा निकाय तथा प्रशासनबाट बारम्बार दुःख दिने कार्यहरू भए। कतिपय ठाउँमा पत्रिका नै बन्द गरियो। पत्रिका बन्द गर्ने तथा पत्रकारसमेतलाई दुःख दिने कार्यले प्रेसमाथि दमन भएको स्पष्टरूपमा देखिन्छ। राजधानी बाहिरका जनतालाई दोश्रो दर्जाको नागरिकको रूपमा व्यवहार गरियो। समाचार प्रकाशित गरेका कारण पत्रकारहरूलाई जिल्ला प्रशासन कार्यालय तथा सेनाका ब्यारेकबाट स्पष्टीकरण मागिएको तथा टेलिफोनबाट धम्की दिने कार्यहरू गरिए। संकटकाल समाप्त भएपश्चात् पनि संकटकालको अवस्थामा गरिएको व्यवहार हुँदै आएको छ। भर्खरै मात्र एक सर्वसाधारणलाई कुटपिट गरी पत्रकारसँग नहिड्न भनिएको छ।

**बालकृष्ण पौडेल,** *सचिव, मानवअधिकार संगठन, चितवन*

मानवअधिकारकर्मीहरू संकटकाल र त्यसपछि पनि आफ्ना गतिविधिहरू अगाडि बढाउन पाइरहेका छैनन्। आफ्ना गतिविधि अगाडि बढाउँदा थुनामा रहनुपर्ने अवस्था थियो। संकटकालको अवधिमा एक १४ वर्षीय बालिकालाई आफ्नो बाबु पक्राउ नगराएको आरोपमा हत्या गरिएको छ। संकटकालपश्चात् पनि मानवअधिकार रक्षकहरूलाई सुरक्षा निकायबाट

धम्कीहरू आइरहेका छन्। हालै सुरक्षाकर्मीहरूले २ जनालाई सप्तीखोरबाट पक्राउ गरी बेपत्ता पारिएका छन्।

**शिव बास्तोला**, *अध्यक्ष, मानवअधिकार तथा शान्ति समाज*

संकटकालको घोषणासँगै संचार माध्यमहरू बन्द गरेकाले जनता सूचनाको हकबाट बञ्चित भएका छन्। संकटकालको अवधिमा गैरकानुनी तरीकाले पक्राउ गर्ने र थुन्ने कार्य अत्यधिक मात्रमा भयो। संकटकालको समयमा राजनीतिक दलहरूलाई गतिविधि गर्न दिइएन।

**भागवत न्यौपाने**, *अध्यक्ष, मानवअधिकार संरक्षण मञ्च, चितवन*

संकटकालको समयमा राजधानी काठमाडौंमात्रै नेपाल हो भन्ने तरीकाले केही प्रजातान्त्रिक गतिविधिहरू गर्न दिइयो। द्वन्द्वले शिक्षा क्षेत्र अत्यधिक प्रभावित रहेकाले शिक्षाको उचित वातावरण तयार गर्न दुवै द्वन्दरत पक्षलाई आग्रह गर्दछौं।

**लेखनाथ खनाल**, *अध्यक्ष, प्याब्सन, चितवन*

शिक्षा क्षेत्रले सधैं संकट ब्यहोरिरहेको छ। २०६१ सालमा मात्रै ६० दिन विद्यालयहरूले बन्द रहनु पर्‍यो। एकातिर माओवादीले विद्यालय बन्द गराउँछन् भने अर्कोतिर प्रशासनले किन बन्द गरेको भनी स्पष्टीकरण माग्दछ। राज्यले शिक्षाको उचित वातावरण तयार गर्नु पर्दछ साथै त्यसका लागि द्वन्द्वरत् दुवै पक्षलाई आग्रह गर्दै शिक्षालाई शान्ति क्षेत्रको रूपमा स्थापित गर्न नागरिक समाज, मानवअधिकारकर्मी, पत्रकारलगायत् सबै लाग्न आवश्यक रहेको छ।

**हरिप्रसाद आत्रेय**, *अध्यक्ष, शिक्षक संगठन, चितवन*

द्वन्द शुरु भएयता सयौं शिक्षककहरूलाई अपहरण गर्ने, यातना दिने, थुनामा राख्ने कार्यहरू भएका छन् र तिनीहरूमध्ये कतिपयलाई मार्ने कार्य भएको छ। अहिले हामीलाई शिक्षक संगठनबाट त्काल राजिनामा गर्न भनीएको छ।

**सुरेन्द्र शाह**, *प्रहरी उपरीक्षक*

आतंक फैलाउनु आतंकारीहरूको मुख्य उद्देश्य हो। आतंककारीहरूले जनतालाई असुरक्षाको अनुभूत हुने तरीकाले आतंक फैलाएका छन्। हामी कहिले पनि उनीहरूको धम्कीबाट डराउनु हुँदैन। जनताको सुरक्षाका लागि नागरिक समाजले सुरक्षा निकायलाई सघाउ पुऱ्याउनु पर्दछ। आतंकवाद धेरै लामो समयसम्म रहन सक्तैन। नेपाल प्रहरी सधै जनताका अधिकार संरक्षणका लागि समर्पित रहेको छ साथै कुनै पनि व्यक्तिले कुनै पनि समयमा प्रहरी प्रशासनबाट सहयोग लिन सक्दछ। नेपाल प्रहरी आफूलाई नागरिकका मानवअधिकार संरक्षणका लागि अफ राम्रो तरीकाले कार्य गर्ने प्रयास गरिरहेको छ। तर कुनै समयमा मानवअधिकार उल्लंघन गरेको

पाइएको छ। तिनीहरूलाई कानुनबमोजिम कारवाही गरिएको छ। नेपालको सम्बन्धमा एजेण्डा आइटम १९ पारित भएको छ। सो बमोजिम कार्य गर्नुपर्ने अवस्था आएको छ।

**नरेन्द्र राज पौडेल**, *प्रमुख जिल्ला अधिकारी, चितवन*

मानवअधिकार संरक्षणका लागि नागरिक समाज र प्रहरी सामुहिक प्रयास आवश्यक छ। मुलुकको यो स्थिति हुनुमा राजनीतिक दलहरू जिम्मेवार छन्। यो कार्यक्रमले सर्वसाधारणसमेत सबैलाई आफ्ना समस्या स्थानीय प्रशासनसम्म पुऱ्याउन मद्दत गरेको छ।

**कृष्ण गौतम**, *संयोजक, इन्सेक, मध्यमाञ्चल*

संकटकालको समयमा केही गर्न नपाइने भन्ने र गर्न पाईन्छ भन्ने दुई खालका विचारहरू रहेका पाइन्छन्। अहिलेको संकटकाल पहिलेको संकटकालभन्दा कष्टकर रह्यो। ●

# पूर्वाञ्चल क्षेत्रमा सम्पन्न कार्यक्रम

## विराटनगर

२०६१ चैत ८



२०६१ चैत ८ गते मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको आयोजना तथा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर र गैरसरकारी संस्था महासंघ क्षेत्रीय समिति, विराटनगरको संयोजनमा संकटकाल र मानवअधिकार विषयक एक दिने अर्न्तक्रिया कार्यक्रम विराटनगरमा सम्पन्न भयो।

कार्यक्रमको शुरूवात गैसस महासंघ नेपाल, मोरङ्ग जिल्ला शाखाका सभापति कृष्णहरि घिमिरेद्वारा मानवअधिकारको सामान्य जानकारीबाट भएको थियो। गैसस महासंघ नेपाल, पूर्वाञ्चल क्षेत्रीय सभापति केशव दाहालको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन कृष्णहरि घिमिरेले गर्नु भएको थियो। यस कार्यक्रममा विशेष वक्ताका रूपमा काठमाडौंबाट इन्सेकका महासचिव कुन्दन अर्याल, नेपाल पत्रकार महासंघका पूर्व सभापति सुरेश आचार्य तथा नेपाल प्रेस इन्स्टिच्युटका तत्कालिन अध्यक्ष गोकुल पोखेल पुग्नुभएको थियो भने नेपाल बार एसोशिएसनका सदस्य तथा अधिवक्ता टीकाराम भट्टराईले आधारपत्र प्रस्तुत गर्नुभएको थियो।

## आधारपत्रको संक्षिप्त अंश

संकटकालको अवधारणागत मान्यता, विभिन्न देशका संविधानहरूमा भएको संकटकालको व्यवस्था, विभिन्न दृष्टिकोणबाट संकटकालका सीमाहरू, संकटकाल लगाउनुअघि, लागू भएको अवस्था र लगाइसकेपछिका शर्तहरू, संकटकाल, मानवअधिकार र राष्ट्रिय दायित्व, बन्दी प्रत्यक्षीकरण र अदालतको दायित्व, प्रेस स्वतन्त्रता र संकटकालीन अधिकार, राजनीतिक अधिकार र संकटकाल, अन्तर्राष्ट्रिय दायित्व संकटकालसँग जोडिएका आदि विषयहरू आधारपत्रमा समेटिएका थिए।

## आधारपत्रमाथि टिप्पणी

**भगवती नेपाल,** *उपाध्यक्ष, गैसस महासंघ नेपाल*

संकटकालमा पनि गैसस महासंघ र गैससहरूले पहिले जस्तै सामाजिक रूपान्तरणका लागि काम गरिरहनुपर्ने अहिलेको टडकारो आवश्यकता हो।

**गोकुल पोखरेल,** *अध्यक्ष, नेपाल प्रेस इन्स्टिच्युट*

संकटकालले गर्न चाहेको के हो ? संकटकाल किन ? संकटकाल कसका लागि ? आदि जस्ता प्रश्नहरूको निरूपण गरेर मात्र संकटकाललाई सही वा गलत भनेर व्याख्या गर्नु जरूरी

हुन्छ। सूचनालाई तोडमोड गरेर वा बङ्ग्याएर सही सूचना प्रवाहमा रोक लगाउने प्रयास हुनसक्छ तर, सूचना प्रवाहमा लाग्ने सञ्चारकर्मीहरूले सूचना प्रवाहमा विशेष ध्यान पुऱ्याउनु जरूरी हुन्छ।

त्यस्तै जनताका समस्यालाई सूचनाका रूपमा प्रवाह नगरी खाली सत्ताको बखानमा मात्र लाग्न सञ्चारकर्मीलाई बाध्य बनाउने प्रयास गरियो भने अन्ततोगत्वा त्यसले त्यही सत्तालाई धरमऱ्याउने निश्चित छ। सबैले गलत नदेख्ने हो भने गलत पनि सही हुँदै जाने खतरा उत्पन्न हुन्छ। सञ्चार जगत्का आफ्नै मान्यता छन्, आफ्नै मूल्यहरू छन्, त्यस्तै आफ्नै सामाजिक दायित्यहरू पनि छन्, त्यसैले ती सबै मान्यता, मूल्य र सामाजिक दायित्वहरूलाई सञ्चार जगत्ले बिर्सन मिल्दैन। आफ्नो व्यापार, व्यवसाय गर्ने र आवतजावत गर्ने स्वतन्त्रता हुनु जरूरी छ।

**केदार पौडेल,** *का. मु. सचिव, राष्ट्रिय मानवअधिकार आयोग*

संविधानले देशको असहज परिस्थितिलाई रोक्न वा त्यसबाट पार पाउन र त्यस्तो असहज परिस्थितिलाई छोट्याउन एउटा विशेष प्रकारको अवस्थाका रूपमा संकटकालको परिकल्पना गरेको हो। त्यस्तो विशेष प्रकारको परिस्थितिमा संकटकालको परिकल्पना गरी सोहीअनुसार संविधानले केही निश्चित मापदण्डको व्यवस्था पनि गरेको छ। नेपालको परिप्रेक्ष्यमा हेर्दा हालको अवस्थामा त्यस्तो असहज परिस्थिति विद्यमान थियो वा थिएन ? संकटकालको औचित्य कति ? संकटकालमा गर्नुपर्ने र गर्नै नहुन के के हुन् ? जस्ता ज्वलन्त मुद्दाहरूका बारेमा चर्चा र छलफल हुनु नितान्त जरूरी छ। मानवअधिकारको विश्वव्यापी मान्यतामा हाम्रो राज्यले सहमति जनाइसकेको अवस्थामा ती मान्यताहरूलाई आत्मसात् गर्ने र व्यवहारमा उतार्ने काम पनि राज्यले गर्नैपर्छ। त्यस्तै अन्तराष्ट्रिय मूल्य र मान्यताहरूलाई हृदयंगम गरी सोहीअनुसार कार्यसञ्चालन र व्यवहारमा उतार्नु जरूरी छ। त्यस्तै राज्य वा विद्रोही जुनसुकै पक्षबाट पनि मानवअधिकारको विश्वव्यापी मान्यतालाई कुल्चेर आततायी व्यवहार देखाउने कार्य गर्न हुँदैन।

**गौरीशंकरलाल दास,** *सदस्य, राष्ट्रिय मानवअधिकार आयोग, कार्यक्रमका प्रमुख अतिथि*

राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो क्रियाशीलतालाई एकदमै बढाएको छ। संकटकालको यस स्थितिमा नजरबन्दमा राखिएका राजनीतिक नेता तथा कार्यकर्तालाई भेट गर्ने र कानुनबमोजिम बाहेक अन्य अप्ठ्याराहरू सृजना हुन नदिनेतर्फ आयोग सक्रिय छ। त्यस्तै राष्ट्रिय मानवअधिकार आयोगले विभिन्न ठाउँमा अनुगमन र निरीक्षण गरिररहेको छ। राष्ट्रिय मानवअधिकार आयोग मानवअधिकारको उल्लङ्घन हुन नदिन र सम्बन्धित पक्षहरूलाई मानवअधिकारको पूर्णरूपमा परिपालन गराउन कटिबद्ध छ।

**अरूण पौडेल**, *संयोजक, क्षेत्रीय सञ्चार स्रोत केन्द्र*

संकटकाल कसका लागि ? संकटकालको उद्देश्य के ? संकटकालले निलम्बन नभएका नागरिक अधिकारमाथि धावा बोलेमा के गर्ने ? भन्ने केही प्रश्नहरू अहिले टड्कारोरूपमा उठेका छन्।

**राम कोइराला**, *प्रतिनिधि, गैसस महासंघ नेपाल सुनसरी*

संकटकालको अवस्था सहरमाभन्दा गाउँमा विकराल देखिएको छ। टेलिभिजनका एन्टेना फ्याँकिदिएर, टेलिफोनका तार चुँडाएर नागरिक अधिकारको उपेक्षा गरिएको छ। कार्यक्रमले संकटकालमा पनि नागरिकका केही मुलभूत अधिकार सुरक्षित भएको चेतना प्रदान गरेको छ।

**बुद्धिबहादुर केसी**, *अधिवक्ता*

मानवअधिकारको रक्षाको सवाललाई उठाउने उच्चस्तरका मानवअधिकारवादी नेताहरू नै विमानस्थलमा रोकिएको र कतिपय मानवअधिकारकर्मी स्वदेशमा बस्नसमेत नसकिरहेको वर्तमान अवस्था छ। संकटकालको घोषणा भएको वर्तमान अवस्थामा मानवअधिकारवादीहरूले यसका बारेमा अझ धेरै आवाज उठाउनु आवश्यक छ।

**दिपेन न्यौपाने**, *पत्रकार*

संकटकालले पत्रकार र सञ्चारकर्मीहरूलाई अत्यन्तै अप्ठ्यारोमा पारेको बनाएको छ। संकटकालमा के गर्नु हुने र के गर्नै नहुने भन्ने विषयमा बुझ्ने र बुझाउने कुनै निकाय नभएकाले यसबाट भ्रममात्र उत्पन्न भइरहेको र त्यही भ्रमले गर्दा सही सूचना प्रवाहमा असर परिरहेको छ।

**विजय मिश्र**, *पत्रकार*

वास्तवमा संकटकालले सञ्चारकर्मीलाई सामाजिक दायित्वबोध गर्ने अवसर दिएको छैन। देखेको लेख्न नपाउने वातावरण छ। स्थानीय प्रशासनले संकटकालको आफ्नै किसिमले व्याख्या गर्ने गरेकाले विभिन्न ठाउँबाट विभिन्न दृष्टिकोण उत्पन्न भइरहेका छन्।

**प्रतिनिधि**, *गैसस महासंघ नेपाल, सप्तरी*

संकटकालले गाउँको जनजीवनलाई अत्यन्तै मर्माहत बनाएको छ। गाउँमा राज्य पक्ष र विद्रोही पक्षको दोहोरो मारमा परिरहेका जनतालाई राज्य पक्षले सही सूचना दिनबाट रोकी अन्धो बनाउन खोजेको देखिन्छ।

**चन्द्रमणि न्यौपाने**, *अधिवक्ता*

मानवअधिकारका ज्वलन्त मुद्दाहरूमा संकटकालीन अवस्थाले गम्भीर बनाएकाले

विश्वव्यापी मानवअधिकारका पक्षमा बोल्न डराउनु हुँदैन।

**नीरा गुरूङ**, *प्रतिनिधि, अखिल नेपाल महिला संघ*

हाम्रा प्रहरी अधिकृतहरू यहीं हुनुहुन्छ। यहाँबाट निस्किएपछि बाहिर गिरफ्तार हुन पनि सकिन्छ तर आज यो मानवअधिकारको कार्यक्रममा मैले धक फुकाएर केही कुरा राखेकी छु। अहिले केही बोल्न र भन्न पनि डर मान्नुपर्ने अवस्थामा छलफलले बोल्न प्रेरित गरेको छ। बोली सकेपछि बाहिर गिरफ्तार भइएछ भने पनि केही छैन। गाउँमा मानवअधिकारको अवस्था शुन्यप्रायः छ। भुल्ली धिमालको कान नसुन्ने बहिरो भिनाजुलाई साइकल रोकभन्दा नरोकेको निहुँमा गोली हानेर मारिएको र गोजीमा सकेट बम राखी आतंककारी भएको ढोल पिटियो। यस्तो किन ? गाउँको अवस्था एकदमै दयनीय भएको र जताततै युद्धरत् पक्षहरूबाट मानवअधिकारको उल्लङ्घन भइरहेको छ। नबुझेको कुरा बोल्न पनि डराउनुपर्ने अवस्थाको अन्त्य जरूरी छ।

**रमेशचन्द्र पौडेल**, *पूर्व नगरप्रमुख, विराटनगर नगरपालिका*

राज्य र विद्रोही दुवै पक्षबाट उत्तिकैरूपमा मानवअधिकारको उल्लङ्घन गर्ने काम भएको छ। राजनीतिक दलका नेता र कार्यकर्तालाई दुःख दिने नाममा होस् वा शान्तिपूर्ण भेला हुने, छलफल गर्ने र विचार आदानप्रदान गर्ने स्वतन्त्रतासमेत हनन् गर्ने अवस्थाको अन्त्य हुनु पर्दछ। मानवअधिकारका सवालमा थुप्रै कुरा र मुद्दामा अप्ठ्यारा कुराहरू धेरै भएकाले मान्छेको स्वतन्त्रतापूर्वक हिंड्ने र घुम्ने स्वतन्त्रता नै छैन भने अन्य स्वतन्त्रताको अवस्था सहजै अनुमान लगाउन सकिन्छ। मान्छेलाई पर्खालको घेराभित्र बन्द गरेर मानवअधिकारको रक्षा हुन सक्दैन। राष्ट्रिय मानवअधिकार आयोग, नेपाल प्रेस इन्स्टिच्युट, नेपाल पत्रकार महासंघ, गैसस महासंघ नेपाल, विभिन्न सामाजिक संघसंस्था र राजनीतिककर्मीको भूमिका के हुने ? भन्ने विषयमा एउटा निष्कर्ष निकाल्न जरूरी छ।

**प्रल्हाद शाह**, *मनोनित नगरप्रमुख, विराटनगर नगरपालिका*

संकटकालको जन्मदाता र संकटकाल लगाउनुपर्ने कारणका बारेमा सबैले बुझ्नु जरूरी छ। शक्तिको दुरूपयोगलाई हामीले रोक्नुपर्छ। भ्रष्टाचारको विरोध गर्नु र भ्रष्टाचारीलाई कारवाही गर्नु पनि मानवअधिकारको रक्षा गर्नु हो।

**प्रा. डा. खगेन्द्र आचार्य**

देशको अवस्था दर्दनाक छ, यसमा दुईमत छैन। यस दर्दनाक अवस्थाबाट माथि उठाउने कसरत धेरै कम भएको महशुस भइरहेको छ। सरकारमा बस्ने र सरकार चलाउनेले आजको अवस्थालाई गम्भीररूपमा लिएको देखिएन। खाली हल्का टिप्पणीमा अल्मलिएर समय खेर

फाल्नुभन्दा पनि सम्पूर्णरूपमा देशलाई एक ढिक्का बनाउनुपर्ने आवश्यक छ। देशमा सबै शान्तिवादी नै छन् तर पनि कित्ता छुट्याएर विद्रोहीतिर धकेल्ने प्रयास भइरहेको छ।

**कृष्ण पाठक**, *मानवअधिकारसम्बन्धी सल्लाहकार, डेनिडा*

नागरिक समाज जहिले पनि सजग एवं सचेत हुनु पर्दछ। नागरिक समाजले सरकारका कमी कमजोरीलाई औंल्याउन डराउनु नहुने र अझै सशक्त र व्यापकरूपमा उठाउन जरूरी छ। नेपाललाई अन्तर्राष्ट्रिय जगत्ले कुन रूपमा हेरिरहेको छ ? सरकारको दायित्व के हो ? भन्ने बारेमा पनि बहस र छलफल हुनुपर्छ। नागरिक समाजसँगको सहकार्य र सहयोगबाट नै सार्थक प्रजातन्त्रको परिकल्पना सम्भव भएकाले नागरिक अधिकार तथा मानवअधिकारका तमाम मुद्दाहरूमा सहकार्य र सहयोगको अपेक्षा राख्नु आजको आवश्यकता हो।

**कुन्दन अर्याल**, *महासचिव, इन्सेक*

मानवअधिकारवादी र सामाजिक संघ, संस्थाले सहज परिस्थितिमा मात्र अधिकारका कुरा गर्ने होइन अप्ठ्यारा र असहज परिस्थितिमा पनि हामी उत्तिकै टड्कारोरूपमा उत्रिन तयार हुनुपर्दछ। संकटकालले नागरिक अधिकारको कटौती गर्न सक्दैन र नागरिक अधिकारको हनन् गर्ने छूट पनि दिँदैन। संकटकालको यो अवस्थामा निश्चितरूपमा केही अधिकार निलम्बित छन्। यसो भन्दैमा संकटकालमा केही पनि गर्न र बोल्न नै नहुने होइन। तर, यतिबेला केही गर्न र बोल्न नहुने सोंचको विकास भइरहको देखिन्छ। संसारमा कतै पनि सजिलै नागरिक अधिकारको प्रत्याभूति नभएको इतिहास देखिन्छ। आवाजको शक्ति धेरै ठूलो शक्ति भएकाले हामीले आफ्ना आवाजलाई रोक्नु वा दबाउनु हुँदैन। हामी चुप लाग्न थाल्यौं भने राज्यले हामीलाई झनै दबाउने छ। संकटकालको नाममा संकटकाललाई दुरूपयोग हुन दिनु हुँदैन। संकटकालको नाममा हुने शक्ति, सत्ता र प्रशासनको दुरूपयोग रोक्नु नै आजको प्रमुख आवश्यकता हो। संकटकालसँग रत्तिभर नआत्तिएर नागरिक अधिकारका निम्ति हामी निरन्तर अग्रसर हुनुपर्छ।

**सुरेश आचार्य**, *पूर्व सभापति, नेपाल पत्रकार महासंघ*

मुलुकमा रेडियो स्टेशन बन्द छन्। मान्छेको बोल्ने अधिकार बन्द छ वा भनौं मुख बन्द गरिएको छ। कैलालीमा के भयो भनेर गीत गाएर वा सुनाएर जनतालाई सूचना दिनुपर्ने अवस्था छ। त्यस्तै जनताले पाउनुपर्ने सही सूचना प्राप्त गर्न सकिरहेका छैनन्। काठमाडौंको प्रजातन्त्रभन्दा मोरङ्गको प्रजातन्त्र भिन्नै देखिन्छ। त्यस्तै कैलालीको प्रजातन्त्र हेर्नुभयो भयो भने त्यो झन् कहालीलाग्दो छ। नागरिक अधिकारको कुरा, अभिव्यक्ति र सुसूचित हुने वा हुन पाउने अधिकारको कुरा गर्दा मुख बन्द गर्नेसम्मको अप्ठ्यारो अवस्था पत्रकारिता क्षेत्र र पत्रकारले भोग्नु परिरहेको छ। नेपालको पत्रकारिताले व्यवसायिक रूप लिन थालेको अवस्थामा सञ्चार जगत् फेरि मिशन पत्रकारितातर्फ फर्कन बाध्य पार्ने काम भइरहेको छ। सञ्चार माध्यमलाई

बखानी माध्यम र गुणगान गाउने आधारका रूपमा प्रयोग गर्ने प्रयास भइरहेको छ तर, सञ्चार जगत् त्यसको पक्षमा लाग्नेवाला छैन। प्रजातन्त्र र स्वतन्त्र प्रेसको महत्व सबैले बुझेका छन्। यसको रक्षा र स्थायित्वका लागि लाग्न र देखेको कुरा लेख्ने कलमलाई भाँच्ने प्रयत्नबाट प्रेसलाई जोगाउन प्रयत्नरत् रहनुपर्ने अवस्था आएको छ।

**दिनमणी पोखरेल**, *एक्सन-एड*

राज्यको आवश्यकतालाई कानुनको शासन, व्यक्ति वा नागरिकको स्वतन्त्रता र राज्यको सुरक्षा तीन महत्वपूर्ण तत्वहरूले बाँधेको छ। यी तीनै पक्ष वा तत्वलाई एक-अर्काबीच तालमेल मिलाएर मात्र वास्तविक राज्यको परिकल्पना हुनसक्ने भएकाले राज्यको सुरक्षालाई मात्र महत्व दिएर नागरिक स्वतन्त्रता र मानवअधिकारको हनन् गर्न मिल्दैन। सरकारमा बस्नेले देशको माया बढी गर्छन् भन्ने होइन। हरेक नागरिकलाई देशको उत्तिकै माया हुन्छ जति अहिलेको सरकारमा बस्नेले भनिरहेका छन्। यसो भनेर नागरिकले देशको लागि केही गरेनन् भन्ने अर्थ लगाउनु उचित होइन। नागरिकले देशका लागि ज्यान अर्पण गर्ने वातावरण निर्माण हुनुपर्छ। नागरिकले देशलाई के दिए भन्नेभन्दा पनि राज्यले नागरिकलाई त्यस्तो वातावरण दियो कि दिएन भन्ने कुरा महत्वपूर्ण हो। राज्यले नागरिकको बोल्ने र लेख्ने अधिकारलाई बञ्चित गरेको अवस्थामा देशको माया गर्न पाउने अधिकारको समेत हनन् भएको आभाष भइरहेको छ। संकटकाल संकटकालको रूपमा आउनु पर्छ, वास्तविकरूपमा लक्षित भएर आउनु पर्छ। नागरिक अधिकारको रक्षा गर्ने रक्षकको रूपमा आउनु पर्छ न कि नागरिक अधिकारको कटौती गर्ने हाउगुजीका रूपमा। ●

# इलाम

२०६२ बैशाख २२



मानवअधिकार मञ्च, इलाम र मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको संयुक्त आयोजनामा मिति २०६२ बैशाख २२ गते इलाममा संकटकाल र मानवअधिकार विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रम मानवअधिकार मञ्चका अध्यक्ष डि.एन. पराजुलीको अध्यक्षता, प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद सापकोटाको प्रमुख आतिथ्य र मानवअधिकार मञ्चका सचिव देवेन्द्र विश्वकर्माको सञ्चालनमा सम्पन्न भएको थियो। कार्यक्रममा अधिवक्ता तथा नेपाल बार एशोसिएसन, पुनरावेदन बार एकाईका अध्यक्ष राजकुमार वनले आधारपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा मानवअधिकार मञ्च, इलामका सदस्य तथा मानवअधिकार वर्ष पुस्तक प्रतिनिधि प्रकाश अधिकारीले स्वागत गर्नु भएको थियो।

## आधारपत्र प्रस्तोता

**अधिवक्ता राजकुमार वन**, *अध्यक्ष पुनरावेदन अदालत बार एशोसिएसन*

२०५८ मंसिर ११ गते लागेको संकटकाल र २०६१ माघ १९ गते लागेको संकटकालमा सिद्धान्त एउटै भए पनि व्यवहारिक  ढंगबाट हेर्ने हो भने फरक नै रहेको छ। धारा १२७ को प्रयोग संविधानको भावना र मर्म अनुरुप छैन। प्रधानन्याधीशको अभिव्यक्तिका सन्दर्भमा जे भनिए पनि केही मुद्दामा न्यायालयले छवि वचाएको छ। जस्तै सिन्धुनाथ प्याकुरेल, गौरी प्रधानलगायत्लाई छोड्न आदेश दिएको छ। कानूनले समान संरक्षण गर्नुपर्ने त्यो संकटकालको समयमा नदेखिएकै हो। कानूनको समान संरक्षण हुनुपर्छ भन्ने डाइसेको सिद्धान्त व्यवहारमा देखिएन।

**बालकुमार कटुवाल**, *नेका (प्रजातान्त्रिक)*

संकटकाल दुईवटा लागे पनि यसको प्रकृति भने दुई किसिमकै रहेको छ। विगतको संकटकाल जननिर्वाचित सरकारबाट लागेको र सार्वभौम जनताको जनप्रतिनिधिमूलक संस्था प्रतिनिधि सभाबाट अनुमोदन भएको थियो तर भर्खरै समाप्त भएको संकटकाल राज्य प्रमुखबाट लगाइएको हो। यो संकटकाल अनुमोदन गर्ने निकाय नभएको अवस्था छ।

**धर्म गौतम**, *समाजसेवी*

संकटकालमा समेत मानवका नैसर्गिक अधिकारहरू हनन् गर्नुहुदैन भन्ने आशयका साथ आएको छ। हालको अवस्था आउनमा प्रजातान्त्रिक पद्धतिको दोष भन्न मिल्दैन। मेची अञ्चलमा

संकटकालीन अवस्थामा मानवअधिकार उल्लंघनका केही उल्लेखनीय उदाहरण छन्। नेपाली कांग्रेस झापाका सभापतिलाई घरबाटै कुटपिट गरी गिरफ्तार गरिएको तीतो सत्य हामीबाट छिपेको छैन। संकटकालको यो अवस्थामा संविधानको धारा १२७ को प्रयोग होइन दुरुपयोग भइराखेको छ।

**उत्तम पौडेल**, *अधिवक्ता*

न्यायालयले संकटकालको समयमा आफ्नो छवि धमिल्याएको छ। बारले प्रधान न्यायाधीशको राजिनामा माग गरेको छ।

**उमाराम प्रसाईं**, *अधिवक्ता*

सकंटकालको औचित्य के हो भन्नेबारेमा पुष्टि हुन सकिरहेको छैन। संविधानको धारा ११५ अनुसार देशमा चरम आन्दोलन भई शान्ति सुव्यवस्था खलल भएको, चरम आर्थिक विपत्ति आएको अवस्थामा सकंटकाल लाग्ने गर्दछ। नेपालको र्वतमान परिवेश भनेको माओवादीले अशान्ति फैलाएपछि सेनाले प्रतिकार गर्दा आएको संकटकाल हो। संकटकालको असरका बारेमा जानुभन्दा अगाडि कारण खोज्दा राम्रो हुन्छ। माघ १९ पछाडि संकटकाले के असर गऱ्यो भन्दा पनि माघ १९ पछाडि संकटकाल लगाउनुको कारण के हो भन्नेबारेमा संकटकाल समाप्त भएपनि पुष्टि हुन सकिरहेको छैन। नेपाल अधिराज्यमा संकटकालको घोषणा गरिए पनि सुरक्षा निकाय शहरमा मात्र सीमित छ। कार्यकारिणी अधिकार राजाले लिएको अवस्थामा संविधानलाई दुरुपयोग गरिएको कार्य हो।

प्रजातन्त्रमा मात्र संकटकाल हुन्छ। निरंकुशतन्त्रमा त जहिले पनि संकटकाल हो। अहिले मानवअधिकार तुरुङ्गमा हालिएको छ। मानवअधिकारको व्यापक उल्लंघन भएको छ। नेपालमा मानवअधिकार छैन किनकी कानूनको शासन छैन। कानूनको शासन नभएपछि मानवअधिकार हुने प्रश्नै आउँदैन। अन्तर्राष्ट्रिय जगतले पनि मानवअधिकार छैन भनिरहेको अवस्थामा अब हामी सबै मिलेर कानूनको शासन र मानवअधिकार स्थापनाका लागि आन्दोलन गर्नुपर्छ। अहिले प्रजातान्त्रिक व्यवस्था छैन।

**भक्त के.सी.**

संकटकाल आफैमा संकटको अवस्था हो। कानूनमा सबैलाई समान संरक्षण गर्ने व्यवस्था भए पनि संकटकालको घोषणापश्चात् संकटकालसँग सहमत हुनेलाई हजारौं हजारको जुलुस निकाल्न दिइयो तर सहमत नहुनेलाई २ जना चिया पसलमा चिया खाँदै गरेको बेला पनि पक्राउ गर्ने काम भयो। त्यसैले भर्खर समाप्त भएको संकटकाल पक्षपातपूर्ण रहेको छ। प्रेस स्वतन्त्रता कुण्ठित भएको छ। मानवअधिकारको व्यापक हनन् भएको छ।


**प्रेमप्रसाद सापकोटा**, *प्रमुख जिल्ला अधिकारी*

प्रजातन्त्रमा आफ्ना विचार अभिव्यक्त पाइन्छ तर त्यसका पनि सीमा हुने गर्छन्। वर्तमान परिस्थितिको सृजना हुनुको कारण भनेको चुनाव हुन नसक्नु नै हो। माओवादीले २०४६ सालको आन्दोलनबाट प्राप्त वहुदलीय व्यवस्थालगायत् महत्वपूर्ण व्यवस्थालाई निस्प्रभावी बनाउन खेलिएको कुटिल चाल हो। राज्यले काम गर्दा न्यूनतम बल प्रयोग गर्दा मानवअधिकारको हनन् हुन गयो भने त्यो पनि कार्वाहीको विषय वनेका छन्। राज्य प्रेस स्वतन्त्रता, मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्न कटिवद्ध छ। त्यहि कारण महान्याधिवक्ताको अध्यक्षतामा मानवअधिकार समिति, निर्माण गरेको छ। आयोगको स्थापना गरेको छ र संयुक्त राष्ट्रसंघलाई अनुगमनको अनुमति दिइएको पनि छ। हामीले मानवअधिकारलाई उच्च महत्व दिने गरेका छौं। सवै मिलेर हत्या हिंसाको विरोध गरौं। प्रजातन्त्रमा मात्र मानवअधिकार रहन्छ र मानवअधिकार रह्यो भने मात्र प्रजातन्त्र बलियो हुन्छ।

**डि.एन. पराजुली**, *अध्यक्ष मानवअधिकार मञ्च, इलाम*

तीन महिनाको संकटकालमा छिटफूट घटनाबाहेकका राज्यबाट उल्लेखनीय मानवअधिकार विरोधी गतिविधि भएका छैनन्। तर विद्रोही समुहले धेरै गम्भीर किसिमका मानवअधिकार उल्लंघनजन्य ज्यादती गरेका छन्। चन्दा, धम्की, अपहरण व्यापक मात्रामा भएको छ। जसविरे घटनाले विद्रोहीको ज्यादति बढेको देखिन्छ। ●

# संखुवासभा
२०६२ जेठ ६



२०६१ माघ १९ गते गरिएको शाही घोषणापछि नेपालमा मानवअधिकार उल्लंघनले चरम सीमा नाघेको अवस्थामा संकटकाल र मानवअधिकार विषयक एक दिने अन्तरक्रिया कार्यक्रम २०६२ जेठ ६ गते सम्पन्न भएको थियो। मानवअधिकार शान्ति तथा विकास प्रबर्द्धन अनुगमन समिति संखुवासभा र मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको संयुक्त आयोजनामा सम्पन्न भएको थियो। कार्यक्रममा सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुखहरू, राजनीतिक दलका जिल्लास्तरीय नेताहरू, पत्रकार, नागरिकसमाजका व्यक्तित्वहरू, द्वन्द्व पीडितहरू, मानवअधिकारकर्मी र सुरक्षानिकायका प्रमुखहरूको उपस्थिति थियो। कार्यक्रम खड्ग राईको सभापतित्व र इन्सेकका महासचिव कुन्दन अर्यालको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

**कुन्दन अर्याल,** महासचिव, इन्सेक

देशमा संकटकाल लगाई जनताका मौलिक हकहरू निलम्बन गरिनुपर्ने कारणका सम्बन्धमा संयुक्त राष्ट्रसंघमा सरकारले दिएको सूचना र सरकारद्वारा गरिएका कार्यहरूको तादात्म्यता मिलेको छैन। सूचना प्रवाहमा रोक, प्रेसमाथि नियन्त्रण, आवत-जावतमा रोक, राजनीतिक गतिविधिमाथि नियन्त्रण, स्वेच्छाचारी गिरफ्तारी र बेपत्ता पार्नेजस्ता प्रशस्त मानवअधिकार विरोधी कार्य सरकारको तर्फबाट भएको छ। यसबीचमा न्यायपालिका र राष्ट्रिय मानवअधिकार आयोग समेत कार्यपालिकाबाट प्रभावित भएको छ। यस अवधिमा ६ सय नेपालीको ज्यान गइसकेको छ। माओवादी दमनको लागि संकटकाल लगाइएको भनिए तापनि संसदवादी राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गरी संविधान मिच्ने कार्य भएको छ। हाल मुलुकमा संकटकाल हटाइए पनि व्यवहारमा अनुभुति गर्न नपाइएको अवस्था छ। माओवादीहरूले अन्तर्राष्ट्रिय मानवीय कानुनको साझा धारा ३ को प्रत्यक्ष उल्लंघन गरेको छ। माओवादीले संखुवासभाको चैनपुरमा खानेपानी मुहान भत्काएका कारण त्यहाँका जनतालाई खानेपानीको समस्या उत्पन्न भएको छ। मानवीय कानुन मान्छु भन्ने माओवादीले पानी खानबाट बञ्चित गर्नु मानवीय कानूनको उल्लंघन गर्नु हो।

## आधारपत्र प्रस्तोता

**यज्ञ शर्मा**, *पत्रकार*

संकटकालमा पनि कानुनी राज्य नै हुने तर व्यवहारमा त्यो नभएर राजनीतिक कार्यकर्ता,

पत्रकार तथा मानवअधिकारकर्मीहरूलाई गिरफ्तार गरेर मानवअधिकारको ठाडो उल्लंघन गरिएको छ। प्रेस स्वतन्त्रताको घाँटी निमोठिएको र मुलुक संकटकालमुक्त घोषित गरिए पनि भय र त्रासको स्थिति यथावत रहेको छ।

**मात्रिका तिम्सिना**, *सभापति, नेपाल पत्रकार महासंघ, संखुवासभा*

माओवादी आन्दोलन शुरु भए यता सरकार र माओवादीका कारण ज्यान गुमाएका, गिरफ्तारी र अपहरणमा परेका पीडितहरूको तथ्याङ्कले दुबै पक्षले मानवअधिकारको उल्लंघन गरेका छन्।

**देवराज खड्का**, *सचिव, नेकपा (एमाले)*

सरकारले माओवादी दबाउने नाममा राजनीतिक दलहरूमाथि दमन गर्दै आएको छ। राजाबाट जनताका प्रजातान्त्रिक अधिकारहरू खोसिएको छ। स्थानहद लागू गरेर जनताको हिँडडुल गर्ने अधिकार हनन् गरिएको छ।

**हरिकृष्ण खतिवडा**, *प्रमुख जिल्ला अधिकारी*

हामी जिल्लाबासीलाई कानूनी शासनको अनुभूति गराउन प्रयासरत् छौं। काम गर्दा गल्ती हुनसक्ने र मानवअधिकारकर्मी, नागरिक समाज र राजनीतिक दलहरूले त्यस्ता कमीकमजोरी औंल्याइदिएकोमा त्यसलाई सुझावको रूपमा लिई सुधार गर्दै जाने छौं।

कार्यक्रममा नेपाली कांग्रेसका दीपेन श्रेष्ठ, राप्रपाका पदमकेशर कार्कीलगायतका वक्ताहरूले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो। ●

# पश्चिमाञ्चल क्षेत्रमा सम्पन्न कार्यक्रम

## पोखरा

२०६१ चैत ३०



२०६१ चैत ३० गते पोखरामा मानवअधिकार सन्धि अनुगमन समन्वय समितिद्वारा आयोजित संकटकाल र मानवअधिकार विषयक पश्चिमाञ्चल क्षेत्रस्तरीय अन्तरक्रिया कार्यक्रम इन्सेक महासचिव कुन्दन अर्यालयको अध्यक्षतामा पोखरामा सम्पन्न भएको थियो। कार्यक्रम इन्सेक क्षेत्रीय संयोजक सोमराज थापाले सञ्चालन गर्नुभएको थियो भने क्षेत्रीय कार्यालयका गणेश श्रेष्ठले स्वागत मन्तव्य राख्नु भएको थियो। कार्यक्रममा इन्सेकका निर्देशक विजयराज गौतमले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो। पुनरावेदन अदालत पोखराका न्यायाधीश मोहनप्रसाद घिमिरेको प्रमुख आतिथ्य र इन्सेक क्षेत्रीय कार्यालय पोखराको व्यवस्थापनमा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा अधिवक्ता दिनेश त्रिपाठीले आधारपत्र प्रस्तुत गर्नुभएको थियो। त्रिपाठीको आधारपत्रको संक्षिप्त अंश तल प्रस्तुत गरिएको छ।

## आधारपत्रको संक्षिप्त अंश

संकटकालमा राज्य र नागरिकका सीमाबारे मुलुकभरी बहस भएका छन्। संकटकालको संवैधानिक आधार के हो ? त्यसले जनताको मौलिक अवस्थामा कस्तो प्रभाव पर्दछ। संकटकाल जनताको अधिकारको संरक्षणका लागि कस्तो अवस्था हो ? अन्तर्राष्ट्रिय सन्धि सम्झौताले कस्तो व्यवस्था गरेको छ। यी विषयले चर्चा पाएका छन्।

खासगरी संकटकाल असाधारण परिस्थितिको उपज हो। संविधानले संकटकाल सामान्य अवस्थामा लागू हुन नसक्ने व्यवस्था गरेको छ।

संकटकालमा राज्य बढी शक्तिशाली देखिए पनि दुरूपयोग भयो भने घातक परिणाम आउन सक्छ। संकटकालमा संविधानका धारा निलम्बन हुन्छ भनेको समाप्त नै भएको होइन ग्रहणमात्र लागेको हो। संकटकालमा राज्य संयन्त्रले जथाभावी कार्य गरे उपचारको व्यवस्था छ। अहिले संकटकाल आंतकवाद नियन्त्रणका लागि हो भनिए पनि दलहरूका गतिविधिलाई रोक लगाउनु गम्भीर कुरा हो। राज्यले स्वेच्छाचारी निर्णय गरेको छ भने वदर हुन सक्छ। संविधानको धारा २३ अन्तर्गत गैरकानुनी थुनालाई चुनौति दिन सकिन्छ। गैरकानुनी थुनाका विषयका सबै मुद्दालाई सर्वोच्च अदातलले स्वीकारको छ। सर्वोच्चको क्षेत्राधिकारमा ग्रहण लागेको छैन। संकटकालको दुरूपयोग गरेर मौलिक हक बन्देज गर्ने कानुन बने सर्वोच्चले असाधारण अधिकार प्रयोग गरेर खारेज गर्न सक्छ।

मानवअधिकारको प्रश्नले सार्वभौम महत्व राख्दछ। यो राज्यको सीमाभित्र रहदैन।

मानवअधिकारको संरक्षणका सवालमा निरन्तररूपमा प्रयास भइरहेको छ।

नेपालले विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा हस्ताक्षर गरेको छ। गैरकानुनी तथा मानवअधिकार उल्लङ्घनका घटनामा राष्ट्रमा कानुनी उपचार नपाए अन्तर्राष्ट्रिय तहबाट उपचार पाइन्छ। किनकी त्यस खालको सन्धिमा नेपालले हस्ताक्षर गरेको छ।

नागरिक समाज बलियो भयो भने यो इतिहासको अन्तिम संकटकाल हुन सक्छ। राम्रा कुरा गर्दा थुनिन परे पनि बोल्न पर्‍यो। नागरिक समाज जति बलियो भयो, दल जति सशक्त भए त्यति चाडै स्वतन्त्रता प्राप्त हुन्छ। संविधानमाथि आक्रमण भएको छ। संविधान मरेको छैन । संविधानले जनताको मौलिक हकको रक्षा गर्न आवश्यक छ। संकटकाल लागू नगरे पनि आंतकवादसँग मुकाविला गर्न सकिन्छ। शाही घोषणाले दलमाथि प्रतिबन्ध लगाएको छैन। उनीहरूले खुल्लारूपमा गतिविधि गर्न पाउनु पर्दछ। दलका नेता, मानवअधिकारकर्मी, बुद्धिजीविलाई आवत जावतमा रोक लगाएर तथा सूचना दवाएर संकटको निवारण हुँदैन। सूचना लुकाए राज्य कमजोर हुन्छ। समाजको उन्नती प्रगति रोकिन्छ। प्रजातन्त्र र मानवअधिकारको कुरा सबैको सरोकारको विषय हो। संकुचितरूपमा हेर्न मिल्दैन। नेपालले मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि महासन्धिमा हस्ताक्षर गरेपछि तिनका सवालमा विदेशीले कुरा गरे भन्न मिल्दैन।

## आधारपत्रमाथि टिप्पणी

**विजयराज गौतम**, *निर्देशक, इन्सेक*

समाजका सचेत वर्गले संकटकालमा पनि मानवअधिकारको उपयोग गर्न जनतालाई सुसूचित गर्नु पर्दछ। संकटकालमा राज्य स्वेच्छाचारी बन्न सक्छ। संकटकालको समाप्ति पछि पनि त्यसको लेखा जोखा हुने भएकोले राज्य सजग हुनु पर्दछ। संकटकाललाई व्यवस्थित गर्न अनुगमन समिति बनाउनु पर्दछ। संकटकालले जनतामा अन्यौल ल्याएको छ। सचेत वर्गले निलम्बन नभएका संविधानका धारालाई उपभोगमा ल्याएर जनताका आधारभूत अधिकार सुरक्षित गर्न अग्रसर हुनु पर्दछ।

**तिलक पराजुली**, *अधिवक्ता*

संकटकालमा पनि मानिसको बाँच्ने अधिकार कसैले कुण्ठीत गर्न सक्दैन। सुगौली सन्धि यताको अवधिमा देशले सबभन्दा ठूलो संकट व्यहोर्नु परेको छ। संकटकालको उद्देश्य शान्ति कायम गर्नु भनिए पनि हतियारद्वारा समस्याको समाधान गर्न खोजिएको जस्तो देखिन्छ। तर, विचार र वार्ताबाट समस्याको समाधान खोजिनु पर्दछ। अहिले संकटकालमा हुने क्षति कम गर्ने कुरा चिन्ता र चासोको विषय बनेको छ। राष्ट्रका सबै शक्ति एकै ठाउँ बसेर निकास खोज्नु

पर्दछ। एउटै शक्तिले मुलुकको चुनौतिको सामना गर्न सक्दैन।

**रविन्द्र बास्तोला**, *सभापति नेपाल पत्रकार महासंघ, कास्की*

मानवअधिकारका सवाल अपरिवर्तनीय छन्। संकटकाल लाग्दैमा व्यक्तिका अधिकार हनन् गर्न पाइँदैन। संविधानले प्रेस बन्द गर्न पाइँदैन भनेको छ। तर, संकटकाल संविधानभन्दा अगाडी गएर कारवाही भएका छन्। पत्रपत्रिकाका कार्यालयमा ताला लागेका छन्। मानवअधिकारका सीमा हुँदैन तर, कार्यन्वयन गर्ने राज्य पक्ष नै हो।

**टेकनाथ बराल**, *स्वतन्त्र वाम नेता*

संकटकाल मानवअधिकारको सुरक्षाको लागि लगाइए त्यसको उद्देश्य पुरा हुन्छ। मानवअधिकार जस्तोसुकै अवस्थामा पनि वहाली हुनु पर्दछ। दलमाथि प्रतिबन्ध नलगाएको अवस्था भए पनि दलहरूले शान्तिपूर्ण कार्यक्रम गर्न पाएका छैनन्। यो आफैमा अमिल्दो कुरा हो।

**डा. विश्वकल्याण पराजुली**, *नेपालबुद्धिजीवी परिषद्, कास्की*

संकटकाल भनेको जनताका आधारभूत अधिकारको रक्षाका लागि आफ्नो अधिकार राज्यलाई सुम्पेको अवस्था हो। हाम्रो अधिकार खोसेर रक्षाको काम गर् भनेको हो। त्यसैले संकटकाल व्यवस्थित हुनु जरूरी छ। संकटकाल आतंकवादलाई नियन्त्रण गर्न लगाइएको भनिएको छ तर, आंतकवादसँग सरोकार नराख्ने बुद्धिजीवी, कानुन व्यवसायी, पत्रकार, मानवअधिकारकर्मीले किन यातना भोग्नु पऱ्यो ? राज्यले संकटकाल व्यवस्थित नगरे ठूलो क्षति व्यहोर्नु पर्दछ। सन् १९४१ मा बेलायत नाजीसँग युद्ध हार्दा त्यहाँका शासकले जनताका रेडियो जफत गरेका थिए। सूचनाको हकको सवालमा नेपालमा अहिले त्यस्तै अवस्था भएको छ।

**गोविन्द शर्मा पौडेल**, *पूर्व उपाध्यक्ष, नेपाल बार एशोसिएसनका*

संकटकालमा पीडित भएका जो कोहीले न्यायलयबाट उपचार पाउनु पर्दछ। उपचार प्रदान गर्न अदालत पूर्ण स्वतन्त्र छ। संविधान र कानुनका कुरामा राज्य सधै जिम्मेवार हुनु पर्दछ। तर, कतिपय सवालमा अदालत पनि निरीह छ। प्यूठानका जिल्ला न्यायाधिश वीरेन्द्र कर्णलाई सिडिओ र डिएसपीले प्रक्राउ गरी शाही आयोगमा बुझाउने काम भयो। यो कानुनको शासनभित्र पर्ने कुरा होईन।

**लालकुमारी गुरूङ्ग**, *नर्सिङ्ग क्याम्पस प्रमुख*

स्वास्थ्यको सवाल मानवअधिकारसँग सम्बन्धित कुरा हो। द्वन्द्वका घटनाले स्वास्थ्य क्षेत्रलाई अझै सजग रहनु पर्ने बनाएको छ। संकटकालमा बालबालिका महिला बढी पीडित

हुन सक्छन्। उनीहरूको आवाज सबैले उठाउन जरूरी छ।

**हेममोहन भट्टराई,** *अध्यक्ष पुनरावेदन बार एशोसिएसन, पोखरा*

संकटकाल संविधान, कानुनले ल्याउदैन तत्कालीन घटना क्रमको उपज हो। नियतबस लगाएको संकटकाललाई कसैले स्वीकार्दैन। नेपालमा विकसित भएको घटनाक्रममा अन्तर्राष्ट्रिय स्तरको चासो बढ्नु सकारात्मक हो। राज्य संवेदनशील संस्था भएकाले मानवअधिकारका रक्षाका लागि राज्य नै पहिला सकारात्मक बन्नु आवश्यक छ। सैद्धान्तिकरूपमा संकटकाल र मानवअधिकार एक अर्काका शत्रु हुन । यिनीहरूसँगै अगाडी बढ्न सक्दैनन्। मानवअधिकारको रक्षाका लागि संकटकालको मृत्यु आवश्यक छ।

**बद्रिविनोद प्रतीक,** *उपसभापति, नेपाल पत्रकार महासंघ*

सञ्चारले जनतालाई सचेत बनाउँछ। त्यसैले सञ्चार क्षेत्रलाई एक मिनेट पनि बन्द गर्न हुँदैन। सूचना दबाए घातक परिणाम आउन सक्छ। अहिले प्रेस निर्देशित छ। राज्यले स्वीकृति दिएका एफ.एम.हरूले समाचार प्रशारण गर्न नपाएर भजन गाएर बसेका छन्। संकटकाल निश्चित समयका लागि मात्र हुनु पर्दछ।

**कृष्णप्रसाद लम्साल,** *कामु प्रजिअ जिल्ला प्रशासन कार्यालय,कास्की*

संविधान र कानुनको व्यवहारमा पालना नभएपनि संकटकाल लाग्न सक्छ। सभ्य र प्रजातान्त्रिक समाजले मानवअधिकारको पालना गर्न सक्छ। अमेरिकाले पालना गर्ने कुरा हामीले पालन गर्न सक्दैनौ। राष्ट्र संकटमा परेका बेला एकदुई दिन पत्रिका बन्द गरिनुलाई ठूलो रूपमा लिनु हुँदैन। माघ १९ गतेपछि पोखरामा दुई दिन पत्रिका बन्द भए। पत्रकार बिरामी भएको वा सम्पादक मरेको अवस्थामा पनि एकदुई दिन पत्रिका बन्द हुन सक्छ। मानवअधिकार विधिको शासन हो। एकले मान्ने अर्कोले नमान्ने हुनुहुँदैन। संकटकालमा केही खुम्चनु पर्दछ। २०५८ सालमा संकटकाल लगाइएको प्रतिवेदन संयुक्त राष्ट्रसंघमा नचाहिने तर अहिले किन चाहियो ? हाम्रा समस्या यहीबाट समाधान गर्नु पर्दछ। अन्तर्राष्ट्रियकरण गर्नु हुँदैन।

**बाबुराम पौडेल,** *उप- प्राध्यापक*

संकटकाल के का लागि भन्ने बारे व्याख्या विश्लेषण गर्न जरूरी छ।

**पदमशरण रेग्मी,** *पृथ्वीनारायण क्याम्पस*

नेपालको अहिलेको संकट मानवसृजीत हो। संकटकालले नियन्त्रण गर्न नपर्ने क्षेत्रलाई रोके राज्य झन संकटमा पर्दछ।

**सोम श्रेष्ठ**, *अधिवक्ता*

संकटकाल कुन परिवेसमा लागू हुने हो स्पष्ट किटान हुनु आवश्यक छ। संकटकालपछिको मानवअधिकारको स्थितिको चर्चा परिचर्चा हुनु आवश्यक छ। संकटकालले निलम्बन नगरेका धारालाई क्रियाशील बनाउन नागरिक समाज लाग्नु पर्दछ।

**लेखनाथ भट्टराई**, *पृथ्वीनारायण क्याम्पस*

मानवअधिकारको क्षेत्रले आर्थिक अधिकार उठान गर्न सकेको छैन। द्वन्द्वले धेरै व्यक्ति सम्पत्तीसम्बन्धी अधिकारवाट वञ्चित भएका छन्।

**गोरखराज ओझा**, *सह संयोजक, त्रिविवि प्रध्यापक संघ पोखरा उपत्यका समन्वय समिति*

दलमाथि प्रतिबन्ध लगाइएको छैन तर किन उनीहरूले शान्तिपूर्णरूपमा कार्यक्रम गर्न पाउदैनन् ? संकटकालका नाउँमा प्राज्ञिक स्वतन्त्रतामाथि हस्तक्षेप भएको छ।

**कमल पौडेल**, *अधिवक्ता*

संकटकाल अनुमोदन गर्न संसद छैन। अनुमोदन नगरी संकटकाल अगाडी बढ्न नदिन सबै सजग बन्नु पर्दछ।

**डा. कृष्ण केसी**, *बुद्धिजीवी*

द्वन्द्वले सृजेको संकट र संकटले कुज्याएको मानवअधिकार तथा कूचक्रको शिकारमा परेका हामी नेपालीले त्यसै रणभूल्लमा परेर आफ्ना अधिकारका कुरा उठाउन सकेका छैनौं।

**जगत विक**, *अध्यक्ष, नेपाल दलित मानवअधिकार संगठन*

संकटको मोचनतर्फ संकटकाल कतिको उन्मुख छ ? त्यसको खोजी हुनु आवश्यक छ। तर, राज्यले ढाँट कुरा गरेर जनतालाई गुमराहमा पार्न खोजको छ।

**कुन्दन अर्याल**, *महासचिव, इन्सेक*

शाही घोषणा सुन्न नपाउँदै धेरै व्यक्ति पक्राउ परे। आंतकवादसँगै सरोकार नभएका व्यक्ति पीडित हुनु हुँदैन। यसबारे संसारभर आवाज उठेको छ। जुन देशमा सूचनाको हक हुन्छ त्यस देशमा भोकमरी हुदैन। सञ्चार मन्त्री टंक ढकालले केटीहरूले पाइन्ट लाउन पाउँछन् भनेर स्पष्टीकरण दिनुपर्ने कुरा सूचनाको संकटले भएको हो। राष्ट्रिय सुरक्षा, सैनिकको संख्या सोध्ने होइन सूचना खोज्न पाइन्छ। राज्यले बोल्न दियो भन्दैमा संकटकालको असर परेको छैन भन्नु भ्रम हो। २०१७ साल र २०६१ सालको संकटकालको प्रवृति एउटै छ। राज्यको भनाई र

गराई अमिल्दो छ। परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले नेपालमा संयुक्त राष्ट्रसंघको मानवअधिकार अनुगमन उच्चस्तरीय संयन्त्र स्थापना गर्न जेनेभा बैठकमा हस्ताक्षर गरेर फर्केको कुरा कास्कीका प्रशासकलाई थाहा हुँदैन ? कुरा नबुझेर नागरिक समाजले नेपालको मामला अन्तर्राष्ट्रियकरण गऱ्यो भन्न सुहाँउदैन। परराष्ट्रमन्त्री पाण्डेले पत्रकार सुरक्षित छन् भनेकै दिन कनकमणि दिक्षीत गिरफ्तार हुने ? संकटकाल यता मानवअधिकारकर्मी भाषणमा मात्र होइन आवश्यक तथ्य र तथ्याङ्क राख्न पनि सक्षम छन्। अहिले नागरिक समाज कमजोर छैन। आंतकवादलाई निर्मुल बनाउने हो भने त्यही खालको व्यवहार हुनु पऱ्यो। राज्यमा बसेका सीमित व्यक्तिले हामी मात्र आंतकवादसँग लडेका छौं भन्ने ठान्नु हुँदैन। वार्ता र सहमतिबाटै माओवादीलाई मुलधारमा ल्याउन सकिन्छ। युद्धमा संलग्न नभएका व्यक्तिलाई मार्न पाइँदैन। माघ १९ पछि पनि थुप्रै सर्वसाधारण पीडित भएका छन्। तिनीहरूको पक्षमा हामी मानवअधिकारकर्मी बोलेका छौं। अहिले गलत काम गर्नेलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतले कारवाही गर्दछ। नागरिक समाज जनताको असहज अवस्थाका साथी हो। जनताका आधारभूत अधिकारका सवालमा नागरिक समाज सधै चनाखो भएर लागेको छ। संकटमा परेको संविधानलाई सकृय बनाउन लाग्नु पर्दछ। संविधानलाई नै आधार बनाएर अगाडी बढ्नु पर्दछ। ●

# नवलपरासी

२०६२ बैशाख ९



मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको आयोजनामा संकटकाल र मानवअधिकार विषयक एक दिने विचार गोष्ठी नवलपरासीमा सम्पन्न भयो।

नवलपरासीका जिल्ला न्यायाधिश रामेश्वरनाथ अमात्यको प्रमुख आतिथ्यता र इन्सेक महासचिव कुन्दन अर्यालको विशेष उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो। इन्सेक जिल्ला प्रतिनिधि नारायण पराजुलीको अध्यक्षता र इन्सेकसँग आवद्ध संस्था फोसाडका अध्यक्ष तिलक आचार्यको सञ्चालन तथा सिभिक्टका प्रतिनिधि गणेश सापकोटाको स्वागत मन्तव्यसहित कार्यक्रम शुरू भएको थियो। कार्यक्रममा इन्सेकका महासचिव कुन्दन अर्यालले संकटकालको बारेमा प्रकाश पार्नु भएको थियो भने अधिवक्ता दिनेश त्रिपाठीले आधारपत्र प्रस्तुत गर्नुभएको थियो।

## आधारपत्रको संक्षिप्त अंश

आधारपत्र प्रस्तोता अधिवक्ता त्रिपाठीले आफ्नो आधारपत्रमार्फत् संकटकालको वैधानिक र औचित्यबारे प्रश्न उठाउँदै यसले निम्त्याएका समस्याबारे प्रकाश पार्नु भएको छ। संकटकाल लागू गरिनु कुनै पनि राष्ट्रका लागि असहज र असामान्य अवस्था हो भन्दै त्रिपाठीले कुनै पनि वहानामा यसको दुरुपयोग गर्न नहुने कुरामा जोड दिनु भएको छ। उहाँको आधारपत्रमा- संविधानमा व्यवस्थित संकटकालीन अधिकारको दुरुपयोग गरिएमा दुरगमी रूपमा राष्ट्रले यसको घातक परिणाम व्यहोर्नुपर्ने हुन जान्छ। तसर्थ संकटकालीन अधिकारको प्रयोग अत्यन्त सतर्कता एवं सावधानीका साथ राष्ट्रिय जनमतलाई ध्यानमा राखेर गरिनुपर्दछ भनने तथ्य स्वयंसिद्ध छ।

आधारपत्रमा नेपाल अधिराज्यको संविधान, २०४७ मानवअधिकार एवं प्रजातन्त्रको आधारभूत मूल्य एवं मान्यताद्वारा अभिप्रेरित भएको उल्लेख गर्दै संविधान मानवअधिकारको विश्वव्यापी घोषणा एवं मानवअधिकारका आधुनिक अवधारणासमेतबाट अनुप्रेरित छ भनिएको छ।

**रामेश्वरनाथ अमात्य**, *जिल्ला न्यायाधिश, नवलपरासी*

जिल्लामा मानवअधिकार उल्लङ्घनका घटना बढ्दै गएकोले सबै क्षेत्रबाट मानवअधिकार संरक्षणका लागि सक्रियरूपमा कार्य गर्नु आवश्यक रहेको छ।

**कुन्दन अर्याल**, *महासचिव, इन्सेक*

मुलुकमा संकटकाल लागे पनि केही हदसम्म मानवअधिकारको प्रत्याभूति गर्न सकिन्छ।

अहिलेको संकटकालको अवस्थामा अभिव्यक्तिको स्वतन्त्रतालाई लचिलो बनाउनुपर्ने हुँदा सोका लागि राज्यले पहल गर्नु पर्दछ। शान्ति स्थापनाका लागि छलफल, विचार विमर्श आदान प्रदान गर्नु पर्दछ। निशस्त्र व्यक्तिको हत्या जसले गरे पनि मानवअधिकारकर्मीको नाताले त्यसको निन्दा र भर्त्सना गर्नुपर्दछ।

**तिलक महत**, *सदस्य, नेकपा (एमाले)*

जिल्लामा मानवअधिकार उल्लङ्घनका घटनाहरूमा वृद्धि हुँदै गएको र माओवादी प्रतिकार समितिको ज्यादतीले गर्दा यही बैशाख २ गते माओवादीले हृदय विदारक घटना गराएका छन्। अझै अरू थप यसभन्दा ठूला घटना हुन सक्ने अवस्था देखा परेको छ। सुरक्षा निकायले प्रतिकार समूहलाई सहयोग गर्न हुँदैन। यस्तो अवस्थामा सर्वसाधारण जनताको जिउधनको सुरक्षामा बढी जोड दिनु पर्दछ।

**महादेव गुप्ता**, *कार्यवाहक सभापति, नेपाली काँग्रेस*

जिल्लाका सुरक्षा समितिले भारतीय डाँकाको नेतृत्वमा बनेको माओवादी प्रतिकार समितिलाई सहयोग गरेकोले मानवअधिकार उल्लङ्घनका घटनाहरू बढ्दै गएका छन्।

**सुदर्शन पन्त**, *अध्यक्ष, नेपाल बार एशोसिएसन नवलपरासी*

२०६१ पुस १० गते पक्लीहवा गाविसको रत्नगञ्जमा मानवअधिकारकर्मीहरूलाई माओवादी प्रतिकार समिति र सुरक्षाकर्मीले गरेको अमानवीय व्यवहारका कारण त्यस क्षेत्रमा जान नसकिने अवस्था छ। अहिले पनि उक्त समितिको धम्कीले गर्दा त्यो क्षेत्रमा जान सकिएको छैन।

**कृष्णबहादुर कार्की**, *अध्यक्ष, मानवधिकार संरक्षण मञ्च*

माओवादी प्रतिकार समितिले पटक-पटक हामी र हाम्रो घर परिवारसमेतलाई ध्वस्त पार्ने धम्की दिइरहेको छ।

उक्त कार्यक्रमका अधिकाशं वक्ताहरूले बैशाख २ गते माओवादी प्रतिकार समितिलाई लक्षित गदै आक्रमण गर्दा १४ वर्षीय बालकसहित १० जनाको हत्या भएको र उक्त घटना मानवअधिकारको ठूलो उल्लङ्घन भएको बताएका थिए। कार्यक्रमका प्रमुख अतिथि रामेश्वरनाथ आमात्यले जिल्लामा मानवअधिकार उल्लङ्घनका घटना बढ्दै गएकोले सबै क्षेत्रबाट संरक्षण गर्नुपर्ने आवश्यकता औल्याउनु भएको थियो। ●

# रुपन्देही

२०६२ बैशाख ८



मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको आयोजना र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) आबद्ध संस्था सामाजिक जागरण तथा विकास मञ्च ( फोसाड) को व्यवस्थापनमा संकटकाल र मानवअधिकार विषयक अन्तरक्रिया कार्यक्रम रूपन्देहीको बुटवलमा सम्पन्न भयो। कार्यक्रममा फोसाडका अध्यक्ष तिलक आचार्यले सभापतित्व गर्नु भएको थियो भने सचिव पुरूषोत्तम घिमिरेले कार्यक्रम सञ्चालन गर्नु भएको थियो। कार्यक्रममा उपस्थित सबैलाई फेसाडका उपाध्यक्ष सावित्रा अर्यालले स्वागत गर्नु भएको थियो। प्रमुख अतिथि राष्ट्रिय सभाका सदस्य रामचन्द्र भट्टराईले दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो।  कार्यक्रमको विशेष वक्ता अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का महासचिव कुन्दन अर्याल हुनुहुन्थयो। कार्यक्रममा अधिवक्ता दिनेश त्रिपाठीले आधारपत्र प्रस्तुत गर्नुभएको थियो। उक्त आधारपत्रमाथि अधिवक्ता तथा प्राध्यापकद्वय तेजप्रसाद कणेल र शालिकराम बन्जाडेले टिप्पणी गर्नुभएको थियो।

## आधारपत्रको संक्षिप्त अंश

संकटकालको घोषणा गर्नु कुनै पनि राष्ट्रको निम्ति गम्भीर र असहज परिस्थिति हो। राष्ट्रको लागि अकल्पनीय संकट नआईकन, राष्ट्रिय अस्मितामाथि गम्भीर अवस्थाको सृजना नभइकन वा काबु बाहिरको परिस्थिति नभइकन संकटकालको घोषणा हुँदैन। संकटकाल भन्ने नै राष्ट्र र जनतामाथिको गम्भीर संकट आइपरेको अवस्था हो। संकटकालको घोषणा राष्ट्र र जनताको रक्षा र संरक्षणका लागि हुन्छ र हुनु पर्दछ। जनतालाई सहज परिस्थितिमा बाँच्न सक्ने परिस्थिति निर्माण गरिनु पर्दछ। यस्तो अवस्थामा जनताका आधारभूत अधिकारहरू कटौती गरिनु हुँदैन। तर, अहिलेको संकटकालमा जनअधिकार कटौती गरेर जनतालाई सु-सूचित हुने अधिकारबाट बञ्चित गरेर, स्वतन्त्र पत्रकारितामाथि ठाडो हस्तक्षेप गरेर, रेडियो टेलिभिजनमा समाचार प्रसारणमा रोक लगाएर संकटकालको दुरूपयोग गरिएको छ।

नेपाल अधिराज्यको संविधान, २०४७ मा व्यवस्था भएको संकटकालको अधिकारको दुरूपयोग भएको छ। संकटकालको अवस्थामा न्यायालय बढी जिम्मेवार हुनु पर्दछ। तर वर्तमान अवस्थामा न्यायालयलाई समेत नियन्त्रित गरिएको स्पष्ट आभास पाइन्छ। संकटकालको यो अवस्था तत्काल अन्त्य हुनु पर्दछ। संकटकालको अवस्थामा पनि जनताका आधारभूत मौलिक अधिकारहरू सुनिश्चित गर्नु राज्यको कर्तव्य हो। तर, अहिले त्यसको ठिक विपरीत भएको छ।

## आधारपत्रमाथि टिप्पणी

**विनोद गौतम**, *अधिवक्ता*

२०४६ सालको ऐतिहासिक जनआन्दोलनको सफलताबाट प्राप्त जनअधिकारहरू २०४७ सालको संविधानले संस्थागत गरेको भए पनि अन्तिम निर्णय गर्ने अधिकार जनतामा सुरक्षित हुन नसकेकोले २०६१ माघ १९ गतेको घटना भएको हो। जनता अहिले रैतिको रूपमा बाँचिरहेका छन्। संकटकालको अन्त्य गरी जनअधिकार पुनर्वहाली नगरेसम्म २०४७ सालको संविधानको औचित्य सावित हुन सक्दैन। संकटकाल र मानवअधिकार दुई विपरीत अवधारणा भएकोले एकको उपस्थितिमा अर्काको औचित्य समाप्त हुन्छ। त्यसैले मानवअधिकारको वहालीका लागि संकटकालको अन्त्य हुनै पर्दछ।

**शालिकराम बन्जाडे**, *अधिवक्ता एवं प्राध्यापक*

नेपालको मानवअधिकारको स्थिति विश्वमै चिन्ताको विषय बनेको छ। संकटकालको यथासंभव अन्त्य गरी जनतालाई भय र त्रासबाट मुक्त गर्नु पर्दछ।

**तेजप्रसाद कणेल**, *अधिवक्ता एवं प्राध्यापक*

अहिले संकटकालको दुरूपयोग गरिएको छ। जनताका अधिकारमाथि घात गरिएको छ। अहिले सबैले आत्मसमीक्षा गरी विगतका कमी कमजोरी नदोहोऱ्याउन संकल्प गर्नु पर्दछ। जनतामाथि लादिएको तानशाही प्रजातन्त्रको विकल्प हुन सक्दैन।

**विनोद पाण्डे**, *कर्णेल, रणशार्दुल गढ रामनगर*

मानवअधिकारको अवस्था बुझ्न गाउँ-गाउँ र पहाडको कुना कन्दरामा जानु पर्दछ। जहाँ जनता एक छाक खान पाइरहेका छैनन्, आतंकबाट छटपटाइरहेका छन्। शाही नेपाली सेना जनताको मानवअधिकार रक्षा गर्न कटिबद्ध छ। सुरक्षा निकायबाट कहीँ कतै गल्ती भएको रहेछ भने हामी गल्तीअनुसारको सजाय भोग्न तयार छौं। हामीले अधिकारका कुरा गर्दा कर्तव्य र दायित्वको पनि ख्याल गर्नु पर्दछ। कर्तव्यविनाको अधिकार सम्भव छैन। वर्तमान अवस्थामा हामी सबै आम जनताको भावनाअनुरूप चल्नु पर्दछ।

**परशुराम गिरी**, *उपसभापति, नेपाली काँग्रेस, रूपन्देही*

सरकारले प्रजातन्त्रको निम्ति क्रियाशील नेता कार्यकर्ताहरूलाई थुनेर प्रजातन्त्रको भावना र मर्म व्यवहारमा उत्रँदैन। शान्ति र प्रजातन्त्रका लागि लड्ने नेताहरूलाई विभिन्न झुट्टा आरोपहरू लगाएर गिरफ्तार गर्ने तथा जेल हाल्ने जुन हर्कत भइरहेको छ त्यो प्रजातन्त्रको ठाडो उपहास हो।

**भोजप्रसाद श्रेष्ठ**, *सदस्य, नेकपा (एमाले) रूपन्देही*

शान्ति र प्रजातन्त्रका लागि लड्ने राजनीतिक पार्टीका नेता तथा कार्यकर्तालाई थुन्ने तथा यातना दिने र जेल हाल्ने काम भएको छ। प्रजातन्त्रमा शान्तिपूर्ण तवरले विरोध गर्ने, जुलुस निकाल्ने, धर्ना दिने कार्यहरू निर्वाधरूपले गर्न पाइन्छ। तर माघ १९ पछि कुनै पनि राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताले त्यस घटनाप्रति सामान्य असहमतिसमेत जनाउन पाएका छैनन्। संवैधानिक तथा संसदीय पार्टीमाथि संकटकालको दुरूपयोग गरिएको छ। शाही घोषणा र संकटकाल संकटको निकास हुन सक्दैन। मानवअधिकार रक्षा र प्रजातन्त्रका लागि सबै राजनीतिक शक्तिहरूबीच साझा सवालमा न्यूनतम सहमति र समझदारी कायम गरेर अगाडि बढ्नु पर्दछ।

**पुस्कर सापकोटा**, *जनमोर्चा नेपाल*

आतंकवाद नियन्त्रणको नाममा अहिले देशमा निरंकुशता लादिएको छ। संकटकाल समस्या समाधानको दिशातर्फ होइन निरंकुशता र सैनिकीकरणतर्फ उन्मुख भइरहेको छ। संविधानको स्रोत जनता हो भनिए तापनि २५० वर्ष देखिको दरबारिया हैकम र वंशानुगत सत्ता नै नेपाली जनताको निमित्त मुख्य बाधक बनेर रहेको छ।

**डी.आर. घिमीरे**, *सभापति, पत्रकार महासंघ रूपन्देही*

संकटकालले प्रेस स्वतन्त्रतामाथि ठाडो हस्तक्षेप गरेको छ। यसले जनताको सु-सूचित हुने अधिकारमाथि बन्देज लगाएको छ। संकटकाल लागू गरेर मुलुकको समस्या समाधान नहुने भएकाले जिम्मेवार तह र सोँचबाट यसको निराकरण हुनु जरूरी छ। एकातिर संकटकालले जनताका अधिकारमा अंकुस लगाउने काम भएको छ भने अर्कोतर्फ विद्रोही पक्षले आफ्नो राजनीतिक अभिष्ट पुरा गर्न शैक्षिक संस्थालाई हतियार बनाएको छ।

**कुन्दन अर्याल**, *महासचिव, इन्सेक*

संकटकाल बहुदलीय व्यवस्था र प्रजातान्त्रिक परिपाटीको विरूद्धमा छ। माघ १९ गते गरिएको शाही घोषणा र त्यससंगै लागू गरिएको संकटकालको नाममा अधिकार र शक्तिको दुरूपयोग भएको छ। नेपालमा लागू भएको शाही आदेश र संकटकालको चर्चा परिचर्चा विश्व परिवेशमै हुन थालेको छ। नेपाल एक असफल राज्यको दिशातर्फ उन्मुख भइरहेको छ। विश्व समुदायले शाही घोषणा र संकटकालको विरोध गरिरहेको छ। साथै जनअधिकार वहालीका लागि दबाब दिइरहेको छ। संकटकालले मुलुकको समस्या समाधान हुन नसक्ने भएकाले त्यसको अन्त्य र मानवअधिकारको वहालीका लागि देशव्यापीरूपमा सचेतन अभियान सञ्चालन गर्नु पर्दछ। सचेत जनसमुदायको संगठित दबाबले मात्र संकटकालको अन्त्य र बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्वहाली हुन सक्छ।

**रामचन्द्र भट्टराई,** *सदस्य, राष्ट्रिय सभा*

संकटकालका नाममा प्रेस स्वतन्त्रता र मानवअधिकारको निलम्बनले जनतामा उकुस-मुकुसको अवस्था सृजना भएको छ। मुलुक निसास्सिएको छ तर, शाही घोषणाले त्यसको निकास दिने कुनै सङ्केत देखिएको छैन। शान्तिपूर्णरूपमा आन्दोलन गरिरहेका संवैधानिक रानीतिक पार्टीका नेता कार्यकर्ताहरूलाई नजरबन्द गर्ने र जेल हाल्ने काम गरेर प्रजातन्त्रको उपहास गरिएको छ। संसदीय व्यवस्थामा एक मात्र निर्वाचित संस्था रहेको राष्ट्रिय सभा औचित्यहिन बनाइएको छ। देश दुई थरी बन्दुकको चपेटामा परेको छ। राज्य सञ्चालन गर्नेहरू देश र जनताप्रति उत्तरदायी देखिएका छैनन्। नेपाली जनताले लडेर ल्याएको अधिकार खोस्ने काम भइरहेको छ। राजनीतिक पार्टीको अस्तित्वलाई ईन्कार गरेर मुलुकको समस्या समाधान हुन सक्दैन। वार्ता र आपसी सहमती नै अहिलेको राजनीतिक निकास हो। ●

# कपिलवस्तु

२०६२ बैशाख १०



मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको आयोजना र इन्सेक आबद्ध संस्था हुर्लेस्कको सह आयोजनामा संकटकाल र मानवअधिकार विषय एक दिने कार्यशाला गोष्ठी कपिलवस्तुको तौलिहवामा सम्पन्न भयो। कार्यक्रम इन्सेक पोखराका प्रतिनिधि गणेश श्रेष्ठको सभापतित्व र भोजराज खनालको सञ्चालनमा सम्पन्न भएको थियो। कार्यक्रममा उपस्थित सबैलाई इन्सेक जिल्ला प्रतिनिधि नन्दराम पौडेलले स्वागत गर्नुभएको थियो भने हुर्लेस्कका अध्यक्ष सन्तराम गुप्ताले धन्यवाद ज्ञापन गर्नुभएको थियो। कार्यक्रममा अधिवक्ता दिनेश त्रिपाठीले आधारपत्र प्रस्तुत गर्नुभएको थियो।

## आधारपत्रमाथि टिप्पणी

**दानबहादुर चौधरी**, *निवर्तमान सांसद*

राजाको प्रत्यक्ष शासनमा नेपालले विश्वसामु आफूलाई झन पछि झन असफल राष्ट्र भनेर चिनाउँदै छ। तर, सत्ता सञ्चालकहरूले यस्तो होइन भन्ने कुराको दावी गर्न लाज मानेका छैनन्।

**ललिहसिंह बाँस्कोटा**, *सचिव, नेपाली काँग्रेस, कपिलवस्तु*

विश्वसामु कपिलवस्तु मेतका घटनाले नेपाललाई बदनाम गराएको छ। ती घटना मानवअधिकार उल्लङ्घन र विरोधी घटना हुन्। कपिलवस्तुका पछिल्लो घटनामा प्रतिकारवादीहरूको नेतृत्व सुरक्षाफौजले गरेको हो।

**डम्मर शर्मा**, *उप-सचिव, नेकपा (एमाले)*

देशमा संकटकाल लगाएपछि मानवअधिकारको स्थिति झन नाजुक भएको छ। नेपालमा मानवअधिकारको स्थिति नकारात्मक अवस्थामा भएकोले संयुक्त राष्ट्रसंघले अनुगमन गर्न लागेको हो।

**शिव पौडेल**, *जनमोर्चा नेपाल*

संकटकाल लगाएको वर्तमान अवस्थामा मानवअधिकारको हनन्को अकल्पनीय रूप देखा परेको छ। राजनीतिक दलका कार्यकर्ताहरूले आफ्नो कार्यक्रमहरू अगाडी बढाउन सकिरहेका छैनन्। यस्तो अवस्थामा सकटकाल तुरून्त फिर्ता गर्नुपर्छ र पूर्ण प्रजातन्त्रको वहाली हुनुपर्दछ।

**जय प्रकाश पाण्डे**, *नेपाल सद्भावना पार्टी*

शान्ति सुरक्षाका लागि सरकारले संकटकाल लगाएको भनिए पनि आम जनता डर र त्रासले भयभित छन्।

**गणेश श्रेष्ठ**

राज्यले अन्तर्राष्ट्रिय समुदायसमक्ष गरेका प्रतिवद्धता व्यवहारमा उतार्नु पर्दछ।

**रेशमप्रसाद अर्याल**, जिल्ला प्रहरी कार्यालय

देशमा संकटकाल भए पनि आम नागरिकका मानवअधिकार कसैले पनि हनन् गर्न मिल्दैन। सुरक्षाफौजबाट केही त्यस्तो भएमा उक्त कुरालाई न्यूनीकरण गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दछु।

**टंक आचार्य**, *सिद्धार्थ सामाजिक केन्द*

सरकारले देशमा संकटकाल लगाएपछि आम नागरिकले शान्ति सुरक्षा पाउन सकेका छैनन्।

**जबकला भण्डारी**, *अखिल नेपाल महिला संघ*

गत फागुन महिनामा प्रतिकार समूहले आगो लगाएका घरहरूमा अहिले सुरक्षाफौजले अनावश्यक खान तलासी गरी दुःख दिएका छन्।

उक्त गोष्ठीमा उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष हुमनाथ पाण्डे, मानवअधिकार संरक्षण मञ्चका अध्यक्ष ओमप्रकाश अर्याल, पत्रकार महासंघ कपिलवस्तुका सभापति नारायणप्रसाद पौडेल, बार एशोसिएशनका उपाध्यक्ष भोला सिंह, अधिवक्ता राजेन्द्र पाण्डे, प्राध्यापक संघका भक्तिराम पन्थी, मानवअधिकार तथा शान्ति समाजका प्रतिनिधि हुमबहादुर कुँवर, मेची महाकाली मिडिया सोसाइटीका अध्यक्ष बाबुराम खनाल, विश्व परिदृश्य नेपालका प्रशिक्षक शिशिर अर्याल, प्याव्सनका जिल्ला उपाध्यक्ष शिव गैरेलगायत्ले पूर्ण प्रजातन्त्रको वहाली हुनुपर्नेमा जोड दिँदै आफ्नो मन्तव्य राख्नुभएको थियो। ●

# मध्यपश्चिमाञ्चल क्षेत्रमा सम्पन्न कार्यक्रम

## नेपालगञ्ज

२०६१ फागुन २९



मानवअधिकार सन्धि अनुगमन समन्वय समितिद्वारा संकटकाल र मानवअधिकार विषयक मध्यपश्चिमाञ्चल क्षेत्रस्तरीय अन्तरक्रिया नेपालगञ्जमा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रम इन्सेकका क्षेत्रीय संयोजक भोला महतको सभापतित्व र सुशिल चौधरीको सञ्चालनमा सम्पन्न भएको थियो। बाँकेका प्रमुख जिल्ला अधिकारी डिल्लीराज जोशी कार्यक्रमका प्रमुख अतिथी र इन्सेकका महासचिव कुन्दन अर्याल विशिष्ट अतिथि रहनुभएको उक्त कार्यक्रममा पुष्कर पाण्डेले स्वागत गर्नुभएको थियो। कार्यक्रम इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको व्यवस्थापनमा सम्पन्न भएको थियो। सो कार्यक्रममा नेपाल बार एसोशियसनका सदस्य तथा अधिवक्ता टीकाराम भट्टराईले संकटकाल र मानवअधिकार विषयक आधारपत्र प्रस्तुत गर्नुभएको थियो।

## आधारपत्रको संक्षिप्त अंश

संकटकालको अवधारणा, विभिन्न देशमा लगाइएको संकटकाल, त्यसको असर, संकटकाल लगाउने अवस्था र यसका सीमाहरू, संकटकालमा राष्ट्रको दायित्व, नेपालको सन्दर्भमा बन्दी प्रत्यक्षीकरण र अदालतको दायित्व, प्रेस स्वतन्त्रता र संकटकालीन अधिकार, राजनीतिक अधिकार र संकटकाल तथा संकटकालीन अवस्थामा अन्तर्राष्ट्रिय दायित्वका बारे आधारपत्रमा समेटिएको थियो।

सामाजिक सम्झौताको सिद्धान्तअनुसार राज्यको उत्पत्ति भएको हो। सामाजिक सुरक्षा गर्नु राज्यको प्रमुख दायित्व हुन्छ। राज्यलाई सामाजिक सुरक्षाको दायित्व वहन गर्न नागरिकहरूले स्वेच्छाले आफ्ना अधिकारहरू दिएका हुन्। संकटकालमा जथाभावी कार्यहरू भएमा नागरिकहरूले त्यो अधिकार फिर्ता लिन सक्दछन्।

भारतमा पनि संकटकाल लागेको बेला सत्ताको दुरूपयोग हुनबाट बचाउन अदालतमा मुद्दा परेको थियो। संकटकालको सीमालाई दृष्टिगत गरी नागरिकहरूका व्यवहार सञ्चालन गर्नु पर्दछ। आधारभूत मानवअधिकार संकटकालीन अवस्थामा पनि अहरणीय रहन्छन्। सार्वजनिक सुरक्षा ऐन अन्तर्गत थुनामा रहेका व्यक्तिहरूको अवस्था कानुन सम्मत भए नभएको हेर्ने अधिकार जिल्ला अदालतलाई छ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको पक्षराष्ट्र नभएको देशमा पनि मानवीय कानुनको उल्लङ्घन भएको देखिएमा संयुक्त राष्ट्रसंघको महासभामा दुई तिहाई बहुमतले पास गरी अस्थायी अदालत खडा गरी अनुगमन गर्न सक्दछ।

## आधारपत्रमाथि टिप्पणी

कार्यक्रममा नागरिक समाजका प्रतिनिधि, मानवअधिकारकर्मी, प्रशासनिक व्यक्तित्व, सञ्चारकर्मीलगायत् स्थानीय प्रवुद्धहरूको उल्लेखनीय उपस्थिति थियो। उपस्थित अधिकांश सहभागीले नागरिक अधिकारको निर्वाध उपभोगको धारणामा जोड दिएका थिए।

**डिल्लीराज जोशी**, प्रमुख जिल्ला अधिकारी, बाँके

अहिलेको अवस्था शान्ति स्थापनाको एक परीक्षणको रूपमा आएको हो। यसमा सबैले सहयोग गर्नु पर्दछ। संरक्षण गर्न सुरक्षा निकाय तथा प्रशासनिक निकायहरूबाट भए गरेका गल्ती र कमजोरीहरूलाई मानवअधिकारको क्षेत्रमा कार्य गरिरहेका संघ-संस्थाहरूले औंल्याई दिए हामीलाई सुधार्न उपयोगी हन्छ। गलत बाटोमा लागेका व्यक्तिहरू पूर्णरूपमा नसुधिएको हुनाले संकटकालको घोषण भएपश्चात् सुरक्षाकर्मीबाट पक्राउ परी नजरबन्दमा रहेका व्यक्तिहरूलाई अदालतले रिहा गर्ने आदेश दिंदा पनि पुन: पक्राउ गर्नुपरेको हो। यो पनि सबै जनताको शान्तिको चाहनाको खातिर  गरिएकोले हामी सबैले अन्यथा लिन हुँदैन।

**शालीकराम सापकोटा**, *अधिवक्ता*

तेस्रो संकटकालपछि पहिलो गोष्ठी सञ्चालन भएको हो। संकटकालको सैद्धान्तिक अवधारणाबमोजिम नेपालमा संकटकालको व्यवहार भएको पाइदैंन। आधारपत्रमा उल्लेख भएका प्रावधानहरू व्यवहारमा हेर्नु जरूरी छ। विद्रोही पक्ष र राज्य पक्षबाट पनि युद्धअपराध भएमा त्यसका विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट दबाब सृजना गर्नुपर्दछ।

**सुरेश पौडेल**, *अध्यक्ष पुनरावेदन बार इकाई नेपालगञ्ज*

कानुनको क्षेत्रमा कार्यरत् भएर पनि संकटकालको प्रयोगको अवस्था हेर्दा अन्यौल थियो। यस कार्यक्रमले चिरफार गर्ने काम गरेको छ। नागरिकहरूको अहरणीय अधिकारलाई विशेष संरक्षण गरिनुपर्दछ। अहिले विचार र अभिव्यक्तिको स्वतन्त्रता छैन। राजनीतिक गतिविधि सञ्चालन हुन नपाइरहेको यस अवस्थामा यसको सन्दर्भमा छलफल हुनु जरूरी छ। अहिलेको अवस्थामा थुनामा रहेका व्यक्तिहरूको बारेमा कानुनव्यवसायी र मानवअधिकारकर्मीहरूले अनुगमन गर्न पाएका छैनन्।

**धवलशमशेर जबरा**, *पूर्व मेयर, नेपालगञ्ज नगरपालिका*

अहिलेको संकटकालको स्थितिमा राजनीतिक पार्टीहरूले के गर्दा कानुनसम्मत हुन्छ के गर्दा कानुनसम्मत हुँदैन भन्ने बारेमा स्पष्ट पार्नुपर्दछ।

**ओमजंग राणा**, *पूर्व जिविस सभापति, बाँके*

राजनीतिज्ञहरू जनताको बीचमा हुर्केको हुनाले तिनको अस्तित्व पनि जनताको बीचमा नै हुन्छ। शान्ति स्थापना गर्न संकटकाल ल्याइएको हो भने जनताको साथ लिएर जानुपर्दछ। जनपक्ष जता रहन्छ त्यसकै जीत हुन्छ। अहिले सबैको अवधारणा फरक फरक रहे पनि शान्ति स्थापना गर्नु आवश्यक छ। सरकारले नेतालाई थुन्ने मात्र होइन शान्ति ल्याउने प्रयास पनि गर्नुपर्‍यो।

**कुमार शर्मा आचार्य**, *उपाध्यक्ष, केन्द्रीय बार एशोसियसन*

संकटकालका सन्दर्भमा यस कार्यक्रमले धेरै जानकारी प्रदान गरेको छ। जसको आधारमा जनता आफ्नो अधिकार रक्षाका लागि अगाडि बढ्न सक्छन। स्थानहदको आदेशको प्रयोग गरेर संकटकालको दुरूपयोग गरिएको छ। स्थानहद गर्दा सो सम्बन्धमा उसलाई पर्याप्त आधारसहित लिखितरूपमा जानकारी दिइनु पर्दछ। अदालत मनोवैज्ञानिक धम्कीमा रहेको बेला मानवअधिकारको स्थिति दयनीय हुन्छ। अहिलेको अवस्थामा अदालत सक्षम हुनुपर्ने हो तर भएको छैन।

**धुव्र वस्याल**, *अधिवक्ता*

नागरिकका मौलिक हकहरू निरपेक्ष हुँदैनन्। संकटकालमा पनि नागरिकका न्युनतम अधिकार निलम्बन गर्न पाइँदैन तर अहिले यो अवस्था नेपालमा विद्यमान भएको देखिदैन।

**श्याम गौतम**

अहिलेको अवस्थामा अदालत निर्भिक हुनु पर्दछ। विचार र अभिव्यक्तिको स्वतन्त्रता स्थापित गर्न मानवअधिकारकर्मी तथा नागरिक समाजले कार्य गर्न आवश्यक देखिन्छ।

**कुन्दन अर्याल**, *महासचिव, इन्सेक*

मानवअधिकार विश्वव्यापी छ। तसर्थ कुनैपनि देश लामो समयसम्म छुट्टै टापुको रूपमा रहन सक्दैन। संकटकालका कारण अहिले नेपाली नागरिकलाई समस्या परेको छ। स्थिति असहज छ। तसर्थ प्रजातन्त्र र मानवअधिकारको काम गर्न भनी खुलेका संघ-संस्थाहरूले अहिलेको असहज स्थितिमा पनि जनतालाई साथ दिनु पर्दछ। सु:खको बेलामा मात्र होइन दु:खको बेलामा पनि संघ-संस्था जनाताको साथी बन्नुपर्दछ। संकटकालमा राज्यका अधिकारीहरू अझ बढी जिम्मेवार हुनपर्दछ। संकटकाल मनपरी गर्नका लागि होइन। अहिलेको अवस्थामा काम गर्न जति ठाँउ छ त्यसमा रहेर सबैले काम गर्नु पर्दछ। सबैले एक भएर काम गरौं।

सँधै सुनामी आउँदैन। त्यस्तो विपतमा पनि नागरिकलाई जसरी बचाउन सकिन्छ त्यो

कार्य गर्नुपर्दछ। संकटकाल तीन महिनाको लागि मात्र हो। लम्बाउन चाहेर पनि राज्यले सधैंभरि यस्तो दमनकारी अवस्था लम्ब्याउन सक्दैन। माघ १९ को शाही घोषणाको विरुद्धमा देशभर ठूलो विरोधको तयारी शुरु भइसकेको छ। अहिलेको सरकारले संकटकाल घोषणा गरेको १६ दिन पछि संयुक्त राष्ट्रसंघमा संकटकाल लगाउनुको कारण बहुदलीय व्यवस्थामा खतरा, सार्वभौमसत्तामाथि खतरा, नागरिकहरूको जीवनमा खतरा, विगतका सरकारले वार्ता गरेर समस्या समाधान गर्न नसकेको भन्ने समेतका कारणले संकटकाल लगाइएको जानकारी दिएको छ। अहिले राज्यलाई शङ्काको सुविधा प्रदान गरौं। निश्चय पनि हामी सबै मिलेर लाग्यौं भने संकटकालको अन्त्य हुने बेलासम्म संकटकालमा जे पनि गर्न पाइँदैन भन्ने संन्देश दिन सक्दछौ।

**भोला महत,** *इन्सेक क्षेत्रीय संयोजक*

मानवअधिकारको क्षेत्रमा काम गर्न सजिलो अवस्था बनाउनका लागि यो कार्यक्रमको आयोजना गरिएको हो। अहिलेको अवस्था विषम छ। अवस्थालाई चिरफार गर्न काम गर्नु आवश्यक छ। हामीले अहिलेको अवस्थामा पनि सरोकारवालाहरूसँग वार्ता, छलफल र अन्तरक्रिया गरिरहेका छौ। यसको निरन्तरता अवश्यक छ। यसले काम गर्न सहज बनाउँछ। अहिलेको अवस्थामा पछि नहटी नागरिकलाई दुःख परेको बेला साथ दिन संघ-संस्था तथा मानवअधिकारकर्मी, पत्रकारहरूले निरन्तरता दिनु पर्दछ। ●

# दाङ

२०६२ बैशाख १३



मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको आयोजनामा दाङको घोराहीमा सम्पन्न संकटकाल र मानवअधिकार विषयक अन्तरक्रिया कार्यक्रम इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको व्यवस्थापनमा सम्पन्न भएको थियो। कार्यक्रम प्रेस स्वतन्त्रता सेनानी बरिष्ठ पत्रकार एवं नागरिक समाज दाङका संयोजक नारायणप्रसाद शर्माको प्रमुख आतिथ्य इन्सेक मध्यपश्चिमाञ्चल क्षेत्रीय संयोजक भोला महतको सभापतित्व र इन्सेक नेपालगञ्जका अधिकृत मदन पौडेलको सञ्चालनमा सम्पन्न भएको थियो। कार्यक्रममा नेपाल बार एसोसिएसनका केन्द्रीय उपाध्यक्ष कुमार शर्मा आचार्यले आधारपत्र प्रस्तुत गर्नुभएको थियो।

## आधारपत्रमाथि टिप्पणी

**नारायणप्रसाद शर्मा**, *वरिष्ठ पत्रकार*

प्रजातन्त्र र मानवअधिकारका लागि सबै एकजुट हुनुपर्दछ। मौन संस्कृतीलाई त्याग्दै अधिकार प्राप्त गर्न अन्दोलित हुनु पर्दछ। अहिले भइरहेको शिक्षण संस्थाहरू बन्दको समस्या निराकरणका लागि सबै क्षेत्रबाट पहल हुनु पर्दछ।

**विपुल पोखेल**, *केन्द्रीय उपसभापति, पत्रकार महासंघ*

अहिले मुलुकमा लगाइएको संकटकाल के का लागि भन्ने प्रष्ट छैन। नागरिकहरूलाई सूचना ग्रहण गर्ने अधिकारबाट बञ्चित गराइएको छ।

**मदन पोखेल**, *सचिव, पुनरावेदन बार एकाइ*

कसैले पनि मानवअधिकार हरण गर्न पाइँदैन। मानवअधिकार कानुनी शासनद्वारा मात्र संरक्षित हुनु सक्दछ। कानुनी शासनको बहाली हुनु अतिआवश्यक छ।

**के.बी. मसाल**, *सभापति पत्रकार महासंघ दाङ*

यस जिल्लामा माघ १९ पछि सञ्चारकर्मीलगायत् नागरिक समाजले थुप्रै समस्याहरू झेल्नु परेको छ। यहाँ सञ्चालित नयाँ युगबोध दैनिक तथा गाऊँघर साप्ताहिक पत्रिकाहरू बन्द भएका कारण अदालतसम्म पुग्नु परेको छ। साथै स्थानीय प्रशासनको ठाडो आदेशले पत्रकार सरद अधिकारी २६ दिनसम्म जेलमा थुनिनु भएको छ।

**सरदकुमार शर्मा**, *अध्यक्ष, प्याब्सन दाङ*

निजी विद्यालय सञ्चालनका लागि मानवअधिकारवादी संस्था, पत्रकार, नागरिक समाजलगायत् अन्य क्षेत्रबाट सहयोग हुनुपर्ने देखिन्छ। हजारौं बालबालिकाको भविश्यप्रति सबै क्षेत्र चिन्तित हुनुपर्ने अवस्था छ।

**बीरकेशरी गौतम**, *सभापति नेपाली कांग्रेस, दाङ*

अहिलेको अवस्थामा अघोषितरूपमा राजनीतिक पार्टीहरूमाथि प्रतिबन्ध लगाइएको छ। पार्टी नेतालाई थुनेको कारण अधिवेशन हुन सकेको छैन। बास्तविक अवस्थाबाट अनभिज्ञ हुनुपर्ने स्थिति छ। अहिलेको शासनले नेपाल १२ औं शताव्दीको अवस्थामा पुगेको प्रष्ट हुन्छ।

**रेवतीरमण शर्मा**, *सचिव, नेकपा (एमाले), दाङ*

हाल राज्य सञ्चालनका सबै क्रियाकलाप असंवैधानिक छन। मानवअधिकारको विश्वव्यापी घोषणापत्रद्वारा प्रत्याभूत अधिकार कुण्ठित गरिएका छन। अहिले निरंकुश ढङ्गले शासन भइरहेको छ।

**मोहन वली**, *सचिव, नेपाली कांग्रेस (प्रजातान्त्रिक)*

हामी निरंकुशताको विरूद्ध एक हुनु पर्दछ। हाम्रा अधिकार प्राप्तिका लागि आन्दोलित हुन पर्दछ।

**काशीनाथ पोखेल**, *राष्ट्रिय जनमोर्चा नेपाल*

अहिलेको अवस्थामा संकटकालको औचित्य सरकारले पुष्टि गरको छैन। मुलुकको यस जटिल परिस्थितिमा सवै एक हुनुपर्ने बेला आएको छ।

**भूपेन्द्र सुवेदी**, *राप्रपा*

अधिकार खोज्न कर्तव्यको पालना पनि गर्नु पर्दछ।

**भोला महत**, *क्षेत्रीय संयोजक, इन्सेक*

वर्तमान अवस्थामा कानुनको शासन र मानवअधिकारलाई चुनौति भइरहेको परिस्थितिमा विषेशगरी राजनीतिक पार्टीहरू र सबै प्रजातन्त्रप्रेमी नागरिक समाजले प्रजातन्त्रलाई लिकमा ल्याउन एक भएर लाग्नु पर्दछ। ●

# बर्दिया

२०६२ बैशाख ९



२०६१ माघ १९ देखि मुलुकमा बदलिएको नयाँ परिस्थिति र संकटकालको घोषणा भएको बेला नागरिकहरूको मानवअधिकार के के रहन्छन् भन्ने बारेमा सरकारी पक्ष र आम नागरिक समाजलाई सुसूचित गर्ने अभिप्रायले मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको आयोजनामा बर्दियाको सदरमुकाम गुलरियामा संकटकाल र मानवअधिकार विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। इन्सेक क्षेत्रीय संयोजक भोला महतको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथि बर्दियाका प्रमुख जिल्ला अधिकारी नरेन्द्र दाहाल हुनुहुन्थ्यो। कार्यक्रममा अधिवक्ता शालिकराम सापकोटाले आधारपत्र प्रस्तुत गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन इन्सेकका सुशिल चौधरीले गर्नुभएको थियो। कार्यक्रम इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको व्यवस्थापनमा सम्पन्न भएको थियो।

## आधारपत्रको संक्षिप्त अंश

सापकोटाद्वारा प्रस्तुत आधारपत्रमा राज्यको शासनभार सम्हाल्ने क्रममा राजनीतिक दलहरू चुकेका हुनाले आज मानवअधिकारको स्थिति नाजुक हुन पुगेको उल्लेख गरिएको छ। सर्वोच्च अदालतले जनताको विश्वास थाम्न नसकेको देखिएको छ, यो चिन्ताको विषय हो भन्दै आधारपत्रमा सार्वभौम जनतासँग हरेक कुराको आलोचना गर्ने अधिकार हुन्छ भनिएको छ र अहिले व्यवस्थापिकासमेत नरहेको यो परिस्थितिमा मानवअधिकार संरक्षण गर्न न्यायालय डटेर लाग्नुपर्ने सुझाव दिइएको छ। आधारपत्रमा संकटकाल र मानवअधिकारसम्बन्धी यिनै विषयहरू समेटिएका थिए।

## आधारपत्रमाथि टिप्पणी

**नरेन्द्र दाहाल,** *प्रमुख जिल्ला अधिकारी, कार्यक्रमका प्रमुख अतिथि*

अहिले परिस्थिति भिन्न छ, अवस्था फरक छ। त्यसैले समयअनुसार काम गर्नु पर्दछ। मानवअधिकारवादीहरूको भूमिका बढेर गएको छ। यस किसिमको अन्तरक्रिया गर्नु खुशीको कुरा हो। मानवअधिकार उल्लङ्घनका घटनाहरू निष्पक्षरूपमा बाहिर आउनु पर्दछ। संकटकाल र मानवअधिकारबारे केही कुरा बुँदागत रूपमा राख्न चाहन्छु।

- संकटकालमा पनि मानवअधिकार हुन्छ।
- मानवअधिकार संरक्षणमा प्रशासन संवेदनशील छ।
- राजनीतिकर्मीहरू डराउनुपर्ने कुनै कारण छैन।

- संकटकालमा मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्न सर्वोच्च अदालतको अहम् भूमिका रहन्छ तसर्थ न्यायालयलाई विवादको घेरामा तान्नु राम्रो हुँदैन।
- संकटकालमा जनताले मानवअधिकार कुण्ठित भएको महसुस गर्नु नपरोस् भन्नका लागि हामी सचेत छौं।
- सशस्त्र द्वन्द्वको अवस्थामा युद्वरत् पक्षले मानवीय कानुनको पालना गरिरहेको छ की छैन हेर्नु पर्दछ।
- संघ सस्थाले निर्वाधरूपमा काम गरिरहेका छन् हामीबाट कुनै रोकटोक छैन। जहाँसम्म राज्य पक्षद्धारा पीडितहरूलाई राहत पुन:स्थापना गर्ने सवाल छ, मानवताका आधारमा काम गर्दा कसैले थुनछेक गर्दैन विश्वस्त भए हुन्छ।
- संकटकाललाई सकारात्मकरूपमा लिँदा राम्रो होला।
- हाल देखिएको शैक्षिक समस्या सबैको सरोकारको विषय हुनु पऱ्यो।
- मानवअधिकारको व्याख्या पनि समय र स्थानअनुसार फरक हुने गर्दछ। मानवअधिकारको परिभाषा पनि सापेक्ष छ

**घनानन्द भट्ट,** *प्रहरी उपरिक्षक*

संकटकाल हिंसात्मक द्वन्द्वका कारण आएकोले यसको अन्त्य हुनु पर्दछ। मानवअधिकार उल्लङ्घन भएका घटना भए जानकारीका लागि अनुरोध छ।

**गोविन्दप्रसाद पाण्डे,** *संयोजक, नागरिक समाज सञ्जाल बर्दिया एवं पूर्व नगर प्रमुख*

नेपाली जनताको सहनशीलताको प्रसंशा गर्नै पर्दछ। अहिले चाहेजस्तो निर्वाध काम गर्ने वातावरण छैन। यथार्थलाई लुकाएर समस्याको समाधान हुँदैन। अरू जिल्लामा जस्तै यहाँ पनि शैक्षिक समस्या विकराल छ। शैक्षिक समस्याका बारेमा राज्य जति संवेदनशील हुनुपर्ने हो भएको देखिएको छैन। यो दुखको कुरा हो। शैक्षिक समस्या समाधान गर्न सरकारले वार्ता टोली बनाउनु पर्दछ। जनता दोहरो मारमा परेका छन्। यो समस्या कसले बुझिदिने ?

**ऋषिराम काफ्ले,** *अधिवक्ता*

संकटकाल र मानवअधिकारका बारेमा धेरै कुराहरू प्रष्ट भएका छन्। सर्वोच्च अदालतलाई शङ्काको घेरामा ल्याए जस्तो लाग्यो। यस बारेमा सोच्नु पर्दछ की ? संकटकालको वैधानिकताको बारेमा उठाइएको प्रश्न कत्तिको सान्दर्भिक होला? किनकी संकटकालको तीन महिने अवधि समाप्त हुँदैछ। संकटकालमा पनि निलम्बनमा नपर्ने मानवअधिकारका धाराहरूको कार्यान्वयनको व्यवहारिक पक्षलाई हामीले बढी ध्यान दिनु पर्दछ।

**मुक्ति रेग्मी**, *प्रतिनिधि, नेपाली कांग्रेस*

संकटकाल र मानवअधिकार सँगै रहन सक्ने कुरा होइनन्। प्रजातन्त्रको वहाली हुनु पर्दछ।

**उमाकान्त ज्ञावाली**, अध्यक्ष नेपाल बार एशोसिएशन, बर्दिया

कानुनको शासनमा कानुनको उचित प्रक्रिया (Due Process of Law) हुनु पर्दछ। तर अहिले त्यसो भइरहेको छैन। संकटकाल तत्काल फिर्ता गरिनु पर्दछ।

**हरिहर आचार्य**, प्राध्यापक बबई बहुमुखी क्याम्पस, गुलरिया, बर्दिया

मानवअधिकार व्यक्तिको अहरणीय अधिकार हो। आमरूपमा यसबारे छलफल हुनुपर्दछ।

**नेत्र सापकोटा**, अध्यक्ष, बर्दिया अपाङ्ग पुनर्स्थापना केन्द्र

संकटकालका कारण गाउँमा काम गर्ने वातावरण छैन। विद्रोहीद्वारा पीडित भएकाहरूले राहत पुनर्स्थापना सहयोग पाउँछन् तर, राज्यद्वारा पीडितले किन पाउन सक्दैनन् ? ●

# सुर्खेत

२०६२ बैशाख ११



२०६१ बैशाख ११ गते सुर्खेतमा आयोजित संकटकाल र मानवअधिकार विषयक अन्तरक्रिया कार्यक्रम पुनरावेदन अदालत सुर्खेतका मुख्य न्यायाधीस रामजीप्रसाद त्रिपाठीको प्रमुख आतिथ्य, इन्सेक क्षेत्रीय संयोजक भोला महतको सभापतित्व र पुष्करनाथ पाण्डेको सञ्चालनमा सुर्खेतमा सम्पन्न भएको थियो। कार्यक्रममा इन्सेक अभियानसँग सुर्खेतमा आबद्ध संस्था सामाजिक विकास तथा प्रवर्द्धन केन्द्रका अध्यक्ष यादव बास्तोलाले स्वागत गर्नु भएको थियो। कार्यक्रममा इन्सेकका महासचिव कुन्दन अर्यालको विशेष उपस्थिति रहेको थियो। मानवअधिकार सन्धि अनुगमन समन्वय समितिद्वारा आयोजना गरिएको कार्यक्रममा इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जले व्यवस्थापन गरेको थियो। कार्यक्रममा अधिवक्ता शालिकराम सापकोटाले आधारपत्र प्रस्तुत गर्नुभएको थियो।

## आधारपत्रमाथि टिप्पणी

**रामजीप्रसाद त्रिपाठी**, *मुख्य न्यायाधीश, पुनरावेदन अदालत, सुर्खेत*

अहिले संकटकाल लगाइएको छ। हामीसँग कानुन छ। कानुनसम्मत ढङ्गले सबैले काम गर्नुपर्दछ। यस्तो अवस्थामा विशेषगरी मानवअधिकारकर्मीहरूले जनताका मानवअधिकार तथा हक अधिकारको रक्षाका लागि बढी जिम्मेवार भई काम गर्नु पर्दछ।

**कुन्दन अर्याल**, *महासचिव इन्सेक*

पहिले लगाइएको संकटकाल र अहिलेको संकटकाललाई दाँज्न मिल्दैन। निश्चितरूपमा पहिलेको संकटकालमा मानवअधिकारको उल्लङ्घन भएको थियो। तर, प्रजातान्त्रिक तौरतरिकाहरूलाई अवरूद्ध गरिएको थिएन। अहिलेको राजनीतिक स्थितिको बारेमा स्वयं श्री ५ बाट अन्तर्राष्ट्रिय मञ्चहरूमा सशस्त्र संघर्ष र नेपालको स्थितिको बारेमा कुरा उठाई अन्तर्राष्ट्रियकरण गरिएको देखिएकोले अब हाम्रा मन्त्रीहरूले नेपालको स्थितिलाई अन्तर्राष्ट्रियकरण गऱ्यो भनेर आरोप लगाउनुको कुनै तुक छैन। जुनसुकै अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा हस्ताक्षर गर्न नहिच्किचाउने राज्य र अन्तर्राष्ट्रिय कानुनको पालना गर्दै आएको छौं भन्ने माओवादीहरूले त्यस्ता सन्धि सम्झौताहरू अक्षरश: पालना गर्नु पर्दछ। संयुक्त राष्ट्रसंघको मानवअधिकार आयोगको विशेष प्रक्रिया अन्तर्गतको एजेण्डा आइटम १९ अनुसार पारित प्रस्ताव राज्य र विद्रोही माओवादी दुवैपक्षले पालना गर्ने प्रतिवद्धता जाहेर गरेका छन्। मानवअधिकारको उल्लङ्घन भएमा मानवताविरूद्धको अपराधमा अपराधीहरू दर्ज हुनेछन्।

**तिलकराम शर्मा**, *प्रमुख जिल्ला अधिकारी, सुर्खेत*

अन्तरक्रियामा प्रस्तुत भएका सुझावहरू मननीय छन्। पहिलेको भन्दा स्थिति सुदृढ हुदै आएको छ। सुर्खेतको हकमा सबै निकायसँग सम्बन्ध राम्रो छ। कहीं कतै समस्या भएको भए छलफल र वार्ताबाट समस्या समाधान गर्न सकिने छ। मानवअधिकारको रक्षा गर्न नागरिक समाजसँग सहकार्य गर्न सकिन्छ। संकटकालको सीमा र बाध्यताहरूलाई सबैले ख्याल गर्नुपर्दछ। राजनीतिक पार्टीका तर्फबाट उठाइएको सवाललाई गम्भीररूपमा लिइएको छ। आउँदा दिनमा सुधार गर्दै जाने प्रतिबद्धताप्रति विश्वस्त हुन अनुरोध गर्दछु।

**ऋषिप्रसाद शर्मा**, *सचिव, (एमाले) जिल्ला कमिटी सुर्खेत*

संकटकाल कसका लागि लगाइएको हो भने प्रष्ट छैन। अहिले गाउँ र सहरबीच अर्न्तविरोध रहेको छ। निरंकुशता निरंकुशता नै हो। चाहे हामीबाट लागोस् चाहे अन्य कतैबाट। संकटकालमा कसैले बाजा गाजासहित सडकै ढाक्ने गरी जुलुस निकाल्न पाउने कसैले भने प्रजातन्त्र जिन्दावाद भन्न नपाउने ? यो के हो ? बुझ्न सकिएको छैन। राजनीतिक स्वतन्त्रताका लागि प्रजातान्त्रिक आन्दोलनमा होमिएका राजनीतिक पार्टीका नेता कार्याकर्ताहरूलाई चार फुटे कोठामा २५ जनालाई कोचेर तीन दिनसम्म राख्नु, कारागारको २५ जना राख्न सक्ने क्षमता भएकोमा ६६ जना राख्न मिल्छ कि मिल्दैन ? हिरासतमा रहँदा खाएको पैसा व्यक्ति स्वयम्ले तिर्नु पर्दछ भन्नु कत्तिको न्यायसंगत हुन्छ जिम्मेवार निकायले बुझ्नु पर्दछ।

**अनन्तलाल पौडेल**, *क्षेत्रीय सभापति, ने.का. सुर्खेत*

अहिलेको अवस्थालाई अन्तर्राष्ट्रिय स्तरमा उठाउन मानवअधिकारवादी संघ-संस्थाहरूले सहयोग गर्नुपर्दछ। संकटकाल जसका कारण लगाइएको हो उसलाई केही नभएको र संवैधानिक राजतन्त्र र बहुदलीय प्रजतान्त्रका पक्षधर राजनीतिक दलहरूलाई आफ्ना गतिविधि सञ्चालन गर्नबाट रोक लगाउने यो संकटकाल तत्काल खारेज गर्नुपर्दछ। संकटकाल खारेज गरी प्रजातन्त्रको पुर्नवहाली भएमा मात्र शान्ति स्थापना हुने छ।

**धर्मराज आचार्य**, *कार्यवाहक सभापति, ने.का प्रजातान्त्रिक, सुर्खेत*

अहिलेको संकटकाल अघिल्लोभन्दा भिन्न छ। संविधान मान्ने शक्तिलाई पूर्वाग्रही ढङ्गले व्यवहार गरिएको छ। मान्छेको बोल्न पाउने नैसर्गिक अधिकार रोक्यो भने विष्फोटन हुन्छ ।

**रत्नविक्रम प्यासी**, *उपाध्यक्ष, जनमोर्चा नेपाल, सुर्खेत*

विगतमा भएको कमीकमजोरीलाई सबैले सुधार गर्नुपर्ने हुन्छ। संकटकाल जसका कारण लगाइएको हो उसलाई केही नभएकोले संकटकाल लगाई सकेपछि भएको उपलब्धिको बारेमा सर्वाधारणले जानकारी पाउनु पर्दछ।

**प्रमा थानी**, *अध्यक्ष, पुनरावेदन बार इकाई, सुर्खेत*

जुन पक्षबाट मानवअधिकार उल्लङ्घन भएको छ त्यही पक्षलाई सजग गराउनु पर्दछ। अहिले विद्रोही पक्षले पनि मानवअधिकारको उल्लङ्घन गरिरहेको देखिन्छ।

**कृष्णबहादुर हमाल**, *अधिवक्ता*

संकटकाल संविधान र कानुनअनुसार लगाउने विषय भएकोले कानुनको उल्लङ्घन हुन नदिन राज्य अफ संवेदनशील हुनु पर्दछ। विद्रोहीहरूलाई निरूत्साहित गर्न लगाइएको संकटकालले उनीहरूलाई भन्दा अन्यलाई प्रभाव पारेको छ र राज्यले आतंककारी भनिसकेपछि विद्रोहीलाई नियन्त्रण गर्न आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय ऐन नै काफी छ।

**भुषण मानन्धर**, *अधिवक्ता*

संवैधानिक व्यवस्थाअनुसार संकटकाल लगाईने प्रावधान छ। २०६२ बैशाख २० गते संकटकालको अन्तहोस् भन्ने हाम्रा चाहना हो। संकटकालीन अवस्थामा नागरिक अधिकार बन्देज गर्न मिल्छ कि मिल्दैन? संकटकाल लगाउने अवस्था थियो कि थिएन। अहिले संकटकाल सत्ता सञ्चालनका लागि मात्र प्रयोग गरिएको एउटा हतियार भएको छ। मन नपरेकालाई तह लगाउने साधन भएको छ। राज्यले माओवादी विद्रोहीहरूलाई नियन्त्रण गर्न संकटकाल लगाएको हो भने राज्यले माओवादीहरूलाई विद्रोही भनेर संवोधन गर्नुपर्दछ, सशस्त्र विद्रोही मान्नु पर्दछ। अहिले राज्यले माओवादीलाई आतंककारी भनेर सम्बोधन गरेको छ। आतंककारी क्रियाकलाप नियन्त्रण गर्न भनी आतंककारी अध्यादेश ल्याई लागू गरिरहेको परिप्रेक्ष्यमा संकटकाल लगाउनुको कुनै औचित्य छैन। तर्सथ संकटकाल तत्काल खारेज गर्नुपर्दछ। अहिले संकटकाल लगाएको तीन महिना पुग्न लागेको छ। यसले के उपलब्धी दियो भनेर जिम्मेवार निकायहरूले जनताको सामु भन्नुपर्दछ। राज्यले गरेको गल्तिले जनताले दुख पाउनु हुँदैन।

**मोती पौडेल**, *सभापति पत्रकार महासंघ, सुर्खेत*

सञ्चारकर्मीहरूले समाचार सङ्कलन गरी जनतालाई सुसूचित गर्ने दायित्व भएकोले उनीहरूको क्रियाकलापमा अंकुश लगाउन नहुने र सञ्चार माथिको सेन्सरसीप तत्काल हटाउनुपर्दछ।

**सीताराम कार्की**, *अध्यक्ष प्याब्सन, सुर्खेत*

अहिले अखिल क्रान्तिकारीहरूले निजी तथा आवासीय विद्यालयहरू बन्द गर्ने घोषणा गरेकाले सुर्खेतका १३ हजार बालबालिकाहरूको भविष्य अन्धकारमय भएको छ। उनीहरूको शिक्षा पाउने अधिकार पनि मानवअधिकारसँग जोडिएको विषय भएकोले विद्रोही र राज्य

पक्षलाई विद्यालय र बालबालिकाको भविष्यमाथि खेलवाड नगर्न र जिम्मेवार बनाउन हामीले के गर्न सक्दछौ भन्ने कुरामा सबैबाट तत्काल प्रयत्न हुनु पर्दछ।

**कमलेश डि.सी.**, *सचिव मानवअधिकार अनुगमन तथा समन्वय समिति, सुर्खेत*

प्रजातान्त्रिक सरकारहरूले पनि विगतमा संकटकाल लगाएको र अहिले पनि संकटकाल लगाइएको छ। जुनसुकै बेला लगाइएको संकटकाल भएपनि मानवअधिकार उल्लङ्घन भएको छ। निरंकुशता निरंकुशता नै हो चाहे प्रजातन्त्रको नाममा लगाइयोस् चाहे अन्य कुनै बहानामा। तर्सथ विगतदेखि वर्तमानसम्म केलाउनुपर्ने र सबैले आ-आफ्ना क्रियाकलापहरूको समीक्षा गर्नुपर्दछ।

**भोला महत**, *क्षेत्रीय संयोजक, इन्सेक मध्यपश्चिमाञ्चल*

मानवअधिकार सबैको सरोकारको विषय हो। बाँच्न पाउने अधिकार मानिसले जन्मजात लिएर आउने भएकोले त्यसको सम्मान हुनु पर्दछ। मानवअधिकारलाई साझा सवाल बनाउन सकेमा मात्र मानवअधिकारको संरक्षण हुन सक्दछ। ●

# सुदूरपश्चिमाञ्चल क्षेत्रमा सम्पन्न कार्यक्रम

## धनगढी

२०६१ फागुन ३०



सुदुरपश्चिमाञ्चल क्षेत्र स्तरीय कार्यक्रम इन्सेकका क्षेत्रीय संयोजक खड्गराज जोशीको सभापतित्व र कृष्ण वि.क.को सञ्चालनमा मानवअधिकार र संकटकाल विषयक क्षेत्रीय अन्तरक्रिया धनगढीमा सम्पन्न भएको थियो। इन्सेकका महासचिव कुन्दन अर्याल प्रमुख अतिथि रहनु भएको उक्त कार्यक्रममा नेपाल बार एसोशियसनका केन्द्रीय सदस्य अधिवक्ता टीकाराम भट्टराईले छलफलका निम्ति आधारपत्र पेश गर्नुभएको थियो। सो कार्यक्रममा इन्सेकका राजकुमार चौधरीले स्वागत गर्नुभएको थियो। मानअधिकार सन्धि अनुगमन समन्वय समितिद्वारा आयोजित उक्त कार्यक्रममा इन्सेक सुदुरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय धनगढीको व्यवस्थापनमा सम्पन्न भएको थियो।

## आधारपत्रको संक्षिप्त अंश

राज्यको उत्पत्तिसँगै संकटकालको शुरूवात भएको हो। मानवअधिकार मान्छेले जन्मदै प्राप्त गरेकोले यसलाई प्राकृतिक अधिकार पनि भनिन्छ। नेपालमा होस् या अन्तर्राष्ट्रिय जगतमा व्यक्तिका न्युनतम अधिकारलाई संकटकालमा पनि निलम्बन गर्न मिल्दैन। संकटकाल भनेको जनताकै संरक्षणका लागि हो त्यसको अनुभूति राज्यले दिलाउन सक्नुपर्छ।

संकटकालले विशेष परिस्थितिमा, देशलाई संकट आइपरेको बेलामा देशलाई बचाउन र शान्ति सुव्यवस्था कायम गर्न जनताले राज्यलाई स्वत:स्फूर्तरूपमा स्वेच्छाले दिएको अधिकार हो, जुन राज्यले प्रयोग गर्दछ। तसर्थ जस्तोसुकै संकटपूर्ण घडीमा पनि राज्यले जनताका न्युनतम अधिकारहरूको भने रक्षा गर्नैपर्ने हुन्छ।

## आधारपत्रमाथि टिप्पणी

**सरोज पोखरेल**, *बुद्धिजीवी, अध्यक्ष, एलायन्स कैलाली*

देशमा राजा बलियो हुनका लागि जनता बलियो हुनुपर्छ। जनता बलियो हुनलाई उनीहरूको अधिकार कुण्ठित हुनुहुँदैन।

**मनमोहन स्वाँर**, *प्रधान सम्पादक, धनगढी पोष्ट दैनिक*

जसलाई हामी बुनियादीरूपमा गलत छ भनिरहेका छौं, त्यसलाई सही भन्न गाह्रो छ।

**सूर्य भण्डारी,** *अध्यक्ष, बार एशोसिएशन कैलाली*

हामी कानुन बुझेर पनि नबुझेका अवस्थामा छौं, तसर्थ यस्तो कार्यक्रम दुर्गमभन्दा पनि दुर्गम ठाउँमा होस्।

**कुलानन्द,** *अधिवक्ता*

हिजो भर्खरै मात्र धनगढीमा एउटा व्यक्तिको घरमा बम बिष्फोट गराइएको छ, म यसको घोर भर्त्सना गर्दछु। यस्ता घटनाहरूको हामीले, नागरिक समाजले घोर भर्त्सना गर्नुपर्दछ। संकटकालमा जसरी राज्यको दायित्व हुन्छ, त्यसरी नै हामी नागरिक समाज तथा कानुन व्यवसायीको पनि दायित्व हुन्छ। हामी सचेतनामा लाग्नुपर्छ।

**ठक्कर मल्ल,** *केन्द्रीय उपाध्यक्ष, नेपाल बार एशोसिएशन*

अहिले सुदूर पश्चिमका जनता खडेरी, आगजनी, गरिबीको भाषा बुझ्छन तर मानवअधिकारको भाषा बुझ्न उनीहरूलाई गाह्रो छ। संविधानको व्याख्या विभिन्न व्यक्तिले विभिन्न किसिमले गरेजस्तै माओवादीले झन् अर्कै तरिकाले गरिदिन्छन्। उल्लेख भएका कुराहरू राम्रो भएपनि कार्यान्वयन पक्षको बारेमा भने सोच्नै पर्छ।

**चित्राङ्ग थापा,** *कान्तिपुर सम्वाददाता, कञ्चनपुर*

यो कार्यक्रम अहिलेको अवस्थामा अत्यावश्यक थियो। हामी सञ्चारकर्मी हौं तर सञ्चारबाट टाढा छौं। महाराजको घोषणा स्थानीयरूपमा स्पष्ट हुन सकेको छैन, पत्रकार जगत पनि रणभुल्लमा छन्। हामी मानसिकरूपमा विस्थापित भइरहेका छौं, राजधानीमा जाने भारतीय पत्रपत्रिका हामीकहाँ किन आउँदैन ? अहिले मिडियामा करौडौंको लगानी भइरहेको छ, एउटा व्यवसायको रूपमा फस्टाइरहेको छ, कतिपयले यसबाट रोजीरोटी र बालबालिकाहरूलाई शिक्षा दिने कार्य पनि गरिरहेका छन्। यस अवस्थामा एफ एमले समाचार सम्प्रेषण गर्न सकेन भने के होला ? तसर्थ स्थानीय प्रशासन, सुरक्षा निकाय र नागरिक समाजबीच यस विषयमा छलफल हुनु आवश्यक छ। महाराजाधिराजबाट पत्रकार सम्मेलन भएजस्तै स्थानीय स्तरमा पनि पत्रकार सम्मेलन होस्, निर्क्यौलमा पुग्नु आवश्यक छ।

**उमीद वागचन्द,** *केन्द्रीय उपसभापति, नेपाल पत्रकार महासंघ*

यस्तो छलफल र जानकारी यहाँ मात्रै हैन तल्लो स्तरमा पनि हुनुपर्छ। संकटकालले नागरिकहरूका धेरै हक अधिकार मासिन सक्छन् भन्ने निष्कर्ष पत्रकार महासंघले निकालेको छ। वास्तवमा अहिलेको अवस्थामा सुरक्षा निकाय, स्थानीय प्रशासन, नागरिक समाजबीच व्यापक अन्तरक्रिया हुनुपर्छ र काम गर्ने सहज वातावरणको निर्माण हुनुपर्छ।

**खेम भण्डारी**, *सम्पादक अभियान दैनिक, कञ्चनपुर*

माघ २० गते राजपत्रमा प्रकाशित सूचनाअनुसार हाम्रो अधिकार निलम्बन भएको छ, तर त्यसमा आतंककारीहरू प्रोत्साहित कति बेला हुन्छन् स्पष्ट छैन। यो गम्भीर कुरा हो, कार्यालयमा भएको घुसखोरी प्रकाशन गर्दा आतंककारीलाई प्रोत्साहन मिल्छ भन्न मिल्दैन। यसखाले कार्यक्रमले संकटकालको दुरूपयोगलाई रोक्न मद्दत गरोस् भन्ने कामना गर्दछु।

माओवादीका विचार ठीक छैन भनी बुझेकाहरूले विचारको लडाईं लड्नुपर्छ। हामीले २०५७ सालतिर माओवादीलाई गुण्डाको उपाधिसमेत दियौं, सँगसँगै सुरक्षाकर्मीका कुरा पनि लिएर गयौं, तर सुरक्षा निकायले हामीलाई आफ्नो खिलाफमा भएको मात्र देख्यो।

**ज्योतिलाल बन**, *ग्रिन्सो नेपाल*

अवधारणापत्रअनुसार व्यक्तिको हक अधिकार हनन् र निलम्बन भएको छैन भनिएपनि व्यवहारमा छैन किन ?

**प्रयागदत्त भट्ट**, *अधिवक्ता*

संकटकालपछि सुरक्षाकर्मीहरूसँग यसरी कार्यक्रम भएको पहिलो हो। हालसम्म देखा परिरहेको स्थानीय निकाय र नागरिक समाजबाट सुरक्षा निकाय टाढा भाग्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ। यसो भयो भने प्रशासन, पत्रकार, वकिल र मानवअधिकारकर्मीबीच फाटो आउँदैन।

**प्रमोद पाठक**, *समाजसेवी*

सीमाना पारी जाँदा समाचारमा "नेपाली कुत्तेका मौत मारा गया" भन्ने सुनिन्छ, त्यही ठाउँमा काखमा बच्चा लिएकी दुखित महिलाले देशमा बस्न नसक्ने अवस्था छ भनी भित्रैदेखि दुःख व्यक्त गर्छिन्। यसले पक्कै पनि देशको स्थितिलाई सूचित गर्छ।

सुरक्षाकर्मीहरूका बोली भाषामा सुधार हुनुपर्छ, अपशब्द भाषाको प्रयोगले पनि आम नागरिकमा नकारात्मक असर पार्दछ ।

**बीरबहादुर राना**, *प्रहरी उपरिक्षक*

आफ्नो पसल चोरी भइरहेको छ ? तोडफोड भइरहेको छ, यस्तो बेलामा पनि किन आवाज उठिरहेको छैन ? बुझिनसक्नु भएको छ।

**खेमराज पाण्डेय**, *सदस्य उद्योग बाणिज्य संघ, कैलाली*

जनताले के गर्ने, के नगर्ने भन्ने सम्बन्धमा छलफल हुनु आवश्यक छ।

**लवदेव मिश्र**, *अधिवक्ता*

संकटकाल प्रक्रियागत भयो वा भएन ? जुन विषयमा छलफल भइरहेको छ यो नै प्रक्रियागत छ वा छैन ? प्रधानमन्त्रीको सिफारिसविना संकटकाल घोषणा हुन सक्छ वा सक्दैन भन्ने विषयमा पनि छलफल हुनु आवश्यक छ। मानवअधिकारको घोषणापत्रमा मात्र हैन, नेपालको संविधानमा पनि मृत्युदण्ड बर्जित छ, तर यो धारणाको विरूद्धमा कदम चालिएको छ।

**बालाराम भट्टराई,** *अधिवक्ता तथा अध्यक्ष सि.एस.टी.*

३५(२) को कुरा स्पष्ट गरिदिए हुन्थ्यो। साथै हाम्रो देशमा मानवअधिकारको स्थिति के छ ? भनी चर्चा गरिदिएको भए राम्रो हुन्थ्यो।

**लक्ष्मी उपाध्याय**, *सम्वाददाता, च्यानल नेपाल*

झापाका वकिल पक्राउ हुँदा वकिलहरूमा र पत्रकार पक्राउ हुँदा पत्रकारहरूमा डर र त्रासको वातावरण शृजना भयो। यस्तो हुनाको कारण आपसी छलफलको कमी नै हो।

**उर्मिला ओली**, *अध्यक्ष, महिला पैरवी मञ्च*

सुरक्षा निकाय हाम्रो अभिभावक हो। बिद्रोही पक्षले हामीलाई बारम्बार धम्क्याउने गर्दछन्। धम्की आइरहेको छ भनी सुरक्षाकर्मीलाई जानकारी गराउँदा पनि सुनुवाई भएन।

**बिर्खलाल विश्वकर्मा**, *क्षेत्रीय कार्यक्रम संयोजक, डिएनएफ*

संकटकालको बारेमा गाउँघरतिर पनि जानकारी हुनु आवश्यक छ।

**कृष्णबहादुर बिष्ट,** *बैद्यनाथ बाहिनीपति सशस्त्र प्रहरी बल, सुदुर पश्चिम*

अहिले संकटकालको व्यापक चर्चा छ, किन लाग्यो ? कसरी लाग्यो भनेर जान्न आवश्यक पनि छ। आज यसबारे धेरै जानियो र अझ जान्न बाँकी नै छ। घटना घट्दा सुरक्षाकर्मीप्रति हेर्ने चलन बढी छ। सुरक्षा निकाय हरेक ठाउँमा छैन, यस्तो अवस्थामा या त सबै नेपालीलाई सुरक्षाकर्मी बनाउनु पर्‍यो या त सुरक्षाकर्मीलाई सहयोग गर्ने या सुरक्षाकर्मी आउने, बस्ने वातावरण हुनु पर्‍यो।

संकटकाललाई अवसरको रूपमा प्रयोग गर्नुपर्छ। संकटकाल पूर्णरूपले लागू भएको पनि छैन। हिंडडुल गर्ने स्वतन्त्रता र सम्पत्ति आर्जन गर्ने, बेचबिखन गर्ने अधिकार निलम्बन भएकै छैन। अहिलेको अवस्थामा सबै एकजुट भएर जानुपर्छ, अहिले दल छैन, यो वा त्यो दल भन्ने पनि छैन।

स्वास्नीको अगाडि लोग्नेको हत्या भइरहेको छ, आमाको अगाडि छोराको हत्या भइरहेको

छ, यस्तो दुःखलाग्दो अवस्थामा पनि मान्छे केही बोलेको छैन। यस्ता घटना घट्दा मान्छे सुरक्षाकर्मीको कल्पना गर्छ, कल्पना गर्दैमा सुरक्षाकर्मी त्यहाँ पुग्ने अवस्था पनि छैन। ऊसँग त्यो जादु छैन। यस्तो अवस्थामा सुरक्षाकर्मीलाई सहयोग गर्न सक्नुपर्छ।

यो संकटकाललाई अवसरको रूपमा प्रयोग गर्न सक्नुपर्छ, सकिएन भने अब भगवानले मात्र बचाउन सक्छन्, अर्को उपाय छैन।

मानवअधिकार तीन किसिमले हनन हुन्छ - जानेर, नजानेर र बाध्य पारेर। तपाईंहरू गोलबन्द हुनु भयो भने मात्र सुरक्षा दिन सम्भव छ।

**रामशरण कार्की**, *गणपति, शाही नेपाली सेना बरखगण*

हाम्रो यहाँ दोष दिने प्रचलन बढिरहेको छ, तपाईंहरू सिडिओमार्फत् निवेदन दिनुस्, सिडिओको आदेश सुरक्षा निकायले मानेन भने त्यतिबेला सुरक्षा प्रमुख जिम्मेवार हुन्छ। सुरक्षाकर्मीबिना कुनै पनि संस्था, नागरिक समाजको काम ठप्प भएको देखिन्छ। देशको स्थिति यतिसम्म बिग्रिसक्यो कि नागरिक समाजले साथ दिएन भने सुरक्षा दिन पनि गाह्रो छ।

**मीना सोब**, *अध्यक्ष, कैलाली नव प्रतिभा समूह*

कारागारमा भएको घटनाले हामी त्रसित भएका छौं, हामीलाई शान्ति छैन। एकजुट हुनुपर्छ।

**शिवेन्द्रपुरूष ढकाल**, *प्रमुख जिल्ला अधिकारी, कैलाली*

यस्तो ठूलो कार्यक्रमको ठीक समयमा व्यवस्थापन गरिदिएकोमा म इन्सेकलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु। आजको यस कार्यक्रमले हामीलाई एकजुट हुने सन्देश दिएको छ। कानुनव्यवसायी भट्टराईजीले कानुनको व्याख्या गरेर हामीलाई अझ सजिलो बनाउनु भएको छ। सुरक्षाकर्मीहरू र मलाई टाढाको नजरले नहेरौं, हामी तपाईंहरूकै लागि खटिएका छौं।

**कुन्दन अर्याल**, *महासचिव, इन्सेक*

२०६१ माघ १९ मा राजाद्वारा मन्त्री परिषद् विघटन गरी शासनको बागडोर आफ्नो हातमा लिई संकटकालको घोषणा गरेको र आफ्नै अध्यक्षतामा मन्त्रीमण्डल गठन गरेपछि समाजमा एक किसिमको सन्त्रासपूर्ण वातावरण फैलिएको छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरबाट मानवअधिकारवादी संघसंस्था सन्त्रासपूर्ण वातावरणबाट समाजलाई बचाउन अग्रसर भइसकेका छन्। सारा संसार आज नेपाललाई हेरिरहेको छ।

राज्य र सरकारको राष्ट्रिय र अन्तर्राष्ट्रिय दुई वटा दायित्व हुन्छ । अहिले श्री ५ प्रधानमन्त्रीका ठाउँमा छन्, भोलिका दिनमा अन्तर्राष्ट्रिय क्षेत्रमा उनले पनि जवाफ दिनुपर्ने

हुनसक्छ। यो बेला जथाभावी गर्नेहरूले सम्पूर्ण हिसाब किताब भोलि संसारलाई पेश गर्नु पर्नेछ। संकटकालका नाममा जथाभावी गर्ने अधिकार कसैलाई छैन भन्ने कुरा सम्बन्धित सबैले बुझ्नै पर्छ। राजाले संकटकाल लागू गर्नु पर्नाका तीन/चार वटा कारण देखाई सूचना जारी गरेका छन्। अहिले संकटकाल लागू भएको छ। यस अवस्थामा के मानवअधिकारवादी संघ-संस्थाहरूले कार्यालयमा तालाबन्दी गरेर चूपचाप बस्ने ? माओवादीसँग समय समयमा नागरिक समाजले पनि लडेको छ। सुरक्षाकर्मीहरू बढी लडेका छन् र बढी मरेका छन्। राज्यले संकटकालमा पनि मानवका न्यूनतम अधिकारहरूको रक्षा गर्नुपर्दछ। यो राज्यको दायित्वभित्र पर्दछ। भयग्रस्त जनता कुनै पनि हालतमा आतंकवादका विरूद्ध लड्न वा सहयोगका लागि सक्षम हुन सक्दैनन्। कपिलवस्तुमा जस्तो जनतालाई हतियार दिएर पनि समस्या समाधान गर्न सकिदैन। नेपालमा सँधैभरी सुनामी रहन्न, नेपालको धनराशी बम र बारूदमा खर्च नहोस्, जनताको खुशियालीमा खर्च होस्। ●

# डोटी

२०६२ बैशाख १७



मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको आयोजना र मानवअधिकार तथा जनसेवा केन्द्र, डोटी तथा इन्सेक क्षेत्रीय कार्यालय सुदूर पश्चिमाञ्चलको व्यवस्थापनमा मानवअधिकार र संकटकाल विषयक अन्तरक्रिया कार्यक्रम डोटीमा सम्पन्न भयो। कार्यक्रम मानवअधिकार तथा जनसेवा केन्द्र, डोटीका अध्यक्ष दीपक सिंहको अध्यक्षता र शान्ति अभियान कार्यक्रम, इन्सेक डोटीका जिल्ला सहसंयोजक शंकर मडैको सञ्चालनमा सम्पन्न भएको थियो। कार्यक्रमका सहभागीहरूलाई शान्ति अभियान कार्यक्रम इन्सेक, डोटीका जिल्ला संयोजक वसन्त ओझाले स्वागत गर्नु भएको थियो भने इन्सेक क्षेत्रीय कार्यालय, धनगढीका संयोजक खड्कराज जोशीले धन्यवाद ज्ञापन गर्नुभएको थियो। कार्यक्रममा अधिवक्ता बसन्तप्रसाद अधिकारीले आधारपत्र प्रस्तुत गर्नुभएको थियो।

## आधारपत्रमाथि टिप्पणी

**राजेन्द्र थापा**, *पृतनापति, शाही नेपाली सेना, सुदूरपश्चिमाञ्चल*

हामीले सुरक्षा दिन नसकेका कारण माओवादीसँग मानिसहरू डराएका छन्। हामी मानवअधिकारको संरक्षण गर्न प्रतिबद्ध छौं। माओवादी पनि राज्यको एउटा अङ्ग हो, केवल आतङ्क मच्चाइरहेकोले नियन्त्रण गर्ने क्रममा भिडन्त हुने गरेको छ। पत्रकारहरूले प्रमाणसहित लेख्ने र मानवअधिकारवादीहरूले पनि घटनाको यथार्थ बाहिर ल्याई दिएमा हामीबाट भएका गल्तीहरूलाई सच्याउनेछौं र आवश्यकतानुसार कारवाही पनि गर्नेछौं।

**विश्वराज डोटेल**, *स्थानीय विकास अधिकारी, जिल्ला विकास समिति डोटी*

मुलुक हिंसामक द्वन्द्वको चपेटामा परिरहेको बेला मानवअधिकारकर्मीहरूको भूमिका महत्वपूर्ण हुन जान्छ। संकटकाल लाग्यो भन्दैमा जनताले केही पनि गर्न पाउँदैनन् भन्ने होइन। केही अधिकारहरू सीमित गरिएका हुन्छन्। संकटकालमा पनि जनताका अधिकारहरू हुन्छन् भन्ने सन्देश पुऱ्याउन समय-समयमा कार्यक्रम गरेर जनतामा चेतना फैलाउने काम गर्नु पर्दछ।

**उपेन्द्र वि.के.**, *हेल्भेटास*

संकटकालको यस्तो परिस्थितिमा कार्यक्रम अति सान्दर्भिक छ। संकटकालमा के गर्न हुन्छ, के गर्न हुँदैन भन्ने ज्ञान जनतामा नभएको कारणले पनि बढी समस्या भोग्नु परेको छ। संकटकालको दुरूपयोग हुनु हुँदैन साथै संकटकाललाई छोट्याउनेतर्फ सबैले लाग्नु पर्दछ।

**ईश्वरीदत्त पन्त**, *उप प्राध्यापक, डोटी क्याम्पस*

मानवअधिकार सन्धि अनुगमन समितिले देशका विभिन्न ठाउँमा यस्ता कार्यक्रम गरेर जनतालाई सचेत बनाउने काम गरेकोमा धन्यवाद नदिइरहन सकिँदैन। संकटकालको नाममा कसैले पनि अनावश्यक दुःख पाउनु हुँदैन। मानवअधिकारको रक्षा गर्नु सबैको दायित्व हो।

**अमृत वि.के.**, *फेडो*

जनतामा अन्यौल परिरहेको अवस्थामा यो अन्तर्क्रिया कार्यक्रमले वातावरण सहज बनाइदिएको छ। संकटकालको नाममा जनताले तमाम शास्ति झेल्नु परेको छ। देशमा यथासक्य शान्ति वार्ता गर्ने वातावरण तयार गर्नुपर्छ।

पत्रकार शिवराज जोशी, साप्ताहिक विमर्शका रामहरि ओझा, रेडियो नेपालका लक्ष्मीराज जोशीलगायत्का सहभागीहरूले संकटकालमा सुरक्षा निकाय र प्रशासनबाट पत्रकारहरूले धेरै दुःख पाएका छन्। पत्रकारहरूलाई गिरफ्तार गर्ने समाचार सेन्सर गर्ने, धम्की दिने जस्ता कार्य भएका छन्। प्रतिबन्ध नलागेका संविधानका धाराहरूमा पनि प्रतिबन्ध लागे जस्तो महसुस गरिएको छ। पत्रकार भनेका राष्ट्रको चौथो अङ्ग हो। पत्रकारलाई स्वतन्त्र भएर काम गर्न दिइएन भने जनतामा सूचना नै पुग्न सक्दैन। यस्तो स्थितिले झन ठूलो समस्या ल्याउन सक्छ।

**खड्कराज जोशी**, *क्षेत्रीय संयोजक, इन्सेक धनगढी*

संकटकालमा पनि मानवअधिकारको रक्षा गर्न सकिन्छ। संकटकालमा संविधानका केही धाराहरू निलम्बित भएता पनि संकटकालको निहुँमा राज्यले स्वेच्छाचारी शासन गर्न पाउँदैन। यस अवधिमा जनताले भोग्नु परेको अनावश्यक दुःख, शास्ति र अन्यौल हटाउन सुरक्षा निकाय, प्रशासन तथा नागरिक समाजका प्रतिनिधिहरू लाग्नु पर्दछ। ●

# कञ्चनपुर
२०६२ बैशाख १६



मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको आयोजना र मानवअधिकार तथा वातावरण संरक्षण केन्द्र (ह्यूपेक), कञ्चनपुर तथा इन्सेक सुदुरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय धनगढीको व्यवस्थापनमा मानवअधिकार र संकटकाल विषयक अन्तरक्रिया कार्यक्रम वरिष्ठ पत्रकार रामबहादुर चन्दको प्रमुख आतिथ्यमा कञ्चनपुरको महेन्द्रनगरमा सम्पन्न भयो। कार्यक्रममा अधिवक्ता बसन्तप्रसाद अधिकारीले आधारपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यक्रम बासुदेव भट्टको सभापतित्व, पल्लव भट्टको सञ्चालनमा भएको थियो भने कार्यक्रमको उद्देश्यको बारेमा इन्सेक क्षेत्रीय संयोजक खड्गराज जोशीले प्रकास पार्नु भएको थियो।

## आधारपत्रको संक्षिप्त अंश

आधारपत्र प्रस्तोता अधिकारीले आधारपत्रमार्फत् संकटकाल र अन्तर्राष्ट्रिय मानवअधिकार कानुन, संकटकाल घोषणाको आधार र वैधानिकताको परीक्षण, नेपाल अधिराज्यको संविधान २०४७ मा संकटकाल र मौलिक अधिकारमा प्रभाव, संकटकालीन अधिकारका सीमाहरू, संकटकालीन अवस्थाको व्यवस्थापन आदिबारे विस्तृत प्रकाश पार्नुभएको छ।

अधिकारीले आधारपत्रमा संकटकाल राज्यले आफ्नो अस्तितव बचाउन शान्ति, सुरक्षा, अमनचैन कायम गरी राष्ट्रिय सार्वभौमसत्ता, अखण्डता कायम राख्न सामानय राष्ट्रिय जनजीवन र संवैधानिक अभ्यासभन्दा साबुत रुपमै बढी शक्ति आफ्नो हातमा लिई उपद्रवलाई दबाउनु वा नियन्त्रणमा ल्याई जनताका स्वतन्त्रततालाई पुन: सामानय अवस्थामा ल्याउनु हो भन्नुभएको छ। आधारपत्रमा संकटकालमा जनताको वैयक्तिक स्वतन्त्रता खतरामा पर्न सक्ने भएकोले संकटकाल घोषणाका केही संवैधानिक शर्तहरू छन् भनने उल्लेख गर्दै त्यस्ता संवैधानिक शर्तहरू तथा सर्वमान्य सिद्धानतहरू शासकको इच्छामा मात्र नभई वस्तुगत रुपमै पुष्टी हुनु जरुरी छ भनिएको छ।

## आधारपत्रमाथि टिप्पणी

**राजीव शाह**, *सेनानी, शाही नेपाली सेना महेन्द्रनगर*

संकलकालमा मानवअधिकारको संरक्षण भएको छ। राजाले राजनीतिक पार्टीलाई पन्छ्याउन खोजेको होइन। पार्टीहरूले इमन्दारी देखाउन सक्नुपर्छ। हामीहरूले मानवअधिकारको सम्मान गर्छौं। जानी जानी गल्ती गरेको खण्डमा कारवाही सहन पनि तयार छौं। हाम्रो सेनाबाट

मानवअधिकारको उल्लङ्घन भएमा कारवाहीसमेत गर्ने छौं।

**लोकेन्द्र विष्ट**, *सम्पादक, अभिमत साप्ताहिक*

संकटकालको बहानामा सरकार सञ्चालकले मानवअधिकारको उल्लङ्घन गर्न पाउँदैन। भाषणमा राज्यले जति प्रतिबद्धता जाहेर गरेको छ, व्यवहारमा त्यसको ठीक उल्टो क्रियाकलाप गरेको छ।

**ऋषिराज लुम्साली**, *अध्यक्ष, स्थानीय विकास मञ्च*

अनिर्वाचित सत्ता कायम रहेसम्म मानवअधिकार प्रत्याभूति हुन सक्दैन जनताको हातमा निर्वाचनको अधिकार र प्रतिनिधीहरू चुन्न पाउने अधिकार नदिएसम्म कुनै पनि सत्ता प्रजातान्त्रिक हुनै सक्दैन।

**चित्रांग थापा**, *सम्वाददाता, कान्तिपुर दैनिक*

राज्य र विद्रोही दुवै पक्षले प्रेस स्वतन्त्रतामाथि बन्देज लगाएका छन्। पूर्ण प्रेस स्वतन्त्रता बिनाप्रजातन्त्र, शान्ति र मानवअधिकारको प्रत्याभूती सम्भव छैन्।

**डिल्लीराज विष्ट**, *प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय*

संकटकाल अब सामान्य भइसकेको छ। संकटकालमा थप बल शान्तिको लागि मात्र केन्द्रित हुनु पर्दछ। संकटकालको समयमा नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रदान गरेका सबै अधिकारहरू निलम्बन छैनन्।

**राम बहादुर चन्द**, *बयोबृद्ध बरिष्ठ पत्रकार*

हाम्रो व्यवहारमा परिवर्तन आएको छैन। राणाकालीन चेतना, सोच र चिन्तनबाट आजको राज्यसत्ता सञ्चालन हुन नसक्ने हुँदा विगतको निरंकुशता आजको प्रजातान्त्रिक समाजले पचाउन सक्दैन्।

**खड्करराज जोशी**, *क्षेत्रीय संयोजक, इन्सेक, सुदूरपश्चिम*

संकटकालमा सबैभन्दा बढी मार खेप्ने मानवअधिकार र सञ्चार क्षेत्र हो। संकटकालको बहानामा आफूहरूले गरेको गल्ती लुकाउन मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको व्यापक उल्लङ्घन गर्न पाइँदैन। राज्य अभिभावक भएको नाताले विद्रोही पक्षभन्दा बढी जिम्मेवार हुनु पर्दछ।

**बासुदेव भट्ट**

मानवअधिकार र प्रजातन्त्रविना शान्ति सम्भव छैन। शान्ति नभएसम्म नेपाली जनताका हक अधिकारहरू स्थापित हुन सक्दैनन्। ●

अनुसूची १

# कार्यक्रममा प्रस्तुत आधारपत्र

# संकटकाल र मानवअधिकार

**अधिवक्ता टीकाराम भट्टराई**
*केन्द्रीय सदस्य, नेपाल बार एसोसियसन*

## अवधारणा

राष्ट्रिय सुरक्षा र सार्वभौमिकताको रक्षा तथा सम्बर्द्धनका अगाडि वैयक्तिक स्वतन्त्रताहरू गौण हुन्छन् भन्ने मूल मान्यताको आधारमा संसारका अधिकांश देशहरूमा संवैधानिक वा कानुनी प्रावधानको आधारमा संकटकालीन अवस्थाको घोषणा गर्न सकिने अवधारणालाई स्वीकार गरिएको छ। राज्यको उत्पत्ति सामाजिक सम्झौताको सिद्धान्त (Theory of Social Contract) को आधारमा भएको र यसको मुख्य उद्देश्य सामाजिक सुरक्षा रहेकोले सामाजिक सुरक्षाको खातिर नागरिकहरूले राज्यलाई आफ्नो वैयक्तिक स्वतन्त्रता स्वेच्छाले परित्याग गरेको हुनाले व्यक्तिको सुरक्षा गौण र राज्यको सुरक्षा प्रधान मानिन्छ। यही प्रमुख अवधारणाको आधारमा संकटकालीन अवस्थाको मान्यतालाई स्वीकार गरिएको हो। तर सामाजिक सम्झौताकै अभिन्न मान्यता के हो भने नागरिकहरूले आफ्नो सुरक्षा र हितको संरक्षण गर्न राज्यलाई स्वेच्छाले आफ्ना हक परित्याग गरेका हुन्। तर, त्यस्तो हकले स्वयम् नागरिकहरूको सुरक्षा र सम्बर्धन गर्न सकेन भने नागरिकहरूले त्यस्तो नियन्त्रणकारी हक राज्यबाट फिर्ता लिन पनि सक्दछन्। यही पछिल्लो मान्यताका आधारमा राष्ट्रिय संकटको बेला पनि राज्यले गर्न हुने र नहुने कामहरू परिभाषित हुन्छन् र संकटकालको दुरूपयोग हुन नसकोस् भनेर विभिन्न सीमा र बन्देजहरू राखिएका हुन्छन्। संकटकालमा राज्यको कार्यकारिणी शक्तिलाई अन्य शक्तिहरूको तुलनामा अतिरिक्त अधिकार प्रदान गरिएको हुन्छ। यस्तो अवस्थामा विधायिकी र न्यायपालिकाका अधिकारहरूमा केही बन्देज र नियन्त्रण कायम गरिएको हुन्छ तथा न्यायिक उपचारका हकहरूसमेत सीमित हुन्छन्।

## विभिन्न देशमा संकटकाल

संकटकालीन अवस्थालाई कतिपय देशहरूले संविधानमा नै परिभाषा गरेका छन्। भारत, श्रीलंका, पाकिस्तान, नेपाल र बंगलादेशमा संकटकालीन अवस्थाको घोषणा गर्ने अधिकार संविधानले नै दिएको छ। विश्वका दुई प्रमुख प्रजातान्त्रिक देशहरू अमेरिका र बेलायतमा संकटकालीन अवस्थाको स्पष्ट परिकल्पना गरिएको छैन। बेलायतमा लिखित संविधान नभएको

कारणले संविधानमा यो व्यवस्था रहने संभावना नै छैन भने अमेरिकी संविधानमा पनि स्पष्ट रूपले संकटकालीन अवस्थाको परिकल्पना गरिएको छैन। तर अमेरिकी संविधानको धारा (२) ले अमेरिकी राष्ट्रपतिलाई कार्यकारिणी प्रमुखको हैसियतले राष्ट्रिय सुरक्षा वा बाह्य वा आन्तरिक कारणले खतरा उत्पन्न भएको अवस्थामा युद्धको घोषणा गर्न वा निश्चित नागरिक अधिकारहरू निश्चित अवधिका लागि निलम्बन गर्न सक्ने अख्तियारी प्रदान गरेको छ। यसैलाई संविधानविद्हरूले संकटकालीन अवस्था भनी विश्लेषण गरेका छन्।

बेलायतमा आइरिस गणतन्त्रको समस्या आएपछि मात्र संकटकालीन अवस्थाको बारेमा बहस प्रारम्भ भएको देखिन्छ। सन् १९८९ मा आएको Act of Prevention of Terrorism-1989 ले बेलायतमा संकटकालीन अवस्थाको घोषणा गर्ने अधिकार प्रदान गरेको देखिन्छ।

दक्षिण एशियाका विभिन्न देशहरूमा मूलत: निम्न आधारहरूमा संकटकाल घोषणा गर्न सकिने प्रावधान संविधानमा नै उल्लेख गरिएको छ।

(क) राष्ट्रिय सार्वभौमसत्ता वा सुरक्षामा खतरा उत्पन्न भएको अवस्थामा।
(ख) क्षेत्रीय अखण्डतामा खतरा उत्पन्न भएको अवस्थामा।
(ग) सशस्त्र विद्रोह भएको अवस्थामा।
(घ) चरम आर्थिक विशृंखलता उत्पन्न भएको अवस्थामा।
(ङ) आन्तरिक वा बाह्य युद्धको घोषणा भएको अवस्थामा।
(च) प्राकृतिक प्रकोप वा दैवी उत्पात भएको अवस्थामा।

## संकटकाल र यसका सीमाहरू

संकटकालमा राज्यको कार्यकारिणी अधिकार सामान्य अवस्थामा भन्दा शक्तिशाली हुन्छ भन्ने तथ्य माथि नै उल्लेख गरिसकिएको छ। तर संकटकालीन अवस्थामा पनि राज्य निरंकुश, स्वेच्छाचारी र अनुत्तरदायी नहोस् भन्ने उद्देश्यले संकटकालीन अवस्थामा विभिन्न नियन्त्रणकारी संयन्त्र र प्रावधानहरू (Controlling Mechanism and Provisions) को व्यवस्था गरिएको हुन्छ। संकटकालका सीमा र नियन्त्रणकारी प्रावधानहरूलाई निम्नानुसार विभाजन गरेर हेर्न सकिन्छ:

(१) **घोषणा गर्नु पूर्वका शर्तहरू:** कार्यकारिणी प्रमुखलाई आफ्नो स्वविवेक वा स्वेच्छाले वा आत्मनिष्ठ आधारमा संकटकालको घोषणा गर्ने अधिकार नहोस् भनेर संविधानमा नै निश्चित शर्त र अवस्थाहरूको परिकल्पना गरिएको हुन्छ। ती शर्त र अवस्थाको विद्यमानता वस्तुनिष्ठ आधारमा देखिएको अवस्थामा मात्र संकटकालको घोषणा गर्न सकिन्छ। त्यस्ता आधारहरूमा बाह्य आक्रमण, सशस्त्र विद्रोह, युद्धको घोषणा, आर्थिक विशृंखलता, प्राकृतिक प्रकोप आदिलाई लिन सकिन्छ।

(२) **प्रक्रियागत शर्तहरू**: उपर्युक्त अवस्थाको विद्यमानता रहेको अवस्थामा पनि स्वत: संकटकालीन अवस्थाको घोषणा गर्न सकिंदैन। त्यसका लागि संविधान तथा कानुनले तोकेका प्रक्रियाहरू अक्षरश: पालना गरिनु पर्दछ। त्यस्ता शर्तहरूमा भारतीय संविधानबमोजिम मन्त्रिपरिषद्ले निर्णय गरेर लिखितरूपमा भारतीय राष्ट्रपतिसमक्ष जाहेर गर्नु पर्दछ। नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम संकटकालीन अवस्थाको घोषणा गर्ने अधिकार धारा ११५(१) ले श्री ५ लाई दिएको भए पनि यसलाई संविधानको धारा ३५(२) सँग अलग गरी हेर्न मिल्दैन र यो व्यवस्था हाम्रो संविधानको आधारभूत विशेषता पनि हो। यस सम्बन्धमा सर्वोच्च अदालतले कतिपय मुद्दाहरूमा नजीर सिद्धान्तसमेत प्रतिपादन गरि सकेको छ।[1]

(३) **घोषणापश्चात्का शर्तहरू**: संकटकालीन अवस्था संविधान र कानुनबमोजिम मात्र जारी गर्न सकिन्छ र त्यसरी जारी गरेपश्चात् पनि सार्वभौम जनताको अनुमोदनका लागि संसदसमक्ष पेश गरिनु पर्दछ। कार्यकारिणीको स्वेच्छामा सीमित अवधिका लागि मात्र संकटकालको घोषणा गर्न सकिन्छ र त्यसको अनुमोदन संसदमार्फत् गरिनु पर्दछ। संसदले अनुमोदन नगरेको अवस्थामा त्यस्तो संकटकाल कार्यकारिणीको स्वेच्छाले मात्र कायम रहन सक्दैन। भारतमा संविधानको ४४ औं संशोधनपूर्व कार्यकारिणीको स्वेच्छाले दुई महिनासम्म संकटकाल घोषणा गर्न सकिन्थ्यो तर, ४४ औं संशोधनपश्चात् यसलाई एक महिनामा सीमित गरिएको छ [२] र संसदले अनुमोदन गरेको अवस्थामा छ महिनासम्म कायम हुने व्यवस्था गरिएको छ। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(२) बमोजिम कार्यकारिणीको स्वविवेकमा तीन महिनासम्म र त्यसपछि संसदको अनुमोदन भएको अवस्थामा थप तीन महिना गरी जम्मा छ महिनासम्म मात्र संकटकालीन अवस्था कायम हुन सक्ने देखिन्छ। प्रतिनिधिसभा विघटन भएको अवस्थामा धारा ११५(६) बमोजिम संकटकालीन अवस्थाको परीक्षण गर्ने अधिकार राष्ट्रियसभालाई दिइएको छ।

(४) **न्यायिक पुनरावलोकनको सीमा**: संकटकालीन अवस्थाको घोषणा संविधानबमोजिम भएको छ कि छैन वा घोषणा गर्दा संवैधानिक प्रावधानबमोजिम गरिएको छ कि छैन भन्ने सम्बन्धमा सम्बन्धित देशका संविधानबमोजिम देशको सर्वोच्च न्यायपालिकाले त्यसको परीक्षण गर्ने अधिकार राख्दछ। नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम संविधानको धारा ८४, ९६ तथा ८८(१) र ८८(२) बमोजिम यो अधिकार सर्वोच्च अदालतलाई प्राप्त छ। त्यसैगरी भारतीय संविधानबमोजिम संकटकालको घोषणाको संवैधानिकता परीक्षण गर्ने अधिकार त्यहाँको सर्वोच्च अदालतलाई प्राप्त छ र यससम्बन्धमा भारतिय सर्वोच्च अदालतले व्याख्यासमेत गरिसकेको छ।[3]

(५) **क्षतिपूर्तिको सीमा**: संकटकालीन अवस्थामा नागरिक हकमा ग्रहण लागेको मानिन्छ र त्यस बेलामा कतिपय न्यायिक उपचारका मार्गहरू अवरूद्ध भएको हुन्छ। यस्तो बेलामा

कार्यकारिणी शक्तिले अधिक अधिकारको प्रयोग गर्ने भएकोले त्यस्तो अधिकारको दुरूपयोग हुने अत्यधिक सम्भावनालाई न्यून गर्नको लागि र जस्तोसुकै अवस्थामा पनि राज्यले कानुनको शासन र न्यूनतम मानवअधिकारको पालना गर्नु पर्दछ भन्ने कानुनी शासनको मान्यता भएकोले त्यस अवस्थामा अधिकारको दुरूपयोग वा प्रवृत भावना वा कलुषित भावनाले कुनै अधिकारीले कुनै नागरिकमाथि अन्याय वा अत्याचार गरेको रहेछ र त्यसले नागरिकको शारीरिक र मानसिक क्षति भएको रहेछ भने संकटकालीन अवस्थाको समाप्तिपश्चात् त्यस्तो पीडित व्यक्तिले राज्यबाट क्षतिपूर्ति लिन पाउने प्रावधान पनि संविधानमा राखिएको हुन्छ।[४]

## संकटकाल, मानवअधिकार र राष्ट्रिय दायित्व

संकटकालको परिकल्पना राज्यको आधुनिक अवधारणाको उपज हो। तर मानवअधिकार नागरिकका प्राकृतिक अधिकारहरू हुन्। राज्यको आधुनिक स्वरूप र संरचनाभन्दा पहिल्यैदेखि क्रियाशील र प्रभावकारी भएका न्यूनतम अधिकारहरूलाई राज्यले जस्तोसुकै कठिन परिस्थितिमा पनि सम्मान र संरक्षण गर्नु पर्दछ।

मानवअधिकारको स्रोतको रूपमा रहेको Magna Carta 1215, Petition of Rights 1628, Bill of Rights 1689 ले प्रत्याभूत गरेको न्यूनतम मानवअधिकारहरू संकटकालको अवस्थामा पनि नियन्त्रण र निलम्बन हुन सक्दैनन् भन्ने मान्यताका आधारमा संकटकालीन अवस्थाको घोषणा जारी भएको अवस्थामा पनि निम्नलिखित आधारभूत अधिकारहरू क्रियाशील रहेका हुन्छन्:[५]

(१) समानताको अधिकार
(२) वैयक्तिक स्वतन्त्रताको अधिकार
(३) संघ, संस्था खोल्ने हक
(४) बन्दी प्रत्यक्षीकरणको हक
(५) अमानवीय, क्रुर र अपमानजक व्यवहारविरूद्धको हक
(६) आस्था र विचारको स्वतन्त्रता
(७) धर्म, संस्कृति र शिक्षाको अधिकार
(८) दासताविरूद्धको अधिकार
(९) देश निकालाविरूद्धको अधिकार
(१०) कानुनको प्रयोग र पालनामा समान संरक्षणको अधिकार

## नेपालको सन्दर्भ

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(१) बमोजिम संकटकालको घोषणा भएको अवस्थामा पनि धारा ११, १२(१) , १२(२)ङ, १४,१८, १९, २०, २१, धारा २३ को बन्दी प्रत्यक्षीकरणको हक र धारा ८८(१) र ८८(२) बमोजिम सर्वोच्च अदालतवाट प्राप्त गर्न सकिने

असाधारण अधिकार क्षेत्रअन्तर्गतको हक तथा नागरिक अधिकार ऐन २०१२ बमोजिम प्राप्त संघ-संस्था खोल्ने, हिंडडुल गर्ने, अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्वक सभा सम्मेलन गर्न पाउने स्वतन्त्रता[६] लगायत् धारा ११५(८) बमोजिम निलम्बनमा नपरेका अरू तमाम संवैधानिक तथा कानुनी हकहरू अहिले पनि क्रियाशील र प्रभावकारीरूपमा प्रयोग र प्रचलनमा आउन सक्ने देखिन्छ। नेपाल अधिराज्यमा यसभन्दा अघि पनि यही संविधानको धारा ११५(१) बमोजिम प्रतिनिधिसभाबाट निर्वाचित प्रधानमन्त्रीको सिफारिसमा संकटकाल लागू गरिएको थियो।[७] त्यसबखत पनि सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीशसहित पाँच जनाको पूर्ण इजलासले संविधानबमोजिम निलम्बन नभएका र त्यसअघि दर्ता भएका मुद्दाहरू हेर्न र न्यायिक उपचार प्रदान गर्न फरक नपर्ने भनी व्याख्यासमेत गरिसकेको छ।[८] तर, यसपटक सोही संविधान र सोही धाराबमोजिम लागू भएको संकटकालमा सर्वोच्च अदालतले निलम्बन नभएका संवैधानिक धाराहरूको आधारमा पनि न्यायिक उपचार नदिने भनी प्रशासनिक तहबाट दरपीठ गरिदिएको छ। यो कारणले संविधानको धारा ८८(१) र ८८(२) को माध्यमद्वारा मानवअधिकारको रक्षा गर्ने उपचार बिनाकारण निलम्बन भएसरह गरिएको छ। त्यसैगरी पुनरावेदन अदालत विराटनगरले कानुन व्यवसायी पक्राउ परेको मुद्दामा संकटकालको कारण दर्शाएर बन्दी प्रत्यक्षीकरणको हकसमेत प्राप्त हुन नसक्ने फैसला गरेको छ।[९] यो न्यायिक प्रवृत्तिबाट अदालत नागरिक हकको प्रचलनका लागि अनुदार भएको र यसबाट स्वतन्त्र न्यायपालिकाको मर्यादाअनुरूप नागरिक हकको संरक्षण गर्न नसकेको हो कि भन्ने आशङ्का उब्जिएको छ।

भारतको संविधानमा ४४ औं संशोधन हुनु पूर्व बन्दी प्रत्यक्षीकरणको हकसमेत निलम्बन हुने अवस्थामा पनि त्यहाँको सर्वोच्च अदालतले पूर्वाग्रह र गलत आशयले नागरिकलाई पक्राउ गरिएको अवस्थामा बन्दीप्रत्यक्षीकरण जारी हुन सक्ने[१०] फैसला गरेको थियो भने हाम्रो त संविधानबमोजिम नै बन्दी प्रत्यक्षीकरणलगायत् कैयौं हकहरू निलम्बन हुनै सक्दैनन्। यस्तो अवस्थामा अदालतको भूमिका अझ जनपक्षीय हुनुपर्नेमा प्रारम्भिक लक्षणहरू आशलाग्दा देखिएका छैनन्। तसर्थ त्यतातर्फ निरन्तर चनाखो र सजग हुनुपर्ने देखिन्छ।

**प्रेस स्वतन्त्रता र संकटकालीन अधिकार**

संकटकालको घोषणाले अहिले नेपालको प्रेस स्वतन्त्रता जोखिममा परेको देखिन्छ। संकटकालको सबभन्दा बढी असर प्रेस जगतमै देखिएको छ। निश्चितरूपमा संकटकालमा प्रेससँग सम्बन्धित धारा १३ र १६ निलम्बनमा परेका छन् तर निलम्बनको अर्थ खारेजी होइन। खारेजी र निलम्बनमा फरक छ। निलम्बन गरिनुको अर्थ उपचारको हकको स्थगन मात्र हो। संविधानको धारा १३ देखि बाहेक प्रेससँग सम्बन्धित प्रचलित नेपाल कानुनहरू छापाखाना र प्रकाशन ऐन, प्रेस काउन्सिल ऐन, रा.स.स. ऐन, राष्ट्रिय प्रसारण ऐन जस्ता ऐनद्वारा संरक्षित हकहरू अहिले पनि प्रभावकारी र क्रियाशील रहेका छन्। यी कानुनअन्तर्गतका हकहरू

संकटकालीन अवस्थाको कारणले निलम्बन वा निस्क्रिय हुन सक्दैनन्। श्री ५ बाट जारी गरिबक्सेको धारा ११५(७) बमोजिमको आदेशमा उल्लेख भएकोबाहेक प्रचलित कानुनबमोजिम हुने कुरा उल्लेख भएबाट श्री ५ को घोषणामा निलम्बन वा निस्क्रिय नभएका हकहरू प्रचलन गर्न गराउन कुनै बाधा विरोध देखिदैन। तर काठमाडौंबाट प्रकाशन हुने विभिन्न साप्ताहिक पत्रिकालाई स्थानीय प्रशासनले स्पष्टीकरण सोधेको र दाङबाट प्रकाशित हुने युगबोध पत्रिकालाई स्थानीय प्रशासनले प्रकाशनमा रोक लगाएका समाचारहरू प्रकाशित भएका छन्। तर, प्रचलित कानुनले स्थानीय अधिकारीलाई प्रकाशनमा रोक लगाउने अधिकार दिएको छैन भने श्री ५ को आदेशमा पनि त्यस्तो विषय समावेश भएको देखिँदैन। छापाखाना र प्रकाशन ऐन २०४८ बमोजिम सञ्चार मन्त्रालयले जारी गरेको सूचनाअनुरूप पनि पत्रिका बन्द गर्न सकिदैन किनकि उक्त ऐनले खास पाठ्य सामाग्री प्रकाशन गर्न निषेधसम्म गर्न सक्छ, तर पत्रिका बन्द गर्न सक्दैन।[११] त्यसैगरी श्री ५ बाट जारी शाही घोषणामा पनि स्वतन्त्र सञ्चार क्षेत्रलाई प्रजातन्त्रको चेतना वृद्धि गर्ने माध्यम हुन् र राष्ट्र हितको सम्बर्द्धनमा यसको विशेष भूमिका रहने[१२] भनी उल्लेख भएबाट श्री ५ को इच्छा प्रेसलाई नियन्त्रण गर्ने देखिंदैन। तर श्री ५ को घोषणामा पनि नपरेको र प्रचलित कानुनले पनि निषेध नगरेको विषयमा समेत प्रेस स्वतन्त्रता सीमित र नियन्त्रित गरिने सरकारी रवैयाले गर्दा प्रेस स्वतन्त्रता आज कुण्ठित हुन पुगेको छ। यसले मानवअधिकार प्रवर्द्धनमा गतिरोध सृजना गरेको छ।

## राजनीतिक अधिकार र संकटकाल

श्री ५ बाट जारी शाही घोषणामा राजनीतिक दलहरूका गतिविधिहरू माथि नियन्त्रण गरिने व्यहोरा उल्लेख छैन। त्यसैगरी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११२ बमोजिम राजनीतिक दलहरूलाई प्रतिबन्ध लगाउन सकिदैन र संविधानको धारा १२ मा उल्लेखित अन्य हकहरू संकटकालमा निलम्बनमा रहने भएता पनि संघ-संस्था खोल्ने स्वतन्त्रता निलम्बनमा परेको छैन। यी सबै संवैधानिक व्यवस्थाहरूले राजनीतिक दलहरूलाई जस्तोसुकै अवस्थामा पनि आफ्ना गतिविधिहरू गर्न छुट दिएको अवस्था देखिन्छ। श्री ५ बाट जारी घोषणामा बहुदलीय प्रजातन्त्रमा मौसूफको अपरिवर्तनीय प्रतिबद्धता जाहेर भएको छ।[१३] त्यसैगरी शाही घोषणा र त्यसपछि धारा ११५(७) बमोजिम जारी आदेशमा समेत राजनीतिक दलका गतिविधिहरू माथि नियन्त्रण लगाएको अवस्था नभएकोले राजनितिक दलहरूले शान्तिपूर्ण सभा सम्मेलन र विचारको आदान प्रदान गर्ने कार्यमा रोक लगाउनु संविधान, कानुन र श्री ५ को प्रतिबद्धता विपरीत देखिन्छ। कतिपय संघ-संस्थाका सभा, सम्मेलन र जुलुसहरू भइरहेको अवस्थामा मूलप्रवाहका राजनीतिक दलहरूका गतिविधिहरू नियन्त्रण गरिनुले प्रजातन्त्रप्रतिको घोषित प्रतिबद्धता पूरा हुन सक्दैन।

## अन्तर्राष्ट्रिय दायित्व र संकटकाल

नेपाल अन्तर्राष्ट्रियरूपमा मानवअधिकारप्रति प्रतिबद्धता जनाउने मुलुकहरूमा अग्रपंक्तिमा पर्दछ। १६ वटा अन्तर्राष्ट्रिय मानवअधिकारका दस्तावेजहरूको पक्ष राष्ट्र भएको नाताले नेपालले अन्तर्राष्ट्रिय जगतप्रतिको आफ्नो दायित्व बिर्सनु हुँदैन। सन्धि ऐन २०४७ को दफा ९ ले अन्तर्राष्ट्रिय दायित्वलाई राष्ट्रिय कानुनसरह बनाएको परिप्रेक्षमा यो दायित्वलाई नेपालले हरहालतमा परिपालना गर्नु पर्दछ। नेपाल पक्ष राष्ट्र भएको सन्धिमध्ये नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा ४ ले संकटकालीन अवस्थामा समेत यो प्रतिज्ञापत्रका धारा ६, ७, ८(१ र २) र १८ लाई राज्यले निलम्बन गर्न नसक्ने व्यवस्था गरेको छ। त्यसरी संकटकालमा समेत निलम्बन नहुने अन्तर्राष्ट्रिय कानुनहरूमा निम्न व्यवस्थाहरू समावेश गरिएका छन्:

- वैयक्तिक स्वतन्त्रता
- आस्थाको स्वतन्त्रता
- धर्मको स्वतन्त्रता
- विचारको स्वतन्त्रता
- यातनाविरूद्धको अधिकार

यसैगरी यो सन्धिको धारा ४(३) अनुरूप हरेक पक्ष राष्ट्रले आफ्नो देशमा संकटकाल लागू भएको सूचना यथाशक्य चाँडो संयुक्त राष्ट्रसंघका महासचिवमार्फत अन्य सदस्य राष्ट्रहरूलाई दिनुपर्ने दायित्व पनि राज्यले पूरा गर्नु पर्दछ। अघिल्लो संकटकालमा समेत नेपालले यो दायित्व पूरा गरेको छैन। त्यसैगरी कुनै पनि पक्ष राष्ट्रमा ती सन्धिमा उल्लेखित प्रावधानको उलंघन भएको अवस्थामा अन्य पक्ष राष्ट्रहरूले संयुक्त राष्ट्रसंघमा कुरा उठाउन सक्ने व्यवस्था पनि कतिपय सन्धिहरूले गरेका छन्।

## निष्कर्ष

- संकटकालमा पनि न्यूनतम मानवअधिकारहरू हनन र निलम्बन हुन सक्दैनन्। तिनको पालना र संरक्षण गर्नु राज्यको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व हो।
- निलम्बन नभएका संवैधानिक र कानुनी हकको आधारमा न्याय प्राप्त गर्ने अधिकार प्रत्येक नागरिकलाई भएकोले न्यायपालिका यो दायित्वबाट पन्छन सक्दैन र यस्ता विषयहरूमा न्यायपालिकाले न्यायिक मनको प्रयोग गरेर विवादको समाधान गर्नुपर्दछ।
- संविधानबमोजिमका राजनीतिक दल तथा मानवअधिकार संघ-संस्थाहरूले संकटकालको अधिनमा रहेर आफ्ना कार्यहरू गर्न सक्दछन्।
- प्रचलित कानुन र संविधानले संकटकालमा रोक लगाएकाबाहेक तथा धारा ११५(७) बमोजिम जारी आदेशमा उल्लेखित बन्देजबाहेक पत्रपत्रिकामा लागेको सेन्सरसिप र

पत्रिका बन्द गर्ने आदेश गैरसंवैधानिक देखिन्छ।

- मानवअधिकारको प्रबर्द्धन र विकास तथा संवैधानिक हक अधिकारको उपयोगका लागि राज्यपक्ष सदैव उदार रहनु पर्दछ। जस्तोसुकै कठिन परिस्थितिमा पनि राज्यले मानवअधिकारप्रतिको राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्वबाट उन्मुक्ति पाउँदैन।
- वार्ता, संवाद, सहकार्य र सहअस्तित्व नै शान्ति र प्रजातन्त्रका आधार स्तम्भ हुन्। राज्य र विद्रोही तथा अन्य सबै राजनितिक शक्तिहरूले यिनै आधारमा मानवअधिकारको सम्बर्द्धन र प्रबर्द्धनमा आफ्नो ध्यान केन्द्रित गर्नु पर्दछ। ●

## पाद टिप्पणी

१. Article 352-360 Constitution of India, धारा ११५ नेपाल अधिराज्यको संविधान २०४७, Article 155 of Sri Lankan Constitution

२. See Article 352 of the Indian Constitution

३. राधेश्याम अधिकारीविरूद्ध श्री ५ को सरकार ने.का.प. २०४८ पृ.८१०

४. रबिराज भण्डारीविरूद्ध मनमोहन अधिकारी, हरि प्र. नेपालविरूद्ध गिरीजा प्र. कोइराला समेत

५. Constitutional law of India, Dr. J.N. Pandy p. 631

६. Minerva Mills Vs anion of India AIR 1980 sc 1789

७. धारा ११५(१०) नेपाल अधिराज्यको संविधान २०४७

८. धा।रा ११५(८), धारा ११,१२(१), १२(२)ङ, १४, १८, १९, २०,२१

९. दफा ६ नागरिक अधिकार ऐन, २०१२

१०. ने.रा.प. २०५८ मंसिर , ११ खण्ड ५१

११. २०५५ सालको रिट नं. ३१७० मदनबहादुर केसीविरूद्ध मु.सु.का.

१२. अधिवक्ता कल्याण केसीको हकमा जगत थापाविरूद्ध जिल्ला प्रशासन कार्यालय मोरङ

१३. Makhan Singh vs State of Punjap AIR 1964 SC 381

१४. दफा १५ छापाखाना र प्रकाशन ऐन २०४८

१५. २०६१ माघ १९ गते जारी शाहि घोषणाको प्रकरण १४

१६. शाही घोषणाको प्रकरण ११ माघ १९

*२०६१ फागुन १४ गते काठमाडौंमा, २०६१ फाल्गुण २८ गते नेपालगञ्जमा, २०६१ फाल्गुण ३० गते धनगढीमा, र २०६१ चैत ८ गते विराटनगरमा आयोजित कार्यक्रमा प्रस्तुत गरिएको आधारपत्र।*

# संकटकालीन समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनद्वारा प्रदत्त अधिकारहरूको अवस्था

**अधिवक्ता, भीमार्जुन आचार्य**
*अध्यक्ष, संवैधानिक कानुन व्यवसायी मञ्च*

**प्रारम्भ**

विधिशास्त्रमा अधिकारहरूको सृजना राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनद्वारा हुने गर्दछ। राष्ट्रिय कानुनले देशीय परिवेश, अन्तर्राष्ट्रिय कानुनद्वारा अवलम्बित सिद्धान्तहरू एवं अन्तर्राष्ट्रिय समुदायमा राज्यले अभिव्यक्त गरेका प्रतिबद्धताहरूको अधिन र सन्दर्भमा रही मौलिक हक, संवैधानिक हकलगायत् अन्य कानुनी हकहरूको सृजना गर्दछ। यी हकहरूले राज्यमा बसोबास गर्ने नागरिकहरू र तोकिएका अन्य व्यक्तिहरूसँग सरोकार राख्दछ। यी हकहरूको उपभोग तथा प्रचलन राष्ट्रिय कानुनले निर्धारण गरेबमोजिम हुन्छ। कानुनद्वारा स्पष्टरूपमा किटान गरिएका बन्देजहरूको अवस्थामा बाहेक यी अधिकारको उपभोग र प्रचलनमा कार्यपालिकीय वा प्रशासकीय आदेशको बन्देज रहन नसक्ने मान्यता विधिशास्त्रमा रहेको हुन्छ। अर्कोतिर, मानवअधिकारहरूलाई विशुद्धरूपमा अन्तर्राष्ट्रिय कानुनले सृजना गरेको हुन्छ। यी अधिकारहरू अविभाज्य, अहरणीय र विश्वव्यापी हुन्छन्। यस्ता अधिकारहरू सृजना गर्ने कानुनहरूले मूलत: पक्ष राष्ट्रलाई केही गर्न वा नगर्नका लागि खास कर्तव्य र दायित्वहरू तोक्ने हुँदा यी कानुनद्वारा सृजित अधिकारको प्रयोग, पालना वा उपभोगमा कुनै प्रकारको बन्देज राष्ट्र वा राष्ट्रिय कानुनले लगाउन सक्दैन।

**नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू:**

नेपाल हालसम्म निम्न मानवअधिकारसम्बन्धी अन्तर्राट्रिय दस्तावेजहरूको पक्ष राष्ट्र भइसकेको छ:

(क) दासत्व महासन्धि, १९२६
(ख) दासत्व महासन्धिलाई संशोधन गर्ने प्रोटोकल, १९५३
(ग) दासत्व, दासव्यापार र दासत्वसम्बन्धी संस्था एवं अभ्यासहरुको उन्मूलन गर्ने पुरक महासन्धि, १९५६
(घ) महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९५२
(ङ) जाति हत्या अपराधको रोकथाम र सजायसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९४८

(च) सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५
(छ) रङ्गभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७३
(ज) खेलकुदमा रङ्गभेद विरूद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९८५
(झ) बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९
(ञ) महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७९
(ट) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६
(ठ) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६
(ड) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको स्वेच्छिक प्रोटोकल, १९६६
(ढ) यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरूद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९८४
(ण) जीउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९, र
(त) मृत्यु दण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दोस्रो स्वेच्छिक प्रोटोकल, १९८९

पक्ष राष्ट्रको हैसियतले यी दस्तावेजहरूले तोकेको दायित्वहरू पालना गर्न नेपाल बाध्य छ र जस्तोसुकै परिस्थितिमा पनि यसको अपवाद बन्न सक्दैन।

## राष्ट्रिय कानुनद्वारा प्रदत्त अधिकारहरूको अवस्था

राष्ट्रिय कानुनद्वारा प्रदत्त कतिपय अधिकारको प्रचलनमा संकटकालले प्रभाव पार्न सक्दछ। हाम्रो सन्दर्भमा राष्ट्रिय कानुनद्वारा प्रदत्त मौलिक हक, सवैधानिक हक एवं अन्य कानुनी हकअधिकारको प्रयोग वा उपभोगमा दुई अवस्थाका बन्देजहरू रहन सक्ने संवैधानिक व्यवस्था छ। सामान्य अवस्थाका बन्देजहरू र विशेष अवस्थाका बन्देजहरू।

**सामान्य अवस्थाका बन्देजहरूः** देहायका कुनै एक वा सबै अवस्थाहरूमा आकर्षित हुन सक्दछः

(क) कुनै व्यक्तिद्वारा गरिएको कार्यले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जातजाति सम्प्रदायहरूबीचको सु-सम्बन्धमा खलल पर्ने वा पर्न सक्ने अवस्था,
(ख) त्यस्तो कार्यबाट समाजिक शान्ति र व्यवस्थामा खलल पर्ने वा पर्न सक्ने अवस्था,
(ग) त्यस्तो कार्यबाट सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य, नैतिकता वा शिष्टाचारमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने अवस्था,

(घ) त्यस्तो कार्यले राजद्रोह हुने वा हुन सक्ने अवस्था,
(ङ) त्यस्तो कार्यबाट कसैको गाली बेइज्जती हुने वा हुन सक्ने अवस्था,
(च) त्यस्तो कार्यबाट अदालतको अवहेलना हुने वा हुन सक्ने अवस्था,
(छ) त्यस्तो कार्यबाट कसैलाई अपराध गर्न वा हिंसात्मक कार्य गर्न दुरूत्सहान हुने वा हुन सक्ने अवस्था आदि।

यी बन्देजहरू विधायिकाले कानुनको निर्माण गरेर कुनै पनि समयमा लगाउन सक्दछ। विशेष परिस्थिति वा संकटकालीन अवस्था सामान्य बन्देजहरूको हकमा बाध्यात्मक हुँदैन। उचित, तर्कसँगत र न्यायोचित कानुनद्वारा निवारक वा दण्डात्मक दुवै प्रकृतिका बन्देजहरूलाई सामान्य अवस्थाका बन्देजहरूले स्वीकार गरेको हुन्छ।

**विशेष अवस्थाका बन्देजहरूः** विशेष परिस्थिति वा संकटकालीन अवस्थामा लगाइने बन्देजहरू हुन्। यी बन्देजहरूले कानुन वा संविधानद्वारा प्रदत्त अधिकारहरूको प्रचलनमा केही निश्चित समयका लागि रोक लगाएका हुन्छन्। हाम्रो सन्दर्भमा संविधानले (१) राष्ट्रको सार्वभौम सत्ता, अखण्डता वा सुरक्षाको प्रतिकूल हुने किसिमको कुनै युद्धको खतरा वा संकट उत्पन्न भएमा, वा (२) बाह्य आक्रमणको अवस्था उत्पन्न भएमा वा (३) चरम आर्थिक विशृखलता वा सशस्त्र विद्रोहका कारण आन्तरिकरूपमा गम्भीर संकट उत्पन्न भएमा नेपाल अधिराज्यको सबै वा कुनै भागमा लागू हुने गरी संकटकालको घोषणाको आदेश जारी गरी विशेष अवस्थाका बन्देजहरू लगाउन सक्ने व्यवस्था गरेको छ। यो अवस्थाको बन्देजहरूद्वारा प्रभावित हुने अधिकारहरू निम्न छन्-

(क) विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार,
(ख) शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको अधिकार,
(ग) आवत-जावत तथा बसोबास गर्ने स्वतन्त्रताको अधिकार,
(घ) पेशा, रोजगार, उद्योग तथा व्यापार गर्ने स्वतन्त्रताको अधिकार,
(ङ) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री प्रकाशित गर्नु पूर्व प्रतिबन्ध लगाइनेविरूद्धको अधिकार,
(च) निवारक नजरबन्दविरूद्धको अधिकार,
(छ) सूचनाको अधिकार, सम्पत्तिसम्बन्धी अधिकार,
(ज) गोपनीयताको अधिकार र
(झ) संवैधानिक उपचारको अधिकार (धारा २३) पर्दछन्।

विशेष अवस्थाका बन्देजहरूद्वारा प्रभावित नहुने संविधानद्वारा नै किटानी गरिएका अधिकार निम्न छन्:

(क) कानुनको समानता तथा समान संरक्षणको अधिकार,

(ख) भेदभाव विरूद्धको अधिकार,
(ग) वैयक्तिक स्वतन्त्रताको अधिकार,
(घ) संघ-संस्था खोल्ने स्वतन्त्रताको अधिकार,
(ङ) मृत्युदण्डको सजायविरूद्धको अधिकार,
(च) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री मुद्रण गरेवापत् छापाखाना बन्द वा जफत् गरिने कार्यविरूद्धको अधिकार,
(छ) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री प्रकाशित गरेवापत् कुनै समाचार पत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने कार्यविरूद्धको अधिकार,
(ज) प्रचलित कानुनमा तोकिएकोभन्दा बढी सजायविरूद्धको अधिकार,
(झ) एउटा कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाउने तथा सजाय गरिने कार्यविरूद्धको अधिकार,
(ञ) आफ्नो विरूद्ध साक्षी हुन कर लगाइने कार्यविरूद्धको अधिकार,
(ट) शाारीरिक वा मानसिक यातना तथा निर्मम, अमानवीय वा अपमानजनक व्यवहारविरूद्धको अधिकार,
(ठ) पक्राउ परेको अवस्थामा कानुन व्यवसायीको सल्लाह लिन पाउने स्वतन्त्रताको अधिकार,
(ड) पक्राउ परेपछि २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित हुन पाउने स्वतन्त्रताको अधिकार, (निवारक नजरबन्द यसको अपवाद हुने)
(ढ) संस्कृतिसम्बन्धी अधिकार,
(ण) धर्मसम्बन्धी अधिकार, शोषणविरूद्धको अधिकार र
(त) देशनिकालाविरूद्धको अधिकार ।

उल्लिखित अधिकारहरू संविधानको भाग तीनमा व्यवस्थित मौलिक हकअन्तर्गतका अधिकारहरू हुन्। संवैधानिक व्यवस्थाबमोजिम संकटकालीन समयमा विशेष बन्देजद्वारा प्रभावित हुन सक्ने अधिकारहरू केवल अघिल्लो अनुच्छेदमा उल्लेखित मौलिक हकहरू हुन्। संविधानद्वारा प्रत्याभूत गरिएका पछिल्ला अनुच्छेदका मौलिक हक, संवैधानिक हक तथा प्रचलित कानुनले प्रत्याभूत गरेका कानुनी हकहरूको उपभोग र प्रचलनमा विशेष बन्देजहरू आकर्षित हुन सक्दैन। यसो गरिनु पछाडिको संवैधानिक दर्शन भनेको संकटकाल नागरिक अधिकारहरू वा प्रेस स्वतन्त्रताको निलम्बन गर्नका लागि जारी हुने नभई खास उद्देश्य प्राप्तिका लागि यसको घोषणा गरिएको हुन्छ, जुन अस्थायी प्रकृतिको हुन्छ।

**अनिलम्बित अधिकारको प्रचलनमा रोकावट**

हाम्रो सन्दर्भमा संविधान र कानुनका सिद्धान्तहरू स्पष्ट हुँदाहुँदै पनि विशेष बन्देजद्वारा प्रचलनमा रोक लगाइएका अधिकारदेखि बाहेकका अन्य अधिकारको प्रचलन न्यायपालिकाबाट

निर्वाधरूपमा गराउन सकिन्छ वा सकिंदैन भन्ने विषय न्यायपालिकाभित्र सँधै विवादको विषय बनेको छ। २०४७ सालको संविधान लागू भएपश्चात् तीन/तीन पटकसम्म संकटकाल घोषणा भइसकेको र सबै अवस्थामा नागरिकका खास अधिकारको प्रचलनमा मात्र विशेष बन्देजहरू लगाइएको भए पनि सामान्य अधिकारको प्रचलन कसरी गर्ने भन्ने स्पष्ट धारणा आजसम्म बन्न सकेको छैन। यसो हुनुको पछाडि संविधानतः अदालतलाई कानुनको अदालत (कोर्ट अफ ल) बनाइएको भए पनि व्यवहारमा अदालतले यो मर्मलाई अत्मसात् गर्न नसक्दा त्यस्ता समस्याहरू देखापरेका हुन् भनी अनुमान गर्न सकिन्छ। तर, बुझ्नुपर्ने कुरा के हो भने जुन अधिकार निलम्वित छैन वा जसको प्रचलनमा कानुनले कुनै बन्देज लगाएको छैन त्यस्ता अधिकारहरू जुनसुकै अवस्थामा सँधै प्रचलन योग्य हुन्छन् भन्ने कानुनको सामान्य सिद्धान्त हो। राज्यको सर्वोच्च न्यायालयले यो सत्यलाई आत्मसात् गर्न सक्नु पर्दछ।

**निष्कर्ष**

संकटकालीन आदेशको उद्देश्य नागरिकका हक अधिकारको उल्लङ्घन वा निलम्बन गर्नु नभई राष्ट्रलाई संकटबाट बचाउनु हो। राष्ट्रिय संकटमा नागरिकहरूले आफ्ना केही हकअधिकारहरू निश्चित समयका लागि बलिदान वा समर्पण गर्नु पर्दछ जसबाट राष्ट्रको सार्वभौमसत्ता, अखण्डता, एकता र राष्ट्रिय सुरक्षा कायम रहन सकोस् भन्ने यसको उद्देश्य रहेको हुन्छ। यस्तो परिस्थितिमा नागरिकको कर्तव्य राष्ट्रको संकट समाधानमा सहयोगी बन्नु त हुन्छ नै सरकारको कर्तव्य पनि अत्यन्त बैध र अत्यावश्यक उद्देश्य प्राप्त गर्ने प्रयोजनदेखि बाहेक अन्य अवस्थामा व्यक्तिका अधिकारहरूमाथि कुनै हस्तक्षेप नगर्नु वा बन्देज नलगाउनु हुन जान्छ। भनिन्छ, राष्ट्रिय सुरक्षाको चासो र व्यक्तिका आधारभूत अधिकारहरूको चासोबीचमा न्यायोचित सन्तुलन हुन सकेमा जस्तो सुकै राष्ट्रिय संकटको घडी पनि सहजै पार गर्न सकिन्छ। अतः सरकार, न्यायालय र नागरिकले आ-आफ्ना कर्तव्य इमान्दारीपूर्वक निर्भिक ढङ्गले पूरा गर्नु आजको राष्ट्रिय संकटको अहम् आवश्यकता हो। ●

*२०६१ फाल्गुन २७ गते काठमाडौंमा आयोजित कार्यक्रमा प्रस्तुत गरिएको आधारपत्र*

# संकटकाल र मानवअधिकार

अधिवक्ता दिनेश त्रिपाठी

**विषय प्रवेश**

संकटकालको घोषणा गरिनु कुनै पनि राष्ट्रका लागि एउटा गम्भीर स्थिति हो। यो एउटा सहज एवं सामान्य अवस्था नभई अकल्पनीय राष्ट्रिय स्थिति एवं काबु बाहिरको परिस्थितिमा चालिने कदम हो। यो एउटा अपवादपूर्ण संवैधानिक व्यवस्था हो। जसलाई विकल्परहित एवं बाध्यात्मक अवस्थामा मात्र चालिनु पर्दछ। साथै कुनै पनि बहानामा यसको दुरूपयोग गरिनु हुँदैन्। संविधानले निर्देशित गरेको अवस्था एवं स्थितिबाहेक अन्य अवस्था एवं कारणका आधारमा संविधानमा व्यवस्थित संकटकालीन उपायको अवलम्बन गरिनु हुँदैन्। संविधानमा व्यवस्थित संकटकालीन अधिकारको दुरूपयोग गरिएमा दुरगामीरूपमा राष्ट्रले यसको घातक परिणाम व्यहोर्नुपर्ने हुन जान्छ। तसर्थ संकटकालीन अधिकारको प्रयोग अत्यन्त सतर्कता एवं सावधानीका साथ राष्ट्रिय जनमतलाई ध्यानमा राखेर गरिनु पर्दछ भन्ने तथ्य स्वयंसिद्ध छ। संविधानबमोजिम संकटकालीन अवस्थाको घोषणा भएका बखत राज्यलाई नागरिकका मौलिक हक एवं स्वतन्त्रताको उपभोगलाई अवरोध गर्ने लाइसेन्स प्राप्त भएको हुँदैन। अपितु स्थितिको आकस्मिकताबाट अत्यावश्क भएको हदसम्म मात्र मौलिक हकको उपभोगबाट बञ्चित गराउनु पर्दछ एवं निलम्बित गरिएका हरेक हक एवं स्वन्त्रताहरूको औचित्य एवं कारण स्थापित गरिनु पर्दछ। औचित्यहीन, जथाभावी एवं स्वेच्छाचारी ढङ्गले नागरिकको मौलिकहकको प्रयोगमा बन्देज लगाइनु हुँदैन। संकटकालले राज्यलाई स्वेच्छाचारी हुने सक्षमता प्रदान गर्दैन अपितु, राज्यका हरेक अङ्गहरू जिम्मेवार एवं विद्यमान संकटको समाधान गर्ने राजनीतिक इच्छा शक्तिद्वारा परिचालित हुनु पर्दछ।

कुनै पनि देशको राष्ट्रिय स्थिति सदैव एक समान रहदैन एवं कुनै पनि बेला कुनै पनि राष्ट्रको जीवनमा एउटा अकल्पनीय परिस्थितिको निर्माण हुन सक्दछ जसले सम्बन्धित राज्यको अस्तित्व एवं जीवन (Existence and Survival) माथि नै खतरा एवं चुनौति उत्पन्न गरिदिन सक्दछ। यस्तो असाधारण परिस्थितिको मुकाविला गर्न सम्बन्धित राष्ट्रले अपवादस्वरूप केही असाधारण उपायहरू अवलम्बन गर्नुपर्ने हुन सक्दछ। संसारका प्राय:जसो सबै प्रजातान्त्रिक राज्य व्यवस्थाहरूलाई आफ्नो अस्तित्वको संकटबाट बचाउन यस किसिमका अधिकारहरू संविधानद्वारा प्रदान गरिएका हुन्छन। तर, यी संकटकालीन अधिकारको प्रयोग प्रजातान्त्रिक सरकारहरूले अत्यन्त सावधानी एवं सतर्कतापूर्वक संविधानद्वारा निर्देशित गरेको स्थिति एवं

अवस्थामा मात्र सीमित अवधिका लागि गरिन्छ। साथै प्रतिकुल परिस्थिति एवं अवस्थामा पनि मानवीय स्वतन्त्रता एवं अधिकारलाई अधिकतम संरक्षण प्रदान गर्ने प्रयास गरिन्छ। प्रजातान्त्रिक समाजमा राज्यले जहिले पनि शक्तिको प्रयोग जवाफदेही एवं जिम्मेवारीका साथ गर्दछ। प्रजातान्त्रिक राज्य व्यवस्थामा संकटकालीन अधिकारको प्रयोग अन्तिम अस्त्र हो र यसको जथाभावी प्रयोग गरिदैन्। भारतीय संविधानका निर्माता डा. बीआर अम्वेडकरले भारतीय संविधानमा व्यवस्थित संकटकालीन अधिकारको प्रयोग गरिने छैन भन्ने अपेक्षा राख्दै भारतीय संविधानमा यो मृत अक्षर (Dead Letter) का रूपमा रहने छ भन्ने विश्वास व्यक्त गरेका थिए। संकटकालीन अधिकार युद्ध, बाह्य आक्रमण जस्ता स्थितिमा यो संविधानको सुरक्षा कवच हो भने यसको अविवेकपूर्ण दुरूपयोगले संवैधानिक व्यवस्थालाई नै खतरामा पार्दछ। यो यस्तो एन्टीवायोटीक हो जसले प्राण रक्षा गर्दछ तर, यसको अत्यधिक एवं निरन्तर प्रयोगले शरीरको रोग प्रतिरोधात्मक (Immunity System) क्षमतालाई नष्ट गरिदिन्छ।

## नेपाल अधिराज्यको संविधान, २०४७ एवं संकटकालीन अधिकार

नेपाल अधिराज्यको संविधान, २०४७ जनताको परिवर्तित राजनीतिक आकांक्षाको प्रतिबिम्ब हो। जसलाई नेपाली जनताले जनआन्दोलनको माध्यमद्वारा अभिव्यक्त गरेका थिए। यसलाई संविधानको प्रस्तावनाले पनि उल्लेख गरेको छ। प्रजातन्त्र, स्वतन्त्रता एवं मानवअधिकारको विश्वव्यापी लहरबाट नेपाली जनता एवं समाज सदाका लागि अप्रभावित रहन सम्भव थिएन। नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपाली जनताका आधारभूत अधिकार एवं स्वतन्त्रतालाई लिपिवद्ध गरेको छ। यसका मस्यौदाकारहरू मानवअधिकारको आधुनिक दर्शनबाट प्रभावित थिए।

संविधानले राज्यका हरेक अङ्गहरूको शक्ति एवं सीमालाई परिभाषित गर्दै शक्तिको केन्द्रीकरणलाई निरूत्साहित गरेको छ। संविधानले नागरिकका मौलिक हक एवं स्वतन्त्रताको प्रत्याभूति गर्न तमाम संस्थागत सुरक्षणहरू (Institutional Safeguards) निर्मित गरेको छ।

संविधान निर्माताहरूले मुलुकको जीवनमा आईपर्ने अपवादपूर्ण स्थितिलाई ध्यानमा राखेर संविधानको भाग १८ मा संकटकालीन अधिकारको व्यवस्था गरेका छन्। जसअनुसार संविधानको धारा ११५(१)ले "नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, वाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विशृङखलताको कारणले गम्भीर संकट उत्पन्न भएमा श्री ५ बाट नेपाल अधिराज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सकिबक्सने छ " भनी व्यवस्था गरिएको छ। यस धारामा संविधानले केही खास स्थिति एवं अवस्थामा मात्र संकटकाल घोषणा हुन सक्ने व्यवस्था गरेको छ। संविधानले तोकेको स्थिति एवं अवस्थाबाहेकको अन्य स्थिति एवं अवस्थामा संविधानको यो प्रावधान आकर्षित हुन सक्दैन र यस्तो स्थितिमा यस धाराको प्रयोग गरिनु संविधानसँग गरिएको धोखाघडी (Fraud with Constitution) हुनेछ। संविधानमा गरिएको

यस प्रावधानको दुरूपयोग हुन नसकोस् भनेर संविधानले यस सम्बन्धमा व्यापक सुरक्षा कवचहरूको व्यवस्था गरेको छ। तसर्थ माथि उल्लेखित संविधानको धारा ११५ को उपधारा (२) ले उपधारा (१) बमोजिम गरिएको घोषणा वा आदेश सो घोषणा वा आदेश भएको मितिले तीन महिनाभित्र अनुमोदनको लागि प्रतिनिधिसभाको बैठकमा पेश गरिने छ। एवं उपधारा (३) ले अनुमोदनका लागि पेश भएको घोषणा वा आदेश प्रतिनिधिसभाको बैठकमा उपस्थित सदस्यहरूको दुई तिहाइ बहुमतले अनुमोदन गरेमा घोषणा वा आदेश भएको मितिले ६ महिनासम्म मात्र लागू हुने महत्वपूर्ण व्यवस्था गरेको छ। संविधानले प्रतिनिधिसभाको बैठकमा अनुमोदनका लागि पेश भएको घोषणा वा आदेश प्रतिनिधिसभाद्वारा अनुमोदित नभएमा सो घोषणा वा आदेश स्वत: निष्क्रिय भएको मानिनेछ। एवं प्रतिनिधिसभा विघटित भएको अवस्थामा प्रतिनिधिसभाले प्रयोग गर्ने अधिकार राष्ट्रियसभाले गर्ने महत्वपूर्ण प्रजातान्त्रिक उपाय संविधानले अवलम्बन गरेको छ। यसबाट संविधानले के तथ्य सुनिश्चित गर्न खोजेको छ भने संकटकालीन अधिकारको दुरूपयोग हुन नसकोस एवं Popular Mandate को आधारमा मात्र संकटकालीन स्थितिको घोषणा हुन सकोस्।

नेपालमा यसअघि पनि दुईपटक संकटकालको घोषणा भई सकेको छ। यसअघि २०५८ साल मंसिर ११ गते श्री ५ बाट मन्त्री परिषद्को सिफारिसमा सो घोषणा जारी भएको थियो। माओवादीद्वारा दाङ, सुर्खेत र स्याङजामा आक्रमण गरी ठूलो परिमाणमा अत्याधुनिक हतियार लुटेपछि तत्कालीन मन्त्री परिषद्को सिफारिसमा श्री ५ बाट देशभर संकटकालको आदेश जारी भएको थियो।

श्री ५ बाट हाल २०६१ साल माघ १९ गते नेपाल अधिराज्यको संविधानको धारा ११५(१) बमोजिम नेपाल अधिराज्यभर तत्काल लागू हुने गरी संकटकालीन अवस्थाको आदेश जारी भएको छ। संवाद सचिवालयले जारी गरेको विज्ञप्तीअनुसार उपधारा (८) बमोजिम मौलिक हकअन्तर्गतको धारा १२ मा व्यवस्थित हक मध्ये १२(२)(क) विचार एवं अभिव्यक्तिको स्वतन्त्रता (ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता एवं (घ) अधिराज्यभर आवत जावत र बसोबास गर्ने स्वतन्त्रता निलम्बित हुने जनाइएको छ। यसैगरी संविधानको धारा १३ को छापाखाना र पत्रपत्रिकासम्बन्धी हकअन्तर्गत उपधारा (१), धारा १५ को निवारक नजरबन्दविरूद्धको हक, धारा १६ ले प्रत्याभूत गरेको सूचनाको हक, धारा १७ को सम्पत्तिको हक, धारा २२ को गोपनीयताको हक एवं संविधानको धारा २३ ले व्यवस्थित गरेको संवैधानिक उपचारको हक निलम्बित भएको छ। तर, धारा २३ अन्तर्गत बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक संविधानमा व्यवस्था भएबमोजिम निलम्बित गरिएको छैन्।

संविधानको धारा ११५(७) ले संकटकालीन अवस्थाको घोषणा वा आदेश भए पछि यस्तो अवस्थाको निवारण गर्न श्री ५ बाट आवश्यक आदेश जारी गर्न सक्ने व्यवस्था गरेको छ। सोही उपधाराबमोजिम श्री ५ बाट विभिन्न आदेशहरू जारी गरिएको छ। श्री ५ महाराजाधिराजका संवाद सचिवालद्वारा प्रकाशित सूचनाअनुसार नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता र

शान्ति सुरक्षामा खलल नपर्ने तथा वर्तमान संकटकालीन अवथालाई प्रतिकूल असर नहुने गरी नेपाल अधिराज्यभित्र आवत जावत गर्न, सम्पत्ति बेचबिखन गर्न र बसोबास गर्न पाइनेछ। आवश्यक परेमा स्थानीय प्रशासनले उक्त काम कारवाही गर्न रोक लगाउने वा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था लागू गर्न सक्ने पनि आदेशमा उल्लेख छ। सो आदेशअनुसार सरकारलाई आवश्यक परेको खण्डमा क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी वा तोकिएको अधिकारीले मुआब्जा, क्षतिपूर्ति दिई कसैको चल अचल सम्पत्ति निश्चित समयका लागि वा स्थायीरूपमा हक हस्तान्तरण गरी लिन सक्ने छ। यसैगरी नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता र शान्ति सुरक्षामा खलल नपर्ने तथा वर्तमान संकटकालीन अवस्थालाई प्रतिकूल असर नपर्ने गरी गोष्ठी सभा, सम्मेलन वा अन्तरक्रिया कार्यक्रमहरू तोकिएको स्थानमा क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी वा तोकिएको अधिकारीको अनिवार्य रूपले पूर्व स्वीकृति लिएर संचालन गर्न सकिने छ। सो आदेशअनुसार सरकारले आफ्नो मातहतका कर्मचारीहरूलाई संकटकालीन अवस्थाको अवधिभर काज खटाउन, सरूवा  वा पदस्थापन गर्न, कायम मुकायम मुकरर् गर्न वा रीक्त पदमा अस्थायी नियुक्ति गर्न सक्ने छ। सोही आदेशमा सरकारको सचिवालय, मन्त्रालय वा यसअन्तर्गतका विभाग तथा अन्य कार्यालय वा सरकारको स्वामित्व रहेको संस्थाका कार्मचारीले मुलुकको सार्वभौमसत्ता, अखण्डता वा शान्ति सुरक्षामा आँच आउने वा राजनीतिक रूपले प्रेरित कुनै किसिमको संघ-संस्थाबाट यस्ता क्रियाकलाप गर्न नपाइने पनि आदेशमा उल्लेख गरिएको छ। आदेशअनुसार देशमा शान्ति सुरक्षा गर्न खटिएका सुरक्षा निकायहरूको मनोबलमा प्रतिकूल असर गर्ने गरी उनीहरूको काम कारवाहीलाई लिएर प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सार्वजनिक टीका टिप्पणी गर्न पाइने छैन। जारी आदेशमा संकटकालीन अवस्थामा मुलुकको शान्ति सुरक्षा कायम गर्न खटिएका सुरक्षाकर्मी, सुरक्षाअधिकारी वा तोकिएको अधिकारीले आवश्यक ठानेमा टेलिफोन, रेडियो, फ्याक्स, टेलिभिजन, इ-मेललगायत्का विद्युतीय सञ्चारका साधानहरूबाट प्रचार प्रसार गर्न गराउन रोक लगाउने, यस्ता साधन र प्रक्रियामा अनुगमन गर्ने जस्ता कार्यहरूसमेत गर्न सक्नेछ।

संवाद सचिवालयद्वारा प्रकाशित सूचनाअनुसार उल्लेखित कुराहरूको विपरीत काम गर्ने, आदेशको पालना नगर्ने र असहयोग गर्नेलाई स्थानीय प्रशासनले तुरून्तै नजरबन्दमा राखी कारवाही गर्न गराउन सक्ने छ।

### संकटकालमा मौलिक हकको स्थिति

नेपाल अधिराज्यको संविधान, २०४७ मानवअधिकार एवं प्रजातन्त्रको आधारभूत मूल्य एवं मान्यताद्वारा अभिप्रेरित छ। संविधान मानवअधिकारको विश्वव्यापी घोषणा एवं मानवअधिकारका आधुनिक अवधारणासमेतबाट अनुप्रेरित छ। तसर्थ एकातिर संविधानले आधारभूत मानवअधिकार एवं स्वतन्त्रतालाई वर्णित गरेको छ भने अर्कोतिर प्रदत्त हक एवं अधिकारको प्रत्याभूतिका लागि आवश्यक संस्थागत संयन्त्र पनि स्थापित  गरेको छ। संविधानले

नागरिकका आधारभूत अधिकार एवं स्वतन्त्रतालाई असंशोधनीय एवं संविधानको आधारभूत संरचनाको रूपमा स्वीकार गरेको छ। अर्थात् संवैधानिक संशोधनको माध्यमद्वारा पनि नेपाली नागरिकहरूलाई आधारभूत मानवअधिकार एवं स्वतन्त्रताबाट वञ्चित गर्न नसकिने प्रत्याभूति संविधानले दिएको छ। संविधानले "चिरकालपर्यन्त सामाजिक राजनीतिक एवं आर्थिक न्याय प्राप्त हुन सकोस" यसको अतिरिक्त प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गरी स्वतन्त्रता एवं समानताको आधारमा नेपाली जनताका बीच भातृत्व र एकता कायम गरी बालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढीकरण गर्ने आधारभूत उद्देश्य बोकेको छ। संविधानका यी आधारभूत उद्देश्य एवं Guiding Principle प्रस्तावनामा उल्लेख गरिएका छन्। प्रस्तावना संविधानको मुख्य मार्गदर्शक यन्त्र (Lighthouse of Constitution) हो र राज्यका सबै अङ्गहरू संविधानका यिनै घोषित उद्देश्यहरू प्राप्त गर्ने दिशातिर परिचालित हुनु पर्दछ।

मौलिकहक एवं स्वतन्त्रता मानिसका नैसर्गिक एवं अहरणीय (Inalienable) हकहरू हुन्। मानिसलाई यी हक एवं स्वतन्त्रताहरू मानिस भएका कारणले प्राप्त हकहरू हुन जो स्वंयसिद्ध एवं स्वयं प्रमाणित (Self evident) हुन्। कुनै संविधान एवं कानुनका उपज होइनन्। कानुन एवं संविधानहरूले यी हक एवं स्वतन्त्रताहरूलाई मान्यता मात्र प्रदान गरेका हुन्छन्। तसर्थ राज्य वा सरकारले कुनै पनि बहानामा व्यक्तिलाई यी हक एवं स्वतन्त्रताबाट वञ्चित गर्न मिल्दैन। यी अधिकार एवं स्वतन्त्रताहरू सर्वोपरि छन्। तसर्थ संविधानले संकटकालको अपवादपूर्ण एवं बाध्यात्मक परिस्थितिमा संविधानका मौलिक हकसम्बन्धी केही धाराहरू निलम्बित हुन सक्ने परिकल्पना गरेतापनि जस्तो सुकै बाध्यात्मक एवं अपवादपूर्ण परिस्थितिमा पनि नागरिकको केही आधारभूत हक एवं स्वतन्त्रताहरू अनुल्लङ्घनीय, राज्य एवं सरकारको पहुँचभन्दा माथि छन्। जस्तो सुकै प्रतिकूल परिस्थितिमा पनि हकहरूको उपभोग नागरिकहरूका लागि सुनिश्चित हुनु पर्दछ। संकटकालमा पनि निलम्बन हुन नसक्ने यी हकहरूमा संविधानको भाग ३ को धारा ११(१) द्वारा प्रत्याभूत समानताको हक पर्दछ। जसअन्तर्गत सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन्। यसैगरी उपधारा (२) ले सामान्य कानुनको प्रयोगमा कुनैपनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन्। उपधारा ३ ले राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, लिङ्ग, जात, जाती वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था गर्नुका साथै महिला, बालक, बृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टीले पिछडिएको वर्गको संरक्षण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था पनि गरेको छ। यसैगरी कुनैपनि व्यक्तिलाई जातिपातिका आधारमा भेदभाव नगरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपभोगका कुराहरूको प्रयोग गर्नबाट वञ्चित नगरिने व्यवस्था गरिनुका अतिरिक्त उपधारा ५ द्वारा समान कामका लागि महिला र पुरूषका बीच पारिश्रमिकमा

भेदभावसमेत नगर्ने प्रत्याभूति प्रदान गरिएको छ।

संविधानले व्यवस्था गरेको समानताको हकअन्तर्गत राज्यको स्वेच्छाचारिताविरूद्धको हक पनि अन्तरनिहित छ। संविधानको यस धाराअन्तर्गत राज्यको कुनैपनि स्वेच्छाचारी (Arbitrary) कृत्यले मान्यता पाउन सक्दैन। यस धाराले राज्यको निरंकुशता एवं स्वेच्छाचारितामाथि अंकुश स्थापित गर्दछ।

त्यसैगरी संविधानको धारा १२(१) द्वारा व्यवस्थित कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन र मृत्युदण्डको सजाय हुने गरी कुनै कानुन बनाइने छैन भन्ने संवैधानिक व्यवस्था पनि संकटकालमा समेत निलम्बन गर्न सकिदैन्। संविधानको यस धारामा जीवनको अधिकार (Right to Life ) पनि अर्न्तनिहित छ भन्ने व्याख्या हाम्रो सर्वोच्च अदालतले गोदावरी मार्वलको मुद्दामा गरिसकेको छ। यहाँ स्मरणीय तथ्य के छ भने जीवनको अधिकारअन्तर्गत स्वास फेर्न पाउने अधिकार वा Mere Animal existence को अधिकारलाई मात्र जनाउँदैन अपितु यसले मानवीय सम्मान एवं स्वतन्त्रतासहितको जीवन (Life with Human Dignity and freedom)लाई जनाउँदछ। मानवीय स्वतन्त्रता एवं सम्मानको अभावमा व्यक्तिले जीवनको अधिकारलाई गुमाउँदछ एवं यसबाट संविधानले गरेको परिकल्पना पराजित हुन पुग्दछ। जीवनको अधिकारलाई विश्वका प्रजातान्त्रिक देशका न्यायालयहरूले व्यापक व्याख्या प्रदान गरेका छन्। जसअनुसार जीवनको अधिकारअन्तर्गत सम्मानपूर्ण जीवन यापनका लागि आवश्यक सबै अधिकार एवं स्वतन्त्रताहरू पर्दछन्। यसैगरी प्रजातान्त्रिक समाजका लागि अति आवश्यक अर्थात प्रजातान्त्रिक समाजको जीवन शक्ति (Life Blood) को रूपमा रहेको संविधानको धारा १२(२) (ग) द्वारा व्यवस्थित संघ-संस्था खोल्ने स्वतन्त्रता पनि संकटकालमा पनि निलम्बित गर्न नसकिने परिकल्पना संविधानद्वारा गरिएको छ।

यसैगरी प्रेस स्वतन्त्रताको सम्बन्धमा संविधानको धारा १३(१) द्वारा व्यवस्थित हक निलम्बन हुने परिकल्पना संविधानद्वारा गरिएतापनि संविधानको धारा १३(२) द्वारा व्यवस्थित कुनै समाचार लेख वा अन्य कुनै पाठ्य सामाग्री मुद्रण गरे वापत छापाखाना बन्द वा जफत गरिने छैन भन्ने परिकल्पना संविधानले गरेको छ। यसै सम्बन्धमा प्रेस स्वतन्त्रताको रक्षाका लागि संविधान निर्माताहरूले संविधानको १३ (३)मा कुनै समाचार, लेख वा अन्य पाठ्य सामाग्री प्रकाशित गरे वापत कुनै समाचार पत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन भन्ने महत्वपूर्ण व्यवस्था गरिएको छ।

प्रजातान्त्रिक संविधान एवं समाजको आत्माको रूपमा रहेको फौजदारी न्यायसम्बन्धी हक पनि संकटकालमा निलम्बित हुन नसक्ने बन्दोवस्त संविधानमा गरिएको छ। यथार्थमा फौजदारी न्यायसम्बन्धी हकको अभावमा राज्य निरंकुश एवं स्वेच्छाचारी हुन जाने तथ्य निर्विवाद छ। एउटा प्रजातान्त्रिक राज्य व्यवस्थालाई Police State मा रूपान्तरण हुनबाट रोक्नका लागि फौजदारी न्यायसम्बन्धी हकहरू नागरिकका लागि आधारभूत सुरक्षा कवचहरू हुन। यो कानुनी राज (Rule of Law)को आधारभूत सिद्धान्त हो। नेपाल अधिराज्यको

संविधानको धारा १४ ले यससम्बन्धी विस्तृत एवं व्यापक व्यवस्था गरेको छ। जसअनुसार उपधारा (१)ले तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेवापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन। त्यसैगरी उपधारा (२) ले कुनैपनि व्यक्तिउपर अदालतमा त्यसै कसुरमा एकपटकभन्दा बढी मुद्दा चलाइने वा सजाय गरिने छैन भन्ने प्रत्याभूति प्रदान गरेको छ। उपधारा (३) ले कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नोविरूद्ध साक्षी हुन कर (Right against self incrimination)लगाइने छैन भन्ने महत्वपूर्ण व्यवस्था गरेको छ। उपधारा (४) ले अनुसन्धान, तहकिकात वा पूर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम अमानवीय वा अपमानजनक व्यवहार नगरिने संवैधानिक प्रत्याभूती गरिनुका अतिरिक्त यस्तो व्यक्तिलाई कानुनले निर्धारित गरेबमोजिम क्षतिपूर्ति दिइने समेत व्यवस्था गरिएको छ। यसैगरी उपधारा (५) ले पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना यथाशक्य चाँडो नदिइ थुनामा नराखिने एवं यस्तो व्यक्तिलाई रोजेको कानुन व्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित नगरिने संवैधानिक व्यवस्था गरिएको छ।

संविधाननिर्माताहरू वैयक्तिक स्वतन्त्रताको प्रश्नमा अत्यन्त सचेत एवं संवेदनशील थिए भन्ने तथ्य उपधारा (६) मा समेत प्रकट भएको छ। जसअनुसार पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्दछ र कुनैपनि व्यक्तिलाई यस्तो अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा नराखिने प्रत्याभूति प्रदान गरिएको छ।

संविधानमा व्यवस्थित यी हकहरू सभ्य एवं प्रजातान्त्रिक समाजका आधारभूत मान्यताहरू हुन जसको अभावमा यो तथ्य स्पष्ट एवं संदेहरहीत छ कि राज्य निरंकुश एवं स्वेच्छाचारी हुन जान्छ र राज्यको स्वेच्छाचारिता एवं निरंकुशतामा अंकुश स्थापित गर्नका लागि नै संवैधानिक राज्य (Constitutional State) को अवधारणाले जन्म लिएको हो।

संकटकालमा निलम्बित गर्न नसकिने हकहरूमा संविधानको धारा १८ मा व्यवस्थित गरिएको संस्कृति एवं शिक्षासम्बन्धी हक पनि पर्दछ। जसअनुसार नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने हकका अतिरिक्त प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउने छ भनी व्यवस्था गरिएको छ।

संविधानको धारा १९ ले प्रदान गरेको धर्मसम्बन्धी हक पनि निलम्बित नहुने हकको दायराभित्र पर्दछ, जसअनुसार प्रत्येक व्यक्तिलाई प्रचलित परम्पराको मर्यादा राखी सनातनदेखि चलि आएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने स्वतन्त्रता हुनुका अतिरिक्त प्रत्येक धार्मिक सम्प्रदायलाई कानुनबमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन वा संरक्षण गर्ने हक हुने छ।

त्यसैगरी संविधानको धारा २० ले व्यवस्था गरेको शोषणविरूद्धको हक पनि

अनिलम्बनीय हकअन्तर्गत पर्दछ जसअन्तर्गत मानिसलाई बेचविखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छाविरूद्ध काम गराउन निषेध गरिनुका साथै यस्तो कार्य कानुनद्वारा दण्डनीय तुल्याइएको छ। संविधानको धारा २१ ले व्यवस्थित गरेको देशनिकाला विरूद्धको हक पनि संकटकालीन अवस्थामा समेत बहाल रहने अधिकारअन्तर्गत पर्दछ।

यद्यपि संकटकालको घोषणाका दौरानमा संविधाद्वारा प्रत्याभूत तमाम अधिकारहरू निलम्बन गर्न नसकिने प्रकृतिका छन् र संविधानले नै ती अधिकारहरूलाई अनिलम्बनीय तुल्याएको छ। तर एउटा महत्वपूर्ण तथ्य के हो भने प्रजातान्त्रिक एवं सभ्य समाजको अस्तित्वका लागि अति आवश्यक तमाम अधिकारहरू आज निलम्बनमा परेका छन्। यी निलम्बित अधिकारहरू प्रजातान्त्रिक समाजका न्यूनतम शर्तहरू हुन र ती अधिकारहरूको अकुण्ठित उपभोग नै प्रजातन्त्रको प्रत्याभूति हो भन्ने तथ्य विवाद छ।

**निलम्बनमा परेका यी महत्वपूर्ण अधिकार निम्न छन्ः**

१) विचार र अभिव्यक्तिको स्वतन्त्रता (धारा १२(२) (क)
२) विना हातहतियार शान्तिपूर्ण भेला हुने स्वतन्त्रता (धारा १२(२)(ख)
३) अधिराज्यभर आवतजावत र बसोबास गर्ने स्वतन्त्रता (धारा १२(२) (घ)
४) छापाखाना र पत्रपत्रिकासम्बन्धी हक (धारा १३ (१) )
५) निवारक नजरबन्दविरूद्धको हक(धारा १५)
६) सूचनाको हक (धारा १६)
७) सम्पत्तिको हक (धारा १७)
८) गोपनीयताको हक (धारा २२)
९) संवैधानिक उपचारको हक (धारा २३)

## अन्तर्राष्ट्रिय मानवअधिकार कानुन एवं संकटकाल

मानवअधिकारको प्रश्न एकातिर राष्ट्रिय कानुन एवं संविधानको प्रश्न हो भने अर्कोतिर यसको आधारभूत महत्वलाई ध्यानमा राखेर निरन्तर यससम्बन्धी अन्तर्राष्ट्रिय कानुनको पनि विकास भइरहेको छ। यस प्रक्रियाको शुरूवात खासगरी द्वितीय विश्वयुद्धपश्चात् शुरू भएको थियो। मानवअधिकारको अन्तर्राष्ट्रिय कानुनको विकास (International Regime of Human Right) ले हाल मानवअधिकारको प्रश्न राज्यको घरेलु मामिलासँग सम्बन्धित प्रश्न मात्रै रहन गएको छैन अपितु मानवअधिकारको प्रश्न अन्तर्राष्ट्रिय समुदायको बैध सरोकार एवं चासोको प्रश्नसमेत हुन गएको छ। मानवअधिकार संस्कृतिको विश्वव्यापी प्रसारको दिशामा यो एउटा सकारात्मक कदम हो।

नेपालले १६ वटाभन्दा बढी मानवअधिकारसम्बन्धी महासन्धि अर्थात अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रहरूमा हस्ताक्षर एवं अनुमोदन गरेर मानवअधिकारका आधारभूत सिद्धान्त एवं

मान्यताप्रति आफ्नो अन्तर्राष्ट्रिय प्रतिवद्धता प्रकट गरिसकेको छ। यो एउटा महत्वपूर्ण कदम हो। नेपाल सन्धि ऐन ०४७ ले यस सम्बन्धमा एउटा अत्यन्त प्रगतिशील व्यवस्था गरेको छ। ऐन को दफा ९ (१) ले संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनका लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुने छ। तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुनेछ।

नेपालले सन्धि अनुमोदन गरिसकेपछि सन्धिका प्रावधानहरूले Higher law को स्वरूप ग्रहण गर्दछन् तसर्थ यसअन्तर्गत सन्धिको पक्षधर राष्ट्रका नाताले नेपालले आफ्नो दायित्व बेहोर्नुपर्ने हुन्छ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ मानवअधिकारको विश्वव्यापी संरक्षणको दिशामा चालिएको एउटा महत्वपूर्ण कदम हो। यस प्रतिज्ञापत्रको निर्माणले मानवअधिकारको अन्तर्राष्ट्रिय संरक्षण प्रणाली अस्तित्वमा आएको छ। यस प्रतिज्ञापत्रले सदस्य राष्ट्रहरूलाई मानवअधिकारको संरक्षण एवं सम्वर्द्धनका लागि बाध्यात्मक कदमहरू चाल्ने व्यवस्था गरेको छ। नेपालले यस प्रतिज्ञापत्रलाई १९९१ मा नै अनुमोदन गरिसकेको छ। यसमा व्यवस्थित प्रावधानहरूलाई यथार्थमा रूपान्तरित गर्न ठोस एवं प्रभावकारी उपायहरू चाल्नुपर्ने हुन्छ।

यस प्रतिज्ञापत्रको धारा ४ ले संकटकालीन स्थितिका सम्बन्धमा व्यवस्था गरेको छ। जसअनुसार उपधारा (१) ले राष्ट्रको अस्तित्वमा खलल् पार्ने सार्वजनिक संकट र सोको विद्यमानता आधिकारिकरूपमा घोषणा गरिएको समयमा यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरूले स्थितिको आकस्मिकताबाट अत्यावश्यक भएको हदसम्म मात्र यस प्रतिज्ञापत्रअन्तर्गत आफ्ना दायित्वहरू न्यून गर्ने उपायहरू अवलम्बन गर्न सक्नेछन् तर, यस्ता उपायहरू अन्तराष्ट्रिय कानुनअन्तर्गत तिनीहरूका अन्य दायित्वहरूको प्रतिकूल हुनुहुँदैन र जाति, वर्ण, लिङ्ग, भाषा, धर्म वा सामाजिक उत्पत्तिका आधारमा मात्र भेदभाव गर्ने कुरा यस्ता उपायहरूमा समावेश भएको हुनु हुँदैन्। उपधारा (२) को यो व्यवस्थाअन्तर्गत धारा ६, ७, ८, ११, १५, १६, तथा १८ लाई न्यून गर्न पाइने छैन्। अर्थात यी धाराहरूमा उल्लेखित अधिकारहरू जस्तै : जीवनको अन्तनिहित अधिकार (धारा ६), यातनाविरूद्धको अधिकार (धारा ७), दासत्वविरूद्धको अधिकार (धारा ८), करारीय दायित्व पुरा गर्न नसकेको आधारमा मात्र थुनामा राखिनेविरूद्धको अधिकार (धारा ११), फौजदारी न्यायसम्बन्धी हक (धारा १५), कानुनको अगाडि व्यक्तिको मान्यता पाउने अधिकार (धारा १६ ) एवं धार्मिक स्वतन्त्रताको अधिकार (धारा १८) लाई न्यून गर्न वा यसको उपभोगमा कुनै बन्देज लगाउने अधिकार राज्य पक्षलाई हुने छैन।

त्यसैगरी प्रतिज्ञापत्रको धारा ४ को उपधारा (३) ले न्यून गर्ने अधिकारको उपयोग गर्ने यस प्रतिज्ञापत्रको कुनै पक्ष राष्ट्रहरूले आफूले न्यून गरेका व्यवस्थाहरू यसो गर्नु पर्नाको कारणहरूको जानकारी संयुक्त राष्ट्रसंघका महासचिव मार्फत तुरून्तै यस प्रतिज्ञापत्रका अन्य

पक्ष राष्ट्रहरूलाई दिईनेछ भन्ने समेत व्यवस्था गरेको छ।

यसै सन्दर्भमा यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरूद्धको महासन्धि १९८४ को धारा २(२)ले युद्धको स्थिति वा धम्की वा युद्ध होस वा जस्तो सुकै अपवादजनक परिस्थितिहरू, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक संकट होस् त्यस्तो अवस्थामा समेत कुनै पनि यातनाको औचित्यको रूपमा स्वीकार गरिने छैन भनी स्पष्ट व्यवस्था गरेको छ।

रेडक्रसको अन्तर्राष्ट्रिय समितिको तत्वावधानमा मानवीय कानुनसम्बन्धी चार वटा महासन्धिहरूको निर्माण १९४९ मा गरिएको छ। आधारभूतरूपमा यी महासन्धिहरू अन्तर्राष्ट्रिय सशस्त्र संघर्षमा लागू हुने अन्तर्राष्ट्रिय मानवीय कानुनहरू हुन्। तर यी चारवटै सन्धिहरूमा समानरूपमा समावेश गरिएको साझा धारा ३ (Common Article 3 ) गैरअन्तर्राष्ट्रिय सशस्त्र संघर्षमा आकर्षित हुने धारा हो। नेपालले मानवीय कानुनको यी चारवटै अन्तर्राष्ट्रिय दस्तावेजलाई अनुमोदन गरिसकेकोले गैरअन्तर्राष्ट्रिय प्रकृतिको सशस्त्र संघर्षमा आकर्षित हुने साझा धारा ३ को दायित्वबाट नेपाल पन्छिन मिल्दैन र यसको कडाइका साथ पालन गर्नु नेपालको दायित्व हो। स्मरणरहोस् नेपालले यस महासन्धिलाई ७ फेब्रुवरी १९६४ मा नै अनुमोदन गरिसकेको छ। साझा धारा ३ को व्यवस्था निम्नबमोजिम रहेको छ:

उच्च संविदाकारी पक्षको भूमिमा हुने गैरअन्तर्राष्ट्रिय चरित्रको सशस्त्र संघर्षका हकमा संघर्षका हरेक पक्ष न्यूनतमरूपमा निम्नलिखित प्रावधानहरू लागू गर्न बाध्य हुनेछ :-

१) हतियार छाडिसकेका तथा बिरामी, घाइते, थुनाइ वा अन्य कारणले लड्न नसक्ने अवस्थामा पुगेका सैन्य दलका सदस्यहरू लगायत् लडाईमा सक्रियरूपमा भाग नलिने व्यक्तिहरूलाई कुनै पनि अवस्थामा जाति, वर्ण, धर्म वा आस्था, लिंग, जन्म वा सम्पत्ति वा त्यस्तै अन्य आधारमा कुनै प्रतिकूल भेदभाव हुने गरी अमानवीय व्यवहार गरिनेछैन।

यसका लागि निम्नलिखित कार्यहरू हरेक समयमा र हरेक स्थानमा माथि उल्लिखित व्यक्तिहरूका हकमा निषेधित छन् तथा निषेधित रहनेछन्:

(क) जीवन तथा शरीरविरूद्ध हिंसा, खासगरी, सबै प्रकारका हत्या, अङ्गभंग, क्रूर व्यवहार र यातना

(ख) बन्धक बनाउने

(ग) व्यक्तिको सम्मानमाथि गम्भीर चोट पुऱ्याउने खालका कार्यहरू जस्तै अपमान एवम् निम्नस्तरको व्यवहार

(घ) सभ्य समाजले अपरिहार्य भनी मान्यता दिएका सबै न्यायिक प्रत्याभूतिहरू प्रदान गर्ने नियमित अदालतले अघि नै फैसला गरी सकेको अवस्थामा बाहेक सजाय सुनाउने र त्यसको कार्यान्वयन गर्ने।

२) घाइते र बिरामीहरूको सङ्कलन र हेरविचार गरिने छ। रेडक्रसको अन्तर्राष्ट्रिय समिति जस्तो निष्पक्ष मानवीय निकायले संघर्षरत पक्षहरूलाई आफ्नो सेवा प्रदान गर्न सक्नेछ।

संघर्षका पक्षहरूले वर्तमान महासन्धिका अन्य सबै वा केही प्रावधानहरूलाई विशेष सम्झौताको माध्यमद्वारा थप कार्यान्वयन गर्न प्रयाससमेत गर्नुपर्छ।

माथि उल्लिखित प्रावधानहरूको पालनाले संघर्षरत पक्षहरूको कानुनी हैसियतमा फरक पर्नेछैन।

**न्यायालय एवं संकटकाल**

नेपाल अधिराज्यको संविधान, २०४७ ले स्वतन्त्र एवं सक्षम न्यायापालिकाको परिकल्पना गरेको छ। संविधानको प्रस्तवनाले नै स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानुनी राज्यको अवधारणालाई साकार पार्ने उद्देश्य लिएको छ। नागरिक हक अधिकारको संरक्षण गर्न एवं राज्यको निरंकुशतामाथि अंकुश स्थापित गर्न एवं कानुनी शासन (Rule of Law) को अवधारणालाई यथार्थमा रूपान्तरित गर्न स्वतन्त्र एवं सक्षम न्याय प्रणाली अपरिहार्य छ। स्वतन्त्र एवं सक्षम न्यायप्रणालीको अभावमा राज्यका अङ्गहरूबीच शक्तिसन्तुलन (Check and Balance) स्थापित हुन सक्दैन एवं नागरिकका हक अधिकारहरूको अकुण्ठित उपभोग गर्ने वातावरणसमेत निर्माण हुन सक्दैन्।

नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम नेपाल अधिराज्यको न्यायसम्बन्धी अधिकार यो संविधान र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा अन्य न्यायिक निकायहरूबाट प्रयोग गरिने व्यवस्था गरेको छ। साथै धारा ८८(१) अनुसार कुनै कानुन संविधानसँग बाझिएको देखिएमा सो कानुनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र वदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालत हुने छ भन्ने व्यवस्था गरेको छ। त्यसैगरी धारा ८८(२) ले यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ। सो प्रयोजनका लागि पूर्णरूपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण प्रतिषेध, अधिकारपृच्छालगायत् जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने छ भनी व्यवस्था गरेको छ।

संविधानको धारा ८८ संविधानको आत्मा हो जसअन्तर्गत सर्वोच्च अदालतलाई व्यापक एवं विस्तृत अधिकारहरू प्रदान गरिएको छ। यसबाट सर्वोच्च अदालत संविधानको अभिभावक (Guardian) एवं नागरिक अधिकार एवं स्वतन्त्रताको संरक्षक बन्न पुगेको छ। संविधानको यस धाराबाट सर्वोच्च अदालतले संवैधानिक सर्वोच्चताको रक्षा गर्न एवं संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलन गर्न वा पूर्ण न्याय प्रदान गर्न जुनसुकै आज्ञा वा आदेश जारी गर्न सक्षम छ।

यद्यपि संकटकालीन स्थितिमा संविधानका मौलिक हकसम्बन्धी केही धाराहरू निलम्बन गर्न सकिन्छ तर, संविधानको धारा ८४ र ८८ ले न्यायालयलाई जुन शक्ति एवं सक्षमता प्रदान गरेको छ, यसको कटौति कुनै पनि हालतमा सम्भव छैन्। सर्वोच्च अदालत न्यायका मान्य सिद्धान्तअनुसार न्याय प्रदान गर्न एवं मौलिक हकको प्रचलन एवं पूर्ण न्यायको प्रत्याभूति गर्न सक्षम छ। तर आवश्यकता छ मात्र न्यायिक विवेक, साहस एवं बुद्धिमता (Judicial courage, wisdom and statesmanship) को ।

निष्कर्षमा के भन्न सकिन्छ भने संकटकालको घोषणाले राज्यलाई अनियन्त्रित, बन्देजरहित एवं सीमारहित अधिकारहरू प्रदान गर्दैन्। राज्यशक्तिका सीमा एवं बन्देजहरू छन्। कुनैपनि बहानामा राज्य निरंकुश एवं स्वेच्छाचारी हुन मिल्दैन्। राज्यले नागरिकका आधारभूत अधिकार एवं स्वतन्त्रताहरूको सम्मान गर्नै पर्दछ। संकटकाललाई मानवअधिकार उल्लङ्घन गर्ने लाइसेन्सको रूपमा लिइनु हुँदैन्। जनताका आधारभूत अधिकार एवं स्वतन्त्रतालाई निलम्बित गरेर कुनै राष्ट्रिय संकटको समाधान सम्भव छैन्। यो निर्विवाद तथ्य हो। अधिकार एवं स्वतन्त्रताबाट बञ्चित जनताले कहिल्यै पनि राष्ट्रमाथि आएको संकटलाई मुकाविला गर्न कुनै योगदान दिन सम्भव छैन्। ●

*२०६१ चैत ३० गते पोखरा, २०६२ बैशाख ८ गते वुटवल, ९ गते नवलपरासी र १० गते कपिलवस्तुमा प्रस्तुत गरिएको आधारपत्र*

# संकटकाल र मानवअधिकार

अधिवक्ता  शालिकराम सापकोटा

**विषय प्रवेश**

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा १ बमोजिम श्री ५ बाट नेपाल अधिराज्यभर संकटकाल जारी गरिबक्सेको छ। संकट व्यक्तिको जीवनमा पनि आउँछन् ती संकटहरू प्राकृतिक, नैतिक र राज्यले जारी गरेको कानुनबमोजिम समाधान भएर जान्छन्। राष्ट्रको जीवनमा आउने संकटकालका सम्बन्धमा संविधानमा नै व्यवस्था गरिएको हुन्छ।  राष्ट्रको संकट संविधानले नै समाधान गर्दछ। राष्ट्रका सामु नागरिकका हकहरू गौण हुन्छन्। राष्ट्रलाई संकट पर्दा नागरिकलाई पनि संकट पर्दछ "If the State goes down, the people also go down!" भन्ने सिद्धान्ततः बुझिन्छ। संकटकाल संविधानको संशोधन होइन। संविधान निर्माण प्रक्रियाको छलफल पनि होइन। संकटकालको समर्थनमा ट्राफिक जाम नै हुने गरी जुलुश निकाल्न पाउने र विरूद्धमा एक थोपा मसी खर्च गर्न नपाउने भन्ने पनि होइन। राजनीतिक दलहरूमाथि प्रतिबन्ध लाग्न सक्छ भनी गैरसंवैधानिक अभिव्यक्ति दिने समय पनि होइन। संकटकालले अधिकारको सृजना गर्दैन। संकटकाल संविधानले तोकेकोभन्दा बढी समय लम्ब्याउन पाइँदैन्[२]। संकटकाल राष्ट्रको जीवनमा निकै संवेदनशील विषय हो। सार्वभौमसत्ता, अखण्डता र राष्ट्रको सुरक्षाको प्रत्याभूत गरी नेपाली जनताको सार्वभौमिकताको रक्षा गर्ने जिम्मेवारी राष्ट्रको हो। यो बेला नेपाल अधिराज्यका सार्वभौम नेपाली जनताका मौलिक हक अधिकारहरूको शल्यक्रिया (Operation) संकटकाल नामक अपरेशन थिएटरमा भइरहेको छ। शल्यक्रिया कौशलतापूर्वक सम्पन्न गर्न नसके सिरिन्जहरू, छुराहरू राम्ररी नचलाए सार्वभौम नेपाली जनताको अस्तित्व नरहन सक्दछ। सदियौं बर्ष लगाएर नेपाली जनताले निर्माण गरेको नेपाल स्वाधीन, स्वतन्त्र अधिराज्य नरहन सक्दछ। मेरो सम्पूर्ण जीवन राष्ट्रलाई, यो नेपाली जनताको मूलमन्त्र हो। अब त यो सम्पूर्ण राष्ट्र नेपाली जनताका लागि भनी राष्ट्रले घोषणा गर्ने बेला आएको छ। जसको नासो हो उसैलाई फिर्ता दिने बेला आएको छ।

**संकटकालको प्रारम्भ**

मन्त्री परिषद्को बर्खास्तगीसँगै आफ्नै अध्यक्षतामा सरकार गठन गर्ने उद्देश्यका साथ शाही घोषणाबाट नेपाल अधिराज्यको संविधान, २०४७ को बाधा अड्काउ फुकाउने र संविधानको पालना र संरक्षण गर्ने[३] नाममा श्री ५ बाट २०६१ माघ १९गते नेपाल अधिराज्यभर

संकटकाल जारी गरिएको छ। मौजुदा संविधानबमोजिम जारी भएका संकटकालहरू मध्ये यो संकटकाल तेस्रो संकटकालका रूपमा दर्ज हुन पुगेको छ। विगतमा जारी संकटकाल आदेशका शब्दांशहरू जस्ताको तस्तै यस संकटकालमा समेत दोहऱ्याइएको छ। संकटकाल जारी गर्ने प्रकृतिका सम्बन्धमा सोझै श्री ५ बाट तेस्रो संकटकाल जारी भएकाले विगतका दुई संकटकालहरू नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३५ को उपधारा (१) र (२) बमोजिम मन्त्री परिषद्को निर्णय र धारा ११५ को उपधारा (३) बमोजिम प्रतिनिधिसभाको दुई तिहाई सदस्यहरूले अनुमोदन गरिदिए मुताविक जारी भएकाले विगतका दुई संकटकाल जारी प्रक्रियाहरू र तेस्रो संकटकालका जारी प्रक्रिया फरक देखिएका छन्। कुन संवैधानिक कुन असंवैधानिक भन्ने प्रश्नको जवाफ तेस्रो संकटकालबाट बल्झेको छ तर हालसम्म जारी संकटकालहरूको प्रारम्भ नेकपा (माओवादी) हरूको सशस्त्र विद्रोहका कारणले गर्दा भएको हो भन्ने विषयमा पहिलो संकटकाल लगत्तै श्री ५ को सरकारले जारी गरेको अध्यादेश, पछि संसदले पारित गरेको ऐन, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०५८ र श्री ५ बाट तेस्रो संकटकाल साथै घोषणा गरिएको १५ बुँदे शाही घोषणाको पूर्ण पाठसमेतबाट संकटकाल माओवादी विद्रोह, राज्यको भाषामा आतंकवाद समाप्त पार्नका लागि जारी गरिएको भन्ने देखिन्छ। तीनवटै संकटकालको जननी माओवादी विद्रोह हो भन्ने विषयमा द्विविधा र भ्रम देखिँदैन।

## नेपालको संवैधानिक इतिहासमा संकटकालसम्बन्धी व्यवस्था

नेपाल अधिराज्यमा प्रथम पटक जारी भएको नेपाल सरकार वैधानिक कानुन २००४ को धारा ४६ र ४७ मा संकटकालीन व्यवस्था गरिएको देखिन्छ। संकटकाल इस्तिहार जारी गर्ने अधिकार श्री ३ महाराजलाई वैधानिक कानुनबमोजिम दिइएको थियो। आन्तरिम शासन विधान, २००७ मा संकटकालीन व्यवस्थाको प्रत्यक्ष व्यवस्था गरेको देखिँदैन। नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ५५ र ५६ मा संकटकालसम्बन्धी व्यवस्था गरिएकोमा धारा ५५मा श्री ५ को स्वविवेकमा संकटकाल जारी गर्ने व्यवस्था रहेकाले यद्यपि उक्त संविधानको चर्चा सेलाएको छैन। सोही धाराबमोजिम संविधान खारेजीमा परी नेपालको संविधान, २०१९ को उदय भएको हो। नेपालको संविधान, २०१९ को धारा ८१ मा संकटकालीन व्यवस्था रहेको र विशेष परिस्थिति उत्पन्न भएको श्री ५ लाई लागेमा जुनसुकै बखत संकटकालको आदेशसहित अन्य आदेशहरू जारी गर्न सकिबक्सने व्यवस्था देखिन्छ। तर, विशेष परिस्थितिको कुनै कानुनी सीमा र परिभाषा संविधानमा उल्लेख भएको अवस्था छैन। नेपालको संवैधानिक इतिहासमा नेपाल सरकार बैधानिक कानुन २००४ मा श्री ३ महाराजको स्वविवेकमा र अन्तरिम शासन विधान २००७ देखि नेपालको संविधान, २०१९ सम्म संकटकाल जारी गर्न पाउने निशर्त स्वविवेकीय अधिकार श्री ५ मा रहेको देखिन्छ। संविधान विकास क्रम २००४, २०१९ र २०४७ कात्तिक २२ गतेसम्म संकटकालको अभ्यास भारदारी सभा, राष्ट्रिय पञ्चायत, संसदको वा श्री ५ को सरकारको सल्लाहकाार सम्मति, अनुमोदन र सिफारिशमा श्री ३ महाराज वा श्री ५

महाराजधिराजबाट संकटकाल जारी गरिने संवैधानिक प्रचलन, व्यवस्था थिएन। संविधान भनेकै श्री ३ महाराज र श्री ५ महाराजधिराजको स्वविवेकीय अधिकार थियो जसलाई लीपिबद्धसम्म गरिएको थियो।

### नेपालको संविधान, २०४७ र संकटकालीन व्यवस्था

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा १ बमोजिम श्री ५ बाट संकटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्न सकिने व्यवस्था छ। सो व्यवस्था कार्यान्वयन गर्न विगतका संविधानहरूबाट लिएको शिक्षाबमोजिम संविधानमै पूर्व शर्त आधारहरूको व्यवस्था गरिएको देखिन्छ। प्रतिनिधिसभा र राष्ट्रियसभाले अनुमोदन गर्न नसक्ने र प्रतिनिधि सभा र राष्ट्रियसभा दुवै नरहेको, राष्ट्रिय सभा रहे पनि बैठक सञ्चालन हुन नसक्ने अवस्थामा कार्यकारिणी अधिकारका रूपमा संकटकाल जारी हुन सक्ने व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ मा छैन।[४]

### संकटकाल जारी गर्ने निश्चित आधारहरू

१. नेपाल अधिराज्यको
   (क) सार्वभौमसत्ता
   (ख) अखण्डता
   (ग) कुनै भागको सुरक्षा

२. जारी गर्नु पूर्वका शर्त र कारणहरू
   (क) युद्धको घोषणा
   (ख) बाह्य आक्रमण
   (ग) सशस्त्र विद्रोह
   (घ) चरम आर्थिक विश्रृंखलता

३. जारी गर्ने पद्धति, प्रक्रिया र अवधिहरू
   (क) मन्त्री परिषद्को सल्लाह र सम्मतिबाट
   (ख) प्रधानमन्त्रीबाट मन्त्री परिषद्को सल्लाह र सम्मतिबमोजिम श्री ५ मा जाहेर गर्नुपर्ने
   (ग) मन्त्री परिषद्को सल्लाह र सम्मतिबाट जारी संकटकाल तीन महिनासम्म कायम रहन्छ।

४. जारी संकटकालको अनुमोदन अनिवार्य
   (क) संकटकाल घोषणा भएको तीन महिनाभित्र अनुमोदनका लागि प्रतिनिधिसभाको बैठकमा पेश गर्नुपर्ने।

(ख) प्रतिनिधिसभाको अनिर्वायता, प्रतिनिधि सभा नभए राष्ट्रिय सभाको बैठकले अधिकार प्रयोग गर्ने।

(ग) जारी संकटकाल प्रतिनिधि सभा वा राष्ट्रिय सभाबाट अनुमोदन नभएमा स्वत: निष्क्रिय हुने।

## संकटकाल सम्बन्धमा विभिन्न देशहरूले गरेको व्यवस्था

### (क) दक्षिण एशियाका देशहरूमा संकटकाल

दक्षिण एशियाका विभिन्न देशहरूमा संकटकालसम्बन्धी व्यवस्था संविधानमा नै गरिएको छ। भारतको संविधान १९५० को धारा ३५२ देखि ३६० सम्ममा संकटकालसम्बन्धी संवैधानिक व्यवस्था गरिएको छ। भारतमा सन् १९७५ मा जारी गरिएको संकटकालको प्रभावका सम्बन्धमा आजसम्म चर्चा गरिँदैछ। बंगलादेशको सँविधानको धारा १४१ क, श्रीलंकाको संविधानको धारा १५५, र नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ मा लिखितरूपमा संकटकालसम्बन्धी व्यवस्था गरिएको छ। संकटकाल जारी गर्नेसम्बन्धी अधिकार भारत, वंगलादेश, श्रीलंकामा राष्ट्रपतिलाई दिइएको छ भने नेपालमा श्री ५ बाट जारी गर्ने व्यवस्था गरिएको छ।

### (ख) अन्य देशहरूमा संकटकालसम्बन्धी व्यवस्था

बेलायतमा लिखित संविधान नभएको हुँदा संसदले बनाएको कानुनको आधारमा राज्यको आन्तरिक उपद्रव्य वा बाहय आक्रमण जस्तो कुनै किसिमको संकटकालीन परिस्थितिको घोषणा गर्ने अधिकार कार्यपालिकालाई दिइएको देखिन्छ। बेलायतमा गणतन्त्रको समस्या आएपछि सन् १९८९ मा एक्ट अफ प्रिभेन्सन अफ टेरोरिज्म (Act of prevention of terrorism -1989) जारी भएको र सोही कानुनबमोजिम संकटकालीन अवस्थाको घोषणा गर्ने अधिकार शृजित भएको देखिन्छ। संयुक्त राज्य अमेरिका, क्यानडा, अष्ट्रेलिया र जापानका संविधानहरूमा संकटकालीन व्यवस्था प्रत्यक्षरूपमा लेखिएको पाइँदैन तर, अमेरिकी संविधानको धारा २ मा राष्ट्रपतिलाई संविधानको रक्षा, प्रतिरक्षा तथा संरक्षण गर्न सपथ लिनुपर्ने व्यक्ति कार्यकारिणी प्रमुखको हैसियतले संकटकाल जारी गर्न पाउने अधिकार देखिन्छ। संकटकालीन अधिकारका सम्बन्धमा अमेरिकी सर्वोच्च अदालतले भनेको छ संकटकालले अधिकारको सृजना गर्दैन र संविधानले प्रदान गरेकोभन्दा पनि बढाउन सक्दैन[५]। जापानको संविधानको धारा ९ मा संभवत: हिरोशिमा र नागाशाकीको पीडाले होला समाधानका उपायको रूपमा युद्ध तथा शक्तिको प्रयोग वा त्यसको धम्कीलाई सदाको लागि परित्याग गरेको कुरा उल्लेख छ। संकटकालका सम्बन्धमा विभिन्न देशहरूका लिखित संविधान, ऐन कानुनहरूको अध्ययन र न्यायिक अभ्यासहरूबाट संकटकालको घोषणा गर्न सकिने निम्न आधारहरू देखिन्छन्:

१. संवैधानिक संयन्त्र विफल भएको अवस्थामा।

२. राष्ट्रियता, सार्वभौमसत्ता वा सुरक्षामा खतरा उत्पन्न भएमा।
३ . क्षेत्रीय अखण्डतामा खतरा उत्पन्न भएको अवस्थामा।
४. सशस्त्र विद्रोह भएमा।
५. चरम आर्थिक विशृङखलता उत्पन्न भएको अवस्थामा।
६. आन्तरिक वा बाह्य युद्धको घोषणा भएमा।
७. प्राकृतिक प्रकोप वा दैवी विपत्ति भएको अवस्थामा।

## संकटकालको आदेशबाट निलम्बन भएका संवैधानिक हकहरू

संविधानको धारा ११५ को उपधारा १ बमोजिम नेपाल अधिराज्यमा संकटकाल जारी हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ को उपधारा (२) को खण्ड (क) (ख) (घ) (ङ), धारा १३ को उपधारा (१) धारा १५, १६, १७, २२ र २३ निलम्बन हुन सक्छन् । सर्वोच्च अदालतले वि.स. २०६१ साल चैत १८ गते संविधानको धारा २३ निलम्बन भएको अवस्थामा समेत संविधानका अन्य धाराहरूबमोजिम न्यायिक उपचारको ढोका खुला रहिरहने, अधिकारशून्यताको अवस्थामा नरहने, संविधानको धारा ८८ को उपधारा १ र २ को अवस्था निलम्बन नरहेको भनी व्याख्या गरेबाट संविधानको धारा ११५ को उपधारा (८) मा उल्लेखित धाराहरूबाट मात्र संकटकालको अवधि भर न्यायिक उपचार प्राप्त गर्न नसकिनेसम्म हो, सो बाहेक संविधानका अन्य कुनै  भाग, धाराहरू संविधानबमोजिम नै निलम्बन हुन सक्दैनन्। निलम्बन भएका धाराहरू निम्नबमोजिम छन्[६]:

(१) विचार र अभिव्यक्तिको स्वतन्त्रता
(२) बिनाहातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता
(३) अधिराज्यभर आवत-जावत गर्ने स्वतन्त्रता
(४) कुनै, पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता
(५) छापाखाना र पत्रपत्रिकासम्बन्धी हक
(६) निवारक नजरबन्दविरूद्धको हक
(७) सूचनाको हक
(८) सम्पत्तिको हक
(९) गोपनीयताको हक
(१०) संवैधानिक उपचारको हक

## संकटकालमा निलम्बन नभएका संवैधानिक तथा प्रकृति प्रदत्त हकहरू

सबै हकहरू राज्यले व्यक्तिलाई प्रदान गर्न सक्दैन। कतिपय हकहरू संविधान आउनुभन्दा अघिका हकहरू हुन्छन् जस्तै मानिसको वैयक्तिक स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता, हिँड्डुल गर्न पाउने स्वतन्त्रता जुन राज्यले दिएको होइन र दिन सक्दैन। यी हकहरू प्राकृतिक र नसैर्गिक गुणभएका हक अधिकारहरू हुन् जसलाई संविधानमा प्रत्याभूतसम्म गरिएको हो। यी हक

अधिकारहरू राज्यले चाहेर पनि अपहरण र निलम्बन गर्न सक्दैन भन्ने संविधानविद्हरूको ठहर छ[७]। त्यसका अतिरिक्त अलावा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ को उपधारा ८ मा उल्लेख गरे बाहेकका कुनै पनि धारा उपधाराहरू निलम्बित छैनन्। निलम्बन नभएका धाराहरू भित्र संविधानको गति तथा जीवन खोज्न उचित हुनेछ [८]। निलम्बन नभएका अधिकारहरू:

१. बन्दी प्रत्यक्षीकरणको हक
२. देश निकालाविरूद्धको अधिकार
३. संघ-संस्था खोल्ने हक
४. धर्म, शिक्षा र संस्कृतिसम्बन्धी अधिकार
५. आस्था र विचारको स्वतन्त्रता
६. शोषणविरूद्धको हक
७. अमानवीय, क्रुर र अपमानजनक व्यवहारविरूद्धको हक
८. समानताको अधिकार
९. कानुनको प्रयोग र पालनामा समान संरक्षणको अधिकार
१०. वैयक्तिक स्वतन्त्रताको अधिकार
११. दासताविरूद्धको अधिकार
१२. नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८ मा लेखिएको तरिकाअनुसार कारवाही चलाउन पाउने अधिकार
१३. राजनीतिक दल, संगठन खोल्न सञ्चालित गर्न पाउने अधिकार
१४. मृत्युदण्डको सजाय विरूद्धको हक।
१५. प्रचलित कानुनमा तोकिएभन्दा बढी सजायविरूद्धको हक।
१६. आफ्नोबिरूद्ध साक्षी हुन कर लगाइने कार्यविरूद्धको हक।
१७. एउटै कसुरमा एकपटकभन्दा बढी मुद्दा चलाउने तथा सजाय गरिने कार्यविरूद्धको हक।

## अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको प्रतिबद्धता र संकटकाल

नेपाल अन्तर्राष्ट्रिय मानवअधिकारका १६ वटा दस्तावेजहरूमा हस्ताक्षर तथा अनुमोदन गर्ने पक्षराष्ट्र रहेको र नेपाल कानुनअन्तर्गत सन्धि ऐन २०४७ को दफा ९ ले अन्तर्राष्ट्रिय सन्धिमा हस्ताक्षर तथा अनुमोदन गरिसकेपछि सो सन्धिलाई समेत राष्ट्रिय कानुनसरह लिनु पर्दछ भन्ने व्यवस्था गरेको छ। नेपाल पक्षराष्ट्र भएको सन्धिमध्ये नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ४ ले राज्यमा संकटकाल लागू रहेको अवस्थामा समेत उक्त प्रतिज्ञापत्रका धारा ६, ७, ८(१) (२) र १८ लाई कुनै पनि पक्ष राष्ट्रले निलम्बन गर्न नसक्ने व्यवस्था छ। यो सन्धि पालना गर्ने प्रत्येक पक्षराष्ट्रले संकटकाल जारी गरेको विषयमा जतिसक्दो छिटो संयुक्त राष्ट्रसघंका महासचिवमार्फत अन्य सदस्य राष्ट्रहरूलाई

जानकारीसमेत गराउनुपर्ने कर्तव्य पक्षराष्ट्रहरूको रहेको देखिन्छ। संभवत: नेपालले पनि नेपाल अधिराज्यमा जारी भएको संकटकालको जानकारी संयुक्त राष्ट्र सघंलाई गराई सकेको हुनुपर्छ। यसरी संकटकालमा समेत निलम्बन हुन नसक्ने सन्धिका उक्त प्रावधानहरूलाई निम्नबमोजिम उल्लेख गरिएको छ:

१. वैयक्तिक स्वतन्त्रता
२. आस्थाको स्वतन्त्रता
३. धर्मको स्वतन्त्रता
४. विचारको स्वतन्त्रता
५. यातनाविरूद्धको स्वतन्त्रता

**प्रेस स्वतन्त्रताका सम्बन्धमा संकटकाल**

संकटकालमा सबैभन्दा बढी दबाब प्रेसमाथि परेको भन्ने टिप्पणी आइरहेका छन्। दाङबाट प्रकाशित हुने युगबोध दैनिक पत्रिकालाई त्यहाँका प्रमुख जिल्ला अधिकारीले प्रकाशन गर्न प्रतिवन्ध लगाइ दिएका कारणले संकटकालमा प्रेस र पत्रिकामाथि पनि प्रतिबन्ध लाग्न सक्दछ भन्ने एक खालको भ्रम पैदा हुन पुगेको छ। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १३ (१) र १६ निलम्बन भएतापनि सोही धाराको उपधारा २ र ३ निलम्बन नभएका कारणले संकटकालमा प्रेस बन्द, जफत र पत्रिका दर्ता खारेज हुने व्यवस्था छैन। प्रेस र पत्रिका जुनसुकै अवस्थामा पनि बन्द हुन नसक्ने संवैधानिक ग्यारेण्टी रहेको हुँदा कुनै समाचार विशेष प्रकाशनका सम्बन्धमा गरिने हस्तक्षेपकै कारणले प्रेस, पत्रिका र सञ्चारको गति निलम्बन हुँदैन, प्रकाशन बन्द गर्न मिल्दैन। छापाखाना र प्रकाशन ऐन २०४८, प्रेस काउन्सिल ऐन, राष्ट्रिय समाचार समिति ऐन, राष्ट्रिय प्रशारण ऐन निलम्बन भएको अवस्था छैन। ती ऐनबमोजिमका अधिकारहरू प्रेस र पत्रपत्रिकाले निर्बाध उपयोग गर्न पाउँदछन्। श्री ५ बाट जारी गरिबक्सेको शाही घोषणा, श्री ५ बाट जारी गरिबक्सेको धारा ११५ (७) बमोजिमका आदेशहरू र श्री ५ को सरकारको पहिलो बैठकबाट पारित २१ बुँदे कार्यक्रमहरूबाट पनि प्रेस र पत्रपत्रिका बन्द गर्ने खोजेको अवस्था देखिएको छैन।

**शक्ति सन्तुलनको विघटनसँगै संकटकाल**

नेपाल अधिराज्यको संविधान, २०४७ त्रिपक्षीय शक्ति सन्तुलनको दस्तावेज मानिन्छ। पहिलो र दोस्रो संकटकालहरू त्रिपक्षीय राजनीतिक शक्तिहरूको संयोजनमा जारी भएका थिए। संसद[९] जहाँ श्री ५, प्रतिनिधि सभा र राष्ट्रिय सभाको दुईतिहाई बहुमतले संकटकाललाई अनुमोदन गरेबाट अघिल्ला दुई संकटकालहरूलाई राजनीतिक शक्ति सन्तुलनको संवैधानिक कदमका रूपमा लिइएको थियो तर तेस्रो संकटकाल यी सवै संभावनाहरू भन्दा बाहिर श्री ५ को १५ बुँदे शाही घोषणासँगै जारी भएकोले संविधान जारी हुँदाको शक्ति सन्तुलन पूर्णरूपमा विघटित हुन पुगेको छ। तेस्रो संकटकालसँगै संविधान निर्माणका तत्वहरू, शक्तिहरू रक्षात्मक

अवस्थामा पुगेका छन्। संविधानभित्रको संसदीय राजनीतिक उपस्थिति र शक्तिलाई तेस्रो संकटकालले विकलाङ्ग बनाएको छ। वि.सं ०४६ सालको जनआन्दोलनले निर्माण गरेको त्रिपक्षीय सम्झौता झन्की एकपक्षीय कार्यकारिणी आदेशका रूपमा श्री ५ मा केन्द्रिकृत हुन पुगेको छ।

**संकटकालको संवैधानिक परिक्षण अर्थात न्यायिक पुनरावलोकन**

संकटकाल जारी गर्ने अधिकार नेपाल अधिराज्यको संविधान, २०४७ ले श्री ५ लाई दिएको विषयमा विवाद छैन तर त्यो अधिकार निशर्त होइन। श्री ५ बाटमात्र वा मौसुफको स्वविवेकमा वा अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिशमा गरिबक्सने भनी किटानीसाथ व्यवस्था भएकोमा बाहेक यो संविधानबमोजिम श्री ५ बाट गरिबक्सने सबै कार्यहरू मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट गरिबक्सने छ। यस्तो सल्लाह र सम्मति प्रधानमन्त्रीमार्फत जाहेर हुनेछ भन्ने  नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३५ को उपधारा (२) को व्यवस्थाबमोजिम श्री ५ बाट गरिबक्सने सबै कार्यहरू मध्ये धारा ११५को उपधारा (१) बमोजिमको कार्यसमेत मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट प्रधानमन्त्रीमार्फत जाहेर भएको सशर्त अवस्थामा मात्र संविधानबमोजिम संकटकाल जारी हुने विषय हो। यस सम्बन्धमा सर्वोच्च अदालतले भिन्न भिन्न मुद्दामा न्यायिक सिद्धान्त[१०] प्रतिपादन गरेको पाइन्छ। श्री ५ बाट गरिबक्सेको कुनै कामको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन[११] भन्ने प्रश्न उठाइ तेस्रो संकटकालको संवैधानिकता पुष्टि गर्न मिल्दैन। मन्त्रिपरिषद् बर्खास्त भइ अर्को मन्त्रिपरिषद् गठन नभएको अवस्थामा २०६१ माघ १९ गते श्री ५ बाट नेपाल अधिराज्यभर जारी गरिबक्सेको संकटकालको संवैधानिक आधार न्यायिक पुनरावलोकनको विषय बनेको छ। यस विषयमा सर्वोच्च अदालतको विशेष इजलासबाट फैसला भएको मुद्दामा संकटकालमा पनि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ को उपधारा (१) र (२) बमोजिम न्यायिक पुनरावलोकनको विषयमा रिट निवेदन दायर गर्न मिल्ने भनि ढोका खोलिदिएको कारणले श्री ५ बाट जारी गरिएको ९६१ माघ १९ गतेको संकटकालको समेत संवैधानिक परीक्षण अर्थात न्यायिक पुनरावलोकन हुन सक्दछ। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३५ (२) बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट संकटकाल जारी गर्ने विषयमा सहमतिबाट हुन सक्ने अवस्था नै नरहेको र धारा ११५ को उपधारा (२), (३), (४) र (५) बमोजिम प्रतिनिधिसभाको अस्तित्व नरही तेस्रो संकटकालको अनुमोदन गर्ने सार्वभौम संयन्त्रको अभावमा र कानुनबमोजिम राष्ट्रिय सभाको बैठक बस्न नसकेको[१२] अवस्थामा संकटकाल जारी गर्दा र अनुमोदन गर्दा चाहिने संवैधानिक आधार नभएको तेस्रो संकटकाल संवैधानिक परीक्षण र न्यायिक पुनरावलोकनको नि:शर्त विषय बनेको छ। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८४,९६ ८८(१) र (२) बमोजिम यो अधिकार सर्वोच्च अदालतलाई प्राप्त छ।

**अन्यौल र भ्रमबीच संकटकाल**

संकलटकालमा के गर्न हुन्छ, के गर्न हुँदैन भन्ने विषयमा नेपाली जनता मात्र होइन

न्यायपालिका, नागरिक समाज र श्री ५ को सरकार सबै अन्यौलमा देखिएका छन्। सरकारले आफ्नो स्वस्थ विरोध गर्नेलाई समेत नजरबन्दमा राख्ने, थुन्ने प्रक्रियाले संकटकाल भनेको मानौ स्वस्थानी माताको वा मुस्लिम ईदको रोजा ब्रत जस्तै मौन ब्रत हो। ब्रतभरी जसरी ईश्वरका नाममा पानी पनि नपिएर ब्रत पूरा गरिन्छ त्यसैगरी संकटकाल भरी श्री ५ को सरकारका नाममा ब्रत पूरा गर्नुपर्दछ तर त्यसो होइन संकटकालको अवस्थामा पनि सूर्योदय भएकै छ, पृथ्वी घुम्न छाडेको छैन अर्थात अभिव्यक्तिको स्वतन्त्रता, हिँडडुल गर्ने स्वतन्त्रता सहितका प्राकृतिक स्वतन्त्रताहरू कार्यकारिणी प्रमुखले चाहेर पनि खोसिन सकेका छैनन् तर पनि न्यायपालिका श्री ५ को सरकारबाट संकटकालका बारेमा पटक-पटक अन्यौल र भ्रम सृजना गर्ने कामहरू भइरहेका छन्। जसलाई निम्न लिखितरूपमा बुझ्न सकिन्छ:

### (क) संकटकालमा न्यायपालिकाको भूमिका

नेपाल अधिराज्यको संविधान, २०४७ ले संविधानको प्रस्तावना खण्डमै स्वतन्त्र न्यायपालिकाको जुन अपरिर्वतनीय व्यवस्था गरेको थियो त्यो व्यवस्थाबमोजिम न्यायपालिकाले आफनो स्वतन्त्रता र स्वायत्ततालाई आधार बनाएर अधिकार प्रचलन गराउन सकेन। कस्तुरी मृगले आ ँनो नाभीको सुगन्ध आफैले थाहा नपाएझैं न्यायपालिकाले आफ्नो न्यायीक स्वन्त्रताको सुगन्ध थाहा पाउन सकेको छैन। न्यायपालिका जहिले पनि कार्यकारिणी प्रमुखको विशाल वृक्षमा उम्रिएको ऐजेरू जस्तै भएको छ। कार्यकारिणी प्रमुखकै प्रशस्ती र कदमलाई सुन्दर न्यायिक कलमले व्याख्या गरी बैधानिकता प्रदान गर्ने काम बाहेक अरू के काम गऱ्यो न्यायपालिकाले ? यसको जवाफ भेटिँदैन। संविधानको धारा ११५(८) बमोजिमका धाराहरू निलम्बन हुँदा पनि संकटकालमा प्रतिनिधिसभाको विघटन संविधानबमोजिम नै हुन सक्ने भनी देखाइरहेको अवस्थामा प्रतिनिधि सभाको विघटन गरी नयाँ निर्वाचन हुन नसक्ने जिकिर संविधानसम्मत देखिँदैन भनी संकटकालमा पनि चुनाव हुन सक्ने व्याख्या गरेको पाइन्छ[१३]। पहिलो संकटकालमा संविधानबमोजिम निलम्बन नभएका मुद्दाहरू हेर्न र न्यायीक उपचार प्रदान गर्न फरक नपर्ने[१४] भनी सर्वोच्च अदालतको पूर्ण इजलासले फैसला गरेकोमा सो नजीरका रूपमा पालना नगरी रजिष्ट्रारले निलम्बन नभएका सबै संवैधानिक अधिकारमा पनि न्यायिक उपचार नदिने भनी दरपीठ गरी दिएकोमा २०६१ चैत १८ गते निलम्बित नभएका धाराहरूबमोजिम उपचार प्रदान गर्न सकिने फैसला सुनाइएको छ। सर्वोच्चले आफूबाट स्थापित गरेका न्यायिक निर्णयहरूमा पटक-पटक किन दृष्टिकोण बदल्न खोजेको छ ? यसले थुप्रै अन्यौल र भ्रम उत्पन्न गराएको छ। आखिर संकटकालमा के शक्ति छ कि संकटकाल जारी भएका अवस्थामा न्यायपालिका आफ्नो भाषा व्यवहार बदलिरहन्छ। पछिल्लो समयमा न्यायपालिका सरकारको प्रवक्ता बनेको छ। विशेष गरी वर्तमान प्रधान न्यायाधिश हरिप्रसाद शर्मा ज्यूको अष्ट्रेलियाको गोल्डकोष्ठमा भएको सम्बोधनको पूर्ण पाठ हेर्दा श्री ५ को सरकारको प्रवक्ताको हैसियतले बोले जस्तो देखिन्छ। न्यायपालिकाको सर्वोच्च इकाइको यो गति हेर्दा अब सरकारको विरूद्धमा कुनै मुद्दा लिएर सर्वोच्च जान सक्ने वा नसक्ने जस्ता थुप्रै अन्यौल र भ्रमहरू पैदा भएका छन्।

### (ख) शाही आयोगको घोषणा र संकटकाल

भ्रष्टाचार निर्मुल गर्ने उद्देश्यले गठन गरिएको भनिएको शाही आयोगको घोषणा स्वयम्मा संविधानअनुकूल छैन नेपाल अधिराज्यको संविधान, २०४७ ले आफ्नो कुनै धारामा यस्तो शाही आयोगको गठन हुने व्यवस्था नै गरेको छैन। संविधानको धारा ११५ को उपधारा ७ ले संकटकाल व्यवस्थित गर्न आदेश जारी गर्न सक्ने अधिकार दिएको छ तर संविधान नै संशोधन हुने जस्तो गरी आदेश जारी गर्ने अधिकार दिएको छैन। शाही आयोगको घोषणाबाट श्री ५ को सरकारले संकटकालमा संविधानसमेत संशोधन गर्न सकिन्छ भन्ने भ्रम र अन्यौल शृजना गरेको छ।

### (ग) स्थानहदको मौखिक आदेश र संकटकाल

संकटकालीन अवस्थामा सार्वजनिक सुरक्षा ऐन, २०४७ निलम्बन खारेजीमा परेको छैन। कसैलाई स्थान हद गर्नु पर्‍यो भने तपाईं फलानो ठाउँमा नबस्नु, फलानो ठाउँमा प्रवेश नगर्नु र फलानो ठाउँमा मात्र बस्नु भनी स्थानीय अधिकारीले[१५] आदेश गर्नुपर्दछ र सो आदेशबमोजिम सम्बन्धित व्यक्तिलाई कानुनबमोजिमको पूर्जी दिनुपर्दछ। सोबमोजिम बाहेक कुनै व्यक्तिलाई स्थान हद गर्न पाईंदैन र विमानस्थल पुगेर टीकट लिइसकेको व्यक्ति र नागढुंगा पुगिसकेको व्यक्तिलाई माथिको आदेशबमोजिम तपाई बाहिर जान पाउनु हुन्न भनी बिना कुनै पूर्जी र आधारविना स्थानहद गर्ने मौखिक आदेशले संकटकालमा सुरक्षा अधिकारीले मुखले जे भन्यो त्यही हुन्छ भन्ने भ्रम र अन्यौल उत्पन्न भएको छ।

### (घ) क्षतिपूर्ति र संकटकाल

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा (१०) मा संकटकालको आदेश बहाल रहेको अवस्थामा कुनै पदाधिकारीले कानुनविपरीत वा बदनीयत साथ कुनै काम गरेबाट कसैलाई कुनै क्षति भएको रहेछ भने निजले सो घोषणा वा आदेश समाप्त भएको मितिले तीन महिनाभित्र आफूलाई परेको क्षतिवापत क्षतिपूर्तिको दावी गर्न सक्नेछ र अदालतले उचित क्षतिपूर्ति भराइदिन सक्नेछ भन्ने व्यवस्था गरिएको त छ तर क्षतिपूर्तिको रकम कतिसम्म हुने उक्त क्षतिपूर्ति माग गरी कुन अदालतमा नालिस उजुर गर्ने सोको हालसम्म कानुन नबनेको र धारा ११५ को उपधारा (७) बमोजिम सोसम्बन्धी आदेशसमेत हालसम्म जारी नभएको हुँदा संकटकालमा कानुनविपरीत वा बदनियत साथ भएका काम कारवाहीउपर कार्यविधिगतरूपमा न्याय पाइने संभावना देखिँदैन।

## निष्कर्ष

### १. संकटकाल फिर्ताको प्रस्ताव

संकटकाल श्री ५ बाट संविधानको धारा ११५ को उपधारा (१) बमोजिम जारी

गरिएकोमा जुनसुकै बखत पनि फिर्ता लिन सकिबक्सनेछ [१६] भन्ने संवैधानिक व्यवस्था रहेकोमा देश र जनताको हितमा तत्काल संकटकाल फिर्ता लिनु उपयुक्त देखिन्छ र श्री ५ को नेतृत्वमा संवाद र वार्ताको थालनी हुनुपर्दछ।

**२. संकटकालमा पुगेको क्षतिको उचित सुनुवाइको व्यवस्था हुनुपर्ने**

नेपाल अधिराज्यमा संकटकाल जारी हुँदा नागरिकलाई पुग्न गएको क्षतिका सम्बन्धमा उचित क्षतिपूर्ति दिलाउनका लागि श्री ५ को सरकारले विशेष अदालत (Special Tribunal)को अविलम्ब व्यवस्था गर्नुपर्ने देखिन्छ।[१७]

**३. अन्तर्राष्ट्रिय मानवीय कानुनको  पालना**

संकटकालमा राज्यको मात्र दायित्व र कर्तव्य कृयाशील हुने नभै विद्रोहमा उत्रिएको पक्षले पनि जेनेभा महासन्धि (Geneva Convention) को साझा धारा ३ ले व्यवस्था गरेका मानवीय कानुनलाई नि:शर्त पालना गर्नुपर्दछ। स्कुलमा विद्यार्थीहरूले पढ्न पाउने कार्यबाट उनीहरूलाई बञ्चित गरिनु हुँदैन। युद्धमा भाग नलिएका सर्वसाधारण वा तिनका परिवारजनहरूलाई अपहरण गरी हत्या गर्ने, बेपत्ता पार्ने कार्य मानवीय कानुनको सीमाभित्र नपर्ने हुँदा उक्त कार्यहरू तत्काल बन्द गर्नुपर्छ।

**४. पत्रपत्रिकाको प्रकाशनमा अघोषित बन्देज फिर्ता**

संविधान र कानुनले रोक लगाएकोमा  बाहेक  तथा संविधानको धारा ११५ (७) बमोजिम आदेश जारी भई बन्देज लगाए बाहेक पत्रपत्रिकामा सेन्सरसिप लगाउन र पत्रपत्रिकाको प्रकाशन बन्द गर्ने कार्य श्री ५ को सरकारले रोक्नु पर्छ।

५. न्यायपालिकाले आफ्नो निष्पक्षता र स्वतन्त्रतालाई संकटकालमा निर्भिकतापूर्वक कानुनको शासनको पक्षमा प्रयोग गर्नुपर्छ। आफ्नो संवैधानिक दायित्वबाट न्यायपालिका पञ्छिन मिल्दैन।

६. संसद नरहेको अवस्थामा श्री ५ बाट चालिने संवैधानिक कदमहरू नेपाल अधिराज्यको संविधानको धारा ८८ (५) बमोजिम सर्वोच्च अदालतको रायबमोजिम चाल्नु पर्दछ। ●

## पाद टिप्पणी

१. M.P Jain Indian Constiutional law, 3rd ed 198 at 79 *liversidge vs. Anderson*

२. *Home building and Association vs. Blaissdell 1934 Supreme Court of USA*

३. ने. अं. स. २०४७ को धारा १२७ र धारा २७

४. ने. अ.स. २०४७ को धारा धारा ११५ (१)(२)(३)(४)(५)(६)(७)(८), धारा ३५(२)

५. *Home building and Association vs. Blaissdell 1934 Supreme Court of USA*

६. ने. अं. स. २०४७ को धारा १२ को उपधारा २ (क) (ख) (घ) (ङ.), धारा १३ को उपधारा १ धारा १५ को उपधारा १ र २, धारा १६, धारा १७ को उपधारा (१) र(२) (३), धारा २२ र धारा २३

७. नेपाल राष्ट्रिय साप्ताहिक आइतबार २१ चैत २०६१ संवाद विश्वनाथ उपाध्याय

८. ने. अं. सं. २०४७ को धारा ११, धारा १२ (१), धारा १३ (२)(३) , धारा १४, धारा १८, १९, २१ धारा ८८ १, २

९. ने. अं. स. २०४७ को धारा ४४

१०. राधेश्याम अधिकारीविरूद्ध मन्त्री परिषद् सचिवालय, नेपाल कानुन पत्रिका, २०४८

११. ने. अ.स. २०४७ को धारा ३१

१२. अधिवक्ता कलमबहादुर खत्रीविरूद्ध प्रधानमन्त्रीको कार्यालय सिंह दरवार काठमाडौंसमेत स. २०६० को रि. न. १९८०

१३. चित्रबहादुर केसीविरूद्ध प्रधानमन्त्री श्री शेरबहादुर देउवासमेत सं. २०५९ को रि. न. ३५४२ विशेष ईजलास

१४. २०५८ सालको रिट नं ३१७० मदनबहादुर केसीविरूद्ध भूमिसुधार कार्यालय

१५. सार्वजनिक सुरक्षा ऐन २०४६ को दफा २.१.२, दफा ३.२, दफा ६

१६. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा ११

१७. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा १०

*२०६२ वैशाख ९ गते बर्दियामा र २०६२ वैशाख ११ गते सुर्खेतमा आयोजित कार्यक्रममा प्रस्तुत गरिएको आधारपत्र*

# संकटकाल र मानवअधिकार

**कुमार शर्मा आचार्य, अधिवक्ता**

### मानवअधिकार के हो ?

मानव समुदायको प्रत्येक सदस्यमा अन्तरनिहित नैसर्गिक अधिकारहरू हो। यस्तो अधिकार प्रत्येक मानिसमा धर्म, लिङ्ग, जाति, भाषा, राष्ट्रियता, उत्पत्ति, सामाजिक र आर्थिक स्थिति, राष्ट्रिय सीमाना आदिको भेदभावबिना प्राप्त हुने अधिकार हुन्। मानवअधिकार कसैले पनि कुनै पनि हालतमा हरण गर्न मिल्दैन र राज्यले यी अधिकारको संरक्षण गर्ने जिम्मा लिएको हुन्छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्रको सार वस्तु Liberty, Justice and Peace हो।

### मानवअधिकारको विश्वव्यापी घोषणापत्रको प्रस्तावनाबाट

- मानवअधिकारको घोषणा पत्र किन जारी गरियो ?
  मानवअधिकारहरू प्रति अवहेलना तथा अनादरको परिणामबाट बर्बर काम भई मानव जातिको अन्तस्करणमा चोट पुऱ्याइएको हुनाले र मानवहरूले धर्म र वाक स्वतन्त्रता तथा भय र अभावबाट मुक्ति पाउनुपर्छ भन्ने सर्वसाधारण जनताको घोषित आकांक्षा भएकोले...
- अत्याचार र दमनविरूद्ध अरू उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय हो भन्ने मानिसले नठानुन् भन्ने हो भने मानवअधिकारहरू कानुनी शासनद्वारा संरक्षित हुनु अति आवश्यक भएकोले...

### विभिन्न अन्तर्राष्ट्रिय दस्तावेज र संविधानबाट

- फौजदारी कसुरको आरोप लागेको प्रत्येक व्यक्तिलाई कानुनबमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गर्न पाउने अधिकार हुनेछ। (ICCPR Article 14(2))
- पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा राखिने छैन। ICCPR Article 9(2) संविधानको धारा १४(५)
- त्यस्तो व्यक्तिलाई आफूले रोजेको कानुनव्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने हकबाट बञ्चित गरिने छैन। ICCPR Article 14(3) (ख)(घ)संविधानको धारा १४(५)
- पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको

म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनुपर्छ र कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राखिने छैन। ICCPR Article 9(3) मानवअधिकारको धारा १४(६)

- कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आ?नोविरूद्ध साक्षी हुन कर लाग्ने छैन। संविधानको धारा १४(३), ICCPR Article 14(3)(G)
- थुनामा रहेको व्यक्तिलाई कुनै किसिमको शारीरिक वा मानसिक यातना दिनु हुँदैन र अमानवीय व्यवहार गर्नु हुँदैन। संविधानको धारा १४(४), UDHR Article 5
- युद्धको स्थिति वा धम्की वा युद्ध होस् वा जस्तोसुकै अपवादजनक परिस्थितिहरू, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक संकट होस् यातनालाई औचित्यताको रूपमा स्वीकार गरिने छैन। CAT Article 2(2)
- माथिललो तहको अधिकृत वा सार्वजनिक निकायको आदेशलाई यातनाको औचित्यको रूपमा स्वीकार गर्न सकिने छैन।

CAT Article 2(3) - Code of Conduct of Law Enforcement Officials Article 5 - Example: Tokyo Trail and Nuremberg Trail

माथि लेखिएका अधिकारहरू फौजदारी न्यायसम्बन्धी अधिकारहरू हुन् र धारा ११५(८) बमोजिम धारा १४ का सबै अधिकार निलम्बित हुन नसक्ने भएको हुनाले यी अधिकार संकटकालको अवस्थामा पनि निलम्बित हुन सक्दैनन्।

तर अन्तर्राष्ट्रिय महासन्धि, अनुबन्धसमेतका अन्तर्राष्ट्रिय कानुनबाट प्रत्याभूत गरिएका अधिकारहरू संकटकालको अवस्थामा निलम्बन हुन सक्ने हुन् वा होइनन् भन्ने विषयमा दुवै कोणबाट विधिशास्त्रीय बहस भइरहेको पाइन्छ। यो बहसमा अन्तर्राष्ट्रिय कानुनलाई नेपाल कानुनभन्दा पनि माथि मानिन्छ- "संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनकालागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुनेछ" नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) भन्ने व्यवस्थाबाट बुझ्न सकिन्छ।

यो व्यवस्था कानुनको व्यवस्था हो यसले संविधानको धारा ११५ लाई प्रभावित गर्न सक्दैन भन्ने तर्क पनि एक कोणबाट उठेको छ। यो तर्क विधिसम्मत छैन भन्नको लागि हाम्रो संविधानका निम्न व्यवस्था हेर्नु पनि जरूरी हुन्छ:

**संविधानको प्रस्तावनाबाट**

... प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका बीच भातृत्व र एकता कायम गरी बालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रलाई सुदृढ गर्न स्वतन्त्र र

सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानुनी राज्यको अवधारणालाई साकार पार्न ...

**राज्यका निर्देशक सिद्धान्तहरू धारा २५(४)**

समाजमा शान्ति व्यवस्था कायम गरी मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्दै सार्वजनिक हितको प्रवर्द्धन गर्ने...

**राज्यका नीतिहरू धारा २६(१५)**

संयुक्त राष्ट्रसंघको वडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यताको आधारमा नेपालको परराष्ट्र नीति सञ्चालन हुनेछ।

उपरोक्त आधारमा हाम्रो संविधानको जन्म मानवअधिकारको सुरक्षाको लागि भएको भन्ने प्रस्तावना र राज्यले पनि मानवअधिकार, अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रसंघको वडापत्रलाई राज्यको नीति र निर्देशक सिद्धान्तभित्र पारेको हुनाले सन्धि ऐनको व्यवस्था सोही प्रतिबद्धताको आधारमा आएको हुनाले यसले संवैधानिक शक्ति प्राप्त गरेको छ, झिना मसिना तर्कसँग सहमत हुन सकिन्न।

**संकटकाल**

संकटकाल मुलुकको लागि अत्यन्त असामान्य र असहज अवस्था हो। सामान्य कानुनबमोजिम गर्नुपर्ने प्रयासहरूबाट विशेष प्रकारको राज्यको समस्या समाधान गर्न सकिएन भने राज्यले बाध्यात्मक अवस्थामा मात्र यसको घोषणा गर्नुपर्ने हुन्छ। प्रा. हे. जियापिङले संकटकालको सम्बन्धमा आफ्नो धारणा यसरी व्यक्त गरेका छन्:

"कानुनी र संवैधानिक दृष्टिकोणले संकटकालको घोषणा त्यस्तो असामान्य अवस्थाको हो जहाँ विभिन्न समस्याहरूले गर्दा परिस्थिति पनि धेरै जटील हुन्छ कि त्यसलाई सामान्य कानुनको अपेक्षा र नियन्त्रणको सीमाभित्र राख्न सकिन्न। त्यसैले यस्तो अवस्थामा सामान्य अवस्थामा गरिने अधिकारको रक्षाको लागि सक्रिय प्रणालीको सीमाभन्दा बाहिर गएर शक्तिको प्रयोग गरिनुपर्ने हुन्छ। जसरी स्थिर सामाजिक अवस्थामा मानवअधिकारको रक्षा सहज विषय हुन्छ अस्थीर सामाजिक परिस्थितिमा त्यो त्यति नै कठीन विषय हुन पुग्छ। त्यसैले संकटकालीन अधिकारको प्रयोग गर्दा सबैभन्दा गम्भीर विषय भनेको नागरिकको मानवअधिकार र सरकारको विशेष अधिकारको प्रयोगमा कायम गर्नुपर्ने सन्तुलन हो।"

**हाम्रो संविधानको प्रावधानबाट**

- नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, वाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विशृंखलताको कारणले गम्भीर संकट उत्पन्न भएमा श्री ५ बाट नेपाल अधिराज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी संकटकालको

अवस्था घोषणा गर्न वा आदेश जारी गर्न सकिबक्सने छ। (धारा ११५(१))

- संकटकालीन अवस्थाको घोषणा वा आदेश भएपछि त्यस्तो अवस्थाको निवारण गर्न श्री ५ बाट आवश्यक आदेश जारी गर्न सकिबक्सने छ। त्यसरी जारी भएको आदेश संकटकालीन अवस्था बहाल रहेसम्म कानुनसरह लागू हुनेछ। (धारा ११५(७)
- संकटकालीन अवस्थाको घोषणा वा आदेश गरिबक्सदा सो घोषणा बहाल रहेसम्मका लागि यस संविधानको धारा १२(२) को खण्ड (क), (ख), (घ) र (ङ), धारा १३(१), धारा १५, १६, १७, २२ र २३ निलम्बन गर्न सकिबक्सने छ। तर धारा २३ अन्तर्गत बन्दी प्रत्यक्षिकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गरिने छैन। (धारा ११५(७)
- संविधानको कुनै धारा निलम्बन गरिबक्सेकोमा सो धाराले प्रदान गरेको मौलिक हकको प्रचलनको लागि कुनै अदालतमा निवेदन दिन वा त्यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन पाइने छैन। (धारा ११५(९)

माथिको व्यवस्थाबाट धारा ११५(८) मा लेखिएबमोजिमका सबै हकहरू निलम्बित हुने हो कि भन्ने शङ्कालाई धारा ११५(९) ले अफ स्पष्ट पार्दै ती मध्येका कुनै मात्र पनि अधिकार निलम्बन गर्न सकिने देखिन्छ।

नेपालको जस्तो कुन अवस्थामा संकटकालको घोषणा गर्न सकिने भन्ने कुरामा भारत, बंगलादेश, पाकिस्तान, श्रीलंकाको संविधानमा लगभग समानता देखिन्छ।

### अन्य मुलुकको संविधानमा संकटकालको परिकल्पना

डेनमार्कको संविधानबमोजिम संकटकालमा पनि नागरिकका कुनै पनि अधिकार कटौती हुँदैनन् र अधिकारमा बन्देज लाग्न सक्दैन भन्ने व्यवस्था रहेको छ। फ्रान्सको संविधानमा संकटकालको अवस्थामा संसद विघटन गर्न नपाइने व्यवस्था रहेको छ भने बेलायतमा संकटकालको अवस्थामा सैनिक कानुन (Military Law) लागू हुन्छ। यो अधिकारको प्रयोग दङ्गा ऐन (Riots Act) र संकटकालीन अधिकार ऐन ***(Emergency Power Act)*** अन्तर्गत गर्ने गरिन्थ्यो तर यस अवस्थामा पनि सामान्य कानुनलाई स्थगन वा बन्देज लगाउन सकिन्थ्यो। तर, आयरिस गणतन्त्रको समस्या पछि Act of Prevention of Terrorism 1989 ले संकटकालीन अवस्थाको घोषणा गर्न सक्ने अधिकार दिएको छ। अमेरिकामा संकटकालको छुट्टै व्यवस्था वा परिभाषा नगरिए पनि राष्ट्रिय सुरक्षा वा बाह्य वा आन्तरिक कारणले खतरा उत्पन्न भएको अवसथामा युद्धको घोषणा गर्न वा नागरिकका निश्चित अधिकार निश्चित समयका लागि निलम्बन गर्न सक्ने अख्तियारीलाई संकटकालको अधिकार भन्ने गरेका छन्। भारतमा पनि नेपालमा जस्तै अधिकारहरू निलम्बित हुने संवैधानिक प्रावधान रहेको पाइन्छ।

### संकटकाल घोषणाको सन्दर्भमा विशेष चरणहरू

- संकटकाल घोषणा गर्नुपर्ने अवस्था वा परिस्थिति

- संकटकाल घोषणा गर्न पूरा गर्नुपर्ने संवैधानिक बाध्यता
- संकटकालको घोषणा भएपछि पूरा गर्नुपर्ने कर्तव्य
- संकटकालको सम्बन्धमा अदालतको भूमिका
- संकटकाल समाप्त भइसकेपछि नागरिकले पाउन सक्ने क्षतिपूर्ति

संकटकाल राजाबाट नै हुनुपर्ने घोषणा हो। संविधानको भाग ५ मा भएको व्यवस्था (धारा २७-३३) मा राजाको अधिकार प्रयोग गर्दा कसैबाट सहमति लिनुपर्ने भन्ने व्यवस्था छैन। धारा ३५(२) बमोजिम राजाले यस संविधानबमोजिम गर्ने सबै कामहरू गर्दा प्रधानमन्त्रीमार्फत् आएको मन्त्रिपरिषद्को सल्लाह र सम्मति आवश्यक रहेको भन्ने व्यवस्थाले गर्दा संकटकाल पनि सोही प्रक्रियाबाट घोषणा हुनुपर्ने भन्ने मतका पछाडि राजा विवादित नबनुन् भन्ने अभिप्राय नै रहेको तर्क गर्न सकिन्छ।

**संकटकालमा अन्तर्राष्ट्रिय कानुनबमोजिम राज्यको दायित्व के हुने ?**

संकटकालमा सामान्यतया राज्यले प्रतिबद्धता जनाएका सबै अन्तर्राष्ट्रिय दायित्व पूरा गर्ने अन्तर्राष्ट्रिय कर्तव्यबाट राज्यले उन्मुक्ति पाउन सक्दैन तर, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको धारा ४ बमोजिम सो प्रतिज्ञापत्रमा राज्यले घोषणा गरेका केही अधिकारहरू अर्थात् राज्यको दायित्व स्थगन गर्न सक्ने र त्यसरी स्थगन गरेको अधिकारहरू राष्ट्रसंघका महासचिवलाई तत्कालै सूचना गर्नुपर्ने प्रावधानहरू रहेका छन्। तर उक्त प्रतिज्ञापत्रको धारा ६, ७, ८ (अनुच्छेद १ र २), धारा ११, १५, १६ र १८ को दायित्वबाट भने राज्यले संकटकालको अवस्थामा पनि फुर्सद नपाउने व्यवस्था रहेको छ। सो धारा ४ को व्यवस्था मात्र पर्याप्त छैन भन्ने आधारमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको नागरिक एवं राजनीतिक अधिकारसम्बन्धी समितिको २४ जुलाई २००१ को वैठकले १७ बुंदे टिप्पणी जारी गरेको छ जसका केही रोचक अंश यहाँ उद्धृत गरिएका छन्।

- संकटकाल जारी गरी अधिकारहरूमा बन्देज लगाइएको अवस्थामा पनि राज्यको एउटा प्रमुख उद्देश्य यथाशीघ्र सामान्य परिस्थिति कायम गरी त्यस्तो अधिकारहरूको पुनर्वहाली गर्ने हुनुपर्छ।
- संकटकालमा लागेको बन्देज अपवादात्मक र अस्थायी प्रकृतिको हुनुपर्छ। त्यस्तो बन्देज लाग्दा त्यसको आधिकारिक घोषणा भएकै हुनुपर्छ, साथै राज्यको अस्तित्व नै खतरामा परेको अवस्था पनि हुनुपर्छ।
- जुनसुकै अशान्ति र प्रकोपलाई संकटकालको घोषणा गर्न पर्याप्त सार्वजनिक संकटको रूपमा लिन सकिदैन। सशस्त्र विद्रोहलाई पनि त्यो राज्यको अस्तित्व खतरामा नभएको अवस्थामा संकटकालको आधारको रूपमा लिन सकिदैन।
- यस्तो बन्देज लगाउँदा कस्तो संकटकालको लागि कस्तो बन्देज जरूरी छ भन्ने कुराको मुल्यांकन गरेर मात्र लगाउनु पर्छ। महासन्धिमा प्रावधान भएको कारणले सबै सम्भाव्य

अधिकारमा बन्देज लगाउनु उचित हुन सक्दैन।

- धारा ४ को बन्देज लाग्न नसक्ने घोषणा गरेको जीवनको अधिकार (धारा ६), यातना अपमानजनक, अमानवीय व्यवहार गर्न र दण्ड दिन नपाइने व्यवस्था (धारा ७), दासत्वविरूद्धको अधिकार धारा ८, १, २, करारीय दायित्वमा थुनामा राख्न नपाने ( धारा ११), अतित प्रभावी कानुनविरूद्धको हक धारा १५, कानुनको अभिव्यक्ति मानिने हक धारा १६ र विचार र धर्मको स्वतन्त्रता धारा १८ आदि कहिले पनि बन्देज लाग्न नसक्ने व्यवस्था हुन्। यस्तो व्यवस्थाको तात्पर्य अन्य व्यवस्थाहरू सहजरूपमा बन्देज लगाउन नसकिने हुन् भन्ने गर्न नमिल्ने।
- बन्देज लाग्न सक्ने धारा ४ को व्यवस्थाले सदस्य राष्ट्रलाई उसको अन्य अन्तर्राष्ट्रिय दायित्वबाट कुनै उन्मुक्ति प्रदान गर्दैन। विशेषगरी अन्तर्राष्ट्रिय मानवीय कानुनको विषय यसमा महत्वपूर्ण हुन्छ।
- संकटकालको समयमा भएको अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनका लागि कुनै व्यक्तिको अन्तर्राष्ट्रिय फौजदारी अदालतमा बनेको वा चल्ने कारवाहीको सिलसिलामा संकटकाल लागू भएको कारणले त्यस्तो कसुरदारले कुनै उन्मुक्ति वा छुटको दावी गर्न पाउने छैन।

**संकटकालमा अदालतको दायित्व**

देशमा अहिलेसम्म गरी तीन पटक संकटकाल लागिसकेको छ। अघिल्ला दुई पटकका संकटकालमा अदालतले कुनै पनि रिट दर्ता गर्न इन्कार गरेन। यसपटक लामो अवधिसम्म अदालतले रिट दर्ता नगर्दा न्यायीक अन्यौलको वातावरण बन्यो तर, अदालतको आदेशले यो कानुनी समस्याको निराकरण गरी पहिलेको र अहिलेको संकटकालमा संवैधानिकरूपमा तात्विक भिन्नता छैन भन्ने कुरा पुष्टि गरिदियो। संकटकालमा निलम्बित अधिकारहरू प्रचलन गराउनका लागि र संकटकालीन आदेशहरूको वैधानिकतासमेत अदालतले जाँच गर्न पाउने भन्ने अर्थ गरेर नै यससम्बन्धी विषयहरूले अदालतमा प्रवेश पाई सर्वोच्च अदालतमा विचाराधीन रहेका छन्। भारतमा अदालतले संकटकाल घोषणाको वैधानिकता परीक्षण गर्ने अधिकार त्यहाँको सर्वोच्च अदालतलाई रहेको कुराको अदालतबाट व्याख्या पनि भइसकेको छ (Minerva Vs. Union of India AIR 1980 SC 1789)। त्यसैले भारतको उदाहरणबाट पनि संकटकालको घोषणाको औचित्यमा प्रवेश गरी संकटकाल र सो समयमा भएका आदेशको वैधानिकता अदालतले परीक्षण गर्न सक्छ भन्ने अर्थ लगाउन सकिन्छ।

यसपटकको संकटकालको प्रारम्भमा सूचना र सञ्चार क्षेत्र पूर्णरूपमा अवरूद्ध भयो र अहिले पनि यसमा अंकुश कायमै रहेको छ। पहिलो दुई संकटकालमा यसो भएन। पहिलाको संकटकालमा अदालतका फैसलामा नागरिक हक प्रति उदारता पाइन्थ्यो तर यस पटकको संकटकालमा अदालत अनुदार भएको चर्चा हुन थालेको छ। पहिलेको संकटकालमा संसदीय दलका कुनै पनि व्यक्तिलाई थुनामा राखिएन र मानवअधिकारवादी, पत्रकार र राजनेता कसैलाई

देशभित्र वा बाहिर जान रोक लगाइएन तर यसपाली नजरबन्द र अघोषित रूपको स्थानहदको समाचारले व्यापकता पायो।

### संकटकालको अनुमोदन

संविधानमा राजाले संकटकालको घोषणा गरेको तीन महिनाभित्रै संसदबाट अनुमोदन गराएमा बढीमा ६ महिनासम्म संकटकालको अवधि रहने व्यवस्था गरिएको छ। पहिलोपटक जारी संकटकाल यसै आधारमा प्रतिनिधिसभाले अनुमोदन गरेको हो। यसपाली प्रतिनिधिसभा नभएको हुनाले संविधानबमोजिम राष्ट्रिय सभाबाट संकटकालको अनुमोदन गराउनुपर्ने प्रावधान छ।

संसदले अनुमोदन गरेको अवधिभन्दा बढी अवधिका लागि संकटकाल लम्ब्याउन पाइँदैन। अन्तर्राष्ट्रियरूपमा संकटकालको अवधि सकेसम्म कम गर्नुपर्छ भन्ने प्रावधानले यही कुरालाई पुष्टि गरेको छ। तर, शेरबहादुर देउवाको पालामा लागू भएको संकटकाल संसदबाट अनुमोदित भएको अवधि नाघेको तीन दिनपछि पुन: लागू गरी संविधानको प्रावधान छल्ने काम भएको तीतो अनुभव हामीसँग छ। संकटकालको अवधि संविधानमा उल्लेख गरेको अवधिभन्दा बढी राख्दा राज्य असफल राज्यको रूपमा रूपान्तरित हुने खतरा बढ्छ भन्ने विधिशास्त्रीहरूको मतको बेवास्ता गरेर तत्कालीन सरकारले हामीलाई तीन दिनको ब्रेक दिई पुन: संकटकाल व्यहोर्न बाध्य बनाइयो।

### उपसंहार

माघ १९ गते घोषित संकटकाल समाप्त हुन अब ५ दिन मात्र बाँकी छ। संकटकालको बीचमा नेपालको मानवअधिकारको अवस्थाको कारणले अन्तर्राष्ट्रिय समुदायले नेपालका विरूद्ध आईटम नौ को प्रस्ताव पास गर्ने धम्की दिएको छ तर नेपालले संयुक्त राष्ट्र संघको कार्यालय खोल्ने कुराको सहमतिमा हस्ताक्षर गरेपछि आईटम नौ को सट्टामा आईटम १९ को प्रस्ताव पास भएको छ। यही संकटकालभित्रै नेपालमा UN को Monitoring Office राख्ने अन्तर्राष्ट्रिय प्रयास र सरकारी कदमको एकातिर विद्रोही पक्षबाट स्वागत गरिएको छ तर निहत्था नागरिक मार्ने काम रोकिएको छैन। शङ्काको आधारमा मानिसको अपहरण र बेपत्ता पार्ने सिलसिला कम भएको छैन। तीनवटा संकटकाल भोगेका नागरिक Tolerance लाई Culture को रूपमा ग्रहण गर्न थालिसकेका छन्। बन्दुकलाई मानव जीवन, मानवका नैतिक मुल्य र मान्यताको सट्टामा मानव रगतको स्वाद गतिलो लाग्छ भन्ने विश्वासले होला बन्दुकको प्रतिबद्धता र स्वागतको अर्थ सकारात्मक रूपमा ग्रहण गर्न सक्ने मानसिकतामा नागरिक नभएर Culture या Silence विकास भएको छ र मान्छेमा आशा हराएको छ। अन्तर्राष्ट्रिय मानवीय कानुन पालन नगरेमा युद्ध अपराध हुन्छ र युद्ध अपराधीलाई कुनै पनि समयमा अन्तर्राष्ट्रिय ट्राईव्युनल अगाडि पनि उभिनुपर्ने हुन सक्छ भन्ने तथ्यलाई युद्धको उन्मादमा कोही स्वीकार गर्न तैयार छैनन्।

हामी शङ्का र अविश्वासको वातावरणबाट गुज्रिरहेका छौं। मुलुकबासीले अहिले चुप

(मौन) संस्कृतिलाई आत्मसात गर्नुको विकल्प देखेका छैनन्। अपहरण, हत्या, बलात्कार र युद्धको वातावरणले हामीलाई आतंकित बनाएको छ र हामी त्रासमा बाँच्न विवश बनेका छौं। हाम्रो अन्तस्करणमा कुनै कुरा गलत भयो भन्ने लाग्छ भने पनि हामीले अभिव्यक्त गर्न सङ्कोच मान्छौं। कुनै पनि अतिवाद (बन्दुक) को विरूद्धमा उभिने हिम्मत हामीले गुमाएका छौं। हामीमा मानवीय संवेदना हराउँदै गएको छ। हामीले कसैका कुनै पनि आश्वासन र प्रतिबद्धतामा विश्वस्त हुन सकिरहेका छैनौं। राज्यले मानवका न्यूनतम मानवअधिकारको हामी सम्मान गर्छौं भनेर प्रतिबद्धता जनाइरहेको छ र विद्रोहीहरूले व्यक्ति हत्या वा जबरजस्ती चन्दा असुली हाम्रो नीति होइन भनेर बारम्बार व्यक्त गरेका छन्। अन्तर्राष्ट्रिय मानवीय कानुन (विशेषगरी जेनेभा महासन्धिको साझा धारा ३) युद्धरत् पक्षलाई समानरूपमा लागू हुने अन्तर्राष्ट्रिय कानुन हो। यसको पालनाको प्रतिबद्धता अन्तर्राष्ट्रिय समुदायको विशेष चासो र दबाबको रूपमा रहेको छ तर, व्यवहारमा यसको कतैबाट सुनुवाई भइरहेको छैन।

### कर्तव्यपरायणता महाऔषधि हो

हामी हाम्रो अधिकारको विषयमा विगतका वर्षहरूमा धेरै सचेत भएका छौं र धेरै शक्ति खर्च गरिसकेका छौं तर, कर्तव्यको नाममा उपदेश दिनु बाहेक आफूले केही पनि गरेका छैनौ। विगतदेखि सरकार आफ्नो अधिकारको विषयमा केन्द्रित रह्यो। नागरिक समाज अधिकारको विषयमा ध्यान मग्न रह्यो। राजनेता र राजनीतिक दलहरूले पनि अधिकारकै वकालत गरे तर कर्तव्य भन्ने अरूले पालना गर्ने हो आफूले पालन गर्ने विषय होइन भन्ने मानसिकताका आधारमा जहिले पनि ओझेलमा नै रह्यो। अब हामीले कर्तव्यलाई संस्कृतिको रूपमा अँगाल्न थाल्नु पर्छ। यो बाहेक हाम्रो सबै अधिकार (मानवअधिकारसमेत) रक्षाको अर्को उपाय हुनै सक्दैन। आफ्नो अधिकार के हो भन्दा पनि आफ्नो कर्तव्य के हो भन्ने कुरा सरकार, नागरिक समाज, राजनीतिक दल, निजी क्षेत्र, युद्धरत् पक्षहरूले बुझेर सोही अनुकूलको आचरण देखाउन नथाल्ने हो भने हाम्रो मुलुकको सबै खाले बर्बादीलाई कसैले रोक्न सक्दैन।

### अन्तमा

"Never doubt that a small group of thoughtful, committed citizens can change the world: Indeed it is the only thing that ever has." ●

*२०६२ वैशाख १३ गते दाङमा आयोजित कार्यक्रममा प्रस्तुत गरिएको आधारपत्र*

# संकटकालीन अवस्थामा मानवअधिकार तथा मौलिक हकहरूको स्थिति

**अधिवक्ता, वसन्तप्रसाद अधिकारी**
*सहायक प्राध्यापक, काठमाण्डौं स्कूल अफ ल*

राज्य शक्तिको पहिचान हो। निश्चित क्षेत्रभित्र शासन गर्न शक्ति रहेको आधिकारिक संरचनालाई राज्यको सरल परिभाषाको रूपमा मानिन्छ र राज्यलाई शक्ति प्रयोग गर्ने संस्थाको रूपमा पनि लिने गरिन्छ। राज्य र शासनसत्ता स्वभावैले निरंकुश हुन्छन्। शक्ति दुरूपयोग गर्ने प्रवृति शासकमा रहने हुँदा शासकका अधिकारलाई सीमितिकरण (limited) गरी जनताप्रति उत्तरदायी (Responsive) बनाई जनआकांक्षाअनुरूप शासनाधिकार दिने संस्थागत व्यवस्था प्रजातन्त्र (लोकतन्त्र) का रूपमा स्थापित भइसकेको छ। राज्यले शक्ति प्रयोग गर्दा बढी संयमित भै प्रयोग गर्नुपर्ने सीमित सरकारको अवधारणाको विकास भएको पाइन्छ। राज्यबाट वा सरकारबाट शक्तिको दुरूपयोग नहुने वा शक्तिको व्यवस्थापन र जनताको हक अधिकार र वैयक्तिक स्वतन्त्रता संरक्षण गर्ने संयन्त्रको रूपमा संविधान अस्तित्वमा आउँदछ। यसरी संविधानले राज्यका विभिन्न निकायहरूको स्थापना, अधिकार प्रदान गर्ने मात्र नभई अधिकार प्रयोगमा सीमा पनि निर्धारण गरिएको हुन्छ। यसैलाई हामी आज संवैधानिक प्रजातन्त्र वा संविधानवाद् (Constitutionalism) भन्ने गर्दछौं। आज प्रजातन्त्रको व्यवस्थापन होस वा राज्यको शक्तिको प्रयोग र व्यक्तिगत स्वतन्त्रताको प्रत्याभूति होस् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा राज्यको निरंकुश शक्तिलाई सीमित गर्ने कानुनी तथा सँस्थागत संरचना तथा मान्यताहरू विकसित भएका छन।

राज्य सञ्चालनका लागि राज्यलाई शक्ति नभै नहुने हुन्छ तर, त्यस्ता अधिकारहरू प्रजातान्त्रिक राज्यमा संविधान तथा कानुनद्वारा नि:सृत हुनु पर्दछ नकी शासकको चाहना तथा इच्छामा। सार्वभौमसत्तासम्पन्न जनताद्वारा संविधानमार्फत दिइएका अधिकारहरूको दुरूपयोग गरी राज्यले जनतामाथि नै दमन तथा अन्याय गर्न हुँदैन भन्ने मान्यतालाई वर्तमान प्रजातान्त्रिक समाजमा आत्मसात् गरिएको छ। राज्यमा रहेको विभिन्न शक्ति तथा संस्थाहरू सधैभरी एकै अवस्थाबाट गुज्रदैनन्। राज्य सञ्चालनको प्रमुख आधार संविधान भएकोले संविधानले राज्यको सामान्य अवस्थामा विभिन्न निकायहरूलाई अधिकार दिए जस्तो विषम परिस्थितिमा केही विशेष अधिकार दिने गरी व्यवस्था गरिएको हुन्छ। संकटकाल वास्तवमा राज्यमा अत्यन्त विषम परिस्थितिको सृजना भई राज्यको अस्तित्व खतरामा पर्नु हो। यस्तो विषम परिस्थिति जुन अवस्थामा राज्यको वैधानिक अस्तित्व नै संकटमा परेको हुन सक्दछ त्यस्तो अवस्थामा राज्यले केही विशेष अधिकारहरू आफ्नो हातमा लिन्छ र यस्तो अवस्थामा व्यक्तिका केही अधिकारहरूलाई गौण र राज्यको अस्तित्वलाई बढी महत्व दिइएको हुन्छ।

## संकटकाल र अन्तर्राष्ट्रिय मानवअधिकार कानुन

राज्यको सार्वभौम अस्तित्व अत्यन्त खतरामा परेको छ र त्यसबाट सामान्य अवस्था कायम राख्न जनताका केही अधिकाहरू निलम्बन र राज्य शक्तिको प्रवलताबाट सामान्य अवस्थामा फर्कन सक्दछ भन्ने कुरालाई अन्तराष्ट्रिय मानवअधिकार कानुनले समेत केही अधिकार अलग गर्न सकिने (Derogation) गरी मान्यता दिएको छ।[1] राष्ट्रको अस्तित्व खतरामा पुग्ने सार्वजनिक संकट विद्यमान भएमा नागरिकले समेत केही त्याग गर्न सक्नु पर्दछ भन्ने मान्यताका आधारमा यो व्यवस्था भएको पाइन्छ तर यसको अर्थ संकटकाल लागेको अवस्थामा निरपेक्षरूपमा व्यक्तिका मानवअधिकारहरू गौण हुन्छन भन्ने होइन। बरू राज्यले बढी शक्ति प्रयोग गरिरहेको बेला जनताको अधिकार संरक्षणमा विशेष ध्यान दिनु पर्दछ र अधिकारहरू निलम्बन गर्दा समेत स्थितिको आकस्मिकताले खोजेजति मात्र दायित्वबाट पञ्छिन सक्ने व्यवस्था छ। यसबाट के कुरा स्पष्ट हुन्छ भने संकटकालमा व्यक्तिका मानवअधिकार गौण होइन प्रवल बनाउनका लागि आवश्यक त्याग गरिएको मात्र हो। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको धारा ४(२) ले कतिपय अधिकारहरू संकटकालकै अवस्थामा समेत अलग हुन नसक्ने अत्यन्त आधारभूत मौलिक अधिकारको रूपमा व्यवस्था गरेको छ।[2] अन्तराष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजहरूमा भएको यस्तो प्रावधानले जनताका केही अहरणीय अधिकारहरू संकटकालको अवस्थामा समेत संरक्षण गरेको र राज्यलाई त्यस्ता अधिकारहरूको सम्मान गर्ने दायित्व मात्र तोकेको नभई संकटकालीन अवस्थाको औचित्यत, वस्तुगत परिस्थिति र आवश्यकताको समेत पुष्टी गर्नुपर्ने हुन्छ। शासकलाई सामान्य असहज परिस्थिति परेकै कारणले संविधान र अन्तराष्ट्रिय मान्यताविपरीत जनतामाथि निरंकुश अधिकार प्रयोग गर्न कदापी प्रजातान्त्रिक समाजमा सुहाउन सक्दैन।

राजनीतिक तथा नागरिक अधिकार प्रतिज्ञापत्र, १९६६ को धारा ४(२) ले निम्न लिखित अधिकारहरूको दायित्वबाट राज्य अलग्गिन नसक्ने (Non Derogable) व्यवस्था गरेको छ:

- जीवनको अधिकार (धारा ६)
- यातनाविरूद्धको अधिकार (धारा ७)
- दासत्व र बन्धकविरूद्धको अधिकार (धारा ८)
- करारीय दायित्व पूरा नगरेको आधारमा कसैलाई पनि कैदको सजाय गरिने छैन् (धारा ११)
- कानुनले अपराध नमानिने कुनै कार्य गरेमा अपराधजन्य कार्यको दोषी नहुने अधिकार (धारा १५)
- व्यक्तिको स्वतन्त्र पहिचानको अधिकार (धारा १६)
- स्वेच्छाचारी तथा गैरकानुनी खोजतलासविरूद्ध तथा गोपनीयताको अधिकार (धारा १७)
- विचार अन्त:स्करण तथा धर्मको स्वतन्त्रता (धारा १८)

ICCPR ले माथि उल्लेखित अधिकारहरू व्यक्तिका आधारभूत तथा व्यक्तिबाट कुनै पनि संकटमा समेत अलग गर्न नसकिने अधिकारको रूपमा स्थापित गरेको छ भने ICCPR द्वारा प्रत्याभूत अन्य अधिकारहरू राज्यको अस्तित्वसमेत खतरामा परेको अवस्थामा सो कुरा

वस्तुगतरूपमा पुष्टी भएमा व्यक्तिले आवश्यक परे जति त्याग गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसका साथै माथि उल्लेखित अलग गर्न नहुने अधिकारका प्रभावकारी कार्यान्वयन तथा उपभोगका लागि न्यायिक प्रत्याभूती खास गरी स्वच्छ न्यायिक प्रक्रियासँग रहने हुँदा Fair trial पनि Non derogable अधिकारको रूपमा पर्दछ।

**संकटकाल घोषणाको आधार र वैधानिकताको परीक्षण**

संकटकाल राज्यले आफ्नो अस्तित्व वचाउन शान्ति, सुरक्षा अमन चैन कायम गरी राष्ट्रिय सार्वभौमसत्ता, अखण्डता कायम राख्न सामान्य राष्ट्रिय जनजीवन र संवैधानिक अभ्यासभन्दा साबुत रूपमै बढी शक्ति आफ्नो हातमा लिई उपद्रवलाई दवाउन वा नियन्त्रणमा ल्याई जनताका स्वतन्त्रतालाई पुन सामान्य अवस्थामा ल्याउन संकटकाल लागू गर्ने गर्दछ। संकटकालको घोषणा गरिनु कुनै पनि राष्ट्रका लागि एउटा गम्भीर स्थिति हो। यो एउटा असहज एवं असामान्य राष्ट्रिय स्थिति एवं काबुबाहिरको परिस्थितिमा चालिने कदम हो। कुनै पनि बहानामा यसको दुरूपयोग गरिनु हुँदैन्। नेपालमा संकटकालीन अवस्थाको कुरा गर्दा सबैले २०१७ साल पौष १ गतेको शाही कदमलाई सम्झन्छन्। यस घटनाबाट संकटकाललाई राजनीतिक प्रतिद्वन्दी समाप्त पार्ने निरंकुशताको पराकाष्ठाको रूपमा लिने गरिन्छ। तर वास्तवमा संकटकाल भनेको राजनीतिक, सामाजिक तथा आर्थिक समस्याको समाधानतर्फ निर्देशित संवैधानिक पहल हो। यसमा स्वभावैले राज्यले बढी शक्ति प्रयोग गर्ने शैन्य बल एवं सुरक्षा निकाय सतर्क बनाईने हुँदा राज्य निरंकुश बन्न सक्ने र वैयक्तिक स्वतन्त्रतामाथि कूठाराघात हुने प्रवल सम्भावना नहुने होइन तर संकटकालको घोषणा संकट निम्त्याउन नभै संकट समाधानका लागि भएकाले राज्य जनताको हक हित र सुरक्षाप्रति अत्यन्त संयमित, संवेदनशील हुनु जरूरी छ। राज्यले संकटकालको दुरूपयोग गरेमा सोबाट व्यक्तिगत स्वतन्त्रता मात्र कुण्ठित हुने होइन यसले समग्र संवैधानिक र राजनीतिक व्यवस्थालाई समाप्त पार्ने हतियार बन्न सक्दछ। यस कुराको पुष्टी २०१७ सालको श्री ५ महेन्द्रको कदमबाट स्पष्ट भैसकेको छ। संकटकालमा अधिकारको दुरूपयोग गरेमा यसले संकटमोचन होइन अझ बढाउने सम्भावना रहन्छ। त्यसैले संकटकाल राज्यको आवश्यकता हो भने संवैधानिक सीमा तथा परिधिभित्र रहेर कुशल व्यवस्थापनबाट मात्र अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ।

...सबैजसो प्रजातान्त्रिक देशहरूका वैधानिक सरकारले आन्तरिक उपद्रव वा बाह्य आक्रमणबाट राज्यको अस्तित्व जोगाउन विशेष अधिकार दिने कुरा स्वीकार गरेका छन।[3] तर संकटकालीन अधिकारको सतर्कतापूर्वक प्रयोग गरिदैंन भने समस्याहरू प्रवल भएर आउँदछन। विभिन्न मुलुकहरूले संविधान वा विभिन्न विधायिकी कानुनहरूबाट संकटकालीन अवस्थाको घोषणा र व्यवस्थापनको बारेमा स्पष्ट व्यवस्था गरेकोले संकटकाललाई संवैधानिक प्रजातन्त्रमा स्वीकार्य मानिन्छ।

फ्रान्सको संविधान १९५८ को धारा १६ ले फ्रान्स गणतन्त्रको स्वाधिनता, अखण्डता वा अन्तर्राष्ट्रिय प्रतिवद्धताको पालनामा गम्भीर र तत्काल खलल् (Grave emergency and

immediate threat) पुगेमा राष्ट्रपतिले प्रधानमन्त्रीको सल्लाहमा संकटकाल घोषणा गर्न सक्ने व्यवस्था छ। भारतको संविधानको धारा ३५२ ले पनि यदि भारतका राष्ट्रपति युद्ध, बाह्य आक्रमण वा सशस्त्र विद्रोहका कारण भारतको सुरक्षामा खलल् पुगेको कुरामा सन्तुष्ट भएमा संकटकालको घोषणा गर्न सक्ने व्यवस्था छ। सो अवस्थामा केही मौलिक अधिकारहरू निलम्बन हुन सक्ने पनि व्यवस्था छ। त्यसैगरी बंगलादेशको संविधानको धारा १४१ (क) ले समेत भारतको संविधानको जस्तै व्यवस्था गरेको छ भने श्रीलंकाको संबिधानको धारा १५५ ले संकटकालको घोषणा Public Security Order अनुसार हुने र संकटकालका नियमहरू राष्ट्रपतिले बनाउन सक्ने व्यवस्था गरेको छ। बेलायतमा आइरिस गणतन्त्रको समस्या आएपछि मात्र संकटकालीन अवस्थाको बारेमा बहस प्रारम्भ भएको देखिन्छ। सन् १९८९ मा आएको Act of Prevention of Terrorism 1989 ले बेलायतमा संकटकालीन अवस्थाको घोषणा गर्ने अधिकार प्रदान गरेको देखिन्छ।

संकटकालमा जनताको वैयक्तिक स्वतन्त्रता खतरामा पर्न सक्ने भएकोले संकटकाल घोषणाका केही संवैधानिक शर्तहरू छन्। त्यस्ता संवैधानिक सर्तहरू तथा सर्बमान्य सिद्धान्तहरू शासकको इच्छामा मात्र नभै वस्तुगतरूपमै पुष्टी हुनु जरूरी हुन्छ। संकटकालको अवस्था र त्यसको घोषणाको वैधानिकताको परीक्षणसमेत हुन जरूरी छ। अन्यथा पटक-पटक सरकारले संवैधानिक संयन्त्रको दुरूपयोग गर्न सक्ने हुन्छ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले निम्नबमोजिमको अवस्थामा संकटकालको घोषणा गर्ने आधारहरू तोकेको छ:

(क) सार्वभौमसत्ता

(ख) अखण्डता

(ग) सुरक्षामा गम्भीर संकट भएमा मात्र संकटकाल घोषणा गर्न सकिन्छ। त्यतिमात्र होइन संविधानका धारा ११५ ले संकटकालका कारणहरू पनि स्पष्टरूपमा तोकिदिएको छ:

- युद्ध
- बाह्य आक्रमण
- सशस्त्र विद्रोह
- चरम आर्थिक विशृंखलता

अर्थात माथि उल्लेखित बाहेक अन्य कारणबाट गम्भीर संकट उत्पन्न भए पनि वास्तवमा संकटकाल घोषणा गर्न सकिदैन भने वास्तविक रूपमै राष्ट्र गम्भीर संकटमा परेको र राष्ट्रिय अस्तित्व खतरामा परेको वा पर्न सक्ने अवस्थाको वस्तुगतरूपमा पुष्टी हुनु जरूरी देखिन्छ। यसरी पुष्टी गर्दा क्षप्लभलत मबलनभच, ऋभमष्वतभ तजचभबत, न्ययम ाबष्तज जस्ता सिद्धान्तहरू लागू हुन्छन। भारतको संविधानको दफा ३५६ ले संवैधानिक संयन्त्रको असफलताबाट सृजित समस्या पनि अत्यन्त गम्भीर भएमा पनि संकटकालको घोषणा गर्न सक्ने अधिकार दिए तापनि सो घोषणा प्रधानमन्त्रीको सिफारिसमा मात्र राष्ट्रपतिले गर्न सक्ने व्यवस्था छ। यसै सन्दर्भमा भारतको संविधानको धारा ३५२ मा सुरूमा रहेको

आन्तरिक विद्रोह भन्ने शब्दलाई संशोधन गरी सशस्त्र विद्रोह भन्ने व्यवस्था ४४ औं संसोधनमा गरेको पाइन्छ।[४]

संकटकाल सामान्य संकट भएकै अवस्थामा घोषणा गरिनु हुँदैन। यसलाई विषम परिस्थितिको विषम तथा बाध्यात्मक कदमको रूपमा लिनुपर्दछ। अन्तिम अस्त्रको रूपमा प्रयोग गर्नुपर्ने सल्लाह डाक्टर अम्वेडकरले दिएका छन।[५]

संकटकालको वैधानिकता र संकटकालपछिका घोषणाहरूको वैधानिक न्यायिक परीक्षण हुन सक्ने र गर्नुपर्ने न्यायपालिकाको दायित्व रहेको कुरा भारतको सर्वोच्च अदालतले ब।च। द्यक्रबष को मुद्दामा स्थापित गरिसकेको छ। राज्यले बढी शक्ति आफ्नो हातमा लिएको अवस्थामा अदालत अझ बढी चनाखो तथा जनताका अधिकारप्रति सतर्क रही अग्रणी भुमिका खेल्नुपर्ने हुन्छ। उनको मुद्दामा संकटकालको परीक्षण निम्न तीन कुराको आधारमा गर्न सकिने सिद्धान्त प्रतिपादन गरेका छन:[ट]

(क) वस्तुगत अवस्था

(ख) वस्तुगत अवस्थाको संकटसँग सम्बन्ध

(ग) वदनियत

संकटकालमा राज्यले बढी अधिकारको प्रयोग गर्दा व्यक्तिगत स्वतन्त्रतामा असर पर्न सक्ने तथ्यलाई दृष्टिगत गरी न्यायिक सक्रियता उपेक्षित रहन्छ र सो को लागि न्यायिक स्वाधीनता मात्र होइन न्यायिक सक्षमता पनि जरूरी हुने कुरा बिगत केही साता यताका घटनाक्रमले पनि पुष्टि गर्दै आएका छन्।

संकटकालको वैधानिकताको परीक्षण  र व्यवस्थापनको अर्को महत्वपूर्ण पक्ष भनेको संकटकाल घोषणाको उद्देश्य, क्षेत्र र लक्ष पनि हो। क्ष्ऋऋएच को दफा ४ होस अथवा संविधानको धारा ११५(८) दुवैले विद्यमान संकटमोचनका लागि राज्य केही अन्तर्राष्ट्रिय दायित्वबाट अलग हुन्छ भने संकटमोचनको अभियानको सहजताका लागि केही अधिकारहरू निलम्वित रहन्छन्। त्यसकारण संकटकालमा निलम्वित अधिकार वा राज्यको शक्ति संकटमोचनतर्फ उन्मुख हुनु जरूरी छ। संकटमोचनतर्फ राज्यको अभियान केन्द्रित नभएमा अपेक्षित समयमा विद्यमान स्थितिमा परिवर्तन ल्याउन नसक्ने हुँदा यसबाट पनि वैधानिकताको परीक्षण गर्न सकिन्छ।

## नेपाल अधिराज्यको संविधान, २०४७ मा संकटकाल र मौलिक अधिकारमा प्रभाव

विश्वका अन्य प्रजातान्त्रिक देशहरूमा जस्तै नेपाल अधिराज्यको संविधान, २०४७ ले पनि राज्य सञ्चालनका समयमा विषम परिस्थितिको सृजना भै सामान्य प्रक्रियाबाट स्थिति नियन्त्रणमा लिन सकिने अवस्था नरहेमा वाध्यात्मक र अपवादजन्य कदमको रूपमा राष्ट्र, राष्ट्रिय स्वाधिनता, अखण्डता तथा सार्वभौमसत्ता कायम राखी राष्ट्रको अस्तित्व बचाउन संकटकाललाई स्वीकार गरेको छ। संविधानको मुलभूत उद्देश्य मुताविक जनतालाई सामाजिक, आर्थिक तथा राजनीतिक न्याय सुनिश्चितताका लागि राष्ट्रिय अस्तित्वको खतराबाट मुक्त बनाउन संकटकालको कदम उठाउन सकिने धारा ११५ ले प्रदान गरेको छ। माथि उल्लेख गरिए जस्तै संकटकालको मुलभूत उद्देश्य स्थितिलाई सामान्यीकरण गर्ने भएकोले राष्ट्र र राष्ट्रिय अखण्डताका लागि नागरिकका हैसियतले केही अधिकार तथा सुबिधा केही

समयको लागि त्याग गर्नुपर्ने सिद्धान्त वर्तमान संविधानले अवलम्बन गरेको छ। धारा ११५ अनुसार नेपाल अधिराज्यको सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता वा कुनै भागको सुरक्षामा गम्भीर संकट उत्पन्न भएमा मात्र संकटकालको घोषणा गर्न सकिन्छ। धारा ११५ को व्यवस्थालाई धारा ३५(२) बाट अलग गरेर हेर्न सकिदैन। त्यसैगरी संकटकालको घोषणा गर्ने परिपक्व स्थिति भए नभएको वैधानिकताको न्यायिक परीक्षण सर्वोच्च अदालतले गर्न सक्ने कुरा धारा १, ११५ र धारा ८८(१) अन्तर्गत यस्ता घोषणाका वैधानिकता परीक्षण गर्न सकिन्छ र सर्वोच्च अदालतले साहस र क्षमता दुवै राख्नु जरूरी हुन्छ। संकटको अवस्थाका कारणसमेत संविधानले तोकेकोले ती अवस्थाहरूको वस्तुगत विद्यमानताको पुष्टी नभएमा यस अधिकारको दुरूपयोग भएको ठहर्छ।

संकटकालीन अवस्थामा समेत कतिपय आधारभूत अधिकारहरू राज्यले आफ्नो दायीत्वबाट अलग हुन नसक्ने कुरा माथि उल्लेख गरिसकिएकै परिप्रेक्षमा नेपाल अधिराज्यको संविधान, २०४७ ले समेत मौलिक अधिकारहरू मध्ये जीवनको अधिकारको आधारभूत पक्षहरू निलम्बन हुन नसक्ने अधिकारको रूपमा व्यवस्था गरेको पाइन्छ। कतिपय अधिकारहरू निलम्वन भएता पनि संकटकालसंग स्वत: निलम्बन हुनैपर्ने भन्ने अर्थ भने लगाउन मिल्दैन किनभने संकटकालको उद्देश्य र परिप्रेक्षमा मात्र मौलिक अधिकार निलम्बन गर्नुपर्ने हुँदा निलम्बनको औचित्य पुष्टि गर्नु जरूरी देखिन्छ। यस्ता निलम्वन नहुने अधिकारहरू निम्न छन:

- समानताको हक (धारा ११)
- वैयक्तिक स्वतन्त्रता, जीवनको हक (धारा १२.१)
- संघ, संस्था खोल्ने हक (धारा १२.२ ग)
- छापाखाना बन्द वा जफत तथा दर्ता खारेजविरूद्धको हक (धारा १३.२ र३)
- फौजदारी न्यायसम्बन्धी हक (धारा १४)
- संस्कृति शिक्षासम्बन्धी हक (धारा १८)
- धर्मसम्बन्धी हक (धारा १९)
- शोषणविरूद्धको हक (धारा २०)
- देश निकालाविरूद्धको हक (धारा २१)

संवैधानिक उपचारको हक निलम्वन भए पनि अनिलम्वित धाराहरूको हकमा भने यो अधिकार निलम्वित भएको मानिदैन भन्ने कुरा संवैधानिक अभ्यासबाट पुष्टी भइसकेको र सर्वोच्च अदालतले अभ्यास गरिरहेको छ।

## संकटकालीन अधिकारका सिमाहरू

कुनै पनि अधिकारहरू असीमित हुनु हुदैन। असीमित अधिकारले निरंकुशता निम्त्याउने प्रबल सम्भावना रहन्छ। संकटकालीन अवस्थामा राज्यले सामान्य अवस्थामा भन्दा बढी शक्ति प्राप्त गर्ने र जनताले उपभोग गर्दै आइरहेका केही अधिकारहरूको कटौती हुने हुँदा दुरूपयोग हुने र संकट झन प्रवल हुने संभावना रहन सक्दछ। अधिकारहरूसंगै सोको दुरूपयोग नहोस

भनी सीमा पनि तोकिनुपर्ने भन्ने मान्यता आधुनिक संविधानवाद् (Constitutionalism ) को भएको र संकटकालको व्यवस्थापन पनि संविधानभित्रै भएको हुँदा संवैधानिक तथा सैद्धान्तिक सिमाहरूलाई अधिकार प्रयोगको सन्दर्भमा विचार पु¥याउन अदालत तथा अन्तराष्ट्रिय समुदाय अत्यन्त सतर्क र संवेदनशील हुनु पर्दछ। त्यतिमात्र होइन संकटकालको प्रर्याप्त र प्रभावकारी, स्वतन्त्र र सक्षम अनुगमन संयन्त्रको आवश्यकता पर्दछ। यस्ता सीमाहरू संवैधानिक, अन्तराष्ट्रिय मानवअधिकार र मानवीय कानुनका निम्नलिखित उद्देश्यबाट निर्देशित रहेका हुन्छन्:

- अनावश्यक क्षति, दु:ख र पीडा कम गर्ने (Reduce unnecessary suffering, loss and damage)
- मौलिक मानवअधिकार र मानवीय मर्यादाको सम्मान ( Safeguard Fundamental Human Right and dignity)
- शान्तिको पुनर्स्थापना (Facilitate Peace restoration)

त्यसैगरी संकटकालका वा सशस्त्र विद्रोहका निम्नलिखित मुलभूत सिद्धान्तहरू छन् जसको आधारमा संवैधानिक तथा कानुनी सीमाहरू निर्धारण गरिएका हुन्छन।[८]

- सैन्य बल प्रयोगको आवश्यकता (Necessity of use of Armed force)
- मानवीय संरक्षण (Protection of humanity)
- सापेक्षितता (Propotionality)
- विद्रोही र सामान्य नागरिकबीच फरक (Distinction)
- क्षति न्युनीकरणका उपाएहरूको अवलम्बन (Precutionary Measure)

संकटकालीन अधिकार प्रदान गरेको संविधानले निम्नबमोजिमका संवैधानिक सीमाहरूसमेत तोकेकोले सम्बन्धित निकायहरूको ध्यान यी सीमाहरूमा जानु जरूरी छ:

१. संकटकालको घोषणा गर्न प्रष्टरूपमा आधार तथा वस्तुस्थिति संविधानले तोकेको हुँदा सो वस्तुस्थितिको विद्यमानता पुष्टी र औचित्य सावित गर्नुपर्ने र त्यस्तो अवस्थामा Immediate danger or threat को अवस्था हुनुपर्ने।
२. जुन उद्देश्य वा लक्ष्यका लागि संकटकाल लगाइएको हो सोही सीमामा मात्र संकटकालको अधिकार सीमित हुनुपर्ने। उदाहरणका लागि चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल लगाउनुपर्ने भएमा सोसँग सम्बन्धित मौलिक अधिकार मात्र निलम्बन गर्नु पर्दछ भने सशस्त्र विद्रोहका कारण मात्र र संकट भएकोमा सशस्त्र विद्रोह गर्ने समूहप्रति लक्षित कुरामा मात्र संकटकालीन आदेश सीमित हुनु पर्दछ।
३. संकटकालको घोषणा संविधानबमोजिम संसदबाट स्वीकृत बनाउनु पर्दछ र संविधानले तोकेको समयभन्दा बढी समयसम्म रहन दिनु हुँदैन। नेपाल अधिराज्यको संविधान, २०४७ ले सबै संवैधानिक शक्तिहरू एक मत भएमा एक वर्षभित्रै जस्तोसुकै संकट पनि समाधान

हुने र संसदले संकटकालको आवश्यकता र औचित्यको मुल्याङ्कन गर्ने व्यवस्था गरेको छ।

४. संकटकाल निवारणका लागि अन्य आदेश जारी गर्न सक्ने व्यवस्थाको दुरूपयोग गरी संकटकालको उद्देश्य र औचत्यसंग मेल नखाने अनावश्यक, निरंकुश र न्यायका मान्य सिद्धान्तविपरीत आदेश जारी गर्नु हुँदैन र राजनीतिक विपक्षीलाई दवाउने हतियारको रूपमा राज्य संयन्त्रको प्रयोग गर्नु हुँदैन।

५. संकटकालीन अवस्थामा सकभर कमभन्दा कम अधिकारहरू निलम्बन गर्नु पर्दछ र संकटकालको समय अवधि जति सक्दो छिटो टुङ्ग्याउनु पर्दछ।

६. संकटकालको औचित्य, आधार र वस्तुगतताका सम्बन्धमा सर्वोच्च अदालतले न्यायिक परीक्षण गर्न सक्षम हुनु पर्दछ। अधिकारको दुरूपयोगलाई हतोत्साहित गर्न सर्वोच्च अदालतको सक्रियता र मानवअधिकारप्रतिको संवेदनशीलता अपेक्षित हुनु पर्दछ।

७. संकटकालमा निलम्बित गरिएका वा नगरिएका कानुनी अधिकारको वदनियतपूर्वक हनन् गरेमा क्षतीपूर्ति दिने प्रभावकारी कानुनी संयन्त्रको विकास गर्नु पर्दछ।

**संकटकालीन अवस्थाको व्यवस्थापन**

संकटकालीन अधिकार संवैधानिक प्रजातन्त्रमा Necessary Evil का रूपमा धेरैजसो मुलुकहरूमा रहन्छ। एक जीवन्त राज्यले आफूमाथि आएको सम्पूर्ण संकट तथा विषम परिस्थितिहरू संवैधानिक रूपमै पार लगाउनु पर्दछ। किनभने यसबाट राज्यले अत्यधिक अधिकार पाउने हुँदा निरंकुश हुने प्रवल संभावना रहन्छ।

यस्तो अवस्थामा जनताका आधारभूत मानवअधिकार तथा वैयक्तिक स्वतन्त्रताहरूसमेत आवश्यकताअनुसार निलम्बन हुन सक्ने हुँदा यसबाट पार पाउन संकटकालको सफल र प्रभावकारी व्यवस्थापन हुनु जरूरी छ। संकटकाल व्यवस्थापन गर्दा यसको संवैधानिक तथा राजनितिक सीमालाई राम्ररी बुझ्नु र सोअनुरूप राज्यका प्रत्येक अङ्गहरू जिम्मेवार हुनु पर्दछ। संकटकालको कारण र औचित्यमा वा लक्षित क्षेत्रमा मात्र संकटकालको प्रभाव केन्द्रित गर्नु वास्तवमा बुद्धिमानी हुन्छ र समस्याको समाधान शीघ्र हुनमा मद्दत पुऱ्याउँदछ। संकटको उद्देश्य वा कारक तत्व बाहेक अन्य क्षेत्रमा समेत संकटकालीन असर पार्दा संकटमोचनको अभियान केन्द्रिकृत नभै अन्य नागरिक तथा शक्तिबाट समेत सहयोग नहुने सम्भावना रहन्छ। संकटकालमा कमभन्दा कम क्षति वा असर होस भन्नेतर्फ सतर्क रहनु पर्दछ। वर्तमान सन्दर्भको संकटकालको स्थिति र औचित्य वा कारक तत्व वास्तवमा माओवादीद्वारा सञ्चालित सशस्त्र विद्रोह भएकाले श्री ५ महाराजाधिराजबाट विभिन्न घोषणामा हालको संकटकाल माओवादी वा आतंकवादी गतिविधि समर्थन गर्ने, उस्काउने वा उत्प्रेरित गर्नेका विरूद्धमा मात्र केन्द्रित रहेको घोषणा गरिबक्सेको परिप्रेक्षमा यसलाई लक्ष्यतर्फ केन्द्रिकृत अभियानका रूपमा लिन सकिन्छ। खास कारण र उद्देश्य आतंकवादलाई नियन्त्रित गर्ने भएकाले निलम्बन हुन सक्ने अधिकारहरूलाई समेत सोही परिप्रेक्ष्यमा मात्र निलम्बित गर्नु पर्दछ र हालको संकटकालको

प्रयोग हेर्दा यसतर्फ उन्मुख देखिएको पाइन्छ। तर पनि संकटकाल व्यवस्थापनमा केही गम्भीर समस्याहरू नदेखिएका भने होइनन्। मानवअधिकारको आधारभूत मुल्य र मान्यताविपरीत हाल परिस्थिति सहज हुँदाहुँदै पनि प्रेसमाथि सेन्सरसिप लगाउनु, आतंकवाद वा माओवादीलाई सहयोग उत्प्रेरणा नगर्ने खालका राजनीतिक दललाई आफ्नो स्वतन्त्र राजनीतिक गतिविधिमा प्रतिबन्ध लगाउनु, तथा व्यापक धरपकड गर्नु, राजनीतिक नेताहरूलाई विना कारण फौजदारी न्यायको सिद्धान्तविपरीत नजरबन्दमा राख्नु, राजनीतिक विश्लेषक, वकील, बुद्धिजीवीहरूलाई विना सूचना स्थानहद गर्नु र नेपाल अधिराज्यभित्र र बाहिर आवत जावत गर्न रोक लगाउनु जस्ता कार्यले श्री ५ महाराजाधिराजको माघ १९ को घोषणालाई वर्तमान सरकारले स्वयम् आत्मसात नगरेको र संकटकाल व्यवस्थापनमा संवेदनशील नभएको अनुभूति दिएको छ।

संकटकालको अवस्थामा केही मौलिक अधिकारहरूको निलम्बन हुन सक्ने तथा मानवअधिकारको दायित्वबाट राज्य अलग्गिनुको पछाडीको महत्वपूर्ण औचित्य नै सामान्य अवस्थाको वहाली र मौलिक मानवअधिकारको प्रत्याभूति दिलाउनु भएकाले दमनकारीभन्दा संरक्षणकारी संयन्त्रको विकास हुनु जरूरी छ।

## उपसंहार र सुझाव

संकटकालमा मानवअधिकार निलम्वनको अर्थ राज्यको स्थिति नियन्त्रणको प्रयासमा नागरिकको त्याग रहेको हुँदा कमभन्दा कम क्षतिमा संकटकाल मोचन गरी सामान्य स्थितिमा ल्याई जनताको जीउ धन र स्वतन्त्रताको पुनर्वहाली गर्नेतर्फ राज्य सतर्क रहनु पर्छ। संकटकालको आयु छोट्याउनका लागि यसको कारण र उद्देश्यमा केन्द्रित रही जनताका हक हितलाई कमभन्दा कम प्रभाव पार्ने र संवैधानिक सीमा भित्र रही अधिकारको प्रयोग गर्नु पर्दछ। सरकारले अधिकार धेरै लिएको अवस्थामा जनताको हक, हित र सुरक्षामा न्यायपालिका उदार, सक्रिय र निर्भिक हुनु जरूरी छ। यसका अतिरिक्त निम्नलिखित उपायहरू अवलम्वन गरेमा संकटकालीन समयमा पनि मानवअधिकार र वैयक्तिक स्वतन्त्रताको संरक्षणको प्रयास सार्थक हुन सक्दछ:

- संकटकालमा मानवअधिकार निलम्बन गर्नुको कारण र उद्देश्य स्थिति सामान्यीकरण गर्नु भएकाले दमनकारीभन्दा संरक्षणमुखी उपायहरू अबलम्वन गरिनु पर्दछ। यसका लागि संकटकालको घोषणा वैधानिक, सीमित, औचित्यपूर्ण (Principles of legality, proclamation, notification, time limitation and rationality) सिद्धान्तमा आधारित हुनु पर्दछ र सो सिद्धान्तको अवलम्बन भए नभएको प्रभावकारी आन्तरिक अनुगमन संयन्त्र (Effective Internal Monitoring Mechanism) जरूरी छ।
- यी सिद्धान्तहरूको पालना भए नभएको स्वतन्त्र परीक्षणका लागि स्वतन्त्र न्यायपालिका र संसदको उपस्थिति सुनिश्चित हुनु पर्दछ।
- स्वतन्त्र न्यायपालिकाको कार्य क्षेत्रमा हस्तक्षेप, नियन्त्रण, क्षेत्राधिकार परिवर्तन हुने गरी कुनै

आदेश वा कानुन जारी गरिनु हुँदैन।

- राजनीतिक संघ संगठनका गतीविधिहरूलाई संकटकाल घोषणाको उद्देश्यलाई असर नपर्ने गरी स्वतन्त्ररूपमा गर्न दिनु पर्दछ।
- संकटकालको अनुमोदनका लागि संविधानबमोजिम राष्ट्रियसभाको वैठक अविलम्व वोलाउनु पर्दछ।
- संकटकालीन अवस्थाका सीमाहरूलाई विशेष ध्यान दिई राज्यका सम्पूर्ण अङ्गहरूले आत्मसात गर्नु पर्दछ।
- मानवअधिकारको अन्तराष्ट्रिय मुल्य मान्यता तथा सिद्धान्तविपरीत मौलिक अधिकारहरू निलम्बन तथा बञ्चित गरिनु हुँदैन।
- जनताको बढीभन्दा बढी संरक्षणलाई निर्देशित सिद्धान्तको रूपमा लिनु पर्दछ।
- अन्तर्राष्ट्रिय मानवीय कानुनका मान्यताहरूलाई Harmonious and complementry रूपमा संकटकालमा मानवअधिकारसँग जोडेर हेर्नु पर्दछ। ●

**पाद टिप्पणी**

१. राजनितिक तथा नागरिक अधिकार अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ४(१)

२. ऐ. को धारा ४(२)

३. Surya Dhungel et. al., COMMENTARY ON THE NEPALESE CONSTITUTION, DeLF: Kathmandu 1998, P 631

४. The Constitution of India 1949, Art 356

५. Durga Das Basu, INTRODUCTION TO THE CONSTITUTION OF INDIA, Prentice Hall of India Pvt. Ltd., New delhi (1997) p 340

६. *SR Bummai v. Union of India, 1994 SC 1.*

७. ICRC, The Geneva Convention of August 12, 1949 ICRC: Geneva

*२०६२ बैशाख १६ गते कञ्चनपुरमा र २०६२ बैशाख १७ गते डोटीमा आयोजित कार्यक्रममा प्रस्तुत गरिएको आधारपत्र*

# संकटकाल र मानवअधिकार

*अधिवक्ताद्वय श्यामकुमार मिश्र र पंकज कर्ण*

कुनै पनि राष्ट्रको राष्ट्रिय सुरक्षा अखण्डता र सार्वभौमिकताको रक्षा एवं सम्बर्द्धन गर्न नागरिकहरू लगायत् राष्ट्राध्यक्ष वा शासनाध्यक्षको प्रमुख कर्तव्य हुन्छ। त्यही कर्तव्यअनुरूप राष्ट्राध्यक्ष वा शासनाध्यक्षहरूले राष्ट्रमाथि आइपरेको संकटबाट मुक्ति प्रदान गर्न त्यस बेला नागरिकहरूको केही अधिकार एवं स्वतन्त्रताहरूलाई निलम्बन गरी संकटकालको घोषणा गर्ने गरिन्छ। कुनै पनि राज्यको उत्पत्तिको उद्देश्य राजनीतिशास्त्र अनुसार अधिकतम नागरिकहरूलाई कल्याण गर्नु हो र यसै सिद्धान्तलाई राज्यको निर्माण वा उत्पत्तिको प्रमुख कारण भनिन्छ, तर जब राष्ट्रमा कुनै त्यस्तै विषम परिस्थितिको अवस्था आउँछ त्यस अवस्थामा नागरिकहरूको जुन प्राकृतिक एवं संवैधानिक अधिकार हुन्छ, त्यो राष्ट्र हितको निम्ति राष्ट्रलाई बचाउन र राष्ट्रमाथि आइपरेको संकट टार्न राज्यले नागरिकका केही अधिकारहरूलाई गौण सम्झी राष्ट्रको स्वार्थलाई प्रमुख आधार बनाई संकटबाट मुक्त गर्न नागरिकका केही अधिकारहरू निलम्बन गरिन्छ।

संकटकालमा नागरिकहरूको अधिकारमाथि कुठाराघात परे पनि त्यस अवस्थामा नागरिकहरूको केही जन्मजात मौलिक अधिकारमा कटौती गर्न सकिँदैन। राज्यले त्यस अवस्थामा गर्न नहुने कार्यको सूची तोकि दिएको हुन्छ, जुन निश्चय नै नागरिकहरूलाई केही मात्रामा भए पनि सान्त्वना दिएको जस्तो महसुस गरिन्छ। यस कालमा राज्यको प्राय: सबै शक्तिहरू कार्यपालिकामा केन्द्रित भई हाल्छ र विधायिका एवं न्यायपालिकामाथि केही हदसम्म नियन्त्रण भएको महसुस गरिन्छ।

नेपालमा संकटकाल घोषणा २०४७ सालको संविधानबमोजिम यसभन्दा पहिले दुई पल्ट पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले सिफारिश गर्नु भई श्री ५ बाट लागू गरिबक्सेको थियो र यो तेस्रो संकटकालको पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाजीलाई पदमुक्त गरी राज्यको शासन भार आफैले ग्रहण गरिबक्सी २०६१ माघ १९ मा संकटकालको घोषणा श्री ५ बाट गरिबक्स्यो, जुन श्री ५ बाट मित्र राष्ट्रहरूको भ्रमणबाट फिर्ति सवारी भई बक्सेकै दिन समाप्त गरी बक्सेको हो। मूलत: यी तीन वटै संकटकालमा कानुनीरूपीले तात्विकरूपमा कुनै भिन्नता देखिँदैन। प्राय: गरेर पहिलेको संकटकालको अवधिमा निलम्बनमा परेका नागरिक अधिकारहरू नै यस संकटकालको समयमा निलम्बनमा परे। प्रत्येक राष्ट्रमा संकटकाल लागू गर्दा त्यहाँ केही मुख्य आधारहरू हुनुपर्ने अनिवार्य मान्यता छ, जसअनुसार:

(क) सशस्त्र विद्रोह हुने अवस्थामा
(ख) देशभित्र वा बाह्य देशसँग युद्ध घोषणा भएको अवस्थामा
(ग) राष्ट्रिय सार्वभौमसत्ता एवं सुरक्षामा कुनै किसिमको खतरा उत्पन्न भएको क्षणमा
(घ) क्षेत्रीय अखण्डतामा खतरा उत्पन्न भएको अवस्थामा
(ङ) प्राकृतिक प्रकोप वा दैवी उत्पात (प्रकोप) भएको अवस्थामा संकटकाल प्राय: गरेर लागू गर्ने गरिन्छ।

नेपालमा लागू गरिएको तेस्रो संकटकालसम्बन्धी विचार गर्दा यो संकटकाल मिति २०६१ माघ १९ गते का दिन घोषणा भई २०६२ बैशाख १७ सम्म लागू रह्यो। यस संकटकालको अवस्थामा पूर्वका संकटकाल झैं नागरिकहरूका अधिकारहरू निलम्बन गरियो। नेपाल अधिराज्यको संविधान २०४७ को उपधारा ८ मा उल्लेख गरिए बमोजिम ती अधिकारहरू निलम्बन गरिएको हो। यस अवस्थामा निलम्बित अधिकारहरूको पुनर्ववहालीको लागि वा ती अधिकारहरूलाई प्रयोग गर्न पाउँ भन्ने सम्बन्धमा अदालतमा प्रश्न उठाउन सकिँदैन।

यो संकटकाल श्री ५ स्वयंबाट लागू गरिबक्सेको थियो र तीन महिनाभित्र जुन संसदमा संकटकाल घोषणा भएको मितिले अनुमोदनका लागि पेश गर्नुपर्ने हो त्यो भएन। तीन महिनाभित्र नै संकटकाल समाप्त भएको घोषणा श्री ५ बाट गरिसबक्सेको हो।

**मानवअधिकारको सामान्य परिचय**

मानवअधिकार भन्नाले मानव समुदायका प्रत्येक सदस्यमा अन्तरनिहित नैसर्गिक अधिकारहरूलाई बुझाउँछ। मानवअधिकार प्रत्येक मानिसमा, जाति, भाषा, धर्म, लिङ्ग, राष्ट्रियता, उत्पत्ति, सामाजिक, आर्थिक स्थिति, राष्ट्रिय सीमाना आदिको भेदभावबिना प्राप्त हुने अधिकार हुन्। मानव हुनुकै कारणले प्राप्त हुने अधिकार मानवअधिकार हो। मानिसका जीवन, मर्यादा र समानतासम्बन्धी अधिकारहरू अहरणीय मानिन्छन्। स्वतन्त्रतासम्बन्धी अधिकारहरू भने अपवादका रूपमा निलम्बन वा समर्पण गर्न सकिने प्रकृतिका मानिन्छन्।

*मानव परिवारका सबै अन्तर्निहित मर्यादा र समान तथा अहरणीय अधिकारको मान्यता नै स्वतन्त्रता, न्याय र शान्ति हो।* (मानवअधिकार विश्वव्यापी घोषणापत्रको प्रस्तावना)

अन्तर्राष्ट्रिय सन्धि महासन्धिको अनुमोदन वा सम्मिलन गरेर यस्ता सन्धिबाट निर्दिष्ट गरिएका र सोबाट निर्देशित गरिएका बाहेकका मानवअधिकारको पनि सम्मान र पालन गर्नु गराउनु राज्यको दायित्व हुन्छ। अन्तर्राष्ट्रिय परम्परा र प्रथाबाट यसरी राज्यले संरक्षण गर्नुपर्ने मानवअधिकारमा जीवन र मर्यादासम्बन्धी सबै अधिकार पर्दछन्। जीवनको अधिकार, यानताविरुद्धको अधिकार, दासत्वविरुद्धको अधिकार, निवारक नजरबन्दविरुद्धको अधिकार, बोल्न पाउने अधिकार, लेख्न पाउने अधिकार बिनारोकटोक घुमफिर आवतजावत गर्न पाउने अधिकार आदि यस खालको मानवअधिकार हन्। साँस्कृतिक भिन्नताका कारण सबै मुलुकको परिवेश एकनास नभए पनि आधारभूतरूपमा मानवको जीवन र मर्यादाको अधिकार सर्वव्यापक हुने

भएकाले यिनलाई अन्तर्राष्ट्रिय समुदायले पनि समानरूपमा स्वीकार गरेका छन्।

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिलाई अनुमादेन गर्ने राष्ट्रले त्यस्ता सन्धिहरूमा उल्लेख भएका सबै अधिकार आफ्ना संविधान वा राष्ट्रिय कानुनमा समावेश गर्न सक्दछ। कतिपय राष्ट्रहरूले आफ्नो संविधानमा नै आफूले अनुमोदन गरेका सन्धिहरूको व्यवस्थाले राष्ट्रिय कानुनसरहको मान्यता प्राप्त गर्ने प्रावधान राखेका हुन्छन्। कतिपय राष्ट्रहरूले त्यस्ता प्रावधान छुट्टै ऐनमा समावेश गर्ने गरेका छन्।

मानवअधिकारसम्बन्धी कुनै पनि महासन्धिलाई अनुमादेन गरेपछि त्यस्तो महासन्धिले निश्चित पारेका मानवअधिकारका व्यवस्थाको कार्यान्वयनको लागि राज्यले नयाँ कुराको निर्माण भइरहेकै कानुनमा संशोधन गरेर आफ्नो कानुनी प्रावधानलाई ती महासन्धिका प्रावधानअनुरूप बनाउनुपर्छ। आफूले अनुमोदन गरेको सन्धिको कुनै व्यवस्था राष्ट्रिय कानुनको प्रावधान विपरीत छ वा त्यस्तो कानुनसँग बाझिएको छ भन्ने आधारमा सन्धि दायित्वको पालना गर्नबाट कुनै पनि राज्य उम्कन पाउने स्थिति हुदैन। सन्धिको कुनै प्रावधानसँग राष्ट्रिय कानुन बाझिएको अवस्थामा बाझिएको हदसम्म राष्ट्रिय कानुन अमान्य भई सन्धिको प्रावधान लागू हुन्छ। नेपाल पनि मानवअधिकारसम्बन्धी विभिन्न किसिमका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा हस्ताक्षर गरेको कारणले नेपालमा कुनै पनि अवस्थामा एउटा मानव भएर पाउनुपर्ने न्यूनतम एवं अहरणीय अधिकार उपयोगबाट  वञ्चित गर्न मिल्ने हैन।

अन्तर्राष्ट्रिय कानुनअनुरुप सन्धि महासन्धि अङ्गिकार गर्ने राज्यले ती सन्धि महासन्धिमा रहेको व्यवस्था कार्यान्वयन गर्ने दायित्व हुन्छ। यस्ता सन्धि महासन्धि स्वीकार अनुमोदन वा अङ्गिकार  गर्ने नगर्ने भन्ने कुरा राज्यको इच्छामा निर्भर हुने भए तापनि तीनको अनुमोदन स्वीकार गरेपछि राज्यले त्यस्ता सन्धिबाट उब्जने दायित्वबाट अलग रहन भने पाउँदैन। यसै कारणले गर्दा मानवअधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरिसकेपछि महासन्धिका व्यवस्थालाई पालना गर्न सम्बन्धित राज्य बाध्य हुन्छ।

## संकटकाल र संकटकालपश्चात् नेपालमा मानवअधिकारको अवस्था

जहाँसम्म नागरिकहरूको मौलिक एवं मानवअधिकारबारेमा संकटकालपश्चात् अब के अवस्था छ, त्यस सम्बन्धमा विचार गर्दा नागरिकका मौलिक हकहरू संकटकालपश्चात् पनि व्यवहारमा पूर्णरूपमा नागरिकहरूले उपयोग एवं उपभोग गर्न सकेको पाउन सकिएको छैन। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा ८ (क) मा उल्लेख गरिएका नागरिकका अधिकारहरू संकटकालमा निलम्बनमा परेको थियो र अहिले पनि नागरिकहरूले ती अधिकारहरूको उपभोग संकुचित मात्रामा मात्रै गर्न पाएका छन्। संकटकालपश्चात् पनि बन्दी बनाइएका नागरिकहरूलाई ६ महिने र ३ महिने पूर्जी थमाउने कार्य अहिले पनि कायमै छ। ती नागरिकहरू थुनिनुपर्ने कारण स्पष्ट हुन सकेको देखिँदैन।

नागरिकहरूले आफ्नो राष्ट्रमा भित्र निसंकोचरूपले घुमफिर वा आवत जावत गर्न पाउनु पर्दछ तर यो संकटकाल लागू भएको अवस्थामा “स्थानहद” भन्ने विषयले निक्कै नै चर्चा पायो।

त्यो अहिलेसम्म पनि कायमै छ। कुनै व्यक्तिलाई "स्थानहद" गरिएको हो, किन गरिएको हो त्यो पूर्व जानकारी नै सम्बन्धित व्यक्तिलाई नगराई कार्यपालिकाबाट विमानस्थलमा नागरिकहरूलाई तपाईलाई काठमाडौं बाहिर जान अनुमति छैन भनी सम्बन्धित व्यक्तिलाई मात्र जानकारी गराउनुले स्थिति बुझ्न सकिने अवस्थामा छैन। यो कानुनी राज्य भएको देश हो, यहाँ स्वयम् श्री ५ बाट पनि सुशासन र कानुनी राज्यको स्थापनाको लागि यो ऐतिहासिक कदम चाल्नु परेको भनी घोषणामा नै स्पष्टरूपले बताइसक्नेतर्फ विचार हुन म विनम्र निवेदन गर्न चाहन्छु।

संकटकालमा न्यायालयको भूमिका अझ महत्वपूर्ण हुन जान्छ र यही नै त्यो निकाय हो, जहाँबाट निलम्बनबाहेकको नागरिक अधिकारलाई प्रचलनमा राखिन्छ। त्यसमा केही व्यवधान आयो भने त्यहाँबाट निकास दिइन्छ।

सम्मानित सर्वोच्च अदालतबाट बन्दीलाई मुक्त गर्न आदेश भए पनि नागरिकहरू पुन: गिरफ्तार गरिएका छन्, जसबाट न्यायिक सर्वोच्चतामाथि प्रश्न चिन्ह उठ्नु स्वभाविकै हो। न्यायालयको आदेशपश्चात् पनि पूर्व सभामुख दमननाथ ढुङ्गाना एयरपोर्टबाट फर्काइनु भएको छ। त्यतिमात्र होइन स्वयं उपसभामुख पनि एयरपोर्टबाट पूर्व सूचनाबिना फर्किनु परेको समाचार पत्र पत्रिकाहरूमा आएको छ। त्यसबाट संकटकालमा निलम्बन भएको अधिकारहरू अझै संकटकालपश्चात् पनि कायमै छन् भन्ने गलत सन्देश जान सक्ने सम्भावना जिवितै छ।

सञ्चार क्षेत्र आधुनिक समाजका प्रमुख खम्बा हुन् जसले नागरिकहरू एवं व्यापार व्यवसायलगायत् सबै क्षेत्रलाई प्रभावित गर्दछ। सञ्चार आदान प्रदानको महत्वपूर्ण पक्ष मोवाइल अझैसम्म काटिएकै छ। मोवाइल फोन अहिलेसम्म नजोडिनु बुझी नसक्नु भएको छ। टिभीहरूमा केही न्यूज च्यानलहरू अझैसम्म प्रसारणमा आउन सकेको छैन। न्यूज च्यानलहरूबाट नागरिकहरूले कहाँ के भइरहेको छ भन्ने विषयमा जानकारी राख्दछन् तर न्यूज च्यालनको प्रसारण नहुँदा संविधानद्वारा प्रदत्त अधिकारहरूसमेतको उपयोगबाट नागरिकहरू वञ्चित भएका छन्।

प्रेसको अवस्थामाथि विचार गर्ने हो भने संकटकालपश्चात् प्रेसमा केही खुलापन महसुस गरिएको भए पनि संकटकालमा पनि प्रेस स्वतन्त्रता शुरुको केही दिनपश्चात् मात्र अलि खुकुलो पारिएको थियो।

## छिमेकी राष्ट्रहरूमा संकटकाल

हुन त हाम्रा दुई छिमेकी राष्ट्रमा संकटकालको अनुभव त्यहाँका नागरिकहरूले गरिसकेका छन्। भारतमा १९७७ मा र श्रीलंकामा तमील समस्या भएदेखि लगभग २/३ चोटी संकटकाल लागि सकेको छ। श्रीलंकामा जुन कारणले संकटकाल लगाइयो त्यो समस्या अहिले पनि विद्यमान छ। नेपालमा ३ पटक संकटकाल लागि सके पनि जुन समस्याको कारण संकटकाल लगाइयो त्यो समस्या अहिले पनि कायमै छ र संकटकालमा नागरिकहरूको निलम्बित अधिकार व्यवहारमा कमबेश अझै पनि कायमै छ।

## निष्कर्ष एवं सुझाव

संकटकाल लागू भएको अवस्थामा निलम्बनमा नपरेका अधिकारहरूको प्रचलन एवं उपयोग नागरिकहरूले निर्वाधरूपले गर्न पाउनुपर्ने हो अनि मात्र मानवअधिकारको रक्षा गर्न सकिन्छ। संकटकालपश्चात् पनि सबै संवैधानिक एवं नागरिक अधिकाररु नागरिकहरूले उपयोग एवं भोग गर्न पाउनुपर्ने सम्बन्धमा कुनै कानुनविद् एवं मानवअधिकारवादीबीच विवाद हुन सक्दैन।

संकटकालपश्चात् देश प्रचलित ऐन कानुनबमोजिम सञ्चालन हुनुपर्ने हो, त्यसमा कसैको दुईमत हुन सक्दैन।

संकटकालमा मानवका मौलिक अधिकारहरूमा आघात पर्नु पूर्ण सत्य तथ्य हो, तर देशमा केही असामान्य परिस्थितिको उपस्थित भएमा संकटकाल लगाउने व्यवस्था प्राय: सबै राज्यले गरेको हुन्छ। संकटकालको अवस्थामा पनि केही न्यूनतम अधिकारलाई कुनै अवस्थामा राज्यले संरक्षण एवं सम्मान गर्नु पर्दछ।

संकटकालपश्चात् राजनीतिक पार्टीहरूको अवस्थामाथि दृष्टिगत गर्दा नेताहरू क्षेत्रीय भ्रमणमा लागेका हुन्। उनीहरू आ-आफ्नो पार्टीका कार्यक्रमहरू आंशिकरूपमा सञ्चालन गरिरहेका छन्। हाल ७ वटा पार्टीहरू मिलेर १ भएर अगाडि बढ्ने भन्ने नाराका साथ बैठक सम्पन्न गरेका हुन् तर जति खुल्लारूपमा उनीहरूले कार्यक्रम गर्न पाउनुपर्ने हो त्यसमा अरु सुधार हुनुपर्ने हो।

संकटकाल र संकटकालपश्चात्को अवस्थामा पनि मानवअधिकारवादीलगायत्का अन्य व्यक्तिहरूले विभिन्न ठाउँमा संकटकाल लाग्दाको बखत पक्राउ परेका व्यक्तिहरूलाई भेट्न जाँदा बन्दी बनाइएका व्यक्तिहरूसँग भेट गर्न दिइएन। संकटकालपश्चात् पनि बन्दी बनाइएको व्यक्तिहरूसँग परिवारबाहेकका अन्य व्यक्तिहरूसँग भेट्न दिइएको छैन, भेट गर्न दिन नपर्ने कुनै कारण देखिँदैन। यसै सन्दर्भमा एमालेका महासचिव माधव नेपाल पोखरामा गएर बन्दीहरूसित भेट्ने मौका संयोगवश प्राप्त गर्नु भएको तथ्य विनम्रतापूर्वक राख्न चाहन्छु। मानवअधिकारको कुरा गर्दाखेरी बन्दीहहरूलाई भेट गर्ने इच्छा बोकेर गएको व्यक्तिलाई भेट गर्न नदिनुबाट मानवअधिकारको जगेर्ना गर्न गाह्रो हुनेछ भन्ने कुरामा दुईमत हुन नसक्ला।

सर्वोच्च अदालतबाट आदेश भएर रिहा भएका राजनीतिक दलका नेताहरू पुन: अदालत परिसरबाट गिरफ्तार हुनुले यस्ता घटनाहरूले गर्दा मानवअधिकारका साथै न्यायालयमाथिको जनविश्वासमा पनि भविष्यमा केही कमी आउने सम्भावना देखिएको छ। तसर्थ सम्मानित अदालतको आदेशबाट रिहा भएका व्यक्तिहरूलाई पुन: गिरफ्तार गर्नु भएन। ●

*२०६२ जेठ १४ गते धनुषामा आयोजित कार्यक्रममा प्रस्तुत आधारपत्र*

# संकटकाल र मानवअधिकार : विगत तीन महिनाको संक्षिप्त समीक्षा

यज्ञप्रसाद शर्मा

नेपाल अधिराज्यको संविधान, २०४७ लागू भए यता मुलुकमा पटक-पटक संकटकालको घोषणा गरिएको पाइन्छ। वि.सं २०५८ मंसिर ११ गते पहिलो पटक संकटकाल घोषणा गरियो। त्यो, २०५९ साल भदौसम्म म्याद थप गर्दै लागू गरियो। त्यस अवधिको संकटकाल प्रधानमन्त्रीको सिफरिशमा श्री ५ बाट अनुमोदित भई लागू भएको थियो।

वि.सं. २०६१ माघ १९ गते पछिल्लो पटक संकटकालको घोषणा भयो। त्यस बेला श्री ५ बाट पार्टीहरूको प्रतिनिधित्व रहेको सरकारलाई वर्खास्त गरी आफ्नै अध्यक्षतामा नयाँ सरकारको घोषणाका गरिएको थियो।

दुवै संकटकालको घोषणा नेपाल अधिराज्यको संविधान, २०४७ लाई आधार मानेर गरिएको भए पनि पछिल्लो अवधिको संकटकाल भिन्न प्रकृतिको र बढी कष्टकर रहेको अनुभूति सबैलाई भएको छ।

यहाँ संकटकालको व्यवस्थापनको सम्बन्धमा वैधानिक व्यवस्थाको चर्चा गर्दै २०६१ माघ १९ गते घोषणा भई २०६२ बैशाख १६ गते समाप्त भएको संकटकालमा मानवअधिकारको अवस्था कस्तो रह्यो भन्ने विषयमा संक्षिप्त समीक्षा गर्ने जमर्को गरिएको छ।

**संकटकालको सैद्धान्तिक अवधारणा**

- सामाजिक सुरक्षाका लागि नागरिकले राज्यलाई आफ्नो वैयक्तिक स्वतन्त्रता स्वेच्छाले प्रदान गरेको हुनाले व्यक्तिको सुरक्षा गौण र राज्यको सुरक्षा प्रधान मानिन्छ।
- नागरिकले आफ्नो सुरक्षा र हितको संरक्षण गर्न राज्यका निम्ति स्वेच्छाले आफ्ना हक परित्याग गरेका हुन्छन्। तर त्यस्तो हकले स्वयम् नागरिकको सुरक्षा र सम्बर्द्धन गर्न सकेन भने नागरिकले त्यस्तो नियन्त्रणकारी हक राज्यबाट फिर्ता माग्न पनि सक्दछन्।
- राष्ट्रिय संकटको बेला पनि राज्यले गर्न हुने र नहुने कामहरू परिभाषित गरिएका हुन्छन् र संकटकालको दुरुपयोग नहोस भनेर विभिन्न सीमा र बन्देजहरू सृजना गरिएका हुन्छन्।

**संकटकाल कस्तो अवस्थामा लगाइन्छ ?**

दक्षिण एशियाका विभिन्न देशहरूमा देहायबमोजिमका अवस्था उत्पन्न भएमा संकटकालको घोषणा गरिन्छः

(क) राष्ट्रिय सार्वभौमसत्ता वा सुरक्षामा खतरा उत्पन्न भएको अवस्थामा।

(ख) क्षेत्रीय अखण्डतामा खतरा उत्पन्न भएको अवस्थामा।

(ग) सशस्त्र विद्रोह भएको अवस्थामा।

(घ) चरम आर्थिक विश्रृंखलता उत्पन्न भएको अवस्थामा।

(ङ) आन्तरिक वा वाह्य युद्धको घोषणा भएको अवस्थामा।

(च) प्राकृतिक प्रकोप भएको अवस्थामा।

**नेपाल राज्य पक्ष भएका अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको प्रावधान**

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ४ मा संकटकालको घोषणा गर्नुपर्ने शर्तहरू तोकेको छः

क) राष्ट्रको सार्वभौमसत्ता खतरामा पर्न गएमा तर राष्ट्रको सार्वभौमसत्ता संकटमा परेको प्रमाणित हुने आधार हुनु पर्छ

ख) देशको संविधान र कानुनमा संकटकाल लागू गर्न सकिने व्यवस्था भएमा

ग) राज्यले पूरा गर्नुपर्ने अन्तर्राष्ट्रिय उत्तरदायित्वहरूसँग नबाझिनुपर्ने अवस्था भएमा

घ) यस विषयमा संयुक्त राष्ट्रसंघका महासचिवमार्फत् सबै सदस्य राष्ट्रलाई जानकारी गराइनु पर्दछ।

**घोषणापश्चात्का शर्तहरू**

- सार्वभौम जनताको अनुमोदनका लागि संसदसमक्ष पेश गरिनु पर्दछ।
- कार्यकारिणीको स्वेच्छाले सीमित अवधिका लागि मात्र संकटकाल घोषणा गर्न सकिन्छ।
- नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(२)
- प्रतिनिधि सभा विघटन भएको अवस्थामा धारा ११५(६)

**न्यायिक पुनरावलोकन र क्षतिपूर्ति**

सर्वोच्च न्यायपालिकालाई संकटकालिन अवस्थाको घोषणाको परीक्षण गर्ने अधिकार नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम संविधानको धारा ८४, ९६ र ८८(१) र ८८ (२)

**क्षतिपूर्तिको सीमा**

संकटकालिन अवस्थाको समाप्तिपश्चात् पीडित व्यक्तिले राज्यबाट क्षतिपूर्ति पाउँदछ।

**संकटकाल, मानवअधिकार र राज्यको दायित्व**

संकटकालिन अवस्थाको घोषणा भएको अवस्थामा पनि निम्नलिखित अधिकारहरू क्रियाशील रहन्छन्

(१) समानताको अधिकार
(२) वैयक्तिक स्वतन्त्रताको अधिकार
(३) संघ, संस्था खोल्ने हक
(४) बन्दी प्रत्यक्षीकरणको हक
(५) क्रुर तथा अमानवीय र अपमानजक व्यवहारविरुद्धको हक
(६) आस्था र विचारको स्वतन्त्रता
(७) धर्म, संस्कृति र शिक्षाको अधिकार
(८) दासताविरुद्धको अधिकार
(९) देश निकालाविरुद्धको अधिकार
(१०) कानूनको प्रयोग र पालनामा समान संरक्षणको अधिकार
(११) प्रेस स्वतन्त्रता

**संकटकालीन अवधिमा नेपालको अवस्था**

- ३३१९ पक्राउ परेको, १४८८ बैशाख २८सम्म
  - १४५१ राजनीतिक नेता कार्यकर्ता
  - ३७ पत्रकार तथा मानवअधिकारकर्मी
- ६५२ को हत्या। यो संख्या त्यसअघिको दैनिक वा मासिक औसत अंकमा दोब्बर रहेको छ।
- ५८ जिल्लामा हत्याको वारदात भयो। ४५९ लाई माओवादी भएको आरोप लगाइएको छ, १७ सर्वसाधारण र एकजना अज्ञात छ।
- यो अवधिमा माओवादीले ९८ सर्वसाधारणलाई मारे। सेना र प्रहरी मारिएको संख्या क्रमश: २५ र ४३ छ।
- यो अवधिमा भएका ठूला भीडन्तहरू बर्दियाको गणेशपुरमा फेब्रुअरी २८ मा ३ सर्वसाधारणसहित ५० जनाको र रुकुमको खारामा भएको भीडन्तमा ११५ शब प्राप्त भएको तर वास्तविकता अझै बाहिर आउँन बाँकी।
- संचार माध्यममा सेना र प्रहरीले कब्जा जमाएको र कडा सेन्सरसीप लागू गरिएको। एक किसिमको त्रासको वातारवरण, बोलाउने धम्क्याउने कार्य जारी छ।
- संविधानको धारा १२७ प्रयोग गरेर मन्त्री परिषद्मा १० मन्त्रीहरू र दुई उपाध्यक्षहरूको नियुक्ति गरिएको छ।

- माओवादीहरूले २०६१ चैतदेखि दुई सातासम्म प्रमुख राजमार्गहरूमा नाकाबन्दी गरी जनजीवन अस्तव्यस्त बनाएको।
- काठमाडौंदेखि ७० किमी पश्चिममा रहेको चौराहीमा माओवादीले यात्रुवाहक बसमा गोली हानी चालक र यात्रु घाइते।
- कपिलवस्तु जिल्लाको लवनी, प्रसोइया र सिड्घोरखोरमा चैतको दोश्रो सातामा माओवादी समर्थक हुन भनी २० घरमा माओवादी प्रतिकारका नाममा आगो लगाइयो। तीनवटै गाउँमा प्रतिकारको नाममा ३१ जनाको हत्या भएको छ। ६८० घरहरू जलेका छन्। तीमध्ये तीन जना शंकास्पद माओवादीहरू जिउँदै जलाइए।
- चैतको दोश्रो साता नौ जना राजनीतिक नेताहरू छुटे। तर उनीहरूलाई राजनीतिक गतिविधि गर्न दिइएन। नेताहरूसँग भेटघाट गर्नका लागि आएका विदेशी राजदूतहरूउपरसमेत बन्देज लगाइयो।
- संकटकाल लागू भएको घोषणासँगै देशभरिका टेलिफोन, इन्टरनेट बन्द गरियो। छ दिनपछि टेलिफोन र इन्टरनेट खोलियो। तर नजरवन्दमा परेका नेताहरूको टेलिफोन खोलिएन। यो अवधिमा मोवाइल फोन पनि बन्द गरियो। एकैचोटी बैशाख १९ गते मात्र खोलियो। काठमाडौं बाहिर मोवाइल अझै खोलिएको छैन।
- एफ एम स्टेशनहरूलाई समाचारमूलक सामग्री प्रसारण नगर्न आदेश दिइयो। जुन अहिलेसम्म कायमै छ। यही कारण एक हजार रेडियो पत्रकारहरू बेरोजगार हुन पुगे।
- राजनीतिक नेता, मानवअधिकारकर्मीलाई देशभित्र र बाहिर आवत जावत गर्नमा रोक।
- जेनेभामा एजेण्डा आइटम १९ पारित।
- संकटकाल लागू गर्नु राज्यको वाध्यात्मक स्थिति हो भनियो। तर, त्यो वाध्यात्मक स्थिति माओवादी समस्याको समाधानका निम्ति उपयुक्त रहेन भन्ने प्रष्टै देखियो। वार्ता र संवादको संभावनालाई पूरै वेवास्ता गरी लगाइएको संकटकाल समस्याको समाधान थिएन, बरु नेपालको प्रजातान्त्रिक र संसदीय प्रणालीउपर प्रहार गर्न प्रयोग गरियो भन्ने कुरा संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगमा समेत उठ्यो।
- यो अवधिमा अन्तर्राष्ट्रिय सम्बन्ध बिग्रियो। नेपालको छवि बिग्रियो। मित्र राष्ट्रहरूले प्रजातान्त्रिक हक, अधिकार, प्रेस स्वतन्त्रता र मानवअधिकारको बहाली गर्न जोड दिए।

**निष्कर्ष**

- मानवअधिकार र प्रजातन्त्रको अवस्था कमजोर भयो।
- संकटकाल सकिएपछि पनि कतिपय जिल्लामा सञ्चार माध्यमहरू पुरानो अवस्थामा फर्किन सकेका छैनन्।

- प्रेस जगत अत्याधिक मात्रामा प्रताडित भयो। देशव्यापीरूपमा त्रासको वातावरण छाएको छ।
- जेनेभा महासन्धिको पालनामा राज्य र विद्रोही दुवै कमजोर देखिए। जुनसुकै अवस्थामा राज्य र विद्रोही पक्षको समेत मानवअधिकार र मानवीय कानुनप्रतिको उत्तरदायित्व रहन्छ भन्ने कुरा बिर्सिन खोजेको पाइयो।
- वैदेशिक सम्बन्ध बिग्रियो। संकटकालको समर्थन हुन सकेन। दाता राष्ट्रहरूले सहयोग रोक्ने चेतावनी दिए फलत: तीन महिना नपुग्दै संकटकाल फिर्ता लिनुपर्ने बाध्यता भयो।
- कर्मचारी संयन्त्र सजक देखिएको तथा प्रशासनिक कार्य तुलनात्मकरूपमा छिटोछरितो भएको अनुभूति।

●

२०६२ वैशाख २२ गते संखुवासभामा प्रस्तुत आधारपत्र

# संकटकालीन अवस्थामा मानवअधिकारको स्थिति

**अधिवक्ता जगन्नाथ भण्डारी**

### पृष्ठभूमी

सभ्य आधुनिक राज्यको प्रमुख कर्तव्य आफ्ना नागरिकहरूको हित संरक्षण गर्ने हो। तर राष्ट्रिय सुरक्षा वा अन्य दृष्टिकोणबाट मुलुकको सार्वभौमसत्ता, राष्ट्रिय अखण्डतामा आँच आउन सक्ने स्थिति सृजना भएमा वैयक्तिक स्वतन्त्रता, वैयक्तिक अधिकारहरूको आंशिकरूपले कटौति गरेर पनि राष्ट्रिय हितको संरक्षण गर्नु पर्दछ भन्ने संविधान एवं विधिवेत्ताहरूको धारणा भएको हुँदा प्रत्यक्ष वा परोक्ष किसिमबाट संकटकालीन अवस्था घोषणा गर्न सक्ने व्यवस्था आ-आफ्नो देशको संविधानमा राख्न सहमत भएको पाइन्छ। Man was born free but everywhere has is in chain भन्ने विद्वानको भनाई भए झैं स्वतन्त्ररूपमा जन्मेका व्यक्तिहरू धेरै परिस्थितिबाट बाँधिनु पर्ने हुन्छ। सामाजिक सम्झौताको आधारमा राज्यको उत्पत्ति भएको र यसको प्रमुख उद्देश्य नै सामाजिक सुरक्षा रहेकोले सामाजिक सुरक्षा निम्ति नागरिकलाई प्राप्त केही अधिकारहरू नागरिकहरूले राज्यलाई स्वेच्छाले प्रदान गरिने भएको हुँदा राज्यको सुरक्षाको अगाडि व्यक्तिको सुरक्षा गौण मानिने भएकोले संकटकालीन अवस्थाको धारणालाई स्वीकार गरेको पाइन्छ। व्यक्तिको जीवनमा जस्तै राष्ट्रमा पनि विविध प्रकारका उतारचढावहरू र संकटका दिनहरू आउन सक्छन् भन्ने अनुमान गरेर त्यस्तो संकटका समयमा अपनाउनुपर्ने उपायको विषयमा पनि कुनै न कुनै रूपमा कानुनी व्यवस्था गरेको हुन्छ। विधिशास्त्रीय मान्यताअनुरूप पनि राज्यको उद्देश्य मूलत: बाह्य आक्रमणबाट राज्यलाई जोगाउनु अर्थात रक्षा, आन्तरिक शान्ति, सुव्यवस्था र न्याय प्रशासन सुचारुरूपमा सञ्चालन गर्नु रहेको हुन्छ। यसका अतिरिक्त लोक कल्याणकारी कार्यक्रम सञ्चालन गरी लोकहित गर्नु समेत राज्यको कर्तव्य भएकोले राष्ट्रले आफ्नो उद्देश्य पूर्तिका लागि पनि कुनै न कुनै रूपमा संकटकालीन अवस्थाको सम्बन्धमा कानुनी व्यवस्था गरेको पाइन्छ। छोटकरीमा भन्दा मुलुकमा कुनै आपतविपत परेको वा आतंक भएको वा हुने भन्ने समय घोषित गर्ने र त्यस्तो अवस्थामा शासन चलाउन संविधानले दिएको विशेष अधिकारलाई संकटकालीन अधिकार भन्न सकिन्छ।

### विदेशी संविधानमा संकटकाल

विभिन्न देशको संविधानमा संकटकालीन अधिकारको सम्बन्धमा प्रत्यक्षरूपमा व्यवस्था

गर्ने नगर्ने दुवै प्रचलन देख्न पाइन्छ। भारत (भाग १८, धारा ३५२-३६०), बंगलादेश (भाग ९), पाकिस्तान (भाग १०), श्रीलङ्का (भाग १८), नामिबिया (भाग ४), जिम्बाबे (धारा ९८), थाइल्याणड (धारा १५७, १५८), इजिप्ट (धारा १४८), इजरायल (धारा १९४, १९७), आयरल्याण्ड (धारा २८) र फ्रान्स (धारा १६) जस्ता संविधानहरूमा संकटकालीन अधिकारको बारेमा प्रत्यक्ष व्यवस्था गरिएको छ भने संयुक्त राज्य अमेरिका, बेलायत, क्यानडा, अष्ट्रेलिया र जापानका संविधानहरूमा संकटकालीन अधिकारका बारेमा प्रत्यक्ष व्यवस्था गरिएको छैन। प्रत्यक्षरूपमा संकटकालीन अवस्थाको बारेमा उल्लेख नगरे तापनि राष्ट्रध्यक्षले संकटकालीन अवस्था घोषणा गर्न सकिने व्यवस्था छँदैछ। विभिन्न देशको राष्ट्रिय कानुनमा संकटकालीन अवस्था घोषणा गर्न सक्ने अवस्था देखिन्छ भने अन्तर्राष्ट्रिय सन्धिहरूले पनि संकटकाललाई पूर्णरूपमा प्रतिबन्धै लगाएको पनि पाइँदैन।

**नेपालमा संकटकालीन अवस्था**

नेपालको संवैधानिक इतिहास पल्टाएर हेर्दा नेपालको प्रथम लिखित संविधानको रूपमा रहेको नेपाल सरकार वैधानिक कानुन, २००४ को धारा ४६, ४७ मा संकटकालीन अवस्था घोषणा गर्न सक्ने व्यवस्था देखिन्छ। अन्तरिम शासन विधान, २००७ मा सकटकालीन अधिकार सम्बन्धमा कुनै व्यवस्था देखिँदैन भने सो अवधिमा संकटकालीन अवस्था घोषणा गर्नुपर्ने अवस्थासमेत आएको पाइँदैन। नेपाल अधिराज्यको संविधान २०१५ को धारा ५५ मा भएको व्यवस्था २०१७ सालमा बहुदलीय व्यवस्था समाप्त गर्ने अस्त्र बन्यो भन्ने भुक्त भोगीहरूको पनि कमी छैन। नेपालको संविधान २०१९ को भाग १५ धारा ८१ मा पनि संकटकालीन अधिकारको बारेमा उल्लेख गरिएको थियो। नेपाल अधिराज्यको संविधान, २०४७ का निर्माताहरूमध्ये केहीले पहिले २०१५ सालको संविधानको धारा ५५ झल्झल्ती सम्झी पुन: त्यस्तो अवस्था आउन नसकोस् भनी संकटकालीन अधिकारसम्बन्धी व्यवस्था संविधानमा राख्ने नराख्ने भन्ने विषयमा ठूलो विवाद भए तापनि अन्ततः धारा ११५ मा संकटकालीन अधिकारसम्बन्धी व्यवस्था संविधानमा राखियो। जननिर्वाचित सरकार हुँदा नहुँदा दुवै अवस्थामा संकटकाल घोषणा गरियो। पछिल्लो पटक २०६१ साल माघ १९ गते जारी संकटकाल फिर्ता लिएको धेरै भएको छैन।

**नेपालमा संकटकालीनसम्बन्धी संवैधानिक व्यवस्था** (११५ धारा)

नेपाल अधिराज्यको सर्वाभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृंखलाताको कारणले गम्भीर संकट उत्पन्न भएमा श्री ५ बाट नेपाल अधिराज्यभर वा खास क्षेत्रमा लागू हुने संकटकालीन अवस्थाको घोषणा जारी गरिबक्सनेछ। उक्त घोषणा भएको मितिले ३ महिनाभित्र अनुमोदनका लागि प्रतिनिधि सभाको बैठकमा पेश गरिनेछ। प्रतिनिधि सभाको बैठकमा उपस्थित सदस्यहरूको दुई तिहाई बहुमतले अनुमोदन गरेमा घोषणा भएको मितिले ६ महिनासम्म लागू रहने र अनुमोदन नभएमा स्वत: निष्कृय हुने व्यवस्था छ।

**संकटकालमा पनि निलम्बन नहुने अधिकारहरू**

संकटकालीन अवस्थामा राज्यको कार्यकारिणी अधिकार सामान्य अवस्थामा भन्दा शक्तिशाली हुन्छ। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(८) मा संकटकालीन अवस्थाको घोषणा वा आदेश गरी बक्सदा सो घोषणा बहाल रहेसम्मको लागि यस संविधानको धारा १२ उपधारा (२) को खण्ड (क) (ख) र (ङ) धारा १३ को उपधार (१) र धारा १५, १६, १७, २२, २३ (बन्दी प्रत्यक्षीकरणको उपचारबाहेक) निलम्बन गर्न सकिबक्सने व्यवस्था गरिएको छ।

मानवअधिकार नागरिकहरूको प्राकृतिक अधिकारहरू हुन्। मानवअधिकार राज्यले दिने विषय नभई संरक्षण गरिदिने विषय हो। मानवअधिकार लिने दिने विषय होइन। राज्यको कर्तव्य भनेको मानिससँग भएको जन्मजात अधिकार सहजरूपमा उपभोग गर्न सक्ने वातावरण बनाई दिने हो। मानव भएका कारणले प्राप्त हुने न्यूनतम अधिकारहरूलाई राज्यले जस्तोसुकै कठिन परिस्थितिमा पनि सम्मान र संरक्षण गर्नु पर्दछ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६ ले पनि जीवनको अधिकार, यातनाविरुद्धको अधिकार, दासत्वविरुद्धको अधिकार, गैरकानुनी थुनामा नराखिने अधिकार, कसुरभन्दा बढी सजाय नगरिने, कानुनी समानता, धार्मिक स्वतन्त्रताअन्तर्गतका व्यवस्था संकटकालीन अवस्थामा पनि न्यून गर्न नपाउने व्यवस्था गरेको छ (धारा ६, ७, ८(१, २), ११, १५, १६, १८)। उक्त अनुबन्धलाई नेपालले अनुमोदन गरिसकेको हुँदा सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम नेपालले त्यसको पालना गर्नुपर्ने अवस्था छँदैछ भने नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम नै पनि निम्न अधिकार बहाली नै रहेको हुँदा संकटकालीन अवस्थामा पनि नागरिकहरूले उपभोग गर्न पाउनुपर्नेमा के कति अधिकार उपभोग गर्न पाए पाएनन् भन्ने तर्फ सबै भुक्तभोगी भई त्यसलाई व्याख्या गर्नु आमाको अगाडि मामाको बखान हुने हुँदा निलम्बन नहुने बुँदा मात्र उल्लेख गरेको छु।

१. समानताको हक -धारा ११)
२. वैयक्तिक स्वतन्त्रताको हक (धारा १२(१)
३. संघ-संस्था खोल्ने हक (धारा १२(२, ङ)
४. फौजदारी न्यायसम्बन्धी हक (धारा १४)
   (क) कानुनले निषेध नगरेको काममा सजाय नहुने/कानुनमा तोकिएभन्दा बढी सजाय नगरिने
   (ख) एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाउन र सजाय दिन नपाउने।
   (ग) आफ्नोविरुद्ध साक्षी हुने कर लगाउन नपाउने।
   (घ) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमका थुनामा रहेको व्यक्तिलाई अमानवीय, क्रुर र अपमानजनक व्यवहार गर्न नपाउने।
५. संस्कृति तथा शिक्षासम्बन्धी हक (धारा १८)

६. धर्मसम्बन्धी हक (धारा १९)
७. शोषणविरुद्ध हक (धारा २०)
८. देश निकालाविरुद्धको हक (धारा २१)
९. संवैधानिक उपचारको हक (बन्दी प्रत्याक्षीकरण)
१०. नागरिक अधिकार ऐन, २०१२ ले प्रदान गरेका हकहरू

**संकटकालमा कानुनको प्रयोग**

नेपालले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र तथा संकटकाल लगाउन आधार लिएको संविधान निलम्बन नभएका र नहुने धाराको आधारमा पनि नागरिकले धेरै हकहरू उपभोग गर्न पाउनुपर्ने थियो। पहिलेको संकटकालमा देखिएका अन्यौलता यस पटक अन्त्य हुनुपर्ने हो तर अन्यौलको अन्त्य हुनुभन्दा अन्यौलता झन् बढ्न गयो। संविधानको धारा ११२ बमोजिम राजनीतिक दलहरूलाई प्रतिबन्ध लगाउन सकिँदैन। संकटकालीन अवस्था घोषणा गर्दा समेत दलमाथि प्रतिबन्ध लगाइएको छैन तापनि प्रमुख राजनीतिक दलका नेताहरूलाई बिनाकारण नजरबन्दमा राखियो भने राजनीतिक जनाधार नभएका समूहलाई राजनीतिक दलमाथि विष वमन गर्ने खालका कार्यक्रम गर्न पुरै छुट दिइयो। राजनीतिक आस्था विचारका आधारमा भेदभाव गर्न नपाइने समानताको हकको खुलेआम उपहास गरिएको छ। तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेवापत कुनै व्यक्तिलाई सजायको भागी नबनाइने तथा तोकिएभन्दा बढी सजाय नदिने पक्राउ गर्दा पक्राउ भएको कारणसहितको सूचना दिएर मात्र पक्राउ गर्नुपर्ने, आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन र निजबाट पुर्पक्ष गर्न पाउने, अनुसन्धान तकहिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन, त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेको क्षतिपूर्ति दिइनेछ भन्ने जस्ता फौजदारी न्यायसम्बन्धी हकहरू किताबका पानामा सजावटका रूपमा बाहेक प्रयोग भएको अनुभूति नेपाली जनताले गर्न पाएका छैनन्। अदालतबाट क्षतिपूर्ति पाउने ठहरिएका चितवनको एकसमेत नेपाल भरीका कुनै पीडितले संकटकाल नलाग्दा त क्षतिपूर्ति पाउन सकेनन् भने संकटकाल लागेको बखत उक्त क्षतिपूर्ति माग गर्न सक्ने अवस्था नै रहेन। मानवको महत्वपूर्ण अर्को ठूलो अधिकार स्वतन्त्ररूपमा हिँडडुल गर्न पाउने हो तर सरकारले पत्रकार, कानुन व्यवसायी, राजनीतिक दलका नेता, मानवअधिकारकर्मीहरूलाई स्थानहदको नाममा विमानस्थलमा रोक्ने काम भयो। निजहरूलाई स्थानहद गरेको र स्थानहद गर्नुको कारण खोली पूर्व जानकारी गराउनुपर्ने सो गरिएको छैन। स्थानहदको निर्णय गर्दा तर्क, कानुन र न्यायसंगत हुन पर्ने हो तर न्यायको प्राकृतिक सिद्धान्तको सामान्य ख्यालसम्म नराखी स्थानहद गर्ने गरेको पाइयो भने कतिमा त सुरक्षाकर्मीले गरेको कारवाही सरकारलाई जानकारी नभएको भन्ने जस्ता कुरा सार्वजनिक हुँदा सरकार मानवअधिकारप्रति उदास हो कि भन्ने थप आशंका भएको छ।

यसभन्दा अघि संकटकाल लागू हुँदा पनि संविधानबमोजिम निलम्बन नभएका धारामा आधारित मुद्दा र त्यसअघि दर्ता भएका मुद्दाहरूको सुनुवाई गर्न मिल्ने नमिल्ने भन्ने विवाद उठेको हुँदा मुद्दा हेर्न र न्यायिक उपचार प्रदान गर्न सकिने (रिट नं. ३१७० मदनबहादुर केसीविरुद्ध भुसुका) भनी नजिर बनिसकेको अवस्थामा न्यायिक उपचार दिन नमिल्ने भनी पुनः सोही संवैधानिक आधारमा संकटकाल लाग्दा रजिष्ट्रारले त्यस्ता प्रकृतिका मुद्दामा दरपिठ गरिदिएको हुँदा लामो समयसम्म न्यायिक क्षेत्रसमेत अन्यौल बन्दा नागरिकको हक प्रचलनमा ढिलाई हुन पुग्यो अन्ततः पुनः सर्वोच्च अदालतले मुद्दा हेर्न र न्यायिक उपचार प्रदान गर्न सकिने भनी बोलेपछि मुद्दा मामिलामा सुनुवाई हुन थालेको छ।

बालबालिका शान्ति क्षेत्र हुन् भन्ने नारा भए तापनि बालबालिकाले पढ्ने विद्यालयहरू संकटकालको लामो समयसम्म विद्रोही नेकपा (माओवादी) पक्षको आह्वानमा बन्दै रहे। विद्यालयको बन्दको औचित्य नत विद्रोही पक्षले पुष्टी गर्न सक्यो नत राज्य पक्षले बन्दलाई खुलाउन नै सक्यो। तसर्थ शिक्षासम्बन्धी हक पनि कुण्ठित हुन पुगेको छ।

संविधानको धारा १३ बाहेक प्रेससँग सम्बन्ध राख्ने छापाखाना तथा प्रकाशन ऐन, २०४८, प्रेस काउन्सिल ऐन, २०४८ राष्ट्रिय प्रसारण ऐन, २०४९ एवं उक्त ऐनसँग सम्बन्धित नियमद्वारा संरक्षित हक अधिकार क्रियाशील भएकै भए तापनि संकटकालको सबैभन्दा बढी असर राज्यको चौथो अंगको रूपमा रहेको प्रेस जगतलाई परेको छ। श्री ५ बाट जारी घोषणामा निलम्बन वा निष्कृय नभएका हकहरू प्रचलन गर्न गराउन कुनै बाधा देखिँदैन। विभिन्न साप्ताहिक पत्रिकालाई स्पष्टीकरण सोध्ने, प्रकाशनमा रोक लगाएको छ। छापाखाना तथा प्रकाशन ऐन २०४८ ले पत्रिका बन्द गर्न मिल्दैन। एफ. एम. रेडियोहरूले सूचना प्रवाह गर्न पाएका छैनन्। श्री ५ को घोषणा तथा प्रचलित कानुनले निषेध नगरको विषयमा समेत समाचार सम्प्रेषण गर्न समेत नदिई प्रेस स्वतन्त्रतालाई कुण्ठित पुऱ्याएको छ। त्यसले गर्दा मानवअधिकार संरक्षणमा रोक लागेको छ।

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ११ मा न्यायपालिकासम्बन्धी व्यवस्था भएको छ। नेपाल अधिराज्यको न्यायसम्बन्धी अधिकार यो संविधान र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा अन्य न्यायिक निकायबाट प्रयोग गरिनेछ (धारा ८४) भन्ने व्यवस्था गरिएको छ भने मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले पालना गर्नुपर्छ (धारा ९६) भन्ने व्यवस्था भएकोमा सम्मानित अदालतबाट रिहा गरिएको नागरिकहरूलाई बिनाकारण अदालत परिसरबाटै पक्राउ गर्ने गर्नाले कानुनी राज, स्वतन्त्र न्यायपालिकाको अवधारणा पूर्ण पालना हुन सकेको छैन।

**क्षतिपूर्ति माग्न सकिने**

संकटकालीन अवस्थामा कुनै पदाधिकारीले लापरवाही तथा बदनियतपूर्वक काम गरी कसैलाई क्षति पुग्न गएको स्थितिमा संविधानको धारा ११५(१०) ले सो घोषणा वा आदेश

समाप्त भएको मितिले ३ महिनाभित्र आफूलाई परेको क्षतिवापत क्षतिपूर्तिको दावी गर्न सक्ने र दावी मनासिव ठहऱ्याएमा अदालतले उचित क्षतिपूर्ति भराई दिन सक्नेछ भन्ने व्यवस्था संविधानमा गरेको हुँदा संकटकालका नाममा जथाभावी गर्न छुट दिएको अर्थ गर्न मिल्दैन। संकटकालमा मानवअधिकारको पुरै अन्त्य भयो भनी नागरिकहरू हतास नै हुन पर्ने अवस्था हुँदैन।

**निष्कर्ष**

जे जस्तोसुकै कारणबाट संकटकाल घोषणा गर्न परे पनि मानवका निमित नभई नहुने न्यूनतम मानवअधिकारको कटौति गर्न सकिँदैन ताकि मानवअधिकार सरकारले दिने विषय होइन। मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्नु राज्यको मूल कर्तव्य नै हो।

विद्रोह वा जे जस्तोसुकै कारणले गर्दा संकटकाल लगाउन पर्ने भए पनि संवैधानिक तथा कानुनी प्रक्रिया पुऱ्याएर लगाउन पर्ने हुन्छ। संकटकाल लगाउनै नपर्ने वातावरण सृजना गर्न सत्ता पक्ष तथा सत्ता बाहिर रहेका व्यक्ति एकजुट रहनु पर्दछ। मुलुकमा संकटकाल घोषण गर्नुपर्ने कारण अन्त्य लागि सत्तामा बसेका तथा सत्ता बाहिर रहेका सबै राजनीतिक दल, नागरिक समाज लाग्नुपर्ने अवस्था छ। एकको असहयोगमा एक पक्षले मात्रै संकटकाल नआओस् भन्ने कामना गरेर मात्रै हुने अवस्था छैन।

संवैधानिक प्रावधानबमोजिम निलम्बन नभएका हकको प्रचलन गराउन न्यायालयहरू सक्रिय भई लाग्नु पर्दछ। संकटकाल घोषणा भएका बेला राज्यपक्षबाट बद्नियतपूर्वक विपरीत कुनै काम गरेबाट कुनै नागरिकलाई क्षति पुग्न गएको रहेछ भने क्षतिपूर्तिका लागि अदालतमा जानुपर्ने र त्यसका लागि मानवअधिकारकर्मीहरूले सचेतना कार्यक्रम नै सञ्चालन गर्नु पर्दछ।

मानवअधिकारका सम्बन्धमा संयुक्त राष्ट्रसंघले अघि सारेका सिद्धान्तहरूप्रति सहमति जनाउने सवालमा नेपाल विश्वमा नै अग्रपंक्तिमा पर्दछ तर सैद्धान्तिक सहमति वा प्रतिबद्धतालाई व्यवहारमा उतार्ने विषयमा भने नेपाल अत्यन्त पछाडि देखिएको छ। सहमति जनाएका विषयलाई व्यवहारमा लागू गर्न र लागू गर्न नसक्ने अनुमोदन गर्दा विचार पुऱ्याउनु पर्दछ।

अन्त्यमा, मुलुकमा शान्ति स्थापना नभएसम्म सबै क्षेत्रमा आशातित विकास सम्भव नहुने भएको हुँदा मानवअधिकारको विकास यसको विकल्प हुन सक्दैन। द्वन्द्व, कलह, दोषादोष गर्नाले कुनै पक्षलाई फाइदा नपुग्ने हुँदा, हतियारको प्रयोग छोडी सबैका अस्तित्व स्वीकार गरी वार्ता एवं सम्वादको माध्यमबाट अगाडि बढेमा राज्य पक्षबाट हुने मानवअधिकार हनन् तथा गैरराज्य पक्षबाट हुने मानवअधिकार ज्यादति दुवैमा कमी आई मानवअधिकारको संरक्षण एवं प्रवर्द्धनमा सहयोग पुग्ने देखिन्छ। ●

*२०६२ जेठ १६ गते चितवनमा प्रस्तुत आधारपत्र*

# संकटकाल, मानवअधिकार र राज्यको दायित्व

**अधिवक्ता राजकुमार वन, उपप्राध्यापक**
अध्यक्ष पुनरावेदन अदालत बार एशोसिएशन, इलाम

**विषय प्रवेश**

बहुदलीय व्यवस्थाको आगमनसँगै मुलुकमा असल शासनको परिकल्पना नेपाली जनताले गरेकोले र नेपाल अधिराज्यको संविधान, २०४७ मा मानवअधिकार, कानूनको शासन, स्वतन्त्र न्यायपालिका एवं जनतामा निहित सार्वभौम अधिकार जस्तो प्रजातन्त्रका लागि अपरिहार्य आधारभूत संरचनाहरूको संवैधानिक व्यवस्थासमेत भएको हुँदा नेपाली जनताले सरकारबाट ज्यादै ठूलो आशा र भरोसा राखेको थिए। तर जनताको इच्छा र आकांक्षा सरकारले पूरा गर्न सकेन। मुलुकमा व्याप्त भ्रष्टाचार, नातावाद र कृपावादले जनतामा नैराश्यता ल्यायो। विगत ९ वर्ष माओवादीले जनयुद्धको नाममा देशमा अशान्ति फैलाएको कारणबाट साँच्चै नै आज मुलुक संकटग्रस्त अवस्थामा गुज्रिरहेको छ। बहुदलीय व्यवस्थाको शुत्रपात भएपछि विगत १४ वर्षको ऐतिहासिक कालखण्डमा मुलुकमा ३ पटक संकटकालको घोषणा भइसकेको छ। संकटकाललाई आपत विपतको काल पनि भनिन्छ। "संकटकाल भनेको आपत विपतको स्थिति र अप्ठ्यारो अवस्था हो।"[1] संकटकालको अवधिभर राज्य आपतमा परिरहेको हुन्छ। "संकट ज्यादै असजिलो अवस्था हो।"[2] संकट टार्न राज्यले व्यवस्था गरेका तिनै उपायका कडी नै संकटकालीन अधिकारसम्बन्धी नियम हुन्। संकट टार्ने प्रयोजनबाट अघिल्लो पटक गरिएको घोषणामा जुन कारण र अवस्थालाई उल्लेख गरिएको थियो। सोही कारण र अवस्थालाई पछिल्लो पटक पनि आत्मसात गरी फेरी तिनै संविधानका धाराहरूलाई निलम्बन गरिएकोले उक्त तिनै वटा संकटकालमा सिद्धान्ततः कुनै भिन्नता देखिँदैन। २०६१ माघ १९ मा जारी भएको संकटकालको अवधि निर्धारित समय भन्दा दुई दिन अगावै अर्थात २०६२ बैशाख १७ मा समाप्त भइसकेको भए पनि संकटकालमा मानवअधिकार के कस्तो अवस्थामा अवस्थित रहन्छ र राज्यको दायित्व के हुन्छ भन्ने बारेमा यस लेखमा संक्षिप्त समिक्षा गर्ने प्रयत्न गरिएको छ।

**संकटकालसम्बन्धी अवधारणा र संवैधानिक व्यवस्था**

राज्यको जीवनमा आईपर्ने संकट टार्नको लागि हरेक राज्यले त्यसको उपायहरूको बारेमा संविधानमा व्यवस्था गरेको हुन्छ। लिखित संविधान नहुने मुलुकहरूमा पनि राज्यले पृथक कानूनको निर्माण गरेर संकट टार्न हर प्रयत्न गरिरहेको हुन्छ। संविधानद्वारा प्रद्दत जनताका मौलिक हक अधिकारहरू संकटकालको घडिमा राज्यको संकट टार्ने उपायको कडीहरूबाट

प्रजातान्त्रिक राज्य व्यवस्थामा पनि संकुचन भएका हुन्छन्। राष्ट्रिय सुरक्षा र सार्वभौमिकताको रक्षाको सन्दर्भमा व्यक्तिको वैयक्तिक स्वतन्त्रताहरू गौण हुन्छन् भन्ने मान्यताले नै संसारका सबै सभ्य राष्ट्रहरूले संकटकालीन अधिकारको बारमा संविधानमा यथोचित व्यवस्था गरेको हुन्छ। सामाजिक सम्झौताको सिद्धान्त (Thory of Social Contract) को आधारमा नागरिकको हक स्वेच्छाले नागरिकले नै राज्यमा परित्याग गरेको हुन्छ भन्ने अवधाराणा भए पनि सोही सिद्धान्तका आधारमा राज्यले नागरिकको हक अधिकारको संरक्षण सम्बर्द्धन गर्न नसकेको खण्डमा आफ्नो अधिकार र नागरिकहरूले राज्यबाट पुन: फिर्ता लिन सक्ने अवस्था देखिन्छ। संकटकालमा विधायिकी अधिकार र न्यायपालिकीय अधिकारमा केही नियन्त्रण गरी कार्यकारिणी अधिकारलाई अरु बेलाको भन्दा बढी अधिकार प्रदान गरिएको हुन्छ तापनि अधिकारको बढोत्तरीले सरकार निरंकुश र निर्दयी कदापी बन्न सक्दैन। उसको पनि केही सिमा र बन्देजहरू भएकोले संकटकालको दुरुपयोग गर्न मिल्दैन भन्ने मान्यता रही आएको छ।

**विभिन्न देशमा संकटकाल**

संकटकालीन अधिकारलाई संविधानमा उल्लेख गर्ने  र नगर्ने देशहरू प्रशस्त मात्रामा छन्। संविधानमा संकटकालीन अधिकारको बारेमा व्यवस्था नगर्ने देशहरूले पनि कुनै न कुनै ढंगले अवस्था र परिस्थिति अनुसार यसको उपयोग गर्ने गरेको पाइन्छ। संकटकालीन अधिकारको बारेमा व्यवस्था गर्ने देशहरूमा खासगरी भारत (भाग १८), बंगलादेश (भाग ९), पाकिस्तान (भाग १०) श्रीलंका (भाग १८), ब्रुनाई, तान्जानिया (धारा ८३), नामिविया (भाग ४), जिम्बाबे (धारा ९८), थाइलैण्ड (धारा १५७), ईजिप्ट (धारा १४०) छन्।[३] यी देशहरूको संविधानलाई अध्ययन गरी हेर्दा आन्तरिक तथा वाह्य सुरक्षाको सवालमा राज्य प्रमुखले शान्ति प्रगति र स्थायित्वको खातिर संकटकालीन अधिकारको घोषणा गर्न सक्ने प्रावधान रहेको देखिन्छ। संकटकालीन अधिकारको घोषणा गर्न सक्ने प्रावधान रहेको देखिन्छ। संकटकालीन अधिकारको संविधानमा चर्चा नगरिएका देशहरूमध्ये अमेरिका, अष्ट्रेलिया र जापानलाई प्रमुखरूपमा लिन सकिन्छ। संकटकाललाई संविधानमा प्रत्यक्ष उल्लेख नगरिए पनि अमेरिकाको राष्ट्रपति कार्यकारिणी प्रमुख तथा प्रधान सेनापति भएकोले राष्ट्रपतिले सैन्य शक्तिलाई हवाला दिएर निश्चित अवधिका लागि नागरिकको हक निलम्बन गरी संकटकाललाई टार्ने प्रयत्न गरेको पाइन्छ। अमेरिकामा संकटकालीन अवस्था विद्यमान छ छैन भनी सो को निर्क्यौल गर्ने अधिकार राष्ट्रपतिलाई नै कानूनले प्रदान गरेको छ। वेलायतमा लिखित संविधान नभएपनि संकटकालीन स्थितिको आगमनमा संसदबाट कानून बनाएर संकटकाल घोषणा गरी संकटकाल टार्ने प्रयत्न गर्दै आएको पाइएबाट  संविधानमा स्पष्ट रूपमा संकटकालीन व्यवस्थाको उल्लेख नभए पनि संकटकालको घोषणा गर्न राज्य प्रमुखलाई कुनै हर्जा भएको देखिदैन।

**संकटकाल र यसका सिमाहरू**

संकटकालमा नागरिकको हक अधिकार सरकारले निलम्वन गर्ने भएकोले नै जीउ धन

सरकारी भन्ने उक्ति प्रचलनमा आएको हो। निश्चय पनि राज्यको कार्यकारिणी अधिकार अरु अवस्थामा भन्दा संकटकालमा बढी हुन्छ तर अनियन्त्रित शक्ति संकटकालको वहानामा कुनै पनि हालतमा सरकाले प्रयोग गर्न सक्दैन। राज्य र सरकार फरक कुरा भएकोले सरकारले केवल राज्यको प्रतिनिधित्व मात्र गर्दछ। राज्यको सुरक्षाको नाममा सिद्धान्ततः सरकारले जनतामा निरंकुशता लाद्‌न सक्दैन। संकटकालमा पनि राज्यको सिमा र दायित्व परिलक्षित गरिएको हुन्छ।

संकटकाल भनेको कानूनविहीन काल होइन। नागरिकहरूको अधिकार कानूनले प्रत्याभूत गरेको हुन्छ भने सो अधिकार निलम्बन गर्दा कानूनको यथोचित प्रकृया नै अवलम्बन गर्नुपर्छ। कानूनी शासनको अवधारणामा कानूनभन्दा ठूलो कोही हुँदैन र कुनै पनि कुरा कानूनी दायरा भन्दा वाहिर छ भनेर अनुमान गर्नु हुँदैन। फेरी अधिकारको निलम्बन भनेको केवल स्थगन मात्रै हो, पुर्ण समाप्ति होइन। स्थगन गरिएका नागरिकको हक अधिकारहरू पुनः क्रियाशिल हुन सक्छन् भन्ने कुरा सरकारले सदैव हेक्का राखि तदनुसार काम कारवाही गर्नुपर्ने देखिन्छ।

**क) संकटकाल लागू गर्नु पूर्वको अवस्था**

संकटकाल लागू हुनको लागि निश्चित समय र परिस्थितीको आगमन भएको हुनपर्दछ। जुनसुकै वेलामा संकटकाल लागू हुन नसक्ने कुरा हरेक देशको संविधान तथा कानुनमा उल्लेख छ। संकटकालीन परिस्थिति मुलुकमा उत्पन्न हुने सम्भावना र आशंकाको आधारमा संकटकाललाई लागू गर्न सकिँदैन। संकटकाल लागू गर्न निम्न लिखित कारण र आधार विद्यमान भएको अवस्थामा संकटकालको घोषणा गर्न सकिने कुरा विभिन्न देशका संविधानमा उल्लेख छः

क) युद्ध वा वाह्य आक्रमण वा सशस्त्र विद्रोह वा संवैधानिक संयन्त्र विफल भएको हुनुपर्छ।
ख) आर्थिक संकट उत्पन्न भएको हुनुपर्छ।
ग) राष्ट्रियता सार्वभौमसत्ता वा सुरक्षामा खतरा उत्पन्न भएको अवस्था हुनुपर्छ।

**ख) संवैधानिक प्रक्रिया**

संकटकाल लागू गर्नु पूर्वको अवस्था विद्यमान भई राष्ट्र प्रमुखलाई संकटकालको घोषणा गर्ने इच्छा जागेर आउँदैमा मात्रै पनि कानून तथा संविधानले निर्दिष्ट गरेको आवश्यक प्रक्रिया पूरा नगरी संकटकाल लागू गर्न सकिने अवस्था देखिँदैन। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५(१) मा श्री ५ लाई संकटकालको घोषणा वा आदेश जारी गर्न सक्ने अधिकार दिएको[४] भएपनि संविधानको धारा ३५(२) लाई पृथक गरेर यसलाई हेर्न विल्कुलै मिल्दैन।

**ग) संकटकालको अनुमोदनसम्बन्धी व्यवस्था**

संकटकालको घोषणा उक्त व्यवस्था अनुसार गरे पनि संविधानले समयको पावन्दी प्रारम्भमा ३ महिना मात्र निर्धारण गरी दिएको र निर्धारित समयको भुक्तान पछि पनि संकटकाललाई निरन्तरता दिनुपर्ने भएमा त्यतिबेला धारा ११५ (३) बमोजिम सार्वभौम जनताको

अनुमोदनको लागि प्रतिनिधि सभामा प्रस्तुत गर्नु पर्छ। संसदबाट अनुमोदन भएको खण्डमा थप ३ महिनाको म्याद थप भई ६ महिनासम्म संकटकाल कायम रहन्छ। भारतमा हाल प्रारम्भमा एक महिना र संसदबाट अनुमोदन भएमा ६ महिना सम्म संकटकाल कायम रहने व्यवस्था छ। प्रतिनिधि सभा विघठन भएको अवस्थामा धारा ११५ (६) बमोजिम प्रतिनिधि सभाको प्रयोग राष्ट्रिय सभाले गर्ने छ।

**घ) क्षतीपूर्तिसम्बन्धी व्यवस्था**

बहुदलवादी पद्धतिमा सरकारमा बस्ने व्यक्तिले आफू लामो समयसम्म सत्तामा टिक्ने दाउपेचको रूपमा एवं विपक्षी दललाई पेल्ने कुत्सित इरादाबाट पनि संकटकालको घोषणा गर्न सक्छ। भारतमा सन १९७५ मा तत्कालिन प्र.म. इन्दिरा गान्धीले संकटकालको घोषणा यस्तै बदनीयतबाट भएको थियो भन्ने कुरा ३१ मार्च सन १९७७ मा तत्कालिन गृह मन्त्रीले रहस्योद्घाटन गरेपछि सार्वजानिक रूपमा जानकारीमा आएको थियो।[५] अत: यिनै कुराहरूलाई हृदयङगम गरी हम्रो देशको संविधानको धारा ११५(१०)मा संकटकालको अवस्थामा कुनै पदाधिकारीले कानून विपरीत वा बदनियत साथ कुनै काम गर्दा कसैलाई क्षती भएको रहेछ भने निजले संकटकालको आदेश समाप्त भएको मितिले ३ महिना भित्र क्षतीपूर्तिको दावी गर्न सक्छ र अदालतले उचित क्षतीपुर्ति भराई दिन सक्ने व्यवस्था गरेको छ।

**संकटकालमा मानवअधिकारसम्बन्धी व्यवस्था**

मानवअधिकार भन्ने वित्तिकै मानिसको यो जन्मसिद्ध शास्वत अधिकार हो। राज्यको आधुनिक स्वरुप र संरचनाभन्दा अगावै मानवअधिकारको प्रादुर्भाव भएको हुँदा यसलाई कसैले पनि खोस्न मिल्दैन। मानिसको बाँच्न पाउने अधिकार, दासत्वविरुद्धको अधिकार, यातना एवं अमानवीय व्यवहारविरुद्धको अधिकार मानिस मात्रको यस्तो अधिकार हो जो कसैको दया निगाहबाट प्राप्त नभई जन्मसिद्ध अधिकार भएकोले राज्यले यो मानिसको नैसर्गिक हक अधिकारलाई सदैव सम्मान र संरक्षण गर्नु पर्छ भन्ने मान्यता रहेको छ। यी अधिकारहरूको हनन कुनै पनि हालतमा क्षम्य हुन सक्दैन मुलत: यहाँ राज्यको तर्फबाट बुझ्नुपर्ने कुरा के छ भने मानवअधिकार भन्ने कुरा संकटकाल घोषणा भएको अवस्थामा पनि वहाल रहन्छ। अघिल्लो दुवै पटक जारी संकटकालमा संविधानको धारा १२ (२) (क) (ख) (घ) (ङ), १३ (१), १५, १६, १७, २२, २३ (बन्दी प्रत्यक्षीकरणवाहेक) निलम्वन भएका थिए भने यसपाली २०६१ माघ १९ गते जारी गर्दा पनि तिनै धाराहरू निलम्वन भएको हुँदा निलम्वन नभएका धाराहरू ११, १२ (१) (ग), १४, १८, १९, २०, २१ संकटकालमा पनि क्रियाशिल हुन्छन् भनेर सबैले बुझ्नु जरुरी छ। अत: संकटकालमा पनि निम्न अधिकारहरू क्रियाशिल हुन्छन्:

क) समानताको अधिकार
ख) वैयक्तिक स्वतन्त्रताको अधिकार
ग) संघ-संस्था खोल्ने स्वतन्त्रताको अधिकार

घ) बन्दीप्रत्यक्षीकरणको उपचारको अधिकार
ङ) फौजदारी न्यायसम्बन्धी अधिकार
च) क्रुर अमानवीय तथा अपमानजनक व्यवहारविरुद्धको अधिकार
छ) धर्म संस्कृति तथा शिक्षाको अधिकार
ज) आस्था र विचारको स्वतन्त्रता
झ कानूनको प्रयोग र पालनामा समान संरक्षणको अधिकार
ञ) देश निकालाविरुद्धको अधिकार
ट) दासताविरुद्धको अधिकार

**संकटकालमा अन्तर्राष्ट्रिय दायित्व**

पछिल्लो पटक २०६१ माघ १९ गते जारी भएको संकटकालले राष्ट्रभित्र मात्र होइन अन्तर्राष्ट्रिय क्षेत्रमा पनि धेरै चर्चा पायो। नेपालको उन्नति र विकासमा अन्तराष्ट्रिय समुदायको पनि ठूलो हात रहेको हुँदा खास गरी मानवअधिकारको विषयमा अन्तर्राष्ट्रिय समुदायले चिन्ता र चासो राख्नु स्वभाविक हो। नेपालले अहिले सम्म १६ वटा मानवअधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरी सकेको र सन्धि ऐन २०४७ को दफा ९ मा अन्तर्राष्ट्रिय दायित्वलाई नेपाल कानूनसरह पालना गर्नुपर्ने भन्ने उल्लेख भएकोले[६] नेपालको मानवअधिकार संरक्षणको खस्कँदो परिस्थिती प्रति अन्तर्राष्ट्रिय समुदाय चिन्तित हुनु स्वभाविकै हो।

नागरिक र राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६ एवं आर्थिक, सामाजिक सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६ लाई नेपालले मिति २०४८।१।३१ मा एकै दिन अनुमोदन गरेको भएबाट[७] यी महासन्धिहरूलाई अनुमोदन गर्ने राष्ट्रहरूले त्यसमा उल्लेखित प्रावधानहरूलाई अनिवार्य पालना गर्नुपर्ने कुराहरूमा दुईमत हुन सक्दैन। नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा ४ (१) बमोजिम राज्यले संकटकालको घोषणा जारी गरेको अवस्था सम्मको लागि मानवअधिकारको केही पक्षहरूलाई निलम्वन गर्न सक्ने भए पनि धारा ४(२) ले मानिसको निम्न अधिकारलाई राज्यले कुनै पनि अवस्थामा हनन गर्न सक्ने देखिँदैन।[८]

क) मानिसको बाँच्न पाउने अधिकार (धारा ६(१))
ख) मृत्यू दण्ड खारेज नभएको देशमा यस्तो दण्डको लागि सक्षम न्यायलयबाट सुनुवाई गर्न पाउनु पर्ने अधिकार (धारा ६(२))
ग) यातना, क्रुरता, अमानवीय व्यवहार र सजायविरुद्धको अधिकार (धारा ७)
घ) दासता र सबै प्रकारको दासत्वविरुद्धको अधिकार (धारा ८)
ङ) स्वतन्त्र विचार र धर्मसम्बन्धी अधिकार (धारा १८)

**च) जहाँसुकै कानूनको अगाडि व्यक्तिको रूपमा उभिन पाउने अधिकार**

उपरोक्त उल्लेखित अधिकारहरूको संरक्षण र सम्बर्द्धन गर्ने प्रतिबद्धता राज्यले जाहेर गरिसके पछि प्रतिबद्धताको उल्लंघन गरेमा मानवअधिकार हनन भएको ठहरिन्छ। यूरोपियन मुलुकहरूले संकटकालको अवधिमा नेपालमा मानवअधिकारको स्थिति खस्किएको छ भनेको कुरा सुन्नमा आएको छ। भारतले तिनै कुरामा अडिग रहेर दिँदै आएको सैनिक सहायतामा रोक लगाएको छ। यूरोपका धेरै मुलुकहरू नेपालको मानवअधिकारको बारेमा चिन्ता व्यक्त गरी रहेका छन्। नेपालमा मानवअधिकार आयोग स्थापना भइसकेको र सरकारी तवरबाट पनि भर्खरै महान्याधिवक्ताको संयोजकत्वमा मानवअधिकार समिति गठन भई सक्दा पनि राष्ट्रसंघीय मानवअधिकार उच्चआयोगले नेपाल स्थित मानवअधिकार उच्चआयोग कार्यालय प्रमुखमा इयान मार्टिनलाई मानवअधिकारको स्थिति अनुगमन गर्न नियुक्त गरी सकेको स्थिती विद्यमान छ।[९]

**संकटकालमा प्रेस स्वतन्त्रता**

संकटकालीन अधिकारको घोषणामा संविधानको धारा १३,१६ परे पछि प्रेससम्बन्धी स्वतन्त्रता राज्यद्वारा हनन हुन्छ की हुँदैन ? यो मुलभूत प्रश्न हो। संविधानको धारा १३, १६ निलम्वन भए पनि छापाखाना तथा प्रकाशन ऐन, प्रेस काउन्सिल ऐन, रा.स.स. ऐन, राष्ट्रिय प्रसारण ऐनले प्रत्याभूत गरेको प्रेससम्बन्धी हकहरू संकटकालमा पनि क्रियाशिल हुन्छन्। संविधानको उक्त धाराहरू निलम्वनमा परेको कारणबाट प्रेस स्वतन्त्रतामा संकट आउनु हुँदैन भन्ने मान्यता प्रवलरूपमा रही रहँदा पनि व्यवहारमा त्यस्तो पाइएन। संकटकालमा पत्रिका सेन्सरसिपमा पर्‍यो। एफएमबाट आउने समाचारको प्रसारण बन्द भएबाट दाङबाट प्रकाशन हुने युगवोध दैनिक र गाउँघर साप्ताहिक प्र.जि.अ. को आदेशबाट बन्द भए[१०] तर प्र.जि.अ.लाई प्रकाशनमा रोक लगाउन पाउने अधिकार कानूनले दिएको देखिदैन। न त श्री ५ महाराजधिराजबाट जारी भएको घोषणामा नै ती कुरा अन्तरनिहीत छन्।[११] कानूनले निषेध नगरेको श्री ५ को घोषणामा पनि नपरेर पृष्ठभूमिमा सरकारले प्रेस स्वतन्त्रतामा अंकुस लगायो भन्ने गुनासो पत्रकार महासंघको सभापतिले तत्काल गर्नु भएको थियो। जनताले सुसूचित हुने अधिकार अन्तर्गत सूचनाको हक निर्वाधरूपमा जनताले उपभोग गर्न पाउनु पर्छ। संकटकालमा मानवअधिकारको जीवन्तता जाँच गर्ने कडी नै प्रेस स्वतन्त्रता भएकोले प्रेसमाथि नियन्त्रण गर्ने सोच राज्यले हटाउँदै जानु पर्छ किन की विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रजातन्त्र र मानवअधिकारको आधार स्तम्भ हो। प्रेस स्वतन्त्रता स्वतन्त्रताको पनि जननी हो।

**संकटकालमा अदालतको भूमिका**

संकटकालको घोषणा संविधानबमोजिम भएको छ छैन भनेर जाँच्ने निकाय नै सर्वोच्च अदालत हो। भारतको संविधानमा पनि यस विषयमा न्यायिक पुनरावलोकन गर्ने व्यवस्था रही आएको पाइन्छ। संकटकालमा कार्यकारिणी अधिकार शक्तिशाली भए पनि संकटकालको घोषणामा नपरेका जनताको हक अधिकार कुण्ठित भएको स्थितिमा संविधानको धारा ८८ बमोजिम संवैधानिक उपचारको व्यवस्था गरिएको छ। जनताको अधिकार पूर्ण रुपले खोस्ने

इरादाले निलम्वन गरिएको वा केही समयको लागि स्थगन गरिएको हो भनेर जाँच्ने हैसियत केवल अदालतलाई मात्र छ। २०६१ माघ १९ मा जारी भएको संकटकालपछि सर्वोच्च अदालतमा परेको रिटमा संकटकालीन घोषणामा नपरेको मौलिक हक अधिकारसम्बन्धी उपचारको रिट अदालतले हेर्न मिल्छ भनी सर्वोच्च अदालतले गरेका निर्णयले न्यायालयको गरिमा राख्ने काम मात्रै गरेन की नेपाल बार एशोसिएशनका भू.पू. अध्यक्ष सिन्धुनाथ प्याकुरेल, मानवअधिकारवादी नेता गौरी प्रधानलाई समेत बन्दीप्रत्यक्षीकरण जारी गरी सरकारको गैरकानूनी थुनाबाट मुक्त गरेबाट संकटकालको घडीमा पनि न्यायलयले आफ्नो वर्चस्व कायम राखेको छ। निलम्बनमा परेका र संकटकाल लागू हुनु अघि परेको रिट संकटकालको अवधिमा अदालतले सुनुवाई गर्न मिल्छ भनेर यस सम्बन्धमा सर्वोच्च अदालतले फैसला गरिसकेको छ।[१२]

**मेची अञ्चलमा संकटकाल**

पछिल्लो पटक संकटकाल जारी हुँदाका बखत काठमाण्डौ लगायत अन्य ठाउँमा सरकारी धरपकड रहे पनि मेची अञ्चलमा स्थानीय निकायका अधिकारीबाट संकटकालको दुरुपयोग भएको पाईएन। संकटकालको बखत इलाम जिल्लाको ने.का. सभापति हिमालय कर्मचारीलाई कांग्रेसको जिल्ला अधिवेशन समापन गरी नारा जुलुस सहित इलाम बजार परिक्रमा गर्ने क्रममा सुरक्षा निकायबाट पक्राउ गरी एक महिना प्रहरी हिरासतमा राखियो भने निजको थुनाको वैधताका लागि बन्दीप्रत्यक्षिकरणको रिट परेन। झापा, पाचथर, ताप्लेजुङमा समेत छिटपुट सामान्य घटना भए वाहेक अरु गम्भीर किसिमको घटना भएन। विद्रोही पक्षबाट भने संकटकालको अवधिमा थुप्रै अमानवीय घटनाहरू घटाएको कुरा विद्युतीय संचार माध्यमबाट सुन्नमा आएको थियो। पुनरावेदन अदालत इलाममा मेची अञ्चल भरीको गैरकानूनी थुनासम्बन्धी बन्दीप्रत्यक्षीकरणको रिट हेर्ने व्यवस्था भए पनि सो अवधिभर एउटा रिट पनि परेन। राजनीतिक दलहरूले संकटकालको अवधिभर राजनीतिक गतिविधि गर्न सकेनन्।

**निष्कर्ष**

क) संकटकालको आदेश जारी गर्ने अधिकार राष्ट्रप्रमुखलाई भए पनि त्यसको वैधताको मापन सक्षम अदालतबाट हुनुपर्छ।

ख) संकटकालमा पनि मानवअधिकारका न्यूनतम सर्तहरू पूर्णत: हनन हुन सक्दैन।

ग) निलम्वनमा नपरेका हकहरू क्रियाशिल भएर बस्छन्।

घ) निलम्वनमा नपरेका संवैधानिक हकहरूको आधारमा न्याय प्राप्त गर्ने हक सबै नागरिकलाई भएकाले न्यायपालिकाले न्यायिक दायित्वबाट उम्कन मिल्दैन।

ङ) विचार अभिव्यक्तिको स्वतन्त्रता संकटकालमा पनि हनन हुनु हुँदैन।

च) कानूनको शासन कायम रहुँन्जेल पत्रिकामा सेन्सरसिप कतैबाट गरिनु हुँदैन। पत्रिकाको दर्ता खारेज पनि कुनै हालतमा पनि हुनु हुँदैन।

छ) विद्रोही पक्षले समेत जेनेभा महासन्धि समेतका मानवीय कानूनलाई परिपालना गर्नु पर्छ।

ज) मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्वबाट राज्यले कहिल्यै उन्मुक्ति पाउँदैन।[१३]

●

**पाद टिप्पणी**

१) नेपाली वृहत शब्दकोष पृ. १२८४
२) कानूनी शब्दकोष, टोपवहादुर सिंह पृ. ६६६
३) नेपालको संवैधानिक कानुन, फ्रिडील
४) नेपाल अधिराज्यको संविधान, २०४७ धारा ११५
५) भारतको राष्ट्रिय आन्दोलन तथा भारतीय संविधान, पुखराज जैन पृ. १२२
६) नेपाल सन्धि ऐन २०४७ को दफा ९
७) कानुन द्वैमासिक अंक
८) मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज संग्रह, पृ. १७
९) कान्तिपुर दैनिक २०६२।१।१७
१०) संकटकाल प्रेस स्वतन्त्रता र न्यायपालिका, निर्मल अधिकारी प्राची सचेतना द्वैमासिक पूर्णाङ्क ५४, फागुन २०६१
११) नेपाल राजपत्र २०६१।१०।१९
१२) २०५५ सालको रिट नं. ३१७० मदनबहादुर केसीविरुद्ध भु.सु.का.
१३) संकटकालीन अधिकार र यसको औचित्य, राजकुमार वन, न्यायदूत द्वैमासिक वर्ष ३४ पुर्णाङ्क १४३ पृ. २३

*२०६२ बैशाख २२ गते इलाममा प्रस्तुत आधारपत्र*

## अनुसूची २

# शाही घोषणा र अन्य कागजात

# श्री ५ को शाही घोषणा

०६१ माघ १९ गते

प्यारा देशबासीहरू,

१. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट प्रारम्भ गरिबक्सेको एकीकरण अभियानबाट निर्माण भएको नेपाल अधिराज्यमा लोकसम्मतिको आधारमा शासन व्यवस्था चलाउन हाम्रा पूर्वजहरूबाट ऐतिहासिक महत्वका क्रान्तिकारी पाइलाहरू चालिबक्सेर देश र जनतालाई उज्ज्वल भविष्यप्रति आलोकित गरिबक्सेको सर्वविदितै छ। नेपालको एकीकरण, प्रजातान्त्रिकरण र आधुनिकीकरणको प्रत्येक मोडमा नेपाली जनता र राजा दुवै मिलेर निर्णायक भूमिका खेलेको इतिहास स्वयम् साक्षी छ।

२. आज जनचाहनाबमोजिम देश र जनताका लागि शान्ति पुन:स्थापना गरी बहुदलीय प्रजातन्त्रको रक्षाका लागि फेरि एकपटक ऐतिहासिक निर्णयको घडीमा हामी आइपुगेका छौं। हत्या, हिंसा र विध्वंसले देशलाई विनाशको भिरालोमा पुऱ्याउँदा पनि, देश र जनताको नाममा राजनीति गर्नेहरूले देश र जनताको हितप्रति आँखा चिम्लिन छाडेनन्। सत्ताको लागि हानाथाप, सत्ता पाएपछि राज्य संयन्त्रको दुरुपयोग तथा देश र जनताको मूल्यमा व्यक्तिगत वा समूहगत स्वार्थ पूरा गर्ने प्रतिस्पर्धाले परिस्थिति निरन्तर बिग्रने क्रम चली नै रह्यो। राजनीतिको नाममा कानुनी राज्यको सर्वमान्य मर्यादा पनि भंग गर्ने प्रयासहरू भए। बहुदलीय प्रजातन्त्रको सार्थक अभ्यासद्वारा हाम्रा प्यारा जनताले सामाजिक, राजनीतिक एवम् आर्थिक न्याय पाउन् भन्ने हाम्रो चाहनाले मूर्त रुप लिन सकेन। जनहितमा निर्माण गरिएका विकासका पूर्वाधारहरूसमेत ध्वस्त पार्नेजस्ता देश र जनविरोधी अपराधहरू निरन्तर बढ्दै गए। आतंकवाद विरुद्ध सम्पूर्ण प्रजातान्त्रिक शक्तिहरू संगठित रूपमा प्रस्तुत हुनुपर्नेमा सत्ताको हानाथापमा लागेर सोभ्रा कार्यकर्ताहरूलाई जनहितका लागि बनेका सुविधाहरू ध्वस्त पार्न उक्साउनुमा नै नेताहरूले राजनीतिको नाम दिन थाले। यसरी निरन्तर बिग्रँदै गएको अवस्थामा आतंककारी गतिविधिमा पूर्णविराम लगाएर शान्ति सुरक्षाको पुन:स्थापनाद्वारा जनचाहना पूरा गर्ने संकल्प लिनुपरेको छ।

प्यारा देशवासीहरू,

३. प्रजातन्त्र र प्रगति एकअर्काको परिपूरक हुन्। तर नेपालको विगत केही वर्षको तीतो अनुभवले यसलाई असंगति सावित गर्ने चेष्टा गऱ्यो। सत्ताको लागि केन्द्रीत राजनीतिमा

नै अलमल्याएर बहुदलीय प्रजातन्त्रलाई अवमूल्यन गरियो। सरकार टिकाउने र फाल्ने होडमा संसद्मा विकृतिहरू भित्र्याइयो। कुनै पनि प्रतिनिधिसभालाई आफ्नो अवधि पूरा गर्न दिइएन। प्रजातान्त्रिक प्रक्रिया बेथितीको निरन्तरताले अवरुद्ध हुन थाल्यो। जनताको आशा भंग गर्ने, भरोसा भत्काउने र प्रजातन्त्रमा नै वितृष्णा फैलाउने क्रम बढ्दै गयो। चुनाव गराउन नसकेपछि कसैप्रति पनि उत्तरदायी हुनु नपर्ने अप्रजातान्त्रिक सरकारको अभ्यास शुरु गर्ने तारतम्य मिलाउन खोजियो। जनप्रतिनिधिहरूको शून्यता सृजना गर्न सबै दलहरू लिखितरूपमा एकजुट भए, तर यो शून्यता हटाउन मिलेर काम गर्न भने सहमत भएनन्। राजनीतिक दलहरूको संलग्नता र सहमतिमा भएको जनप्रतिनिधित्व विनाको शासन व्यवस्थाको चाँजोपाँजो जनचाहना तथा बहुदलीय प्रजातन्त्रको मर्यादा अनुकूल थिएन। त्यसैले शीघ्रातिशीघ्र जनप्रतिनिधित्व प्रणालीलाई क्रियाशील तुल्याउने उद्देश्यले प्रजातन्त्रमा निष्ठा राख्ने सबैलाई हामीबाट आव्हान गरेका थियौं। आम जनता, जेठा नागरिकहरू, नागरिक समाजका प्रतिनिधिहरू तथा राजनीतिक दलका नेताहरूलाई पटक-पटक भेटेर जनमत बुझ्ने र जनचाहना तथा देशको आवश्यकता सम्झाउने प्रयास पनि गरिएकै हो। नेपाल र नेपाली जनताले भोग्नु परिरहेको अशान्ति र ध्वंसात्मक गतिविधिको अन्त्य गरी देशलाई शान्तिपूर्ण अवस्थामा फर्काउन अब ढिलो गर्नु हुँदैन भन्ने नेपाली जनता र नेपालका हितैषीहरूको एकमात्र चाहना भएको तथ्य पनि सम्झाइएकै हो। शान्ति सुरक्षा कायम गरी आमचुनाव गराउन विभिन्न राजनीतिक दलहरूका नेताहरूलाई कार्यकारिणी अधिकारसहित मन्त्रिपरिषद् गठन गर्ने अवसरहरू पनि पटक-पटक दिइएकै हो। तर परिस्थितिमा सुधार आउन सकेन। मिलेर सरकार नचलाउने, सत्ताबाहिर जानेबित्तिकै सरकारको विरोधमा उत्रने संक्रामक रोगले राष्ट्रिय राजनीतिलाई सिकिस्त बनायो। प्रजातन्त्रसमक्ष आतंकवादले तेर्साएको एकदलीय निरंकुशताको चुनौतीलाई निस्तेज तुल्याउने गम्भीर प्रयास हुनै सकेन। राष्ट्रिय सुरक्षाका विषयमा हलुका टिप्पणी गर्ने बानी हटेन। देश र जनताको सुरक्षाका लागि रातदिन क्रियाशील रहने सुरक्षा निकायहरूका कर्तव्यनिष्ठ अधिकारी तथा जवानहरूको देशभक्तिको सत्प्रयासमा बल पुऱ्याउने जिम्मेवारपन राजनीतिक दलहरूमा देखिएन। देश र जनताविरुद्ध चलिरहेको विनाशको दुष्कर्मलाई सदाको लागि अन्त्य गर्न बहुदलीय प्रजातन्त्रवादीहरूबीच देशहितको विन्दुमा निष्ठापूर्ण एकता कायम हुन सकेन। दलहरूले जनचाहनाअनुसार राष्ट्रिय प्राथमिकता ठम्याउन पनि सकेनन्।

४. नेपाली जनताले इतिहासमा यस्तो आतंक, सास्ती र शोषण कहिल्यै भोग्नुपरेको थिएन। अपराधीहरूबाट नै दण्डित हुनुपर्ने, आफ्नो वैध सम्पत्ति अपराधीहरूले कब्जा गर्दा पनि, निर्दोष बालबालिका, महिला र बृद्धहरूको निर्मम हत्या गर्दा पनि जनताको नाममा सत्तामा पुगेकाहरूबाट संरक्षण पाउन नसक्ने, जनताको प्रतिनिधित्व गर्छु भन्ने दलहरू जनताको पक्षमा नउभिने दुरावस्था कुनै पनि प्रजातन्त्रले कहिल्यै पनि भोग्नुपरेको थिएन। नेपाली

जनताको चाहना र राष्ट्रहितलाई बेवास्ता गरी प्रायोजित भीडलाई अघि सारेर व्यक्ति वा भ्रुन्डको दुराग्रहलाई राष्ट्रिय एजेन्डा बनाउन सकिँदैन। देश र जनताको भविष्यप्रतिको दायित्वबोधले धेरैपटक घच्घच्यायो। परिस्थिति एउटा यस्तो नाजुक मोडमा आइपुग्यो, जब देश र जनताको हितमा जनभावनाबमोजिम निर्णय लिन हामी वाध्य हुनैपर्‍यो।

प्यारा देशवासीहरू,

५. राजा र जनताबीचको घनिष्ट सम्बन्ध नै नेपालको स्वतन्त्रता, राष्ट्रिय एकता र निर्वाध सार्वभौमसत्ताको मुख्य कवच हो। देश र जनताको हितमा सदा समर्पित रहने राजसंस्था र देशभक्तिको संस्कार भएका जनता नै नेपाल अधिराज्यको इतिहासको गौरवमय अतीत हो, यही नै वर्तमान र भविष्य पनि हो। यही गौरवमय परम्पराको निरन्तरतामा लोकसम्मतिअनुसार चल्नु नै राजसंस्थाको अपरिवर्तनीय प्रतिबद्धता रहँदै आएको छ। अधिनायकवाद वा निरंकुशता शाहवंशीय राजतन्त्रात्मक संस्कारकै असंगति हुन्। सामाजिक न्यायमा हामी विश्वास गर्छौं। संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र नै सबै नेपालीको अटल विश्वास तथा अपरिवर्तनीय प्रतिबद्धता भएको तथ्यसँग हामीले आफूलाई आत्मसात गरेका छौं। शक्तिको केन्द्रीकरण प्रजातान्त्रिक मूल्यविपरीत हो भन्ने हाम्रो ठहर छ। माथिल्लो तहदेखि तल्लो तहसम्म निर्वाचित जनप्रतिनिधिहरूका निकायहरूलाई शक्ति विकेन्द्रीकरणको सिद्धान्तअनुसार राज्य संचालनको सच्चा हकदार बनाएरमात्रै प्रजातन्त्रको सार्थक अभ्यास गर्न सकिन्छ भन्ने हामीलाई लाग्छ। कुनै पनि नेपालीले दु:खकष्ट भोग्नु नपरोस्, सबैले सामाजिक, आर्थिक र राजनीतिक न्याय निर्वाधरूपमा पाउन् भन्ने हाम्रो चाहना छ। शासन सञ्चालनमा आफ्नो चाहनाको पूर्ण मान्यता तथा आफ्नो हितको पूर्ण संरक्षण भएको अनुभूति जनताले सधैं गर्न पाउनैपर्छ भन्ने हाम्रो अडान छ। सबै देशभक्त प्रजातन्त्रवादीहरूको संयुक्त निर्क्योल, समभ्रदारी र दूरदृष्टिबाट नेपाल अधिराज्यलाई परिपक्व प्रजातन्त्र र लोककल्याणकारी समाज निर्माणको फराकिलो राजमार्गमा उन्मुख गराउने हाम्रो चाहना छ। प्रजातन्त्रवादीहरूबीच राष्ट्रिय हितको मूल नीतिमा द्वन्द्व हुनै सक्दैन भन्ने हाम्रो ठहर छ।

६. नेपाल र नेपालीको हितका लागि दिगो शान्तिको पुन:स्थापना तथा सार्थक प्रजातन्त्रको अभ्यासबाहेक हाम्रो अरु कुनै स्वार्थ छैन। राजसंस्था सस्तो लोकप्रियताबाट होइन, नेपाल राष्ट्र र नेपाली जनताको सर्वोत्तम हित र निरन्तर उन्नतिबाट मात्रै निर्देशित रहन्छ। जनताको प्रभावकारी सुधारहरूको चाहनालाई सबैले सम्मान गर्नैपर्छ भन्ने हामीलाई लाग्छ। कसैलाई पनि आफ्नो असहमति व्यक्त गर्न, निराशा प्रदर्शन गर्न हतियार उठाउने वाध्यता महसुस गर्नु नपरोस्। जनताको शान्ति नखल्बलाइकन प्रभावकारी ढंगमा असहमति प्रदर्शन गर्ने अवसरको सुनिश्चितता होस् भन्ने हाम्रो चाहना छ। प्रजातन्त्रको निष्ठापूर्ण अभ्यास, सार्थक बजारमुखी अर्थतन्त्र, सुशासन, पारदर्शिता र भ्रष्टाचारमुक्त विधिको शासन नै जनताको स्पष्ट चाहना हो। प्रजातन्त्रको माध्यमबाट जनतालाई सुखी

बनाउनु, युवा पुस्तालाई उज्ज्वल भविष्यप्रति आश्वस्त तुल्याउनु र नेपाललाई विश्व समुदायमा सम्मानपूर्ण स्थान दिलाउनु नै हाम्रो एकमात्र चाहना हो। हाम्रा सबै भाषा, सबै जाति, सबै संस्कृतिको समान उन्नतिबाट नै नेपाल अधिराज्यको विशिष्ट चाहना कायम रहन्छ, सुदृढ हुन्छ।

७. सार्वभौमसत्ता निहित नेपाली जनताको चाहनाबमोजिम देशमा सकेसम्म शान्ति सुरक्षा कायम गरी २०६१ सालभित्र प्रतिनिधिसभाको निर्वाचन प्रारम्भ गर्ने दायित्व निर्वाहको गम्भीर प्रयास हुन सकेन, मतदाताहरू र दलहरूलाई निर्वाचनमा सहभागी हुन तयार पारेर कानुनी, व्यवस्थापकीय, प्राविधिक तयारीमा जुट्नुपर्नेमा चुनावको शाब्दिक रट लगाएर, मौखिक तत्परता र आतुरता देखाउनमा नै समय खेर फालियो। राष्ट्रियता, राष्ट्रिय एकता र सार्वभौमिकता बचाउन, देशमा शान्ति सुरक्षा कायम राख्न, देशलाई कुनै कारणबाट पनि बिग्रँदो स्थितिबाट बचाउने जिम्मेवारी पनि हामीमा भएकाले नेपाल अधिराज्यको संवैधानिक रीतिथिती र हामीबाट प्रयोग भइआएको राजकीय सत्ताको प्रयोग गरिबक्सी नेपाल अधिराज्यको संविधान २०४७ को मर्म र भावनाअनुरुप संविधानको धारा २७ को उपधारा (३) लाई समेत विचार गरी देशमा शान्ति सुरक्षाको पुन:स्थापना तथा प्रजातान्त्रिक व्यवस्थालाई शीघ्र क्रियाशील तुल्याउने जनताको चाहना पूरा गर्न हामीबाट वर्तमान मन्त्रिपरिषद् आजैबाट विघटन गरिबक्सेका छौं। अब गठन हुने मन्त्रिपरिषद् हाम्रै अध्यक्षतामा हुनेछ। आगामी ३ वर्षभित्र देशमा शान्ति सुव्यवस्था मिलाई प्रभावकारी सुधारहरू गरेर बहुदलीय प्रजातन्त्रलाई पुन: सक्रिय तुल्याउन अब गठन हुने मन्त्रिपरिषद् प्राथमिकताका साथ लाग्नेछ।

प्यारा देशवासीहरू,

८. सार्थक बहुदलीय प्रजातन्त्र नै जनताको प्रभावकारी शासन प्रणाली हो। सफल प्रजातन्त्र नै सक्कली जनवाद हो। यस्तो जनहितकारी, परिपक्व एवम् सुसंस्कृत र सभ्य व्यवस्थालाई खल्बलाएर, निर्दोष जनतालाई आतंकित तुल्याएर, जनतालाई त्रसित पारी जबर्जस्ती चन्दा संकलन गरेर, असहमत हुनेहरूको निर्मम हत्या गरेर, विद्यार्थीहरूलाई अपहरण तथा गुरुहरूलाई पाशविक व्यवहार गरेर, सीधा जनतालाई झूठो आश्वासन र सपना बाँडेर, जनताको हितमा बनेका विकास योजनाहरू ध्वस्त पारेर चलाइएको देश र जनताविरोधी अपराधहरू अब बन्द हुनैपर्छ। अब यस्ता देश र जनताविरोधी अपराधहरूलाई कानुनबमोजिम कडा कारवाही गरिनेछ। हाम्रा सुरक्षाकर्मीहरूलाई देश र जनताको हितमा अझै बढी सशक्त भई आतंकवाद समाप्त गरी शान्ति सुरक्षा पुन:स्थापना गर्न खटाइएको छ। मानवअधिकारको सम्मान र संरक्षणमा राज्यका सबै अंगहरू विशेषरूपमा सतर्क र सजग रहनुपर्छ। तर राज्य र आतंककारीलाई एउटै तराजुमा तौलिनु न्यायोचित हुँदैन। प्रजातन्त्रमा विश्वास गर्ने सबै शान्तिप्रेमी नेपाली जनताले शान्ति सुरक्षा कायम गर्ने कार्यमा सुरक्षाकर्मीहरूलाई साथ दिएका छन् र दिने नै छन्।

९. बाटो बिराएर देश र जनताविरुद्ध हतियार उठाएका, शान्ति र प्रजातन्त्रविरुद्ध आपराधिक कार्यमा संलग्न रहेकाहरूलाई हतियार बुझाएर शान्तिपूर्वक राष्ट्रिय राजनीतिको मूलप्रवाहमा समाहित हुन हामी आव्हान गर्छौं। देशभक्तिको मिलनविन्दुमा आफ्नो विचार मुखरित गर्न, आकांक्षा पूरा गर्न तथा देश र जनताको हितमा योगदान दिनसक्ने अवसरको सुनिश्चितता नै बहुदलीय प्रजातन्त्रको विशेषता हो। यो मौकाको उपयोग गरी राष्ट्रिय राजनीतिको मूल प्रवाहमा आउनेहरूका लागि राज्यका तर्फबाट सबै नागरिकसरह अवसर र अधिकार विना भेदभाव प्राप्त हुने आश्वासन दिन चाहन्छौं। देश र जनताविरुद्ध आतंककारी गतिविधि कायमै राखेमा जनताले सहने छैनन्, कानुनले छाड्ने छैन।

प्यारा देशवासीहरू,

१०. आतंकवाद विरुद्ध नेपालको संकल्पलाई सराहना गर्दै उदारतापूर्वक साथ दिइरहेका मित्रराष्ट्रहरू, विकास प्रयासहरूलाई अगाडि बढाइराख्न सहयोग गरिरहेका अन्तर्राष्ट्रिय दातृ तथा वित्तीय संस्थाहरूलाई हामी धन्यवाद दिन चाहन्छौं। भौगोलिकरूपमा परिभाषित हुनै नसक्ने आतंकवादको जोखिमलाई आज विश्व प्रजातन्त्रले समेत भोग्नुपरेको छ। वास्तवमा सानो देश जति सुरक्षित रहन्छ, जति स्थायित्व अनुभव गर्छ, जति सम्पन्न हुन्छ, त्यति नै त्यस क्षेत्र र स्वयम् विश्वको सुरक्षा, स्थायित्व र सम्पन्नता सुनिश्चित हुन्छ भन्ने अनुभूति विश्व समुदायले गरी नै सकेको छ। यसै अनुकूल नेपाल आफ्नो हितमा र विश्व प्रजातन्त्रको हितमा आतंकवादलाई निस्तेज तुल्याउन कटिबद्ध भएको छ। नेपाल आफ्नो लागि शान्ति चाहन्छ, छिमेकीहरू र दक्षिण एसियाको लागि शान्ति चाहन्छ, विश्व शान्तिमा टड्कारो भइसकेको जोखिम हटाउन शान्ति चाहन्छ।

११. यसै क्रममा, बहुदलीय प्रजतन्त्रमा हाम्रो प्रतिबद्धता अपरिवर्तनीय रहेको तथा आर्थिक र संस्थागत सुधारहरू जारी रहने, सार्वजनिक खर्चको उपयोग तथा सार्वजनिक सेवा प्रणालीमा सुधारका प्रयासहरू अझै प्रभावकारी ढंगमा कायमै राखिने, बैंकिङ अनुशासन पुनर्बहाली गरिने, गरिबी न्यूनीकरणसम्बन्धी रणनीति तथा भ्रष्टाचारविरुद्ध प्रभावकारी कदम चालिने कुरा पनि उल्लेख गर्न चाहन्छौं। दिगो विकास अब नेपालको राष्ट्रिय एजेन्डा भएको छ। अब जनताको सुरक्षा र प्रजातन्त्रको भविष्यलाई जोखिममा पार्न दिइने छैन। नेपाल विरुद्ध वा मित्रराष्ट्र विरुद्ध आतंकवादलाई नेपाली माटोमा आश्रय दिइने छैन। मित्रराष्ट्रहरूसँग वास्तविक र व्यावहारिकरूपमा आपसी हितका लागि सकारात्मक सम्बन्धमा जोड दिइनेछ।

१२. निरन्तर झाँगिदै गएको भ्रष्टाचारले राजनीति र प्रशासनलाई दूषित बनाएको मात्र होइन, प्रगतितर्फ अग्रसर हुनुपर्ने देशको पाइला पनि अवरुद्ध पारेको छ। भ्रष्टाचार हाम्रो समाजका लागि धमिरा सिद्ध भइसकेको छ। परिणामस्वरुप कानुनमा आम जनताको विश्वास धरमराउन थालेको छ। यसले जनताको चाहना र सुशासनको प्रमुख आवश्यकता पूरा गर्न न्यायको सिद्धान्त उल्लंघन नहुने गरी भ्रष्टाचार नियन्त्रणका लागि

प्रभावकारी कदम अविलम्ब चालिनेछ।

१३. प्रजातन्त्र जीवनशैली बनोस्, राजनीति प्रजातान्त्रिक मूल्य र मान्यताबमोजिम चलुन्, सबैले सबै क्षेत्रमा प्रजातान्त्रिक विचार पद्धतिलाई इमानदारीपूर्वक अनुशरण गरुन्, देश र जनताको हितले मात्रै सबैलाई सधैं निर्देशित गरोस् भन्ने नै हाम्रो चाहना हो। शान्तिपूर्ण वातावरणमा प्रजातान्त्रिक मूल्यहरूलाई जीवन्त तुल्याएर एक उन्नतिशील एवम् विश्व समुदायमा सम्मानित नेपाल नै सबै नेपालीहरूको भविष्यको परिकल्पना हो। मानवअधिकारको सम्मान र रक्षाले प्रजातान्त्रिक मूल्यको संरक्षण तथा प्रबर्द्धन गर्नेमात्र होइन, २१ औं शताब्दी सुहाउँदो जीवन प्रणाली र सभ्यताको पनि विकास हुन्छ भन्ने हाम्रो विश्वास छ।

प्यारा देशवासीहरू,

१४. हामीबाट गरिबक्सेको निर्णयबाट जंगी, निजामती र कुनै पनि राष्ट्रसेवकले आफ्नो जिम्मेवारी, काम र कर्तव्यबाट विचलित हुन वा अलमलिनु पर्दैन। आज नेपाल र नेपालीको भविष्यको लागि सर्वप्रथम हामी आफैंले कम्मर कसी अघि बढ्नुपरेको छ। स्वतन्त्र सञ्चार क्षेत्र प्रजातन्त्रको चेतना बृद्धि गर्ने माध्यम हुन्। राष्ट्रिय हितको सम्बर्द्धनमा यसको विशेष भूमिका रहन्छ। शासनशैलीसँगै जीवनपद्धतिलाई नै प्रजातान्त्रिक मूल्य र आदर्शबाट प्रेरित बनाउन सञ्चारमाध्यमले सशक्त योगदान दिनेछन् भन्ने हामीले विश्वास लिएका छौं। यसै कुरालाई मनन गरेर बहुदलीय प्रजातन्त्रमा निष्ठा राख्ने सबैले आ-आफ्नो कर्तव्य पालन गर्नेछन् र सबै देशवासीहरूको साझा प्रयासबाट जनताको चाहना र देशको आवश्यकता पूरा हुनेछ भन्ने हामीबाट पूर्ण विश्वास लिएका छौं।

१५. आज देशले स्पष्ट अठोट गरेको छ। यस अनुकूल निर्णय पनि भएको छ। अशान्ति, असुरक्षा र द्वन्द्वग्रस्त अवस्थालाई बिसाएर देशले प्रजातन्त्र र प्रगतिको पक्षमा अग्रसर हुन पाइला सारेको छ। देश आतंकवादको चपेटामा परेको बेलामा सम्पूर्ण शान्ति तथा प्रजातन्त्रप्रेमी जनता एक हुनैपर्छ। यसैले अब हामी सामूहिक विवेकबाट प्रभावित हौं, राष्ट्रिय दृष्टिकोणबाट परिचालित हौं। देश र जनताको शान्ति सुरक्षामा खलल पार्ने, प्रजातन्त्रलाई सार्थक बनाउने प्रयासमा छेकबार हाल्ने दुष्प्रयासलाई देश र जनताले सहने छैनन्। तर उदारताको नाममा हामीले हाम्रो जीवनपद्धतिको उच्चतम पक्ष अनुशासनलाई कहिले पनि बिर्सनु हुँदैन। एक्काइशौं शताब्दीको विचारपद्धति पनि यही नै हो। नेपालप्रति न्याय गर्न नसक्ने, जनताको सामूहिक विवेकमा विश्वास गर्न नसक्ने र शान्तिको पक्ष लिन नसक्नेलाई मातृभूमिको भार लाग्छ भन्ने कुरा हामी फेरि दोहोऱ्याउन चाहन्छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् ।
जय नेपाल !

# सरकारका कार्यक्रम

श्री ५ को अध्यक्षतामा २०६१ माघ २० गते बुधबार मन्त्रिपरिषद्को बैठक बसेको थियो। उक्त बैठकबाट पारित २१ बुँदे कार्यक्रम प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले माघ २२ गते शुक्रबार सार्वजनिक गरेको हो।

१. अधिकार दुरुपयोग गरेर, तस्करी वा राजस्व छलीमा संलग्न भएर वा अनियमित ठेक्कापट्टा र कमिसनमा संलग्न भएर कानुनविपरीत जम्मा गरेको धन सम्पत्ति जफत गर्ने कानुनी व्यवस्थासहितको विशेष कार्यक्रम बनाई मुलुकमा व्याप्त भ्रष्टाचारको तत्काल थलोमै छानबिन गरी नाजायज ढंगबाट आर्जित सम्पत्ति कानुनबमोजिम राष्ट्रियकरण गरी दोषीउपर कडा कारवाही गरिनेछ। यसका लागि प्रथम चरणमा अधिकार सम्पन्न शाही आयोग १५ दिनभित्र गठन गरिनेछ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अधिकार, स्रोत, साधन सम्पन्न तुल्याई दक्ष एवम् निष्पक्ष संरचनामा परिणत गरी क्रियाशील तुल्याइनेछ।
२. सरकारको तर्फबाट आम नेपाली जनतालाई पुर्‍याउनुपर्ने सेवा-सुविधा पारदर्शी ढंगले निर्धारित समयभित्र उपलब्ध गराउने व्यवस्था मिलाई त्यसको सुपरीवेक्षण र अनुगमनका निमित्त प्रभावकारी संयन्त्र पन्ध्र दिनभित्र निर्माण गरिनेछ। ढिलासुस्ती, पक्षपात, नातावाद, कृपावाद र सर्वसाधारणबाट पैसा नलिई काम नगर्ने भन्ने जनताको धेरै वर्षदेखिको दु:खेसो र गुनासो तत्काल निराकरण गर्न प्रभावकारी दण्ड सजायको व्यवस्था गरिनेछ।
३. सुकुम्बासी, भूमिहीन किसान र मुक्त कमैयाको गाँस-बासको व्यवस्था गर्न भूमि बैंकको व्यवस्था गरी न्यायोचित ढंगबाट भूमि वितरण गरिनेछ।
४. गरिबी निवारणका लागि राष्ट्रिय आय बृद्धि गर्नु अनिवार्य भएकाले देश सुहाउँदो आधुनिक एवम् वैज्ञानिक कृषि-प्रणाली, व्यापकरूपमा साना तथा ठूला सिंचाई आयोजना, भौगोलिक सम्भाव्यताका आधारमा बागवानी र विशेष नगदेवाली, पशुपंक्षी पालन आदिको योजनाबद्ध कार्यक्रम १ महिनाभित्र लागू गरिनेछ।
५. घरेलु उद्योगको प्रबर्द्धन र विकासमा राज्यले विशेष टेवा पुर्‍याउनुका साथै अन्य उद्योग, कलकारखानाको स्थापना, विकास एवम् विस्तारका निमित्त जलस्रोतको अधिकतम उपयोग गरी जलविद्युतको विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। साथै, आन्तरिक र वाह्य आर्थिक स्रोत जुटाई विभिन्न सम्भाव्य जलविद्युत परियोजनाहरू

प्राथमिकता अनुसार संचालन गरिनेछ।

६. पर्यटन उद्योगको बृहत्तर सम्भावना रहेकाले राष्ट्रिय आम्दानी बृद्धि गर्न, धार्मिक, पर्यटनलाई प्रबर्द्धन गर्न, साना-ठूला होटल, व्यवसाय, रिसोर्ट, पर्यटकीयस्थल, पर्यटन उद्यम आदिलाई सरकारले आवश्यक सहयोग र सुविधा प्रदान गर्न अविलम्ब गुरुयोजना तयार गरी कार्यान्वयन गर्नेछ। साथै, सुरक्षित पर्यटन व्यवसायका निमित्त पर्यटकीय सुरक्षा प्रहरीको आवश्यक जनशक्ति तयार गरिनेछ।

७. सरकारी विद्यालयहरूमा माध्यमिकस्तरसम्मको पठनपाठन गर्ने अपांग, पिछडिएका तथा दलित समुदायका छात्रछात्राहरूलाई नि:शुल्क पाठ्यपुस्तकहरू उपलब्ध गराउनुका साथै छात्रवृत्तिको समेत व्यवस्था गरी नि:शुल्क शिक्षा उपलब्ध गराइनेछ। साथै, निजी क्षेत्रका विद्यालय, महाविद्यालयहरूले पिछडिएको वर्ग, दलित, अल्पसंख्यक तथा अपांगहरूलाई निश्चित प्रतिशतको संख्यामा नि:शुल्क पठनपाठन गराउनुपर्नेछ।

८. राष्ट्रवादी जनशक्तिको उत्पादन र रोजगारीमूलक शिक्षा प्रदान गर्न शैक्षिक पाठ्यक्रममा सुधार गरिनेछ। सबै स्तरका छात्रछात्रालाई पाठ्यपुस्तक एवम् शैक्षिक सामग्री सुपथ मूल्यमा सुलभ तरिकाले उपलब्ध गराइनेछ।

९. परिचयपत्रबाहक प्रत्येक विद्यार्थीलाई सार्वजनिक यातायातका साधनमा यात्रा गर्दा र सरकारी अस्पतालमा स्वास्थ्य उपचार गराउँदा सहुलियतको व्यवस्था गरिनेछ।

१०. राजधानी तथा ठूला शहर एवम् शहर उन्मुख क्षेत्रमा गरिब र धनीको विभेद हटाउन घरघडेरी एवम् कम्पाण्डका लागि जग्गाको निश्चित मापदण्ड तोक्नुका साथै भूकम्प निरोधक सरकारी नापनक्शा अनुसार मात्र घर निर्माण गर्न पाउने कानुनी व्यवस्था अविलम्ब गरिनेछ।

११. बढ्दो जनसंख्या, घट्दो समथर जमिन, खानेपानी, बिजुली, ढल, टेलिफोन आदिको सुविधालाई दृष्टिगत गरी स्थानीय निकाय एवम् निजी क्षेत्र र सरकारको समेत सहभागितामा अपार्टमेन्ट प्रणालीको विकास गरी उत्पादनयोग्य जमिन उपरको अतिक्रम घटाउँदै लगिनेछ।

१२. आर्थिक बृद्धिको गतिलाई तीब्रता दिन र यातायात व्यवस्थालाई अझ सुगम बनाउन पूर्व-पश्चिम विद्युतीय रेलमार्गको निर्माण दीर्घकालीन योजनाको रूपमा गरिनेछ। साथै, सम्भाव्य स्थानहरूमा छोटामार्ग, सुरुङमार्ग, जलमार्ग र रज्जुमार्ग (रोपवे) को समेत विकास र विस्तार गर्ने कार्यको थालनी गरिनेछ।

१३. विकेन्द्रीकरणको सिद्धान्तअनुसार स्थानीय निकायहरूलाई अधिकतम स्वायत्तता प्रदान गर्ने उद्देश्यले क्रमिक रुपले राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक एवम् अर्धन्यायिक अधिकारहरू केन्द्रबाट गाउँसम्म विकेन्द्रित गरिनेछ।

१४. बेरोजगारीको समस्या समाधान गर्न स्वदेशमा अवसरहरूको खोजी गर्नुका साथै वैदेशिक रोजगारीका अवसरहरू पहिल्याएर आवश्यक तालिम र ऋण सुविधा उपलब्ध गराई

रोजगारीको व्यवस्था अविलम्ब मिलाइनेछ।

१५. आतंकबाट पीडित तथा बाटो बिराएर गएका तर स्वेच्छाले फर्केका र फर्कन चाहनेहरूका निम्ति आवश्यक तालिम दिई स्वदेश वा विदेशमा रोजगारीको व्यवस्था अविलम्ब मिलाइनेछ।

१६. तराई क्षेत्रमा फैलिएर बहने नदीहरूमा तलबन्ध बनाई नियन्त्रण गर्ने विशेष कार्यक्रम ल्याइनेछ। यसबाट यातायात विकास, बाढी नियन्त्रण र सिंचाईको विकास हुनुका साथै नदी नियन्त्रणबाट प्राप्त हुने अतिरिक्त जमिन भूमिहीनहरूको पुन:स्थापना र विकासमा लगाइनेछ।

१७. कर्णाली अञ्चलको समग्र विकासका लागि विशेष 'कर्णाली विकास कार्यक्रम' अविलम्ब ल्याइनेछ। सुर्खेत-जुम्ला सडक २०६२ साल फागुण महिनाभित्रै सम्पन्न गर्नुका साथै कर्णाली अञ्चलका अरु जिल्ला सदरमुकामहरू जोड्ने सडक निर्माणको कार्य थालिनेछ। कृषि, स्वास्थ्य, शिक्षाजस्ता क्षेत्रहरूमा पनि स्थानीय जनतालाई आत्मनिर्भर बनाउन विशेष कार्यक्रमहरू सञ्चालन गरिने छन्।

१८. शासकीय सुधार, सार्वजनिक क्षेत्र व्यवस्थापन, गरिबी न्यूनीकरण सहयोग लगायत्का कार्यक्रमहरूमा गरिएका सुधारप्रतिका प्रतिबद्धताहरू समयमै पूरा गरिनेछन्। द्विपक्षीय दातृ राष्ट्र एवम् संस्थाहरू र बहुपक्षीय दातृ संस्थाहरूको सहयोगबाट सञ्चालित परियोजनाहरूको अनुगमनको विशेष व्यवस्था मिलाइनेछ। द्विपक्षीय एवम् बहुपक्षीय दातृ राष्ट्र एवम् संस्थाहरूसँगको सम्बन्धलाई अझ प्रगाढ बनाई गरिबी न्यूनीकरणका कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी तुल्याइनेछ।

१९. राज्य संचालनका संरचनाहरूमा महिला, दलित र जनजातिको उचित प्रतिनिधित्व गराउन निजामती सेवामा निश्चित अवधिका निम्ति सकारात्मक विभेदको नीति अवलम्बन गरिनेछ।

२०. निजी क्षेत्रको विकासका निम्ति नीतिगत सुधार र प्रवर्द्धनका कार्यक्रमहरू अविलम्ब ल्याइनेछ। भौतिक आधारशिला निर्माणका लागि लगानी गर्न उत्प्रेरित गर्ने गरी सरल कानुनी व्यवस्था मिलाउनुका साथै विभिन्न सहुलियतहरू प्रदान गर्ने व्यवस्थाहरू गरिनेछन्।

२१. विकास कार्यक्रमहरू जनताले नै रोज्ने र जनताले नै कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ। यसका लागि ठेक्कापट्टाको साटो उपभोक्तामार्फत् विकास कार्यक्रमहरू कार्यान्वयन गर्नमा विशेष जोड दिइनेछ।

# संकटकालीन अवस्था घोषणा

श्री ५ बाट नेपालको सार्वभौमसत्ता, अखण्डता एवम् सुरक्षामा गम्भीर संकट उत्पन्न हुन गएकाले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ को उपधारा (१) बमोजिम नेपाल अधिराज्यभर तत्काल लागू हुनेगरी संकटकालीन अवस्थाको आदेश जारी गरिएको छ। उक्त उपधारामा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृंखलताको कारणले गम्भीर संकट उत्पन्न भएमा श्री ५ बाट नेपाल अधिराज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सकिबक्सनेछ भन्ने उल्लेख छ। सोही धाराको उपधारा (८) बमोजिम नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ को उपधारा (२) को खण्ड (क), (ख) र (घ), धारा १३ को उपधारा (१) र धारा १५, १६, १७, २२ र २३ (बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हकबाहेक) निलम्बन गरिबक्सेको श्री ५ महाराजाधिराजका संवाद सचिवालयद्वारा २०६१ माघ १९ गते जारी विज्ञप्तिमा जनाइएको छ।

## निलम्बित धाराको व्यवस्था

*धारा १२: स्वतन्त्रताको हक*

उपधारा (२) को खण्ड (क) विचार र अभिव्यक्तिको स्वतन्ता (ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता (घ) अधिराज्यभर आवतजावत र बसोबास गर्ने स्वतन्त्रता।

**धारा १३: छापाखाना र पत्रपत्रिकासम्बन्धी हक**

उपधारा (१) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्न पूर्वप्रतिबन्ध लगाइनेछैन। तर, नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्ध खलल पर्ने वा राजद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन।

**धारा १५: निवारक नजरबन्द विरुद्धको हक**

उपधारा (१) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र

व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिनेछैन।

उपधारा (२) निवारक नजरबन्द राख्ने अधिकारीले कानुनविपरीत वा बदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले कानुनद्वारा तोकिएबमोजिम क्षतिपूर्ति पाउनेछ।

**धारा १६: सूचनाको हक**

प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ। तर, यस धारामा लेखिएको कुनै पनि कुराले कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाइएको मानिनेछैन।

**धारा १७: सम्पत्तिको हक**

उपधारा (१) सबै नागरिकलाई प्रचलित कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ।

उपधारा (२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सृजना गर्नेछैन।

उपधारा (३) सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सृजना गर्दा दिनुपर्ने क्षतिपूर्ति, त्यसको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारित गरिएबमोजिम हुनेछ।

**धारा २२: गोपनियताको हक**

कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनियता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ।

**धारा २३: संवैधानिक उपचारको हक (बन्दी प्रत्यक्षीकरणबाहेक)**

यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा ८८ मा लेखिएको तरिकाअनुसार कारवाही चलाउन पाउने हक सुरक्षित गरिएको छ।

# श्री ५ बाट जारी थप आदेशहरू

राजाबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ को उपधारा (७) बमोजिम विभिन्न आदेश जारी गरियो। श्री ५ महाराजाधिराजका संवाद सचिवालयद्वारा २०६१ माघ २५ गते प्रकाशित सूचनाअनुसार, नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता र शान्ति सुरक्षामा खलल नपर्ने तथा वर्तमान संकटकालीन अवस्थालाई प्रतिकूल असर नहुनेगरी नेपाल अधिराज्यभित्र आवतजावत गर्न, सम्पत्तिको बेचबिखन गर्न, बसोबास गर्न पाइनेछ। आवश्यक परेमा स्थानीय प्रशासनले सो काम कारवाही गर्न रोक लगाउने वा पूर्वस्वीकृति लिनपर्ने व्यवस्था लागू गर्नसक्ने पनि आदेशमा उल्लेख छ।

आदेशअनुसार सरकारलाई आवश्यक परेको खण्डमा क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी वा तोकिएको अधिकारीले मुआब्जा, क्षतिपूर्ति दिई कसैको चलअचल सम्पत्ति निश्चित समयका लागि वा स्थायीरूपमा हक हस्तान्तरण गरी लिनसक्नेछ।

नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता र शान्ति सुरक्षामा खलल नपर्ने तथा वर्तमान संकटकालीन अवस्थालाई प्रतिकूल असर नहुनेगरी गोष्ठी, सभा सम्मेलन वा अन्तरक्रिया कार्यक्रमहरू तोकिएको स्थानमा क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी वा तोकिएका अधिकारीको अनिवार्यरुपले पूर्वस्वीकृति लिएर संचालन गर्न सकिने व्यवस्था पनि आदेशमा गरिएको छ।

आदेशअनुसार सरकारले आफ्नो मातहतका कर्मचारीहरूलाई संकटकालीन अवस्थाको अवधिभर काज खटाउन, सरुवा वा पदस्थापन गर्न, कायम मुकायम मुकरर गर्न वा रिक्त पदमा अस्थायी नियुक्ति गर्न सक्नेछ।

श्री ५ को सरकारको सचिवालय, मन्त्रालय वा सोअन्तर्गतका विभाग तथा अन्य कार्यालय वा सरकारको स्वामित्व रहेको संस्थाका कर्मचारीले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा शान्ति सुरक्षामा आँच आउने वा राजनीतिकरुपले प्रेरित कुनै किसिमको संघसंस्था खोल्न वा खोलिसकेमा संघसंस्थाबाट यस्ता क्रियाकलाप गर्न नपाइने पनि आदेशमा उल्लेख छ।

आदेशअनुसार, देशमा शान्ति सुरक्षा कायम गर्न खटिएका सुरक्षा निकायहरूको मनोबलमा प्रतिकूल असर पर्नेगरी उनीहरूको काम कारवाहीलाई लिएर प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सार्वजनिक टिका-टिप्पणी गर्न पाइनेछैन।

संकटकालीन अवस्थामा नेपाल अधिराज्यको शान्ति सुरक्षा कायम गर्न खटिएका सुरक्षाकर्मी, सुरक्षा अधिकारी वा तोकिएका अधिकारीले आवश्यक ठानेमा टेलिफोन, रेडियो,

फ्याक्स, टेलिभिजन, ईमेललगायत्का विद्युतीय सञ्चारका साधनहरूबाट प्रचारप्रसार गर्न गराउन रोक लगाउने, यस्ता साधन र प्रक्रियामा अनुगमन गर्नेजस्ता कार्यहरूसमेत गर्न सक्नेछ।

सूचनाअनुसार, माथि उल्लेखित कुराहरूकाविपरीत कार्य गर्ने, आदेशको पालना नगर्ने, असहयोग गर्ने व्यक्तिलाई स्थानीय प्रशासनले तुरुन्त नजरबन्दमा राखी कारवाही गर्न/गराउन सक्नेछ। साथै, आदेशमा लेखिएकोमा आदेशबमोजिम र अरुमा प्रचलित कानुनबमोजिम हुने पनि संवाद सचिवालयद्वारा प्रकाशित सूचनामा उल्लेख छ।

# जिल्ला प्रशासन कार्यालयबाट लिइएको अनुमति पत्र

श्री ५ को सरकार
गृह मन्त्रालय

**जिल्ला प्रशासन कार्यालय**

ललितपुर

(.................................................... फाँट)

☎ ५५२३०५१, ५५२११६५

लक्ष्मी निवास, ललितपुर

पत्र संख्या :-
चलानी नं.:- ३५५०

मिति : २०६१।११।१०

विषय :- अनुमति सम्बन्धमा ।

श्री अनौपचारिक क्षेत्रसेवा केन्द्र ( इन्सेक )
स्यूचाटार, काठमाण्डौं ।

निम्नानुसारको कार्यक्रम संचालनको लागि अनुमति मांग गर्नु भएको मिति ०६१।११।१० को पत्र प्राप्त भै व्यहोरा अवगत भयो । सो सम्बन्धमा संकटकालको सन्दर्भमा निषेधित कार्य गर्न नपाउने शर्तमा सो कार्यक्रम संचालन गर्न अनुमति दिइएको छ । अनुमति दिइएको कार्यक्रम बाहेकका निषेधित कार्यक्रम र गतिविधि संचालन गरेमा सो को जवाफदेही संचालक स्वयम् हुनु पर्ने व्यहोरा समेत आदेशानुसार अनुरोध छ ।

१ - कार्यक्रम : " संकटकाल र मानव अधिकार " विषयक अन्तरक्रिया ।

२ - कार्यक्रम स्थल : होटल हिमालय ।

३ - कार्यक्रम संचालन हुने मिति र समय: २०६१ साल फागुन १४ गते ।

बोधार्थ :-

श्री जिल्ला प्रहरी कार्यालय,
जावलाखेल, ललितपुर ।

०६१।११।१०

प्रमुख जिल्ला अधिकारी

श्री ५ को सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

☎ { ५५२७२१३
५५२११६५
फ्याक्स:५५२३०५१

ललितपुर

पत्र संख्या :- ६२६१
चलानी नं.:- ७
प्राप्त पत्र संख्या र मिति :-

लक्ष्मी निवास, ललितपुर
मिति : २०६१।११।२४

विषय :- अनुमति दिइएको ।

श्री (इन्सेक) अनौपचारिक क्षेत्र सेवा केन्द्र,
~~[illegible]~~ स्यूचाटार ।

निम्नानुसारको कार्यक्रम सञ्चालनको लागि अनुमति माँग गर्नु भएको मिति २०६१।११।२४को निवेदन पत्र प्राप्त भई अवगत भयो। सो सम्बन्धमा उक्त कार्यक्रम सञ्चालन गर्न अनुमति दिईएको छ। अनुमति दिईएको कार्यक्रम बाहेक अन्य कार्यक्रम र गतिविधि संचालन गरेमा सो को जवाफदेही संचालक स्वयं हुनुपर्ने ब्यहोरा समेत आदेशानुसार अनुरोध छ।

१. कार्यक्रम :- "संकटकाल र अन्तर्राष्ट्रिय मानव अधिकार कानून विषयक अन्तरक्रिया ।
२. कार्यक्रम स्थल :- होटल हिमालय ल.पु.
३. कार्यक्रम सञ्चालन हुने मिति र समय :- २०६१ साल फाल्गुण २६ गते बिहिबार ।

बोधार्थ :
श्री जिल्ला प्रहरी कार्यालय
ललितपुर ।

२०६१।११।२४
प्रमुख जिल्ला अधिकारी

# नेपाल सरकारद्वारा नेपालस्थित संयुक्त राष्ट्रसंघलाई संकटकाल घोषणा गरिएको सम्बन्धमा दिइएको जानकारी पत्र

**डेविड जोन्सन**
वरिष्ठ मानवअधिकार सल्लाहकार, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको सचिवालय इन्सेकद्वारा फेब्रुवरी २५, २००५ मा आयोजित मानवअधिकार र संकटकाल विषयक अन्तर्क्रिया कार्यक्रममा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका वरिष्ठ मानवअधिकार सल्लाहकार डेविड जोन्सनले नेपालमा लगाईएको संकटकालको बारेमा संयुक्त राष्ट्रसंघलाई फेब्रुवरी १६ मा मात्र जानकारी दिएको बताउनु भयो। कुनै पनि देशमा संकटकालको घोषणा गरी सकेपश्चात् त्यसको जानकारी तत्काल संयुक्त राष्ट्रका महासचिव मार्फत संयुक्त राष्ट्रसंघ र सदस्य राष्ट्रहरूलाई नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६ को धारा ४(३) बमोजिम दिनु पर्दछ। यद्यपि नेपालले अभिव्यक्ति तथा प्रेस माथि लगाएको प्रतिबन्धको औचित्य पुष्टी गर्न सकेको छैन। हाल प्रेसमाथि लगाइएको प्रतिबन्ध नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको धारा १९ विपरीत रहेको छ। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि प्रतिज्ञापत्रको धारा ४ अनुसार:

- राष्ट्रको अस्तित्वमा खलल् पार्ने सार्वजनिक संकट र सोको विद्यमानता आधिकारीकरूपमा घोषणा गरिएको समयमा यस प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले स्थितिको आकस्मिकताबाट अत्यावश्यक भएको हद सम्म मात्र यस प्रतिज्ञापत्रअन्तर्गत आफ्ना दायित्वहरू न्यून गर्ने उपायहरू अवलम्बन गर्न सक्नेछन् तर त्यस्ता उपायहरू अर्न्तराष्ट्रिय कानुनअन्तर्गत तिनीहरूका अन्य दायित्वहरूको प्रतिकुल हुनु हुँदैन र जाति, वर्ण, लिंग, भाषा, धर्म वा सामाजिक उत्पत्तिका आधारमा मात्र भेदभाव गर्ने कुरा त्यस्ता उपायहरूमा समावेश भएको हुनु हुँदैन।
- यो व्यवस्थाअन्तर्गत धारा ६, ७, ८ (प्रकरण १, २) ११, १५, १६ तथा १८ लाई न्यून गर्न पाइने छैन।
- न्यून गर्ने अधिकारको उपयोग गर्ने यस प्रतिज्ञापत्रको कुनै पक्ष राष्ट्रहरूले न्यून गरेका व्यवस्थाहरू त्यसो गर्नु पर्नाको कारणहरूको जानकारी संयूक्त राष्ट्रसंघका महासचिवमार्फत् तुरुन्त यस प्रतिज्ञापत्रका अन्य पक्षराष्ट्रहरूलाई दिनेछ। आफूले यस्तो न्यूनता अन्त्य गरेको मितिसम्बन्धी अर्को सूचना पनि सोहि मध्यवर्तीमार्फत् दिनेछ।

अनुसूची ३

# शाही कदमको विरुद्धमा उभिएको नागरिक समाज

प्रेस विज्ञप्ति

२०६१ माघ २१ गते


गत माघ १९ गते राजा ज्ञानेन्द्रबाट शाही घोषणा मार्फत मन्त्री परिषद् विघटन गरी कार्यकारी अधिकार आफ्नो हातमा लिने र आफ्नै अध्यक्षतामा सरकार गठन गर्ने कार्यले प्रजातन्त्रका आधारभूत मूल्य र मान्यताहरुमाथि ठाडो प्रहार भएको छ । आज बसेको मानव अधिकारवादी तथा नागरिक समाजका संस्थाहरु राजाको उक्त कदमप्रति खेद व्यक्त गर्दछ ।

राजाबाट कार्यकारी अधिकार आफ्नो हातमा लिएको लगत्तै देशभर लागू हुने गरी जारी गरिएको संकटकालको घोषणाले पनि मानव अधिकारका सर्वव्यापी मान्यताहरुमाथि ठाडो प्रहार भएको छ । यस घोषणाले पनि नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरु समेतको उल्लंघन भएको छ । यस गम्भीर परिस्थितीमा यो बैठक प्रजातन्त्र तथा मानव अधिकारका सर्वव्यापी सिद्धान्तहरुको तत्काल पुनर्वहाली तथा यसको सम्मानका लागि निम्न कदमहरु चाल्न पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदाय समक्ष अपील गर्दछ ।

१. शाही घोषणापूर्व तथा तत्काल व्यापक रुपमा राजनीतिक दलका नेताहरु तथा मानव अधिकार रक्षकहरुको गिरफ्तारीको विरोध गर्दछ र उनीहरुको स्थिति तत्काल सार्वजनिक गरी उचित व्यवहार गर्न पनि आग्रह गर्दछ ।

२. मानव अधिकार रक्षकहरु, संचारकर्मी तथा अभिव्यक्ति स्वतन्त्रताकर्मीहरु लगायत यस क्षेत्रमा कार्यरत सँस्थाहरुमाथि सुरक्षा निकायहरुबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा गरिएको निगरानी तत्काल बन्द गर्न आव्हान गर्दछ, साथै उनीहरुको सुरक्षाको आवश्यक व्यवस्था मिलाउनका लागि नेपालमाथि दवाव दिन नेपाल भित्र तथा वाहीरका कूटनीतिक नियोग समक्ष विशेष अनुरोध गर्दछ ।

३. विना कारण देशमा सृजना गरिएको संचार अवरोधले अन्ततोगत्वा सर्वसाधारण नेपालीलाई प्रभावित तुल्याउने भएकोले उक्त गैरजिम्मेवारीपूर्ण कार्यको विरोध गर्दै संचार व्यवस्थालाई सुचारु तुल्याउन आग्रह गर्दछ साथै त्यसको सुनिश्चितता गर्ने व्यवस्था मिलाउन समस्त अन्तर्राष्ट्रिय समुदाय समक्ष आग्रह गर्दछ ।



४. स्वायत्त तथा स्वतन्त्र रुपमा कार्यरत राष्ट्रिय मानव अधिकार आयोगले समेत मानव अधिकार अनुगमनका कार्यहरु संचालनमा कठिनाई महसुस गरिरहेको समयमा आयोगका गतिविधिलाई सहज रुपमा संचालन गर्ने व्यवस्था मिलाउन पनि अनुरोध गर्दछ।

५. विद्यमान गम्भीर परिस्थितिमा मानव अधिकारको स्थिति खस्कँदै गएका कारण यो बैठक संयुक्त राष्ट्र लगायत अन्य मानव अधिकारवादी संस्थाहरुलाई नेपालको मानव अधिकारको स्थिती अनुगमन कार्य सक्रियताका साथ अगाडि बढाउन पनि अनुरोध गर्दछ।

१. [illegible] – इन्सेक – [signature]
२. गोविन्द "बन्दी" [illegible] [signature]
३. शोभाकर बुढाथोकी सेहुर्डेस [signature]
४. प्रदीप शंकर [illegible] मानव अधिकार [illegible] [signature]
५. राजेश हमाल एडभोकेसी फोरम [signature]
६. माधव प्रधान CNIN-Nepal [signature]
७. [illegible] महेन्द्र [illegible] स्मृति प्रतिष्ठान [signature]
८. उषा तितिक्षु शान्तिका लागि नागरिक ऐक्यबद्धता [signature]
९. दिनेश प्रसाई कोक्याप (शान्तिका लागि साझा अभियान) [signature]
१०. समिर नेपाल — मानव अधिकार एलाइन्स [signature]
११. गोपाल शिवाकोटी २०६२६ [signature]
१२. [illegible] [illegible] [signature]
१३. अनिल भट्टराई नेपाल दक्षिण एशिया केन्द्र [signature]
१४. स्वनाम शान्तिका लागि नागरिक ऐक्यबद्धता [signature]

# नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं
पो.ब.नं. ५५०२

फोन : ९७७-१-४२५४६४७
९७७-१-२००१३६०
फ्याक्स : ९७७-१-४२६२७५५
इमेल : neba@wlink.com.np
वेबसाइट : www.nepalbar.org

प.सं. :

मिति : २०६१।१०।१९

केन्द्रीय कार्यसमिति
(२०६०-२०६३)

अध्यक्ष
शम्भु थापा

उपाध्यक्ष
कुमार शर्मा आचार्य
शेर बहादुर के.सी.
विष्णु कुशल भुजेल
केदार भण्डारी
ठक बहादुर मल्ल

सचिव
माधव वास्कोटा

कोषाध्यक्ष
विजयकान्त मैनाली

सदस्यहरु
नगेन्द्र कुमार राई
छत्र कुमारी गुरुङ
विनोद नेपाल
केदार कार्की
टीकाराम भट्टराई
मोतीराज गौतम
भीमबहादुर ढकाल
सरिता शर्मा
लिलामणी पौडेल

## प्रेश विज्ञप्ती

मुलुकमा आज मिति २०६१।१०।१९ गते घटित राजनीतिक घटना प्रति नेपा बार एशोसिएशनको गम्भीर ध्यानाकर्षण भएको छ । जनतामा निहित सार्वभौमसत्त नागरिकको आधारभूत मानव अधिकार, राजनीतिक स्वतन्त्रता, कानूनी शासन संवैधानिक सर्वोच्चता एवं बहुदलीय प्रजातन्त्र प्रति नेपाल बार एशोसिएश स्थापनाकाल देखि नै प्रतिवद्ध र क्रियाशिल रहेको परिप्रेक्ष्यमा आज घोषित शा घोषणाले २०४६ सालको जनआन्दोलनबाट प्राप्त प्रजातान्त्रिक अधिकार एवं नेपा अधिराज्यको संविधान २०४७ को प्रावधान, मर्म र भावना माथि कुठाराघात भए नेपाल बार एशोसिएशनको ठहर रहेको छ । आफ्नो स्थापनाकाल देखि नै जनता निहित सार्वभौमसत्ता, नागरिकको आधारभूत मानव अधिकार, राजनीतिक स्वतन्त्र कानूनी शासन, संवैधानिक सर्वोच्चता र बहुदलीय प्रजातन्त्र प्रति नेपाल बा एशोसिएशन पुनः कटिवद्धता जाहेर गर्दै आफ्ना प्रतिवद्धताहरुलाई क्रियाशिल गराउ आ-आफ्नो ठाउंबाट लागि पर्न सम्पूर्ण कानून व्यवसायी सदस्यहरुलाई आव्हान सम गर्दछ ।

भवदीय,

(माधव वास्कोटा)
सचिव
नेपाल बार एशोसिएशन

# नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति

सञ्चारग्राम, काठमाडौं

पत्र संख्या:

च.नं.:

केन्द्रीय समिति
Central Committee
Federation of Nepalese Journalists

मिति:

०६१।१०।२०

## प्रेस विज्ञप्ति

संवैधानिक राजतन्त्रको मर्यादालाई समाप्त पारेर हिजो माघ १९, २०६१मा भएको शाही घोषणा प्रजातन्त्र र नागरिक अधिकार विरुद्धको **'कू'** हो । यसले प्रजातन्त्रका बचेखुचेका सम्पूर्ण अङ्ग-प्रत्यङ्ग समाप्त त पारेकै छ, आमजनजीवन दिन प्रतिदिन महाकष्टकर हुँदै जाने र राष्ट्रिय अस्तित्व पनि गम्भीर खतरामा पर्ने निश्चित छ ।

नेपाल पत्रकार महासंघ राजाको यो ऐतिहासिक महाभूलप्रति पूर्ण रूपमा असहमत छ र कडा विरोध प्रकट गर्दछ ।

यस्तो बाटोबाट मुलुकमा शान्ति र प्रजातन्त्रको पुनर्वहाली हुने कुरामा विश्वास गर्नु संसारका आधुनिक सभ्यताका सबै विकसित मान्यता र धारणाको विरुद्ध उभिनु हो । पत्रकार महासंघ एक्काइशौं शताब्दीमा राजाको हुकुमी राजतन्त्रबाट राष्ट्रले प्रगति र प्रजातन्त्र हासिल गर्छ भन्ने कदापी विश्वास राख्दैन ।

नेपाली जनताको अथक संघर्ष र बलिदानबाट प्राप्त सम्पूर्ण नागरिक अधिकारसहितको विचार तथा वाक स्वतन्त्रता र प्रेस स्वतन्त्रता पनि समाप्त पारिएको छ । सञ्चारमाध्यमहरुमा सेनाको उपस्थिति र सेन्सरसीप शुरु गरिएको छ । सञ्चारका प्रविधिहरु पूर्णत अवरुद्ध पारिएका छन् । अब स्वतन्त्र प्रेस ज्यूँदो छैन, यसको हत्या गरियो । यस्तोबेला पत्रकार महासंघ प्रेस स्वतन्त्रता, प्रजातन्त्र, न्यायिक शान्ति तथा राष्ट्रिय स्वाधिनता र स्वतन्त्रताको निम्ति संघर्ष गर्नु आफ्नो कर्तव्य ठान्दछ ।

सम्पूर्ण प्रेसजगतले कठिन एवं असहज परिस्थितिका बीचबाट पनि नेपाली जनताको सूचनाको हकको पुनर्बहालीका लागि हिम्मत र साहसकासाथ संघर्ष गर्नु आवश्यक छ । राष्ट्रलाई छिटोभन्दा छिटो शान्ति र प्रजातन्त्रको मार्गमा पुनर्स्थापित गराउन प्रेसजगत झन जुझारु र निर्भिक भएर प्रस्तुत हुनुपर्ने भएको छ ।

पत्रकार महासंघ इतिहासकै सबैभन्दा कठिन यो परिस्थितिको सामना गर्दै भविष्यप्रतिको जिम्मेवारी र कर्तव्यप्रति निष्ठापूर्ण समर्पणका साथ जनअधिकारको पक्षमा लड्ने घोषणा गर्दछ र सम्पूर्ण प्रेसजगतलाई अधिकार प्राप्तिका लागि संघर्षरत हुन आह्वान गर्दछ ।


(तारानाथ दाहाल)
सभापति

## प्रेस वक्तव्य

कपिलवस्तु जिल्लामा विशेष गरी फाल्गुन ६ गते देखी हिंसात्मक द्वन्दको कारण जिल्लाको दक्षिण तथा पश्चिम भेगका दर्जनौ गा.वि.स.का जनताहरु नराम्रो संग प्रभावित भएका छन् । दर्जनौ व्यक्तिहरु मारिएका छन । ६०० भन्दा बढि घर जलेर नष्ट भएका छन् । घर भित्र भएका खाद्यान्न , लुगाफाटा , लगायतका चिजविजहरु नष्ट भएका छन् । गाउ वस्तीमा त्रासपूर्ण वातावरण छ । हजारौको संख्याभा सर्वसाधारण व्यक्तिहरु विस्थापित भएका छन् । त्यस मध्ये ठूलो संख्यामा भारत तर्फ पलायन भएका छन् । हिंसाबाट निर्दोष बालबालिकाहरु , महिलाहरु तथा बृद्धहरु प्रत्यक्षरुपमा प्रभावित भएका छन् । उक्त घटनाले हामीलाई दुःखि तल्याएको छ । यदि यहि अवस्था रहिरहने हो भने लाखौ व्यक्तिहरु विस्थापित हुने र हजारौ व्यक्तिहरु मारीने खतरा देखिन्छ । जसबाट अपूरणीय क्षति हुने अनुमान लगाउन सकिन्छ । यो अवस्था तत्काल रोक्नका लागी हिंसा/द्वन्दमा सम्लग्न सबै पक्ष संग हार्दिक अपिल गर्दछौ । द्वन्दबाट प्रत्यक्ष रुपमा प्रभावित व्यक्ति तथा परिवारलाई तत्काल पुर्याउनु पर्ने मानविय धर्म हुन आउछ । त्यसैले घटनाबाट पिडित व्यक्ति तथा परिवारलाई राहत प्रदान गर्न समेत सम्पूर्ण मानव अधिकारवादी संघ/संस्थाहरु , गैर सरकारी सस्थाहरु तथा नागरीक समाजलाई हार्दिक अपिल गर्दछौ । अन्त्यमा हामी सम्पूर्ण कपिलवस्तुवासी आम जनसमूदायलाई सामाजिक सद्भाव तथा सहिष्णूता कायम राख्न हार्दिक अपिल गर्दछौ ।

मिति :- २०६१/फाल्गुन १५
तौलिहवा

पोम नारायण पौडेल
अध्यक्ष
शान्तिका लागी नागरीक मंच,
कपिलवस्तु



आज २०६१ माघ १९ गतेको शाही घोषणा मार्फत राजा ज्ञानेन्द्रबाट बहुदलीय प्रजातन्त्र अपहरण गरी २०५९ असोज १८ को प्रतिगामी अभ्यासको उत्कर्षको रुपमा २०१७ साल झैं निरंकुश राजतन्त्रको दिशामा मुलुकलाई पछाडी फर्काउने दुस्साहसिक निरंकुश कदम चालिएको छ। नेपाल अधिराज्यको संविधान, २०४७ तथा बहुदलीय प्रजातन्त्रको दुहाई दिंदै नेपाली जनताले कठिन र कठोर संघर्षबाट प्राप्त नेपाली जनताको सार्वभौमसत्ता र बहुदलीय प्रजातान्त्रिक व्यवस्थामाथि गंभीर प्रहार गरिएको छ। राजा ज्ञानेन्द्रको यस्तो अप्रजातान्त्रिक, असंवैधानिक एवं निरंकुश कदमको नेकपा (एमाले) तीव्र विरोध र घोर भर्त्सना गर्दछ। यसले मुलुकमा शान्ति र स्थिरता कायम हुन नदिन, एवं प्रजातान्त्रिकरणको प्रकृया विस्तार प्रजातन्त्रलाई सुदृढ हुन नदिन तथा सामाजिक न्याय, समानता र परिवर्तन हुन नदिन दरबारिया षड्यन्त्रका रुपमा आएको छ। यस्तो षड्यन्त्रमाथि पर्दा हाल्ने कुचेष्टा गर्दै राजनीतिक दलहरू सम्मिलित संयुक्त मोर्चा विघटित गर्ने, प्रजातान्त्रिक पार्टीहरूमाथि तथानाम आरोप लगाउने, संविधानको मर्म र भावना विपरीत शाही निरंकुशता एवं हुकुमी शासन लाद्ने, नागरिक, प्रजातान्त्रिक एवं मौलिक अधिकारहरू निलम्बन गर्ने र मुलुकमा संकटकालको घोषणा गर्ने राजाको तानाशाही कदमलाई कुनै पनि देशभक्त, इमान्दार एवं प्रजातन्त्रप्रेमी नेपाली जनता एवं न्यायप्रेमी प्रजातान्त्रिक विश्व जनमत समेतले स्वीकार गर्ने छैनन्। यसले मुलुक गंभीर संकट र भार गुज्रिरहेको एवं शान्ति, प्रजातन्त्र र अग्रगमनका लागि मुलुकले संवाद एवं आम सहमति खोजी गरिरहेको बेला सैनिक शक्तिको आडमा स्वेच्छाचारी रुपमा सत्ता कब्जा गरी मुलुकलाई झन् ठूलो संकट र जटिलता तर्फ धकेलिएको छ। यस्तो तानाशाही कदमबाट हाम्रो राष्ट्रिय एकतामा नै आघात पुग्नेछ। २१ औं शताब्दीमा नेपाली जनताले सामन्ती दमन एवं शाही निरंकुशतालाई कुनै हालतमा स्वीकार गर्ने छैनन्। उनीहरू आफ्नो स्वाभिमान, प्रजातान्त्रिक हक र मर्यादा एवं सार्वभौमसत्ता र स्वतन्त्रताका निम्ति [illegible] बलिदान दिन पछि हट्ने छैनन्।

राजाको यस्तो तानाशाही र स्वेच्छाचारी कदमका विरुद्ध [illegible] हुँदै संघर्षको मैदानमा उत्रन नेकपा (एमाले) आफ्ना सम्पूर्ण पार्टी संगठनहरू, सम्पूर्ण प्रजातान्त्रिक, प्रगतिशील एवं देशभक्त राजनीतिक पार्टी तथा [illegible] हार्दिक आह्वान गर्दछ। साथै राजा ज्ञानेन्द्रको यस्तो तानाशाही [illegible] को विरोध गर्न नेपाली जनताको सार्वभौमसत्ता एवं [illegible] को पक्षमा [illegible] विश्वका [illegible]

[illegible]

२०६२ माघ १९ गते एमाले महासचिव माधवकुमार नेपालद्वारा आफ्नै निवासमा बन्दी बनाइएकै अवस्थामा जारी

अनुसूची ४

# राष्ट्रिय मानवअधिकार आयोगमाथि लगाइएको रोक

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

मिति २०६१ फाल्गुण २२

## प्रेस विज्ञप्ति

केही समय अघि देखि कपिलवस्तु जिल्लामा घटका हिंसात्मक घटनाहरुको अनुगमन तथा जाँचबुझका लागि आज मिति २०६१ फाल्गुण २२ गते अपरान्ह १६:०५ वजेको बुद्ध एयरको उडानबाट भैरहवा जान लागेको राष्ट्रिय मानव अधिकार आयोगको टोली त्रिभुवन विमानस्थलबाट फर्केको छ ।

आयोगका सदस्य डा. गौरीशंकर लाल दासको नेतृत्वमा अर्का सदस्य सुशील प्याकुरेल र संरक्षण महाशाखा प्रमुख यज्ञ प्रसाद अधिकारी सहितको तीन सदस्यीय टोलीमा एक जना सदस्य सुशील प्याकुरेललाई वाहिर जान अनुमति नभएको भनी प्रहरीले विमानस्थलको चेकिङ्ग कक्षमा रोकेपछि आयोगको काममा वाधा पुऱ्याइएको भन्दै डा. दास सहितको टोलीनै फिर्ता भएको छ ।

टोली त्यस तर्फ जाने वारेको सूचना आयोगले गृह मन्त्रालय र अन्य सम्वन्धित निकायमा समेत औपचारिक जानकारी गराईसकेको थियो ।

(डा. गौरीशंकर लाल दास)
सदस्य

अनुसूची ४

# संकटकालको अवधिमा भएका मानवअधिकार उल्लंघनका घटनाहरूको विवरण

| घटनाको प्रकार | गैरराज्य पक्षबाट | | | | | | | राज्यबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | माओवादीबाट | | | | | | | |
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | लिङ्ग नखुलेको | जम्मा | पुरुष | महिला | लिङ्ग नखुलेको | जम्मा |
| हत्या | ४५ | १५ | ६० | १५२ | २ | - | १५४ | ४१२ | २६ | - | ४३८ |
| गिरफ्तार गरिएका राजनीतिक कार्यकर्ता | - | - | - | - | - | - | - | १८३१ | १७२ | ११७२ | ३१७५ |
| गिरफ्तार गरिएका मानवअधिकार रक्षक | - | - | - | - | - | - | - | ९४ | २ | - | ९६ |
| बेपत्ता | - | - | - | - | - | - | - | ३१ | - | - | ३१ |
| अपहरण | ८ | १ | ९ | २९० | २२ | ४४८ | ७६० | - | - | - | - |
| घरमै नजरबन्द | - | - | - | - | - | - | - | १६ | ४ | - | २० |
| स्थानहद | - | - | - | - | - | - | - | ३४ | ६ | - | ४० |
| **जम्मा** | ५३ | १६ | ६९ | ४४२ | २४ | ४४८ | ८१४ | २४१८ | २१० | ११७२ | ३८०० |

२०६१ माघ १९ गते देखि २०६२ बैशाख १६ गते सम्मको घटनाहरू